# पहिलो परिच्छेद

# शोधपत्रको परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली समालोचनामा 'कुञ्जिनी' पत्रिकाको योगदान** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह, द्वितीय वर्षको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि गरिएको छ ।

## १.३ शोध समस्या

प्रस्तुत शोधपत्र नेपाली केन्द्रीय विभागबाट प्रकाशित **कुञ्जिनी** पत्रिकाले समालोचना विधामा पुऱ्याएको योगदानसँग सम्बन्धित छ । यस पत्रिकामा नेपाली वाङ्मयका विविध विषयहरूमा केन्द्रित भई विभिन्न समालोचकहरूद्वारा लेखिएका समालोचनाहरू प्रकाशित छन् । **कुञ्जिनी** पत्रिकाले नेपाली समालोचना विधामा पुऱ्याएको योगदानलाई निरूपण गर्ने कार्यका लागि यो शोधपत्र निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

(क) **कुञ्जिनी** पत्रिकामा प्रकाशित लेखहरू कत्तिको उपयोगी छन् ?

(ख) **कुञ्जिनी** पत्रिकाले नेपाली समालोचनाको विकासमा कस्तो योगदान दिएको छ ?

(ग) अन्य नेपाली समालोचनात्मक पत्रिकाहरूको तुलनामा **कुञ्जिनी**को स्थान कस्तो रहेको छ ?

## १.४ शोध कार्यको उद्देश्य

नेपाली समालोचनामा **कुञ्जिनी** पत्रिकाको योगदान शीर्षकमा केन्द्रित रहेर यस पत्रिकामा प्रकाशित समालोचनात्मक लेखको अध्ययन एवम् मूल्याङ्कन गर्नु नै यस शोधपत्रको मूल उद्देश्य हो । यसका मूलभूत उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) **कुञ्जिनी** पत्रिकामा प्रकाशित नेपाली समालोचनात्मक लेखहरूको उपयोगिताको अध्ययन गर्नु,

(ख) **कुञ्जिनी** पत्रिकाले नेपाली साहित्यको समालोचना विधामा दिएको योगदानको निरूपण गर्नु,

(ग) नेपाली साहित्यमा प्रकाशित अन्य समालोचनामूलक पत्रपत्रिकाहरूका बीच **कुञ्जिनी**को स्थानको निर्धारण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

**कुञ्जिनी** त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभागको साहित्य कुञ्ज संस्थाबाट वार्षिक रूपमा प्रकाशित हुने समालोचनात्मक पत्रिका हो । यस पत्रिकामा नेपाली साहित्यका विविध विधाहरूको समालोचनाको सैद्धान्तिक मापदण्डका आधारमा व्याख्या, विश्लेषण र समीक्षा गर्ने कार्य गरेको देखिन्छ । यस पत्रिकामा विशेष गरी स्नातकोत्तर तहमा पढाइ हुने विषय अन्तर्गतकै विधाहरूमा समालोचनात्मक लेखहरू सङ्कलित हुने गर्दछन् ।

नेपाली पत्र पत्रिकाको इतिहासमा समाचारमा मात्रै केन्द्रित रहेर निस्किएका पत्रिका धेरै होलान् तर नेपाली वाङ्मयका विविध पक्षलाई विश्लेषण गरेर प्रकाशित हुने पत्रिकाहरू भने ज्यादा छैनन् । यसै परिप्रेक्ष्यमा साहित्यका विभिन्न विधाका सैद्धान्तिक एवम् अन्वेषणात्मक रचनाहरू प्रकाशित गरी **कुञ्जिनी** पत्रिकाले नेपाली समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

नेपाली केन्द्रीय विभागमा २०४६/०४७ सालमा मोहन हिमांशु थापाको संरक्षकत्वमा एक कार्य समिति गठन भएको भयो । त्यसैगरी २०४७/०४८ सालमा पनि मोहन हिमांशु थापाकै संरक्षकत्वमा अर्को एक समिति गठन भयो । सो समितिले साहित्य कुञ्ज मार्फत साहित्य समालोचना विशेषाङ्कका रूपमा **कुञ्जिनी** पत्रिका प्रकाशनको प्रारम्भ गर्ने निर्णय  गऱ्यो । यसै समितिले २०४९ सालदेखि उक्त पत्रिकाको प्रकाशन प्रारम्भ गऱ्यो । यो पत्रिका वर्तमानसम्म निरन्तर रूपमा प्रकाशित भई रहेको छ । सो पत्रिकाका हालसम्म १३ वटा अङ्कहरू प्रकाशित भइसकेका छन् ।

दुई दशकदेखि समालोचना विधामा महत्त्वपूर्ण योगदान दिँदै आएको यस पत्रिकाका बारेमा केवल सम्पादकीय, प्रकाशकीय, शुभ कामनाजस्ता लेख र टिप्पणीहरू मात्र गरिएको देखिन्छ । त्यसैले यिनै **कुञ्जिनी**मा प्रकाशित सम्पादकीय, प्रकाशकीय, शुभ कामना, लेख र टिप्पणीलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**कुञ्जिनी** (वर्ष १, अङ्क १, २०४९) पत्रिकाको सम्पादकीयमा त्रि. वि. को पाठ्यक्रमसँग सम्बद्ध कतिपय अभावपूर्ण विषयवस्तुमा केन्द्रित रहेर नेपाली साहित्यका अध्येता र विद्यार्थी वर्गको अभावलाई हदसम्म परिपूर्ति गर्ने खालका विश्लेषणात्मक लेख रचनाहरूको समावेश गर्ने र अर्कातिर विस्तारै सुस्तता छाइरहेको नेपाली समालोचनाको फाँटमा सानै भए पनि एउटा दियो प्रज्वलित गर्ने सोद्देश्यता र अठोट लिएर यो पत्रिकाको प्रकाशनारम्भ गरिएको कुरा बताइएको छ ।

कमल कृष्ण जोशीले **कुञ्जिनी** (वर्ष ५, अङ्क ३, २०५४) पत्रिकामा 'मन्तव्य' शीर्षकमा यस पत्रिकामा छापिने लेखरचनाहरूले खास गरी नेपाली साहित्यका विविध क्षेत्र एवम् विधाहरूमा देखा परेका नयाँ, पुराना धारणा, प्रयोग र मोडहरूको आलोचनात्मक विश्लेषण गर्नुका साथै अनुसन्धानका माध्यमबाट नयाँ दिग्दर्शन प्रस्तुत  गर्नेछन् भन्ने कुरा बताएका छन् ।

**कुञ्जिनी** (वर्ष ९, अङ्क ६, २०५८) को 'सम्पादकीय'मा नव प्रसूतावस्थाबाटै टर्रा, अमिला विडम्बना र भुक्तमान जस्ता विभिन्न नामहरू पाउँदै आएको यस **कुञ्जिनी** पत्रिकाले आफूलाई समालोचना विशेषाङ्का रूपमा प्रस्तुत गर्नु शाश्वत परम्परा ठानेको छ भनी उल्लेख गरिएको छ ।

**कुञ्जिनी** (वर्ष १०, अङ्क ७, २०५९) को 'सम्पादकीय'मा धेरै मात्रामा विद्यार्थीमुखी बनेर प्रकाशित भएको यस अङ्कले हाम्रा पाठक तथा विद्वान्हरूलाई कति खुराक दिन सक्ला, त्यो अनुमानकै विषय हो, तापनि धेरै कमी कमजोरीहरूका बाबजुद प्रतिभाहरूलाई नै प्रमुख स्थान दिने एउटा नवीन जमर्को यस अङ्कमा गरिएको कुरा बताइएको छ ।

गोविन्द प्रसाद शर्माले **कुञ्जिनी** (वर्ष ११, अङ्क ८, २०६०) मा 'शुभ कामना' शीर्षकमा यस प्रकाशनका पृष्ठहरूमा विभागको शैक्षिक गतिविधि झल्किने एवम् प्राज्ञ विद्वान् शिक्षकहरूबाट सङ्कलित लेख रचनाहरूबाट विद्यार्थी एवम् शोधार्थीहरू लाभान्वित हुने आशा एवम् विश्वास लिएको कुरा बताएका छन् ।

टीकाहरि बरालले **कुञ्जिनी** (वर्ष १२, अङ्क ९, २०६१, पृ. १७४) मा 'कुञ्जिनी पत्रिका र यसमा प्रकाशित विभिन्न शीर्षकका लेखहरू' शीर्षकको लेखमा **कुञ्जिनी**का विभिन्न अङ्कहरूका माध्यमबाट नेपाली साहित्यलाई विश्व साहित्यका नव नव विभिन्न वाद र प्रणालीहरूसँग तुलना गरेर विभिन्न कृतिहरूको विश्लेषणात्मक अध्ययन गरिएबाट पनि यसको महत्त्व र गरिमा बढेको कुरा बताएका छन् ।

**कुञ्जिनी** (वर्ष १३, अङ्क १०, २०६२) पत्रिकाको 'सम्पादकीय' लेखमा प्राज्ञिक भूमिको उर्वर साहित्यिक पत्रिकाको स्तरीयतालाई घट्न नदिई पूर्व परम्पराको प्रवाह ग्रहण गर्दै वर्तमानको प्रवाहलाई भविष्यका लागि सञ्चित गर्न **कुञ्जिनी**ले सहयोग पुऱ्याउँछ भनी उल्लेख गरिएको छ ।

यसरी **कुञ्जिनी** पत्रिकाका बारेमा सम्पादकीय, शुभ कामना आदिमा गरिएका टिप्पणी बाहेक अन्य कतै पनि टिप्पणी, विश्लेषण भएको देखिँदैन । त्यसैले यस समालोचनात्मक पत्रिकामा प्रकाशित भएका लेखहरूको विश्लेषण र यस पत्रिकाले समालोचना विधामा पुऱ्याएको योगदानको मूल्याङ्कन प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## १.६ शोध कार्यको औचित्य

नेपाली समालोचनाको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने पत्र पत्रिकाको इतिहासमा **कुञ्जिनी** पत्रिकाको नाम पनि जोडिएको छ । नेपाली समालोचनाको विकास र विस्तार गर्ने क्रममा मोहन हिमांशु थापाको संरक्षकत्वमा **कुञ्जिनी** पत्रिकाको स्थापना भएको पाइन्छ । विशेषतः नेपाली साहित्यको समालोचना विधाका लेखकहरूलाई प्रोत्साहित गर्ने पाठकहरूलाई तत्सम्बन्धी जानकारी दिने, स्नातकोत्तर तहमा पढाइ हुने विषयहरू कै विभिन्न विषयका पाठ्यपुस्तकमा आधारित रहेर लेख, रचना, समीक्षा, आलोचना आदि उद्देश्यले प्रकाशित हुने **कुञ्जिनी** पत्रिका नेपाली समालोचनाको इतिहासमा नयाँ आयाम बन्न पुगेको देखिन्छ । यस पत्रिकामा विभिन्न अङ्कमा प्रकाशित लेख, रचनाहरू महत्त्वपूर्ण

रहेका छन् । आजसम्म कहीँ कतैबाट पनि यसको चर्चा खासै भएको नपाइएकाले यसको प्रकाशनले पुऱ्याएको योगदानका बारेमा विवेचना यस शोधपत्रमा गरिएको छ । **कुञ्जिनी** पत्रिकामा प्रकाशित समालोचनामा आधारित भई अध्ययन, विश्लेषण गरिएकाले यसबाट एकातर्फ जिज्ञासु पाठकहरूलाई अध्ययनका निम्ति सरल हुने छ भने अर्कातिर यसबारे जान्न चाहने इच्छुकहरूलाई प्रस्तुत शोधकार्यले सहयोग पुऱ्याउने कुरा स्वतः स्पष्ट छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

**कुञ्जिनी** पत्रिकाको प्रकाशित १३ अङ्कहरूमा रहेका समालोचनात्मक लेखहरूमा केन्द्रित भएर लेखिएको यस शोधपत्रमा प्रकाशित भएका समालोचनात्मक लेखहरूको सूची दिइएको छ । त्यसै गरी यी १३ वटा अङ्कहरूमा प्रकाशित भएका स्थापित र नवोदित समालोचकहरूका लेखहरूको विश्लेषण गरिएको छ ।

## १.८ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्रका निम्ति पुस्तकालय विधिबाट सामग्री सङ्कलन गरेर सङ्कलित सामग्रीको अर्थापन विधातात्त्विक समालोचना पद्धतिका आधारमा गरिएको छ । साथै यस शोधकार्यमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

**कुञ्जिनी** पत्रिकामा प्रकाशित रचनाहरूको जानकारी दिने प्रयास प्रस्तुत शोधपत्रमा गरिएको छ । यसमा **कुञ्जिनी** पत्रिकाको उद्देश्य, समालोचनात्मक लेखहरूको सूची तथा प्रकाशित लेखहरूको विश्लेषण गरिएको छ । सान्दर्भिक तथ्यहरूलाई क्रमबद्ध रूपले प्रस्तुत शोधपत्र निम्न परिच्छेद र आवश्यकता अनुसार अन्य शीर्षक र उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ :

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : पत्रपत्रिका प्रकाशनको परम्परा र **कुञ्जिनी** पत्रिकाको प्रकाशन

तेस्रो परिच्छेद : **कुञ्जिनी** पत्रिकामा प्रकाशित लेखहरूको सूची

चौथो परिच्छेद : **कुञ्जिनी**मा प्रकाशित प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

पाँचौं परिच्छेद : उपसंहार

अन्त्यमा सन्दर्भ ग्रन्थ सूची राखिएको छ ।

# दोस्रो परिच्छेद

# पत्रपत्रिका प्रकाशनको परम्परा र कुञ्जिनी पत्रिकाको प्रकाशन

## २.१ नेपाली पत्रिकाको विकासक्रम

नेपालमा छापाखानाको स्थापना भएको धेरै वर्षपछि मात्र पत्रिकाको प्रकाशन प्रारम्भ भएको देखिन्छ । पत्रिका प्रकाशन हुनु भन्दा पूर्व राजा महाराजाहरूले कुनै सूचना प्रवाह गर्न कर्नाल, शङ्खनाद, झ्याली आदिको प्रयोग गर्ने गरेको कुरा इतिहासमा उल्लेख छ । यतिबेला साहित्यकारहरूले आफूले रचना गरेका साहित्यहरू कुनै कार्यक्रम मार्फत सम्प्रेषण गरेर सार्वजनिक गर्दथे । यसै अवस्थामा वि. सं. १९५५ साउन महिनामा **सुधा सागर** नामक पत्रिका देखा पर्दछ (देवकोटा, २०५१ : २९) । मासिक रूपमा निस्कने यो पत्रिका नै पहिलो नेपाली पत्रिका हो । हुन त यो भन्दा पहिला नै भारतीय भूमि ( बनारस) बाट मोतीराम भट्टले **गोर्खा भारत जीवन** नामक पत्रिका (वि. सं. १९४२) मा नै प्रकाशन गरेका थिए (चालिसे, २०५७ : १३५) । तर पनि नेपाली भूमिबाट प्रकाशनमा आएको पहिलो पत्रिका चाहिँ **सुधासागर** नै हो । यो पत्रिका पनि मोतीराम कै प्रमुख सक्रियतामा निस्किएको हो । यस पत्रिकाको उद्देश्य नेपाली साहित्यका विभिन्न विधाहरूका साथै नेपाली भाषाको उन्नति गर्नु रहेको थियो । यसरी हेर्दा नेपाली पत्रिकाको प्रकाशन पहिला बनारसबाट र पछि काठमाडौँबाट भएको कुरा कुरा स्पष्ट हुन्छ ।

## २.२ नेपाली पत्रकारिताको चरण विभाजन

नेपाली पत्रकारिताको इतिहासलाई विभिन्न चरणमा विभाजन गरेर अध्ययन गरिएको पाइन्छ । नेपाली पत्रकारिताको चरण विभाजनमा विभिन्न मतमतान्तरहरू रहेका छन् । चरण विभाजन गर्ने आधार फरक फरक भएकाले मतमतान्तरहरू देखिएको पाइन्छ । कसैले पत्रिकाको प्रकाशनलाई नै आधार बनाएको देखिन्छ भने कसैले पत्रिकाको मूल्यलाई आधार बनाएको पाइन्छ । यहाँ पत्रिकाको मूल्यलाई आधार बनाएर नेपाली पत्रपत्रिकाको इतिहासलाई निम्नानुसार रूपमा सङ्क्षिप्त अध्ययन गरिएको छ :

(क) **गोरखापत्र** पूर्वकाल (प्रारम्भ वि. सं. १९०८ देखि वि. सं. १९५७ सम्म)

(ख) **गोरखापत्र** काल (वि. सं. १९५८ देखि वि. सं. २००६ सम्म)

(ग) प्रजातान्त्रिक काल (वि. सं. २००७ देखि वि. सं. २०१६ सम्म)

(घ) पञ्चायत काल (वि. सं. २०१७ देखि वि. सं. २०४५ सम्म)

(ङ) आधुनिक विकास काल (वि. सं. २०४६ देखि वर्तमान सम्म)

## २.२.१ गोरखापत्र पूर्वकाल (वि. सं. १९०८ देखि वि. सं. १९५७ सम्म)

यो समय नेपाली पत्रकारिताको पृष्ठभूमि काल हो । विश्वमा विभिन्न मुलुकहरू शैक्षिक, राजनीतिक, आर्थिक, सांस्कृतिक आदि विविध क्षेत्रमा अगाडि बढेको अवस्थामा अशिक्षाको कारणले नेपाल पछि पर्नु स्वाभाविक देखिन्छ । नेपालमा पत्रपत्रिकाको विकासको प्रथम विन्दु तत्कालीन प्रधानमन्त्री जङ्ग बहादुर राणाको शासन कालसम्म पुग्नु पर्ने हुन्छ । वि. सं. १९०८ मा उनी बेलायतको भ्रमण गरेर फर्कँदा साथमा एउटा हाते प्रेस (छापाखाना) ल्याएका थिए । यो नै नेपालको मुद्रण प्रविधिको पहिलो खुड्किलो थियो । त्यसपछि मनोरञ्जन प्रेस, नारायणहिटी छापाखाना, पाशुपत प्रेस आदि छापाखानाहरू क्रमिक रूपमा देखा परेका हुन् । यिनै छापाखानाहरूको सहयोगले टिकट, ससाना किताबहरू र पत्रपत्रिकाहरू छापिन थालेका हुन् ।

सर्वप्रथम नेपाली भाषामा लेखिएको पत्रिका भारतको बनारसमा देखा परेको हो । वि.सं. १९४२ मा मोतीराम भट्टको सक्रियतामा निस्किएको **गोर्खा भारत जीवन** नामक पत्रिका नै भारतीय भूमिबाट निस्किएको प्रथम नेपाली पत्रिका हो । **गोर्खा भारत जीवन** पत्रिका निस्किएको करिब १२ वर्षपछि मोतीकृष्ण शर्माको सम्पादनमा वि. सं. १९५५ साल साउन महिनामा काठमाडौँबाट प्रकाशित **सुधासागर** (मासिक) नै नेपालभित्रबाट प्रकाशित हुने प्रथम पत्रिका हो (देवकोटा, २०५१ : २९) । यो पत्रिकाको आकार प्रकार के कस्तो थियो भन्ने बारेमा कुनै प्रमाण फेला परेको छैन । यो पत्रिकाले नेपाली भाषा र साहित्यको विकास गर्ने उद्देश्य लिएको थियो । यस पत्रिकाले नेपाली साहित्यका विविध विधाहरूका लेखहरू छापेको देखिन्छ (देवकोटा, २०५१ : २९) ।

यसरी हेर्दा **गोरखापत्र** पूर्व पनि नेपाली भाषामा पत्रपत्रिका लेख्ने परम्परा रहेको र साहित्यको उत्थानका लागि पत्रिकाको आवश्यक हुन्छ भन्ने तत्कालीन केही शिक्षित युवाहरूको मानसिकता तयार भएको बुझिन्छ । त्यसैले २०५७ सालसम्मको यो चरणलाई पत्रपत्रिका प्रकाशनको पृष्ठभूमि चरण मान्नु आवश्यक रहेको देखिन्छ ।

## २.२.२ गोरखापत्र काल (१९५८ देखि २००६ सम्म)

**गोरखापत्र** पत्रिकाको प्रकाशन पछि नेपाली पत्रपत्रिकाको जगत्मा नयाँ लहर आयो । देशभित्र र बाहिरबाट अनेक पत्रिकाहरू देखा पर्न थाले । **गोरखापत्र**को प्रकाशनपछि पत्रपत्रिकामा सङ्ख्यात्मक र गुणात्मक उच्चता कायम हुँदै आयो । **गोरखापत्र** सर्वप्रथम वि. सं. १९५८ साल जेठ ३ गते प्रकाशन हुन थालेको हो (देवकोटा, २०५१ : ३०) । यो नेपालबाट प्रकाशित हुने दोस्रो पत्रिका हो । प्रारम्भमा साप्ताहिक रूपमा प्रकाशित भएको यो पत्रिका २००० साल फागुन ७ गतेदेखि अर्ध साप्ताहिक, पौष ८ गतेदेखि त्रिसाप्ताहिक र २०१७ साल फागुन ७ गतेदेखि दैनिक पत्रिकाका रूपमा प्रकाशित भयो । मूलतः यो प्रथम समाचार पत्रिका हो । समाचार प्रधान पत्रिका भएर पनि यसले साहित्यका विभिन्न

विधालाई प्रकाशनमा ल्याएर साहित्यिक विकासमा समेत ठूलो सहयोग पुऱ्याएको कुरा सर्वत्र स्वीकार्य छ । प्रारम्भमा **गोर्खापत्र**को रूपमा प्रकाशित यो पत्रिका वि. सं. १९८३ जेठ ४ गतेदेखि हिज्जेमा परिवर्तन गरी **गोरखापत्र** लेख्न थालिएको हो (भुसाल र अन्य, २०५० : २३) । १९५८ सालदेखि प्रकाशन हुन थालेको यस पत्रिकाले प्रारम्भमा धारावाहिक रूपमा उपन्यास प्रकाशन गरेर लोकप्रियता बटुल्यो । समाचार र साहित्यका कथा, समालोचना, कविता, उपन्यास आदि साहित्यिक सामग्रीको उत्पादन गरी त्यसको प्रचारको बाटोलाई फराकिलो पार्ने कार्य यस पत्रिकाले निरन्तर गरिरहेको छ ।

**गोरखापत्र** प्रकाशनपछि निकै लामो समयसम्म सरकारी तबरबाट पत्रपत्रिका प्रकाशन गर्ने कुनै चासो गरेको देखिँदैन । उल्टै तत्कालीन राणाहरूमा पत्रपत्रिकाले जनचेतना जगाउँछ कि भन्ने त्रास थियो । त्यसैकारण जनचेतना नजागोस् भन्नका खातिर पत्रपत्रिका नियन्त्रण गर्न खोजियो । फलस्वरूप १९५८ सालपछिको झन्डै तीन दशकको समयमा नेपालबाट भन्दा नेपाल बाहिरबाट निस्किएका पत्रपत्रिकाहरूले साहित्यको उत्थानमा ठूलो सहयोग पुऱ्याए । यस अवधिमा भारतको बनारसबाट वि. सं. १९५९ साउनमा एस्.एस्. शर्माको सम्पादकत्वमा **उपन्यास तरङ्गिणी** मासिक पत्रिका प्रकाशित भयो । धारावाहिक रूपमा नेपाली उपन्यास प्रकाशित गर्ने उक्त पत्रिकाको आयु छोटो भए पनि नेपाली उपन्यास विधा र नेपाली गद्य प्रसारणमा यसले पुऱ्याएको योगदान अविस्मरणीय छ (अधिकारी, २०५५ : ५) । यसपछि बनारसमा शिक्षा आर्जन गर्न बसेका युवाहरू देवीदत्त पराजुली, सोमनाथ सिग्देल, दुर्गाप्रसाद घिमिरे र चक्रपाणि चालिसेद्वारा प्रवर्तित 'रसिक समाज'ले वि. सं. १९६३ असारदेखि बनारसबाटै **सुन्दरी** नामक मासिक पत्रिका प्रकाशन गऱ्यो । कविता, नाटक, समस्यापूर्ति, उपन्यास, कथा, उपदेशमूलक गद्य, समालोचना आदिद्वारा सजिएको उक्त पत्रिकाले नेपाली साहित्यको श्रीवृद्धि गर्न खोजे पनि ग्राहकको अभावमा १ वर्ष ३ महिनापछि बन्द भयो (अधिकारी, २०५५ : ५) । **सुन्दरी** पत्रिकापछि वि. सं. १९६५ कार्तिकमा मातृका प्रसाद अधिकारीको सम्पादकत्वमा **माधवी** मासिक पत्रिकाको प्रकाशन बनारसबाटै भयो (श्रेष्ठ र शर्मा, २०५६ : २०७) । **माधवी** पत्रिका हलन्त बहिष्कार र गद्यको सुधार र प्रसार गर्ने उद्देश्य लिएर प्रकाशित उक्त पत्रिका नेपाली पत्रपत्रिकाको इतिहासमा भाषिक आन्दोलन सञ्चालन गर्ने पहिलो पत्रिका थियो । त्यस्तै गद्यको प्रचार गर्नुपर्छ, भाषाको विकास गर्न नेपाली जाग्नुपर्छ र नेपाली साहित्यमा चलेको शृङ्गारिक काव्यधारा हटाएर नैतिक, धार्मिक र शिक्षामूलक बनाउनु पर्छ भन्ने स्वर **माधवी** पत्रिकामा प्रकाशित समालोचनात्मक लेखहरूले प्रस्ट पारेका छन् । यस्तो उद्देश्य लिएर अगाडि बढेको यो पत्रिकालाई तत्कालीन राणा शासकहरूले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा विघ्नबाधा सिर्जना गरेर यसलाई बन्द गर्नु पर्ने अवस्थामा पुऱ्याए । अल्पायुको भए पनि यस पत्रिकाले भाषा सुधार, गद्यको प्रसार, यसमा प्रकाशित कथा, कविता, निबन्ध तथा समालोचनात्मक लेख आदि विविध पक्षबाट हेर्दा यसको नाम नेपाली साहित्यको इतिहासमा अमर रहेको छ । **माधवी** पत्रिकाको प्रकाशनपछि नेपाली पत्रपत्रिकाको प्रकाशनमा निकै तीव्रता आएको देखिन्छ । १९७२ सालमा

बनारसबाट सूर्यविक्रम ज्ञवालीको सम्पादकत्वमा **गोर्खाली**, १९७४ सालमा खरसाङबाट पारसमणि प्रधानको सम्पादकत्वमा **चन्द्रिका**, १९७९ सालमा बनारसबाट सूर्यविक्रम ज्ञवालीको सम्पादकत्वमा **राजभक्ति** जस्ता साहित्यिक पत्रपत्रिकाहरू प्रकाशित भए (अधिकारी, २०५५ : ५) । यी पत्रिकाहरू प्रवासी भूमिबाट प्रकाशित भए पनि नेपाली साहित्यको श्रीवृद्धिमा यी पत्रिकाहरूले महत्त्वपूर्ण भूमिकाको निर्वाह गरेका छन् ।

नेपाली पत्रपत्रिकाको परम्परामा युग प्रवर्तक भएर **शारदा** मासिक पत्रिका देखापर्‍यो । नेपालभित्रबाट प्रकाशित हुने पत्रपत्रिकाको लहरमा तेस्रो स्थान ओगट्न सफल **शारदा** पत्रिकाको वि. सं. १९९१ फागुनदेखि काठमाडौँबाट प्रकाशन आरम्भ भयो । यस पत्रिकाको सम्पादन ऋद्धिबहादुर मल्लले गरेका थिए । राणाशासन कालमा जन्मिएको यस पत्रिकालाई आर्थिक रूपमा सरकारी सहयोग प्राप्त भएकाले शासक स्तुतिलाई पनि यसले महत्त्व दिनु परे तापनि नेपाली भाषा र साहित्यको क्षेत्रमा यसले जुन किसिमले योगदान पुऱ्यायो, त्यसको ऐतिहासिक महत्त्व रहेको छ । यस पत्रिकाले विजयाङ्क, नारी अङ्क, मोहन अङ्कलगायतका विभिन्न विशेषाङ्कहरू प्रकाशित गर्नुका साथै महिलाहरूका रचनाहरूलाई महत्त्वका साथ प्रकाशित गर्ने काम पनि गर्‍यो ।

नेपाली साहित्यमा आधुनिकताको सुरुआत गर्ने **शारदा** पत्रिकाले आधुनिक नेपाली कथा क्षेत्रका प्रसिद्ध कथाकार गुरूप्रसाद मैनालीको सामाजिक आदर्शोन्मुख यथार्थवाद, विश्वेश्वरप्रसाद कोइरालाको फ्रायडेली यौन मनोमनोविश्लेषणवाद, लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्दतावाद तथा लेखनाथ र समको साहित्यिक परिष्कारवादको अनुपम शैली र तिनका मान्यताहरूलाई एकैसाथ नेपाली साहित्यमा भित्र्याएर साहित्य रचनाको उत्कृष्ट नमुनाहरू प्रस्तुत गर्‍यो । यसै पत्रिकाले रामकृष्ण शर्माको 'अङ्ग्रेजी साहित्यको प्रभाव' समालोचनात्मक लेख प्रकाशन गरेर नेपाली समालोचनाको आधुनिक काल प्रारम्भ गरेको हो । यसका अतिरिक्त यस पत्रिकाका माध्यमबाट शम्भुप्रसाद ढुङ्गेल, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, भीमनिधि तिवारी आदिले पनि आफ्नो साहित्यिक क्षमता र प्रतिभालाई पाठक समक्ष चिनाउने अवसर पाएको देखिन्छ (पोखेरल, २०५४ : १२) । यसरी ख्यातिप्राप्त रचनाकार रचनाहरू प्रकाशित गर्दागर्दै वि. सं. २००० सम्म नियमित रूपमा प्रकाशित भयो र त्यसपछि निस्कँदै बन्द हुँदै २०१८ सालमा आफ्नो अन्तिम अङ्क प्रकाशन गर्‍यो । राणाहरूको आशीर्वाद र सहानुभूति पाउँदा पाउँदै पनि ग्राहकहरूको अभावका कारण यो पत्रिका बन्द हुन पुग्यो । मूलतः **शारदा** पत्रिकाले नेपाली भाषालाई जीवन्त बनाउँदै सयौँ साहित्यकारहरूलाई जन्माउन, हुर्काउन र स्थापित गराउन एवम् समग्र साहित्य वाङ्मयको श्रीवृद्धि गर्नमा महत्त्वपूर्ण र उल्लेखनीय भूमिका खेलेको देखिन्छ (अधिकारी, २०५४ : १३) ।

**शारदा** पत्रिका प्रकाशन भएको केही समयपछि नेपालभित्रबाटै अनेकौँ पत्रपत्रिकाहरू प्रकाशन भएका छन् । वि. सं. १९९२ भाद्र १ गतेदेखि सूर्यभक्त जोशीको सम्पादकत्वमा पाक्षिक रूपमा **उद्योग**

पत्रिका प्रकाशित भयो (श्रेष्ठ र शर्मा, २०५६ : २००७) । सुरुमा उद्योग सम्बन्धी जागृत गराउने उद्देश्यले प्रकाशित भएको उक्त पत्रिका पछि साहित्यिक पत्रिका बन्न पुग्यो । यस पत्रिकाले राणा शासनका केही वर्ष र प्रजातन्त्र कालका केही तिता मिठा अनुभवहरू बटुल्दै करिब १६ वर्षको समयावधि व्यतीत गरी २००८ सालमा सदाका लागि बन्द भयो ।

वि. सं. २००४ वैशाखमा हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा काठमाडौँबाट **साहित्यस्रोत** मासिक पत्रिका प्रकाशन भयो (देवकोटा, २०५१ : ३३) । मूलतः यो साहित्यिक पत्रिका हो । नयाँ नयाँ साहित्यिक रचनाहरू प्रकाशित गरेर देखापरेको यो नै त्यो पत्रिका हो जसमा साहित्यिक ढङ्गको व्यङ्ग्यात्मक राजनीति पनि देखापरेको थियो (अर्याल, २०५२ : १७) । यो पत्रिका पनि २००६ सालपछि बन्द भयो । यसैगरी २००४ सालमा **घरेलु इलम** पत्रिका देखापऱ्यो । यसले घरेलु इलम तथा प्रचार र शिक्षा सम्बन्धी ज्ञान दिलाउने उद्देश्य राखेको थियो (देवकोटा, २०५१ : ३३) ।

नेपाली पत्रिका प्रकाशन हुने क्रममा २००५ साल असोजमा देवीप्रसाद रिमालको सम्पादकत्वमा काठमाडौँबाट **आँखा** साहित्यिक मासिक पत्रिकाको प्रकाशन भयो । सरकारबाट सहयोग प्राप्त उक्त पत्रिका मार्फत विभिन्न कथा, कविता, निबन्ध, समालोचनात्मक लेख आदि प्रकाशित हुँदै रहे । २०१० साल भाद्रपछि यो पत्रिका बन्द भयो (देवकोटा, २०५१ : ३४) । यसपछि पनि २००५ सालमा **नेपाल शिक्षा** नामक मासिक पत्रिका, २००६ साल पौषमा **पुरुषार्थ** मासिक पत्रिका देखापरे (श्रेष्ठ र शर्मा, २०५६ : २०८) । शाही घोषणा हुनुभन्दा ३ दिन अगाडि २००७ साल फागुन ४ गते हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा नेपाली भाषाको **जागरण** साप्ताहिक पत्रिका निस्कियो (देवकोटा, २०५१ : ३५) ।

यसरी नेपाली पत्रकारिताको क्षेत्रमा महत्त्वपूर्ण स्थान राख्ने यो चरणलाई समाचार पत्रकारिताको हिसाबले साप्ताहिक, त्रिसाप्ताहिक, अखबारको प्रकाशन, फोटो प्रकाशनका माध्यमबाट फोटो पत्रकारिताको प्रारम्भ, प्रेस, ऐन र संवाददाताद्वारा समाचार सङ्कलन आदिका सुरुआतका दृष्टिले इतिहास निर्माणकै चरण मान्न सकिन्छ । यसरी नै यस चरणले नेपाली साहित्यको श्रीवृद्धिका लागि महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । नेपाली समालोचनाको क्षेत्रमा चाहिँ **माधवी, शारदा** जस्ता पत्रिकाले उल्लेखनीय भूमिका निर्वाह गरेका थिए (चालिसे, २०५७ : १४५) । यसरी २००७ सालभन्दा पूर्व नेपाली भूमिमा पत्रपत्रिका प्रकाशनको गतिविधिलाई हेर्दा पत्रकारिताले सन्तोषजनक प्रगति गर्न नसके पनि कतिपय महत्त्वपूर्ण उपलब्धिहरू भएका देखिन्छन् ।

### २.२.३ प्रजातान्त्रिक काल

वि. सं. २००७ सालको जनक्रान्तिपछि नेपालमा १०४ वर्षसम्म चलिआएको जहानियाँ शासनको अन्त्य भई प्रजातन्त्रको सुरुआत हुन्छ । यो १०४ वर्षसम्मको लामो समयावधिमा जनताको वाक् स्वतन्त्रता र प्रकाशन स्वतन्त्रतामा राणाहरूले अङ्कुश लगाएका थिए । त्यस्तो कहालीलाग्दो अन्धकारमय समयमा नेपालीहरूले आफ्ना विचार वा तर्कहरूलाई आफ्नो मनभित्र गुम्स्याएर राख्नुपर्ने

अवस्था थियो । यस्तै अवस्थामा २००७ सालको कान्तिले राणाहरू तर्सिए, उनीहरू पराजित भए । सर्वाधिकार श्री ५ मा निहित भयो । २००७ साल फागुन ७ गतेको आफ्नो शाही घोषणाअनुसार नेपाली जनतालाई वाक् स्वतन्त्रता र प्रकाशन स्वतन्त्रताले गर्दा राजनीतिक दृष्टिबाट प्रभावित पत्रिकाहरू पनि पर्याप्त मात्रामा प्रकाशित हुन थाले । जसको परिणाम स्वरूप दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक, मासिक, त्रैमासिक जस्ता आदि विभिन्न पत्रपत्रिकाहरूको धमाधम प्रकाशन हुन थाल्यो ।

प्रजातन्त्रको आगमनपछि नेपाली भूमिबाट प्रकाशित हुने पहिलो पत्रिका **आवाज** हो । **आवाज** दैनिक पत्रिका २००७ साल फागुन ८ गते सिद्धिचरण श्रेष्ठको सम्पादत्वमा काठमाडौँबाट प्रकाशनमा आएको हो (देवकोटा, २०५१ : ५७८) । मूलतः यो समाचार मूलक पत्रिका हो । देशविदेशमा समाचारहरू छापिने यस पत्रिकाले आफूलाई निष्पक्ष र स्वतन्त्र भनेर दाबी गरे तापनि पछि यो पत्रिका नेपाली काङ्ग्रेसबाट प्रभावित भयो (देवकोटा, २०५१ : ३६) । यो पत्रिका वर्ष २, सङ्ख्या १०७ सम्म निस्केर बन्द भयो । छोटो समयमा यस पत्रिकाले पनि निकै महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । २०११ साल भदौ २४ गते मणिराज उपाध्यायको सम्पादनमा **समाज** दैनिक पत्रिकाको प्रकाशन आरम्भ भयो ( देवकोटा, २०५१ : ३६) । त्यस्तै २०१३ सालमा विन्दुनाथ प्याकुर्‍यालको सम्पादनमा **हालखबर**, मणिकला श्रेष्ठको सम्पादनमा **समय** (२०१३), तारिणीप्रसाद कोइरालाको सम्पादनमा प्रकाशित **दियालो** (२०१३), डिल्लीबहादुर श्रेष्ठको सम्पादनमा प्रकाशित **गोरेटो** (२०१४), धनुषचन्द्र गौतमको सम्पादनमा प्रकाशित **बाछिटा** (२०१४), तारिणीप्रसाद कोइरालाको सम्पादनमा प्रकाशित **कल्पना** (२०१४), पञ्चलाल श्रेष्ठको सम्पादनमा प्रकाशित **ममता** (२०१६) आदि रहेका छन् (देवकोटा, २०५१ : ५७८- ५८२) । यी पत्रिकाहरू समाचार मूलक हुँदाहुँदै पनि नेपाली भाषा र साहित्यलाई एक खुड्किलो माथि उठाउनका लागि महत्त्वपूर्ण कार्य गरेका थिए ।

२००७ सालदेखि २०१७ सालसम्मको समयावधिमा न्यून मात्रामा अर्ध साप्ताहिक पत्रिकाहरू देखापरेका छन् । यस समयमा अर्ध साप्ताहिक पत्रिकाहरूमा भोजबहादुर सिंहको सम्पादनमा प्रकाशित **खसोखास** (२००९), कृष्णबहादुर ठकुरीको सम्पादनमा प्रकाशित **हाम्रो नेपाल** (२०१३) आदि रहेका छन् । यस समयमा साप्ताहिक पत्रपत्रिकाको अत्यधिक रूपमा प्रकाशन भएको छ । साप्ताहिक रूपमा नेपाली भूमिमा देखापरेका पत्रपत्रिकाहरूमा नेपालमा प्रजातन्त्र आउनुभन्दा ३ दिन अगाडि अथवा २००७ साल फागुन ४ गतेका दिन हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा काठमाडौँबाट **जागरण** साप्ताहिकको प्रकाशन भयो । त्यसै गरी यस अवधिमा साप्ताहिक रूपमा प्रकाशित हुने अन्य पत्रिकाहरूको सूची निम्नानुसार रहेको छ :

| क. सं. | पत्रिकाको नाम | सम्पादकको नाम | साल |
|---|---|---|---|
| १ | **तरङ्ग** | भोजबहादुर न्यौपाने | २००८ |
| २ | **राँको** | ईश्वरानन्द श्रेष्ठाचार्य | २००८ |

| | | | |
|---|---|---|---|
| ३ | **झिल्को** | नारायणप्रसाद बाँस्कोटा | २००९ |
| ४ | **राष्ट्रवाणी** | रामचन्द्र उपाध्याय | २००९ |
| ५ | **आलोक** | विजय मल्ल | २००९ |
| ६ | **हलचल** | जगतचन्द्र मोहन | २०१० |
| ७ | **नेपाल पुकार** | शङ्करप्रसाद | २०१० |
| ८ | **युगदूत** | गोपालप्रसाद | २०११ |
| ९ | **प्रहरी** | मणिराज उपाध्याय | २०११ |
| १० | **छात्र सन्देश** | मदन शर्मा | २०१२ |
| ११ | **नेपाल सन्देश** | बुद्धिराज शर्मा | २०१२ |
| १२ | **इन्साफ** | केदारनाथ शर्मा | २०१३ |
| १३ | **नवयुग** | देवीप्रसाद अधिकारी | २०१४ |
| १४ | **जनकल्याण** | काजीमान कन्दङ्वा | २०१५ |
| १५ | **लोकदूत** | गोविन्द वियोगी | २०१५ |
| १६ | **राजदूत** | केशवप्रसाद आचार्य | २०१६ |
| १७ | **समीक्षा** | मदनमणि दीक्षित | २०१७ |

यी पत्रिकाहरू मूलतः समाचार मूलक भए पनि यिनीहरूले नेपाली साहित्यका विभिन्न विधाको विकासमा केही मात्रामा योगदान पुऱ्याएका थिए । यसरी नै नेपाली समालोचनाको क्षेत्रमा पनि यी पत्रिकाहरूले पुऱ्याएको योगदान अविस्मरणीय रहेको छ । यस समयमा केही पाक्षिक पत्रिकाहरू पनि प्रकाशन भएका देखिन्छन् । जसमा **झङ्कार** (सम्पादक : लबबहादुर कपिल : २०११), **प्रेरणा** (सम्पादक : विजयराज शर्मा : २०१३), **रेडियो दर्पण** (सम्पादक : रेडियो नेपाल, २०१४), **निर्माण** (सम्पादक : सत्य मोहन जोशी, २०१६) रहेका छन् । यी पत्रिकाहरूले नेपाली समालोचनाको विकासमा प्रत्यक्ष र परोक्ष रूपमा उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ (पौडेल, २०५४ : ९) ।

यस समयमा प्रकाशित मासिक पत्रिकाले पनि नेपाली साहित्यका विभिन्न विधामा श्रीवृद्धिको काम गरेका गरेका छन् । यस समयका मासिक पत्रिकाहरू **महिला** (सम्पादक : कुमारी कामाक्षी, २००८), **इन्द्रधनु** (सम्पादक : शान्ति निकुञ्ज स्कुल, २००८), **जागृति** (सम्पादक : शारदाप्रसाद उपाध्याय, २००९), **प्रतिभा** (सम्पादक : श्रीमती कान्तिदेवी, २००९), **संस्कृत सन्देश** ( सम्पादक : योगी नरहरि नाथ, २०१०), **प्रगति** (सम्पादक : नारायणप्रसाद बाँस्कोटा, २०१०), **छात्रवाणी** (सम्पादक : कृष्ण कुमार वर्मा, २०१३), **इन्द्रेणी** (सम्पादक : ईश्वर बराल, २०१३), **धरती** (सम्पादक : भवानी भिक्षु र ईश्वर बराल, २०१३), **नवीन शिक्षा** (सम्पादक : कृष्णराज अर्याल र अन्य, २०१४), **किसान** (सम्पादक : वासु पासा, २०१४) आदि रहेका छन् (पौडेल, २०५४ : ९) ।

यस समयका द्वैमासिक पत्रिकाहरूले पनि नेपाली साहित्यको विकासमा निकै ठूलो भूमिका निर्वाह गरेका छन् । यस समयका केही द्वैमासिक पत्रिकाहरूमा **डाँफेचरी** (सम्पादक : धर्मराज थापा, २०१०), **जनसाहित्य** (सम्पादक : पुष्कर शमशेर र अन्य, २०११), **साहित्य** (सम्पादक : श्यामप्रसाद शर्मा, २०१६), **दर्पण** (सम्पादक : जयेन्द्र बहादुर थपलिया, २०१७), **इन्दु** (सम्पादकः कुमुदेशप्रसाद शर्मा, २०१७), **सङ्गम** (सम्पादक : सत्यमोहन जोशी र अन्य, २०१७), **रूपरेखा** (सम्पादक : वासुदेव रिमाल, २०१७) आदि रहेका छन् ।

२००७ सालदेखि २०१७ सालका बीचमा नेपाली साहित्यको उत्थानमा सहयोग दिने केही त्रैमासिक पत्रिकाहरू पनि देखापरेका छन् । **नेपाल सांस्कृतिक परिषद् पत्रिका** (सम्पादक : ईश्वर बराल, २००९), **आह्वान** (सम्पादक : शशीकला शर्मा, २०१५), **प्रहरी** (सम्पादक : जितेन्द्रध्वज किरण, २०१६), **नेपाली** (सम्पादक : कमल दीक्षित, २०१६) आदि त्रैमासिक पत्रिकाहरूले नेपाली भाषा, साहित्यको उत्थानमा आफूलाई स्थापित गराउन सफल भएका छन् (देवकोटा, २०५१ : ६२१-६२४) ।

समग्रमा मूल्याङ्कन गर्दा यो २००७ सालदेखि २०१७ सालसम्मको जम्मा एक दशकको छोटो समयावधिमा पनि पत्रपत्रिकाको क्षेत्रमा उल्लेखनीय कामहरू भएका छन् । विभिन्न समस्याहरू हुँदाहुँदै पनि पत्रपत्रिकाको विकासमा पर्याप्त प्रगति भएको छ । २००७ सालपूर्व विदेशी भूमिबाट प्रकाशित हुने पत्रपत्रिकाहरू पनि यतिखेर नेपालबाटै प्रकाशित हुन थाले । पत्रपत्रिकाको क्षेत्र सबल वा दरिलो पार्न यस समयमा विभिन्न विभिन्न सङ्घसंस्थाहरू सञ्चालन हुनु आदि नै यो चरणका मुख्य उपलब्धि हुन् । मूलतः २०१७ सालको **रूपरेखा** पत्रिका मार्फत नेपाली साहित्यमा प्रयोगवादको बीजारोपण समेत भएको हो । यिनै विभिन्न कार्यहरू भएका हुनाले यस समयका साहित्यिक पत्रपत्रिकाहरूको महत्त्वपूर्ण योगदान मानिन्छ ।

### २.२.४ पञ्चायत काल (२०१७ देखि २०४५ सम्म)

नेपालमा २०१७ सालदेखि पञ्चायती व्यवस्था आएको हो । यसले नेपाली इतिहासमा राजनैतिक क्षेत्रमा मात्र नभएर साहित्यिक र पत्रपत्रिकाको क्षेत्रमा ठूलो प्रभाव पारेको थियो । २०१७ साल पुस १ गतेबाट जन निर्वाचित सरकारको विघटन भई निर्दलीय पञ्चायतको प्रारम्भ भएपछि सबै दल र तिनका मुखपत्रहरू बन्द भए (चालिसे, २०५७ : १५०) । यसरी तत्कालीन राजा श्री ५ महेन्द्र वीरविक्रम शाहबाट दलहरूमाथि प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्थाको घोषणा भयो । विभिन्न विचार र आस्थाका आधारमा दलगत रूपमा नेतृत्व गर्ने व्यक्तिहरूमध्ये कतिले जेलको स्वागत पाए भने कति बिदेसिनु पऱ्यो । यसको प्रभाव पत्रपत्रिकाको क्षेत्रमा पर्न थाल्यो । कति प्रकाशनमा रोक लगाइयो भने कतिपय प्रेसहरूसमेत बन्द हुन पुगे । प्रतिबन्धित नभएका पत्रिकाहरूले पनि तत्कालीन व्यवस्थाको विरुद्धमा स्वतन्त्र रूपमा लेख्न नपाउने भए । फलस्वरूप नेपाली पत्रिकाको विकासमा ठूलो चोट लाग्न पुग्यो ।

पञ्चायती व्यवस्थाको घोषणा हुनुभन्दा केही महिना पहिला २०१७ साल श्रावणमा देखापरेको **रूपरेखा** प्रारम्भमा द्वैमासिक र केही पछि मासिक रूपमा देखा पऱ्यो । नेपाली साहित्यमा प्रयोगवादी धारालाई स्थापिता गर्न **रूपरेखा** पत्रिकामा विभिन्न समालोचनात्मक लेखहरू प्रकाशित भए । नेपाली कविताका क्षेत्रमा प्रयोगवादलाई मोहन कोइरालाले भित्र्याएका हुन् । मोहन कोइरालालाई प्रयोगवादको क्षेत्रमा भित्र्याउन **रूपरेखा** पत्रिकाको महत्त्वपूर्ण योगदान रहेको छ । यस पत्रिकाले कुनै निश्चित सिद्धान्तको पक्षमा मात्र केन्द्रित नभई प्रयोगवादी, झर्रोवादीदेखि झर्रोवादी विरोधीहरू, प्रगतिवादी अनि आधुनिकदेखि पौराणिकसम्मका सबै खाले समालोचनात्मक लेख तथा साहित्यिक रचनाहरूलाई उत्तिकै महत्त्वका साथ प्रकाशित गरेको छ (शर्मा, २०५१ : २६८) । नेपाली साहित्यका कविता, कथा, निबन्ध र समालोचनाका क्षेत्रमा **रूपरेखा** पत्रिकाले पुऱ्याएको योगदान अविस्मरणीय छ । यसपछि तत्कालीन परिस्थितिअनुसार क्रमिक रूपमा दैनिकदेखि वार्षिकसम्मका पत्रिकाहरू प्रकाशित हुन थाले । सरकारी संरक्षणमा रहेका सङ्घ सङ्गठनहरूबाट पनि पत्रिकाहरू प्रकाशित हुन थाले (देवकोटा, २०५१ : ९९) ।

२०३० सालपछि पत्रिकाको प्रकाशनमा केही समस्याहरू देखिए । २०३२ सालमा श्री ५ को सरकारले सामाजिक तथा साहित्यिक पत्रिकाको समेत प्रकाशनमा रोक लगाएर नयाँ छापाखाना तथ प्रकाशनसम्बन्धी ऐन २०३२ जारी गऱ्यो (पौडेल, २०५४ : १०) । यसलाई नेपाली पत्रपत्रिकाको इतिहासमा कालो कानुनको संज्ञा दिइएको छ । यसर्थ पनि पत्रपत्रिकाको विकासमा कमी आउनु स्वभाविकै थियो । २०३६ साल जेठ १० गते जनमत सङ्ग्रहको घोषणाका साथै वाक् तथा प्रकाशन स्वतन्त्रता बहाली भएपछि अगाडि दर्ता खारेज भएका पत्रिका पनि प्रकाशिन हुन थाले (चालिसे, २०५७ : १५५) । यसरी २०१७ सालदेखि २०४६ सम्मको पञ्चायत कालीन समयमा नेपाली पत्रपत्रिकाहरूले विभिन्न अप्ठ्यारा परिस्थितिको सामना गर्दै अगाडि बढेका छन् । यस समयमा देखा परेका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक र वार्षिक साहित्यिक पत्रपत्रिकाको विस्तृत चर्चा नगरेर केहीको नामोल्लेख मात्र यहाँ गरिएको छ ।

नेपालको समाचारमूलक जेठो पत्रिका **गोरखापत्र** ६० औँ वर्षदेखि अर्थात् २०१७ साल फागुन ७ गतेबाट दैनिक रूपमा प्रकाशन हुन थाल्दछ । यसपछि मणिकलाल श्रेष्ठको सम्पादनमा २०२० वैशाख १६ गतेदेखि **समय** दैनिक पत्रिकाका रूपमा प्रकाशित हुन थाल्छ (चालिसे, २०५७ : १५५) । यस पत्रिकाको उद्देश्य तथ्य सत्य समाचार सम्प्रेषण गरी जनतालाई सूचना दिनु रहेको थियो तर पनि यस पत्रिकामा पनि केही समीक्षात्मक लेखहरूसमेत प्रकाशन भएको देखिन्छ (पौडेल, २०५४ : १३) । मदनमणि दीक्षितको सम्पादनमा २०१७ सालमा साप्ताहिक रूपमा प्रकाशन भएको **समीक्षा** पत्रिका पनि केही समयदेखि दैनिक रूपमा देखापर्दछ (चालिसे, २०५७ : १५१) । यसपछि २०२१ सालमा बटुचन्द्र गौतमको सम्पादनमा **हाम्रो देश**, २०२१ श्रावण १ गतेबाट गणेश बल्लभमको सम्पादनमा निस्किएको **मातृभूमि**, २०२२ मङ्सीर २४ गतेबाट गोरखापत्र संस्थानबाटै **गोरखापत्र**को सह प्रकाशनका रूपमा

अङ्ग्रेजीको **द राइजिङ नेपाल** आदि दैनिक अखबारहरूको प्रकाशन भएको देखिन्छ । यसैगरी कलमप्रसाद घिमिरेको सम्पादनमा ललितपुरबाट प्रकाशित **नयाँ नेपाल** (२०२२) पत्रिका सरकारी नीति र कार्यक्रमको प्रचार गर्ने उद्देश्यले प्रकाशित भएको हो । त्यस्तै विराटनगरबाट प्रकाशित **निर्माण** (२०१९), वीरगन्जबाट प्रकाशित **जन जीवन** (२०२२), भैरहवाबाट प्रकाशित **दैनिक निर्णय** (२०१३) आदि दैनिक पत्रिकाहरू स्थानीय समाचारको अवगत गराउने समाचार प्रधान पत्रिका हुन् । तर पनि छिटफुट रूपमा यी पत्रिकाहरूले विभिन्न समयमा केही समीक्षात्मक लेखहरूसमेत प्रकाशित गरेका थिए (पौडेल, २०५४ : १३) । यस्तै यस समयमा निस्कने दैनिक पत्रिकाहरूमा **हाम्रो देश**, **जन्मभूमि**, **दैनिक**, **समालोचना घटना**, **समाचार सेवा**, **दैनिक खबर**, **नयाँ समाज** आदि रहेका छन् ।

यस समयमा साप्ताहिक पत्रिकाहरू पनि त्यत्तिकै मात्रामा प्रकाशित भएका छन् । साप्ताहिक पत्रिकाहरूले पनि साहित्यको श्रीवृद्धिका साथै समाचार सम्प्रेषणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यसका साथसाथै कतिपय पत्रिकाले राष्ट्रवादी भावनाको जागरण फैलाउने काम गरेका छन् भने कतिपय साप्ताहिक पत्रिकाहरूले सरकारी क्षेत्रका अनियमितता, शोषण र दमनका विरुद्धमा साहित्यिक रचनाहरू प्रकाशित गरी सरकारको विरुद्धमा जनमत तयार गर्ने काम गरेका छन् । यसैको परिणामस्वरूप कतिपय पत्रिकाहरूको प्रकाशनमा सरकारले प्रतिबन्ध लगायो । यसरी विभिन्न जटिल परिस्थितिको सामना गर्दै कतिपय पत्रिकाहरू अहिलेसम्म प्रकाशित भइरहेका छन् भने कतिपय आफ्नै कारण र कतिपय राजनैतिक कारणले बन्द हुन  पुगे ।

यस चरणमा देखापरेका प्रमुख साप्ताहिक पत्रपत्रिकाहरूमा **प्रवर्तक**, **नयाँ सन्देश**, **साप्ताहिक समाचार**, **हिमालचुली**, **नयाँ समाज किसान**, **मार्ग**, **नेपाल रिभ्यु**, **हुलाक**, **जनवार्ता**, **सगरमाथा**, **टाइम्स**, **पञ्चायत**, **बाटो**, **लोकमत**, **जन आवाज**, **छलफल दृष्टि**, **विमर्श**, **विगुल**, **देशान्तर**, **नारायणी**, **लुम्बिनी**, **भेरी**, **पाल्पा** जस्ता आदि रहेका छन् ।

यस समयमा केही पाक्षिक पत्रिकाहरू पनि प्रकाशित भएका छन् । २०२१ मा पशुपति पराजुलीको सम्पादनमा **कोशी अञ्चल** पाक्षिक पाक्षिक पत्रिका प्रकाशित भएको छ । अन्य पाक्षिक पत्रिकाहरूमा **मेची** (सम्पादक : विष्णु नवीन, २०२१), **सगरमाथा** (सम्पादक : शिशुप्रसाद देवकोटा, २०२१), **भेरी** (सम्पादक : बब्रुबाहन सिंह, २०२१), **प्रतिध्वनि** (सम्पादकः गोकर्णदेव पाण्डे र अन्य, २०२१) आदि रहेका छन् । यी पत्रिकाहरू देशका विभिन्न भागबाट प्रकाशित भएर जनचेतना जगाउनुका साथै साहित्यिक प्रतिभाहरूलाई प्रेरणा प्रदान गरेका छन् ।

पञ्चायत कालीन अवस्थामा मासिक पत्रपत्रिकाहरूको सङ्ख्यात्मक र गुणात्मक दुवै रूपमा वृद्धि भएको थियो । यस समयमा देखिएका प्रायः पत्रिकाको उद्देश्य नेपाली साहित्यको वृद्धि गर्नु रहेको देखिन्छ । यस समयमा प्रकाशित केही मासिक पत्रिकाहरूमा **शिक्षा समाचार** (सम्पादक : सुरेन्द्र शर्मा, २०१८), **निर्देशन** (सम्पादक : सुरेन्द्रराज शर्मा, २०१९), **खुडकिलो** (सम्पादक :

शिशुप्रसाद देवकोटा, २०१९), **राप्ती सन्देश** (सम्पादक : रामलोचन सिंह, २०१९), **राजमार्ग** (सम्पादक : सत्यमोहन जोशी, २०२०), **युवक** (सम्पादक : शैलेन्द्र कुमार शर्मा, २०२०), **राप्ती दर्पण** (सम्पादक : मरिचमान सिंह, २०२१), **महिला बोल्छिन्** (सम्पादक : विमला मास्के, २०२१), **बालक** (सम्पादक : प्रेमकुमार कसजू, २०२२), **नवकुञ्च** (सम्पादक : शान्तलाल मुलामी, २०२२), **मधुपर्क** (सम्पादक : गोपालप्रसाद भट्टराई, २०२५) आदि देखा पर्दछन् । यी पत्रिकाहरूले नेपाली साहित्यका कथा, कविता, निबन्ध, समालोचना आदि विधालाई मौलाउने अवसर प्रदान गरेका छन् (देवकोटा, २०५१ : ६०६-६१५) । यसका साथै नवीन प्रतिभाहरूलाई साहित्यतर्फ प्रेरित गर्ने कार्यमा निकै ठूलो मद्दत पुऱ्याउँदै आएका छन् । त्यस्तै यस अवधिमा केही द्वैमासिक पत्रिकाहरू पनि देखापरेका छन् । जस्तै **आँचल** (सम्पादक : किरण खरेल, २०१८), **बगैंचा** (सम्पादक : गोविन्दप्रसाद लोहनी, २०१८), **सिंहनाद** (सम्पादक : ठाकुरप्रसाद पराजुली, २०१९), **अरूणोदय** (सम्पादक : चेतोनाथ शर्मा आचार्य, २०२०), **रचना** (सम्पादक : रोचक घिमिरे र रमेश बाँस्कोटा, २०२१), **फूलपाती** (सम्पादक : बालकृष्ण पोखेल र गङ्गाप्रसाद प्रधान, २०२१), **कोपिला** (सम्पादक : द्वारिकाप्रसाद श्रेष्ठ, २०२३), **पञ्चामृत** (सम्पादक : बब्रबाहन सिंह, २०२३), **पारिजात** (सम्पादक : विपिनदेव ढुङ्गाना, २०३६), **सामग्री** (सम्पादक : कृष्णप्रसाद पौडेल, २०२७), **सुस्केरा** (सम्पादक : रामचन्द्र भट्टराई, २०२७), **अभिव्यक्ति** (सम्पादक : नरेन्द्रराज शर्मा, २०२७), **हिमाली सौगात** (सम्पादक : पूर्णप्रकाश नेपाल 'यात्री', २०२८), **मिर्मिरे** (नेपाल राष्ट्र बैङ्कबाट, २०२९), **समष्टि** (कृषि विकास बैङ्क, काठमाडौं : २०३७), **साँग्रिला** (सम्पादक : विजय चालिसे, २०३९) आदि रहेका छन् (देवकोटा, २०५१ : ६०६-६१५) ।

२०१७ देखि २०४५सम्मको अवधिमा देखापरेका त्रैमासिक पत्रिकाहरू गुणात्मक र सङ्ख्यात्मक दुवै दृष्टिकोणबाट उच्च रहेका छन् । यी पत्रिकाको उद्देश्य पनि साहित्य र नेपाली भाषाको विकास गर्नु रहेको थियो । यस समयमा देखापरेका केही त्रैमासिक पत्रिकाहरूमा **आनन्द** (सम्पादक : भिखारी शर्मा, २०१८), **हिमाली** (सम्पादक : लैनसिंह वाङ्देल र अन्य, २०१९), **मुकुट** (सम्पादक : पुरुषोत्तम बस्नेत र अन्य, २०१९), **च्यौराली** (त्रि. वि. मा अध्ययनरत विद्यार्थीहरूको सक्रियतामा, २०२०), **भानु** (सम्पादक : भवानीप्रसाद घिमिरे, २०२०), **पूर्णिमा** (सम्पादक : श्री गौतम बज्राचार्य र अन्य, २०२१), **कविता** ( नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित, २०२१), **प्रवाह** (सम्पादक : निर्मल कुमार रिमाल र अन्य, २०२१), **नयाँ कविता** (सम्पादक : पुष्करनाथ लोहनी, २०२१), **सगुन** (सम्पादक : माधव ओम श्रेष्ठ, २०२२), **साहित्य धारा** (सम्पादक : केदार शर्मा ढकाल, २०२२), **वन** (सम्पादक : अनन्तमणि दीक्षित, २०२३), **लाली गराँस** (सम्पादक : प्रेम प्रकाश विष्ट, २०२३), **जुरेली** (सम्पादक : अनिता तुलाधर, २०२६), **उपकार** (सम्पादक : शिव गोपाल रिसाल, २०३७), **नौलो साहित्य** (सम्पादक : जागृतप्रसाद भेटवाल, २०३५), **प्रज्ञा** (सम्पादक : रत्नध्वज जोशी, २०२७), **झिसमिसे** (सम्पादक : रघु पन्त, २०३५), **रश्मि** (सम्पादक : घनश्याम कँडेल, २०४०) आदि देखा देखा पर्दछन् । यसै गरी **अँजुली**

(२०३६), **अनुभूति** (२०३५), **तानसेन** (२०३६), **बन्दना** (२०३९) आदि रहेका छन्  (स्रोत : त्रि. वि. केन्द्रीय पुस्तकालयबाट सङ्कलित पत्रिका सँगालो अध्ययनबाट जानकारी) ।

यस समयमा देखापरेका चौमासिक पत्रिकाहरूमा **रचना** (सम्पादक : रोचक घिमिरे, २०१८), **हाम्रो संस्कृति** (सम्पादक : पुष्करप्रसाद लामिछाने, २०२३) आदि हुन् । यी पत्रिकाहरूले पनि नेपाली साहित्यका विभिन्न विधाको विकासमा पर्याप्त मात्रामा सहयोग पुऱ्याएका छन् । त्यस्तै २०१८ मा माधवप्रसाद देवकोटाको सम्पादनमा प्रकाशित **आलोक** अर्ध वार्षिक पत्रिका हो । त्यस्तै यस समयमा वार्षिक पत्रिका र विभिन्न सङ्घ संस्थाबाट मुखपत्रहरू पनि प्रकाशित भएका छन् । यस समयमा देखापरेका केही वार्षिक पत्रिकाहरूमा स्याङ्जा छात्रमण्डलद्वारा प्रकाशित **कल्याणी** (२०१९), पिताम्बर शर्मा र अन्यको सम्पादनमा प्रकाशित **भानु उदय** (२०१९), गजाधर पौडेल र अन्यको सम्पादनमा दाङबाट प्रकाशित **मानस प्रभा** (२०२०), मोहनबहादुर मल्लको सम्पादनमा पर्वतबाट प्रकाशित **पर्वत माला** (२०२०) आदि रहेका छन् ।

पत्रपत्रिकाको विकासबाट हेर्दा यो समय निकै महत्त्वपूर्ण र उपलब्धिपूर्ण रहेको छ । यस समयमा पत्रकारिता सम्बन्धी तालिम दिने र प्राविधिक जनशक्ति निर्माण गर्नेतर्फ पनि केही प्रयासहरू नभएका होइनन् । पत्रपत्रिका र यसको महत्त्वलाई ध्यानमा राखेर त्रिभुवन विश्व विद्यालयको मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान अध्ययन संस्थान अन्तर्गत रत्न राज्य लक्ष्मी क्याम्पसमा वि. सं. २०३३ को सत्रदेखि प्रमाण पत्र तहमा पढाइ सुरु भई वर्तमान अवस्थामा स्नातकोत्तर तहमा पढाइ भइरहेको छ । त्यसैगरी पाटन बहुमुखी क्याम्पसमा २०३६ सालदेखि स्नातक तहमा पत्रकारिताको पढाइ सुरु भयो (देवकोटा, २०५१ : ६३५-३९) । त्यति मात्र नभएर अन्य निजी स्तरका क्याम्पसहरूले पनि यस सम्बन्धी अध्यापन सञ्चालन गरेका छन् । पत्रपत्रिकाको मुद्रण प्रविधिमा पनि निकै विकास भएको छ । वर्तमान समयका पत्रिकाहरू हाते कम्पोज, मोनो, लाइनोबाट अघि बढेर अहिले वेभ अपसेट, फोटो कम्पोज र कम्प्युटर प्रविधिबाट मुद्रण भइरहेको छ ।

## २.२.५ आधुनिक काल (२०४६ देखि वर्तमान सम्म)

२०४६ सालको जन आन्दोलनपछि नेपालमा राजनैतिक क्षेत्रमा मात्र परिवर्तन नभएर पत्रपत्रिकाको इतिहासमा समेत ठूलो परिवर्तन भयो । निरङ्कुश पञ्चायती व्यवस्थामा जनताहरूमा मौलिक हक र वाक् स्वतन्त्रता थिएन । जसको परिणामस्वरूप पत्रपत्रिकामा सत्य कुरा छाप्दा सजाय भोग्नु पर्थ्यो भने कतै छापाखाना नै बन्द गर्नुपर्थ्यो । त्यस्तै कतै पत्रिकाको दर्ता खारेज गरिन्थ्यो । जसरी हुरी आएपछि आकाश छर्लङ्ग हुन्छ, ठीक त्यसैगरी २०४६ सालको जन आन्दोलनले यी सबै तिता कुराहरूलाई निमिट्यान्न पाऱ्यो ।

२०४६ सालको सफल जन आन्दोलन पश्चात् पत्रपत्रिकाको हकमा विभिन्न कार्यहरू भएका छन् । नेपाल अधिराज्यको संविधान २०४७ ले धारा १२ (क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रता

सम्बन्धी निम्न कुराको उल्लेख गरेको छ । नेपाल अधिराज्यको संविधान २०४७ ले स्वतन्त्रताको हक सम्बन्धी व्यवस्था अन्तर्गत सबै नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेको छ । तर यस्तो स्वतन्त्रतासम्बन्धी व्यवस्थाले नेपाल अधिराज्यको सार्वभौम सत्ता, अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली, बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको नमिल्ने व्यवस्था समेत संविधानले गरेको छ (शिव रेग्मी र पी. खरेल, २०५८ : १८) । त्यसैगरी धारा १३ मा छापाखाना र पत्रपत्रिकमा सम्बन्धी हकअन्तर्गत यी कुराहरू उल्लेख भएका छन् ।

(१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गर्न पूर्ण प्रतिबन्ध लगाइने छैन ।

तर नेपाल अधिराज्यको सार्वभौम सत्ता वा अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्ध खलल पर्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साह दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री मुद्रण गरे वापत छापाखाना बन्द वा जफत गरिने छैन ।

(३) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गरे वापत् कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन (शिव रेग्मी र पी. खरेल, २०५८ : १८) ।

यसरी हेर्दा २०४७ सालको संविधानले यथार्थ समाचार सङ्कलन गरी प्रकाशन गर्न पूर्ण रूपमा छुट दिएको छ । जसको परिणामस्वरूप हिजोआज बजारमा पत्रपत्रिकाहरू प्रतिस्पर्धाका रूपमा देखापरेका छन् । जसले व्यावसायिक रूप समेत लिन थालेको हुनाले पत्रपत्रिकाको भविष्य उज्ज्वल हुने देखिन्छ ।

जन आन्दोलनपछि नेपाली पत्रपत्रिका जगत्मा संस्थागत रूपमा **सन्डे डिसप्याच** ( अङ्ग्रेजी दैनिक), **जनमञ्च** (नेपाली साप्ताहिक), **काठमाडौं पोस्ट** (अङ्ग्रेजी दैनिक), **कान्तिपुर** (नेपाली दैनिक), **महानगर** (नेपाली दैनिक), **प्रजातन्त्र** (नेपाली साप्ताहिक) आदि नयाँ प्रकाशन प्रारम्भ भए पनि केहीलाई छाडेर संस्थागत स्वरूप ग्रहण गर्न भने सकेका देखिँदैनन् (चालिसे, २०५७ : १६१) । जन आन्दोलनपछि २०४७ मा नै **सन्डे डिसप्याच**, **जनमञ्च** जस्ता साप्ताहिक पत्रिका देखा परेका छन् । त्यसको पहिलो वर्ष **नेपाल जागरण**, **पिपुल्स**, **रिभ्यु**जस्ता नेपाली तथा अङ्ग्रेजी साप्ताहिक प्रकाशित भएका देखिन्छन् । २०४९ मा दैनिक **कान्तिपुर** (नेपाली) र **काठमाडौं पोस्ट** (अङ्ग्रेजी)का अतिरिक्त **महानगर** दैनिक र **राजधानी** साप्ताहिक आदि प्रकाशनमा आए (चालिसे, २०५७ : १६१) ।

२०४६ सालको जन आन्दोलन पश्चात् विभिन्न भाषामा दैनिक, साप्ताहिक, मासिक, अर्धवार्षिक, वार्षिक आदि पत्रिकाहरू प्रकाशित भएका छन् । यी पत्रिकाको उद्देश्य सत्य समाचारको सम्प्रेषण गर्नु रहे तापनि प्रायः पत्रिकाहरूले नेपाली साहित्यको उन्नतिमा समेत सहयोग गरेका छन् । यो अवधिमा थुप्रै पत्रिकाहरू प्रकाशित भए तापनि केही पत्रिकाहरूको नाम चर्चा गर्नु सान्दर्भिक नै देखिन्छ । यस अवधिमा **न्हुगु विश्वभूमि** (नेवारी दैनिक), **प्रजातन्त्र** (साप्ताहिक), **सुरुचि** (साप्ताहिक), **स्वतन्त्रता** ( साप्ताहिक), **समकालीन** (नेपाली, साप्ताहिक), **स्पेस टाइम** (दैनिक), **हिमालय टाइम्स** (दैनिक), **नेपाल समाचार पत्र** (दैनिक) आदि पत्रिकाहरू सय समयमा देखा परेका प्रमुख पत्रिकाहरू हुन् (चालिसे, २०५७ : १६१) ।

वर्तमान अवस्थमा नेपालका १४ वटै अञ्चलबाट पत्रपत्रिकाहरू प्रकाशन भइरहेका छन् । ७५ जिल्ला रहेको नेपालमा हाल ५६ जिल्लाबाट मात्र पत्रिकाहरू प्रकाशित हुने गरेका छन् । अन्य १९ जिल्लाहरूबाट पत्रिकाहरू प्रकाशित हुन अझै बाँकी छ । यी मध्ये पनि देशका ठूला सहरहरू काठमाडौं, जनकपुर, बुटवल, विराटनगर, वीरगन्ज, राजविराज, नेपालगन्ज, धरान, विर्तामोड आदि ठाउँबाट मात्र अत्यधिक रूपमा पत्रिकाहरू प्रकाशित भएका छन् । अन्यत्रबाट निकै कम प्रकाशित हुने गरेका छन् । गाउँ नै गाउँले भरिएको नेपालका बहुसङ्ख्यक ग्रामीण वासीहरूले स्तरीय पत्रिका हेर्न अहिले सहर कै मुख ताक्नु परिरहेको छ । त्यस्तै कतिपय ठाउँमा यातायातको असुविधाले गर्दा पत्रिका प्रकाशित भएको मितिपछि पनि एक हप्तासम्म कुर्नु पर्ने अवस्था छ । जेहोस् विभिन्न समस्याहरू पत्रपत्रिका जगत्मा देखा परे पनि पत्रपत्रिकाहरूको प्रकाशन दिनानुदिन बढ्दो रूपमा छ । हालसम्मको तथ्याङ्कअनुसार अधिराज्यबाट प्रकाशनको निमित्त दर्ता भएका पत्रपत्रिकाहरूको सङ्ख्या र छापिने सङ्ख्या निम्न अनुसार रहेको छ :

| प्रकाशन | भाषा |
|---|---|
| दैनिक : २०९ | नेपाली २११७ |
| | अङ्ग्रेजी, नेपाली : ४४६ |
| अर्ध साप्ताहिक : ९ | अङ्ग्रेजी : २७६ |
| साप्ताहिक : १०१५ | हिन्दी : ११ |
| पाक्षिक : २२० | नेवारी : १८ |
| मासिक : ८२२ | मैथिली : ५ |
| द्वैमासिक : २०८ | भोजपुरी : २ |
| त्रैमासिक : ३४७ | उर्दू : १ |
| चौमासिक : १७ | संस्कृत : १ |
| अर्ध वार्षिक : ४९ | तिब्बती : २ |

| | |
|---|---|
| वार्षिक : ५३ | थारु : २ |
| जम्मा : २९८८ | अन्य १०७ |

(स्रोत : त्रि. वि., केन्द्रीय पुस्तकालयमा सङ्कलित पत्रिकाहरूको सँगालो अध्ययनबाट प्राप्त जानकारी) ।

## २.३ 'कुञ्जिनी' पत्रिकाको प्रकाशन

**कुञ्जिनी** पत्रिकाको प्रकाशन त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभागअन्तर्गत रहेको संस्था साहित्य कुञ्जले गर्ने गरेको छ । २०२२ सालमा ठाकुरप्रसाद पराजुली र माधव भट्टराईको संरक्षकत्वमा नेपाली साहित्य परिषद् नाम गरेको संस्था जन्मेको थियो । यही संस्था को नाम २०४६ सालमा आएर साहित्य कुञ्ज राखिएको थियो । मोहन हिमांशु थापाको संरक्षकत्वमा २०४८ मा एउटा कार्य समिति तयार गरी नेपाली साहित्यको विकास र प्रवर्द्धनका लागि **कुञ्जिनी** नामक समालोचनात्मक पत्रिका निकाल्ने उद्घोषसँगै २०४९ मा यो पत्रिकाको जन्म भएको पाइन्छ । वार्षिक रूपमा प्रकाशित हुने यस समालोचनात्मक पत्रिका कारणवश प्रत्येक वर्ष प्रकाशित नभए पनि आज १६/१७ वर्षको अन्तरालमा १३ वटा अङ्कहरू प्रकाशन हुने मौका पाएको छ । यस पत्रिकाले नेपाली साहित्यका विभिन्न विधाअन्तर्गतका लेखहरू प्रकाशित हुनुले पनि यसको गरिमा उच्च रहेको छ । कुञ्जिनी पत्रिकामा प्रकाशित समालोचनात्मक लेखहरूका माध्यमबाट नेपाली साहित्यलाई विश्व साहित्यका नव नव वाद र प्रणालीसँग तुलना गरेर विभिन्न कृतिहरूको विश्लेषणात्मक अध्ययन गरिएबाट यसको महत्त्व बढ्दै गइरहेको छ ।

## २.४ 'कुञ्जिनी' को नामकरण

कुनै पनि वस्तुलाई अरु समक्ष चिनाउने सजिलो उपाय नै नामकरण हो । कुनै पनि पत्रिकाको नामकरण गर्दा त्यसको उद्देश्यलाई दृष्टिगत गरिएको हुन्छ । नामकरण अर्थपूर्ण हुनु आवश्यक पनि हुन्छ । सोही अनुरूप 'कुञ्जिनी' पत्रिकाको नामकरण वा न्वारन गर्दा उद्देश्य अनुसारको नाम राखेको पाइन्छ । नेपाली बृहत् शब्दकोशमा 'कुञ्जी' शब्दको अर्थ गाँठी कुरो वा कुनै पाठ्य पुस्तकको टीका लेखिएको सहायक पुस्तक भनिएको छ । यही 'कुञ्जी' पुलिङ्गी शब्दको स्त्रीलिङ्गी वाचक नाम नै 'कुञ्जिनी' हो । यसको अर्थ पनि कुनै पनि गहन कृतिलाई प्रामाणिक तवरले अध्ययन गरेर त्यसबारे विश्लेषण गरेर निष्कर्षमा पुग्नु भन्ने हुन्छ । यो पत्रिका समालोचनात्मक भएकाले उद्देश्य अनुसारको पत्रिकाको नामकरण सार्थक रहेको पाइन्छ ।

## २.५ 'कुञ्जिनी' पत्रिकाको उद्देश्य

कुनै पनि कार्य गर्नुका पछाडि उद्देश्य रहेको छ । 'कुञ्जिनी' समालोचनात्मक पत्रिका प्रकाशनको पनि निश्चित उद्देश्य रहेको छ । यो पत्रिका नितान्त नेपाली भाषा र साहित्य सम्बन्धी अनुसन्धानात्मक पत्रिका हो । यसमा मनोरञ्जन पक्षभन्दा पनि वैचारिक र बौद्धिक पक्षलाई जोड दिइएको छ । यस पत्रिकामा नेपाली साहित्यका विभिन्न विधाका गहन कृतिहरूको निष्पक्ष रूपमा विश्लेषण गरी समालोचनात्मक लेखहरू प्रकाशित गरेर समालोचनाको विकास गर्ने उद्देश्य राखिएको छ । **कुञ्जिनी** पत्रिकको पहिलो अङ्कको सम्पादकीयमा यसको उद्देश्य किटानका साथ प्रस्ट पारिएको छ :

त्रि. वि. को पाठ्यक्रमसँग सम्बद्ध कतिपय अभावपूर्ण विषयवस्तुमा केन्द्रित रहेर नेपाली साहित्यका अध्येता र विद्यार्थी वर्गको अभावलाई हदसम्म परिपूर्ति गर्ने खालका विश्लेषणात्मक लेख रचनाहरूको समावेश गर्ने र अर्कातिर विस्तारै सुस्तता छाइरहेको नेपाली समालोचनाको फाँटमा सानै भए पनि एउटा दियो प्रज्वलित गर्ने सोद्देश्यता र अठोट लिएर यो पत्रिकाको प्रकाशनारम्भ गरिएको हो ( **कुञ्जिनी,** वर्ष १, अङ्क १, २०४९, सम्पादकीय) ।

# तेस्रो परिच्छेद

# कुञ्जिनी पत्रिकामा प्रकाशित लेखहरूको सूची

## ३.१ पृष्ठभूमि

**कुञ्जिनी** पत्रिका २०४९ देखि प्रकाशित भएको हो । हालसम्म आइपुग्दा यसले १९ वर्ष पार गरे तापनि केही वर्षहरूमा यस पत्रिको प्रकाशनमा निरन्तरता रहेको देखिँदैन । अहिलेसम्म यस पत्रिकाका १३ वटा अङ्कहरू प्रकाशन भइसकेका छन् भने १४ औं अङ्क प्रकाशन गर्नका लागि साहित्य कुञ्ज परिवार धमाधम जुटिरहेको छ । यस तेह्र अङ्क सम्ममा नेपाली साहित्यका प्रायः जसो सबै विधामा कुनै न कुनै लेखहरू कुञ्जिनी पत्रिकाका माध्यमबाट प्रकाशित भएको देखिन्छ । सूक्ष्म रूपमा नेपाली साहित्यका बाह्र विधाका समालोचनात्मक लेखहरू प्रकाशित भए तापनि यहाँ मोटामोटी रूपमा निम्नलिखित शीर्षकहरूमा तेह्र वटै अङ्कहरूमा प्रकाशित लेखहरूको सूची प्रस्तुत गरिएको छ । सूची प्रस्तुत गर्ने क्रममा लेखकका नामलाई वर्णानुक्रममा राखिएको छ ।

## ३.२ कविता र लोक गीत खण्ड

यस कविता खण्डमा केवल कविताका विश्लेषणात्मक लेखहरू मात्र नराखी लोक कविता, लोक नृत्य आदि विषयलाई समेत समेटिएको छ ।

| क्र. सं. | लेखकको नाम | समालोचनात्मक लेखको शीर्षक | प्रकाशन स्रोत |
|---|---|---|---|
| १ | अनन्तप्रसाद घिमिरे | लेखनाथ पौड्यालको ‘ऋतुविचार’ खण्डकाव्य | वर्ष १५, अङ्क १२ |
| २ | अनन्तप्रसाद घिमिरे | लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य यात्रा र प्रवृत्ति | वर्ष १६, अङ्क १३ |
| ३ | अविलाल शाह ‘अनिल’ | लोकगीतका तत्त्वका कसीमा ड्यौडा गीतलाई घोट्दा | वर्ष १३, अङ्क १० |
| ४ | अशोक थापा | महाकाव्यात्मक तथा विसङ्गत रङ्गमञ्च | वर्ष १५, अङ्क १२ |
| ५ | उमेशप्रसाद घिमिरे | देवकोटाका केही काव्यकृतिमा आस्तिक आध्यात्मिक चेतनाको सर्वेक्षणात्मक अध्ययन | वर्ष १६, अङ्क १३ |
| ६ | उमानाथ पोखरेल | लक्ष्मीप्रसाद देवकोटाका निबन्धात्मक प्रवृत्ति | वर्ष १६, अङ्क १३ |
| ७ | उर्मिला शर्मा | लेखनाथ पौडेलको ‘मेरो कैशोर’ कविताका विषय र प्रवृत्तिहरू | वर्ष १२, अङ्क ९ |
| ८ | कपिलदेव लामिछाने | नेपाली लोक रामायण : एक अध्ययन | वर्ष १२, अङ्क ९ |

| | | | |
|---|---|---|---|
| ९ | कुमार निरौला | एक दृष्टि लक्ष्मीप्रसाद देवकोटा | वर्ष १६, अङ्क १३ |
| १० | किरण सापकोटा | 'तरुण तपसी'मा अलङ्कार विधान | वर्ष ११, अङ्क ८ |
| ११ | कृष्णप्रसाद आचार्य | लक्ष्मीप्रसाद देवकोटा : ज्वरशमना प्रकृति | वर्ष १६, अङ्क १३ |
| १२ | कृष्णप्रसाद आचार्य | 'सूक्ति सिन्धु'को प्रसङ्ग र सन्दर्भ | वर्ष ११, अङ्क ८ |
| १३ | कृष्णप्रसाद पराजुली | ऋतुकालीन पर्वगीत : देउसी | वर्ष १, अङ्क १ |
| १४ | कृष्णप्रसाद पराजुली | झ्याउरे लोकगीत | वर्ष ४, अङ्क २ |
| १५ | केशवप्रसाद उपाध्याय | खण्डकाव्य सम्बन्धी छोटो चर्चा | वर्ष ४, अङ्क २ |
| १६ | केशव भुसाल | महाकवि देवकोटा : काव्य यात्राका चार दशक सङ्क्षिप्त विश्लेषण | वर्ष १५, अङ्क १२ |
| १७ | खगेन्द्रप्रसाद लुइटेल | मुनामदनमा लय विधानको वस्तुगत स्थिति | वर्ष १२, अङ्क ९ |
| १८ | खगेन्द्रप्रसाद लुइटेल | मुनामदन : वस्तुवादी विश्लेषणको निष्कर्ष | वर्ष ११, अङ्क ८ |
| १९ | खगेन्द्रप्रसाद लुइटेल | देवकोटामा जनजातीय सांस्कृतिक चेतना | वर्ष १६, अङ्क १३ |
| २० | खगेन्द्र निरौला | वर्तमान र झञ्झाप्रति | वर्ष १६, अङ्क १३ |
| २१ | खेमराज भुसाल | भानुभक्तीय रामायणमा मौलिकता | वर्ष ९, अङ्क ६ |
| २२ | गणेश चालिसे | गीताको दार्शनिक चिन्तन | वर्ष १४, अङ्क ११ |
| २३ | गोपीकृष्ण शर्मा | गङ्गाप्रवास सङ्क्षिप्त चर्चा | वर्ष ४, अङ्क २ |
| २४ | गोपीकृष्ण शर्मा | भवभूतिको नाट्यकला | वर्ष ९, अङ्क ६ |
| २५ | घनश्याम ढकाल | 'हाम्रो रातो यात्रा'मा ईश्वर चन्द्र ज्ञवाली | वर्ष १४, अङ्क ११ |
| २६ | चूडामणि उपाध्याय | नेपाली साहित्यको काल विभाजनमा कविताको आधुनिक काल निर्धारण समस्या र समाधान | वर्ष १४, अङ्क ११ |
| २७ | जगन्नाथ शर्मा त्रिपाठी | विश्व प्रसिद्ध मेघदूत काव्यको कथावस्तु | वर्ष १, अङ्क १ |
| २८ | जीवेन्द्र देव गिरी | 'मुनामदन'मा लोकतत्त्व | वर्ष १६, अङ्क १३ |
| २९ | ठाकुरप्रसाद पराजुली | उषाका कवितामय रूप | वर्ष ५, अङ्क ३ |
| ३० | ठाकुरप्रसाद पराजुली | सृष्टि दर्शनको परिप्रेक्ष्यमा नारदीय सूक्ति | वर्ष ११, अङ्क ८ |
| ३१ | डी. डी. अधिकारी | देवकोटाको महाकाव्यकारिता : प्रमिथसको कसीमा | वर्ष १६, अङ्क १३ |
| ३२ | ताराप्रसाद पौडेल | प्राथमिक कालका प्रथम कवि सुवानन्द दास र | वर्ष १४, अङ्क ११ |

| | | | |
|---|---|---|---|
| | (नेपाल) | प्रथम कविता 'पृथ्वीनारायण' एक चर्चा | |
| ३३ | दीपक ढकाल | देवकोटाको 'पागल' कविता पूर्वप्रेरक सन्दर्भ र विद्रोही चेत | वर्ष १६, अङ्क १३ |
| ३४ | दीपकप्रसाद ढकाल | कवि मोहन कोइरालाको 'म सम्झन्छु' कवितामाथि एक दृष्टिकोण | वर्ष १३, अङ्क १० |
| ३५ | देवी नेपाल | 'गङ्गा प्रवास'भित्रको मानवतावाद | वर्ष ११, अङ्क ८ |
| ३६ | देवी नेपाल | देवकोटाका महकाव्यमा प्रयुक्त वार्णिक छन्दहरू | वर्ष १६, अङ्क १३ |
| ३७ | देवेन्द्र नेपाल | भानुभक्तको आदिकवित्व | वर्ष १५, अङ्क १२ |
| ३८ | देवेन्द्र नेपाल | महाकवि देवकोटाको 'वन' कविताको विश्लेषण | वर्ष १६, अङ्क १३ |
| ३९ | दैवज्ञराज न्यौपाने | कवि मोहन कोइराला र उनको लामो कविता 'गङ्गाप्रवास' | वर्ष ५, अङ्क ३ |
| ४० | दैवज्ञराज न्यौपाने | कवि शिरोमणि लेखनाथ पौड्यालको 'तरुण तपसी' | वर्ष ६, अङ्क ४ |
| ४१ | नरहरि घिमिरे | सुधाको त्यो झर्ना ..... | वर्ष १३, अङ्क १० |
| ४२ | नारायणप्रसाद खनाल | देवकोटाको 'शाहजहाँको इच्छा कवितामा शब्दालङ्कार सौन्दर्य | वर्ष १६, अङ्क १३ |
| ४३ | नारायण गौतम | लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य यात्रा र प्राप्तिहरू | वर्ष १६, अङ्क १३ |
| ४४ | नित्यानन्द सुवेदी | प्रकृति चित्रणका आधारमा 'ऋतुविचार' | वर्ष १३, अङ्क १० |
| ४५ | नित्यानन्द खतिवडा | महाकवि देवकोटाको कविता 'प्रभुजी भेडो बनाऊ' मा व्यङ्ग्य | वर्ष १३, अङ्क १० |
| ४६ | नेत्र एटम | ह्विवटमन, लोकतन्त्र र नेपाली कविताको सन्दर्भ | वर्ष १३, अङ्क १० |
| ४७ | पदम न्यौपाने 'साथ' | देवकोटा र उनको 'मायाविनी सर्सी' खण्डकाव्य | वर्ष १५, अङ्क १२ |
| ४८ | पुष्कर रिजाल | वसन्त शर्मा र उनको श्री कृष्ण चरित्र खण्डकाव्यको सर्वेक्षण | वर्ष १४, अङ्क ११ |
| ४९ | प्रभुराम आचार्य | 'सृजामाता' खण्डकाव्यको विश्लेषण | वर्ष १०, अङ्क ७ |
| ५० | प्रकाशप्रसाद कोइराला | 'राजेश्वरी' खण्डकाव्यले अँगालेको जीवन दृष्टि | वर्ष ६, अङ्क ४ |

| | | | |
|---|---|---|---|
| ५१ | प्रेम नारायण भुसाल | देवकोटाको महकाव्य यात्रा र महाकाव्यात्मक प्रवृत्ति | वर्ष ११, अङ्क ८ |
| ५२ | प्रेम नारायण भुसाल | महाकवि देवकोटाको 'ज्वर शमना प्रकृति' कविता : सङ्क्षिप्त अध्ययन | वर्ष १३, अङ्क १० |
| ५३ | बद्री विशाल भट्टराई | पाश्चात्य महाकाव्यको विकासक्रम : सर्वेक्षणात्मक अध्ययन | वर्ष ८, अङ्क ५ |
| ५४ | बालकृष्ण लामिछाने | सन्त ज्ञान दिलदासको जीवनी र भक्तिकाव्यका रूपमा उदय लहरीको चर्चा | वर्ष १२, अङ्क ९ |
| ५५ | भरत कुमार भट्टराई | कवि घिमिरेको खण्डकाव्य यात्रा | वर्ष ४, अङ्क २ |
| ५६ | भरत रोदन साउद | 'यात्री' कविताको ध्वनिपरक अध्ययन | वर्ष १६, अङ्क १३ |
| ५७ | भानुभक्त पोखरेल | कवितानिष्ठ दृष्टिले लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरे | वर्ष ६, अङ्क ४ |
| ५८ | भुवन न्यौपाने | कला चिन्तनका रूपमा देवकोटा | वर्ष ८, अङ्क ५ |
| ५९ | मदन गौतम | शाकुन्तल : यो एउटा भगीरथको गङ्गा हो थाप्लामा बोक्न मुस्किल छ | वर्ष ८, अङ्क ५ |
| ६० | मधुसुदन गिरी | समसामयिक नेपाली कविता : एक प्राक्काल्पनिक रेखाङ्कन | वर्ष १, अङ्क १ |
| ६१ | मधुसूदन पन्थी | प्रगतिवाद र नेपालमा प्रगतिवादी कविताको विकास : सामान्य चर्चा | वर्ष १४, अङ्क ११ |
| ६२ | महादेव अवस्थी | 'देवासुर सङ्ग्राम'को विषयवस्तुगत सेरोफेरो र विधागत स्वरूप | वर्ष ८, अङ्क ५ |
| ६३ | महादेव अवस्थी | 'पुष्पाञ्जली' महाकाव्यको पर्यवेक्षण | वर्ष ९, अङ्क ६ |
| ६४ | महादेव अवस्थी | महा राष्ट्रियता र महा मानवताको उद्घोष : 'हिमवत्खण्ड' महाकाव्य | वर्ष १५, अङ्क १२ |
| ६५ | महेन्द्र भण्डारी 'भावुक' | शाह जहाँको इच्छा : देवकोटाको प्रेम ताजमहल | वर्ष १६, अङ्क १३ |
| ६६ | माधवराज पौडेल | लोकगाथाका आलोकमा रिपु मल्लको चाँचरीलाई हेर्दा | वर्ष १५, अङ्क १२ |

| | | | |
|---|---|---|---|
| ६७ | मुना चौलागाईं | लक्ष्मीप्रसाद देवकोटाको 'प्रभुजी भेडो बनाऊ' | वर्ष १६, अङ्क १३ |
| ६८ | मुक्तिनाथ ढकाल | संस्कृत गद्य साहित्यका उत्कृष्ट प्रतिभा वाणभट्ट | वर्ष ११, अङ्क ८ |
| ६९ | मोतीलाल पराजुली | छेलो नृत्य | वर्ष १२, अङ्क ९ |
| ७० | मोतीलाल पराजुली | महाकवि देवकोटा र ग्रिसेली मिथक | वर्ष १६, अङ्क १३ |
| ७१ | यजुर्वेदानन्दप्रसाद भट्टराई | यदुनाथ पोखऱ्यालको योगदान एक चर्चा | वर्ष १४, अङ्क ११ |
| ७२ | योगेन्द्र पौडेल | कवि सम र उनको स्वर्ग र देवता | वर्ष १३, अङ्क १० |
| ७३ | रमेश पौडेल | समालोचना, 'म सम्झन्छु' र मोहन कोइराला | वर्ष १२, अङ्क ९ |
| ७४ | रमेशप्रसाद भट्टराई | पर्यावरणीय समालोचना स्वच्छन्दतावाद र देवकोटा | वर्ष १६, अङ्क १३ |
| ७५ | राजनप्रसाद पोखरेल | सिद्धिचरण श्रेष्ठ र उनको 'उर्वशी' खण्डकाव्य | वर्ष १२, अङ्क ९ |
| ७६ | राजेन्द्र सुवेदी | नेपाली साहित्य परम्परामा 'महाभारत' र नरेन्द्रनाथ रिमाल | वर्ष १५, अङ्क १२ |
| ७७ | रामचन्द्र भट्ट | कुमार सम्भव पञ्चम सर्गको विवेचना | वर्ष ६, अङ्क ४ |
| ७८ | रामचन्द्र भट्ट | नेपाली साहित्यमा पूर्वीय परम्पराको महाकाव्य | वर्ष ८, अङ्क ५ |
| ७९ | रामचन्द्र भट्ट | सोमनाथ सिग्देलका महाकाव्यमा छन्द योजना | वर्ष ९, अङ्क ६ |
| ८० | रामचन्द्र भट्ट | नेपाली महाकाव्य 'आदर्श राघव'का प्रवृत्ति र प्राप्ति | वर्ष ११, अङ्क ८ |
| ८१ | रामचन्द्र खनाल | राष्ट्रकवि माधव घिमिरे र नेपाली बाल साहित्य | वर्ष ११, अङ्क ८ |
| ८२ | रामप्रसाद ज्ञवाली | महाकवि देवकोटाका रचनाहरूमा वर्गीय पक्षधरता र प्रगतिशीलता | वर्ष १६, अङ्क १३ |
| ८३ | ऋषिराम घिताल 'समर्पण' | महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटा यात्रा, प्रवृत्ति र योगदान | वर्ष १४, अङ्क ११ |
| ८४ | ऋषिराम पोखरेल | कवि शिरोमणि लेखनाथ पौडेलको 'भर्तृहरि निर्वेद'लाई आफ्नै पर्दामा हेर्दा | वर्ष ४, अङ्क २ |
| ८५ | विदुर चालिसे | कवि मोहन कोइराला र उनको गङ्गाप्रवास | वर्ष १, अङ्क १ |
| ८६ | विनोद खनाल | महाकवि भारवि र उनको महाकाव्य : एक | वर्ष ११, अङ्क ८ |

| | | | |
|---|---|---|---|
| | | दृष्टि | |
| ८७ | विष्णुमाया खत्री | नेपाली साहित्यमा महाकाव्य | वर्ष ११, अङ्क ८ |
| ८८ | व्रतराज आचार्य | नेपाली गीतिनाट्य परम्परा र देवकोटाको 'कृषिवाला' | वर्ष १६, अङ्क १३ |
| ८९ | लक्ष्मणप्रसाद गौतम | 'सृजामाता' खण्डकाव्यमा बिम्बविधान | वर्ष १६, अङ्क १३ |
| ९० | शव गोपाल रिसाल | महाकवि लक्ष्मीप्रसाद देवकोटा यस्तै देखिए प्रश्नोत्तरको गाँठोलाई हेर्दा | वर्ष १, अङ्क १ |
| ९१ | शान्ता बराल | नेपाली प्रगतिवादी कविता : पचासको दशक | वर्ष १५, अङ्क १२ |
| ९२ | शान्ति थापा | कवि ज्ञान दिलदास र उनको 'उदय लहरी' विश्लेषण | वर्ष १५, अङ्क १२ |
| ९३ | शोभा अधिकारी | विवाहमा भनिने लोक सिलोक : एक सिंहावलोकन | वर्ष १४, अङ्क ११ |
| ९४ | शैलेन्दु प्रकाश नेपाल | महाकवि देवकोटाका विषयमा | वर्ष १६, अङ्क १३ |
| ९५ | सालिकराम पौड्याल | देवकोटाको 'शाहजहाँको इच्छा' कविता : एक चर्चा | वर्ष १२, अङ्क ९ |
| ९६ | सुकुम शर्मा | कवि मोहन कोइराला, कविता यात्रा र लामा कविता लेखनको पृष्ठभूमि | वर्ष १५, अङ्क १२ |
| ९७ | सुधा त्रिपाठी | 'चिसो चुल्हो' महाकाव्यमा नारी चिन्तन | वर्ष ११, अङ्क ८ |
| ९८ | सीता पन्थी | देवकोटाको 'पागल' कविताको विश्लेषणात्मक अध्ययन | वर्ष १६, अङ्क १३ |
| ९९ | हेमचन्द्र पोखरेल | शाकुन्तल महाकाव्यका केही विशेषताबारे एक सङ्क्षिप्त चर्चा | वर्ष १, अङ्क १ |
| १०० | हरिप्रसाद शर्मा | 'मार्ग' कवितामा कवि देवकोटाको जीवन दर्शन र काव्य धर्म | वर्ष ११, अङ्क ८ |

## ३.३ कथा विधा

| | | | |
|---|---|---|---|
| १ | अङ्गदमणि गौतम | कथाकार कोइराला र उनको ‘श्वेत भैरवी’ कथाको विश्लेषणात्मक अध्ययन | वर्ष १, अङ्क १ |
| २ | ईश्वरीप्रसाद पोखेल | रचना विधान अनुसार ‘तिउरीको फूल पायरियाको गन्ध’ कथाको विश्लेषण | वर्ष १०, अङ्क ७ |
| ३ | केशव शर्मा | सामाजिक यथार्थवादी कथाकार गुरूप्रसाद मैनाली | वर्ष ८, अङ्क ५ |
| ४ | कृष्ण हरि पोखेल | रचना विधानका आधारमा ‘प्रेम र मृत्यु’ कथाको विश्लेषण | वर्ष १३, अङ्क १० |
| ५ | कृष्णप्रसाद घिमिरे | लक्ष्मीप्रसाद देवकोटाको कथाकारिता | वर्ष १६, अङ्क १३ |
| ६ | खगेन्द्रप्रसाद लुइटेल | ‘माइत’ कथाको संरचना विश्लेषण | वर्ष ९, अङ्क ६ |
| ७ | गायत्री श्रेष्ठ | ‘समकालीन नेपाली द्वन्द्वकथा’का नारी कथाकार र तिनका द्वन्द्व कथाको विश्लेषण | वर्ष १५, अङ्क १२ |
| ८ | गुरूप्रसाद बराल | रचना विधानका आधारमा ईश्वर, खुदा गड्का कान कथाको विश्लेषण | वर्ष १२, अङ्क ९ |
| ९ | चन्द्रमान श्रेष्ठ | रचना विधानका आधारमा ‘टाइपिस्ट’ कथाको विश्लेषण | वर्ष १०, अङ्क ७ |
| १० | चन्द्रमान श्रेष्ठ | आयामिक चिन्तन र ब्ल्याक आउट काजु, बदाम र छोरा | वर्ष १२, अङ्क ९ |
| ११ | जीवेन्द्रदेव गिरी | लोककथाको सैद्धान्तिक आधार | वर्ष १५, अङ्क १२ |
| १२ | जीवेन्द्रदेव गिरी | नेपाली लोककथामा नारी | वर्ष १२, अङ्क ९ |
| १३ | डिल्लीराम ढुङ्गेल | गोठालेको ‘साठी रुपियाँ’ कथाको वस्तुपक्ष | वर्ष ५, अङ्क ३ |
| १४ | तारादेवी काफ्ले | रचना विधानका आधारमा ‘मधेशतिर’ कथाको विश्लेषण | वर्ष १०, अङ्क ७ |
| १५ | ध्रुवलाल शर्मा | इन्द्रबहादुर राई, लीला लेखन र ‘कठपुतलीको मन’ | वर्ष १५, अङ्क १२ |
| १६ | नेत्र बहादुर श्रेष्ठ | रचना विधानका आधारमा ‘भुन्टीको भविष्य’ कथाको विश्लेषण | वर्ष ११, अङ्क ८ |
| १७ | प्रेमप्रसाद तिवारी | इन्द्र बहादुर राई : कठ पुतलीको मन र विनिर्माणवाद | वर्ष ११, अङ्क ८ |

| | | | |
|---|---|---|---|
| १८ | भरत रोदन साउद पाखे | बराल लिखित कथाका दुई कृति : केही सन्दर्भ केही प्रवृत्ति | वर्ष १४, अङ्क ११ |
| १९ | भागवत ढकाल | कथाकार विकल र उनको आशावरीको धुनमा | वर्ष १, अङ्क १ |
| २० | माधवप्रसाद सापकोटा | 'सेतो खसी क्याम्म' शीर्षकको लोककथामा पाइने संस्कृति र विषाक्त संस्कृति | वर्ष १५, अङ्क १२ |
| २१ | मुकुन्द घिमिरे | मैनालीको 'नासो' कथा समाजशास्त्रीय दृष्टिमा | वर्ष ८, अङ्क ५ |
| २२ | मोहनराज शर्मा | 'डाँफे र मुरली'को विश्लेषण | वर्ष १३, अङ्क १० |
| २३ | रघुनाथ सुवेदी | 'श्वेतभैरवी' कथाको सङ्क्षिप्त विश्लेषण | वर्ष १५, अङ्क १२ |
| २४ | रमेश प्रभात | कथाकार मनु ब्राजाकी र उनको 'एकान्त' कथाको विवेचना | वर्ष ८, अङ्क ५ |
| २५ | सर्वज्ञ नारायण श्रेष्ठ | 'पवित्रा' मनोवैज्ञानिक नजरमा | वर्ष ४, अङ्क २ |
| २६ | सुभाषचन्द्र न्यौपाने | रचना विधानका आधारमा '...तर कोपिला फक्रेन' कथाको विश्लेषण | वर्ष ९, अङ्क ६ |
| २७ | लक्ष्मी शरण अधिकारी | 'परालको आगो' कथाका मुख्य पात्र | वर्ष १२, अङ्क ९ |
| २८ | हरिप्रसाद पराजुली | रचना विधानअनुसार 'भाँडो' कथाको विश्लेषण | वर्ष ११, अङ्क ८ |
| २९ | हरिप्रसाद शर्मा | विश्वेश्वरप्रसाद कोइराला : आधुनिक कथाका तटस्थ शिल्पी | वर्ष १४, अङ्क ११ |

## ३.४ नाटक विधा

| | | | |
|---|---|---|---|
| **१** | **अशोक थापा** | **नाटककार बालकृष्ण समको नाट्य योगदानको मूल्याङ्कन** | **वर्ष १२, अङ्क ९** |
| **२** | **अशोक थापा** | **समकालीन नेपाली नाटकमा प्रयोग** | **वर्ष १४, अङ्क ११** |
| **३** | **अर्जुन खनाल** | **बालकृष्ण सम र उनका ऐतिहासिक नाटकहरू** | **वर्ष १२, अङ्क ९** |
| **४** | **कर्ण कार्की 'अकेला'** | **पाश्चात्य नाटकको उद्‌भव र विकास** | **वर्ष ९, अङ्क ६** |
| **५** | **कृष्णप्रसाद घिमिरे** | **'नाला पानीमा' एकाङ्कीको ऐतिहासिक तथ्य र कथ्य** | **वर्ष ११, अङ्क ८** |
| **६** | **खुमलाल पौडेल** | **नाटककार विजय मल्ल 'बौलाहा काजीको सपना' नाटक** | **वर्ष ४, अङ्क २** |

| | | | |
|---|---|---|---|
| ७ | खेमनाथ सापकोटा | कृषिवाला गीतिनाटकको अध्ययन र विश्लेषण | वर्ष १२, अङ्क ९ |
| ८ | गोपीकृष्ण शर्मा | ‘लक्ष्यहीन’ एकाङ्की : वस्तु र प्रस्तुति | वर्ष ५, अङ्क ३ |
| ९ | चण्डिका भेटवाल | पुष्कर शमशेर र उनको ‘लक्ष्यहीन’ एकाङ्कीको विवेचना | वर्ष १४, अङ्क ११ |
| १० | जगन्नाथ पौडेल | नवीन प्रयोगका दृष्टिले ‘गोलार्द्धका दुई छेउ’ एकाङ्की सङ्ग्रहको विवेचना | वर्ष १५, अङ्क १२ |
| ११ | जुना चापागाईं | ‘जिउँदो लास’मा नारी पात्र | वर्ष १३, अङ्क १० |
| १२ | डिल्लीराम ढुङ्गेल | ‘भोको घर’ एकाङ्कीमा प्रतीक विधान | वर्ष ६, अङ्क ४ |
| १३ | तेज विलास अधिकारी | यथार्थवादी नाटककार हेनरिक इब्सेन | वर्ष ११, अङ्क ८ |
| १४ | दीपक प्रकाश सिवाकोटी | ज्ञान र विज्ञानको समन्वय ‘प्रह्लाद’ नाटक कि भूमिकामा ? | वर्ष ६, अङ्क ४ |
| १५ | ध्रुव घिमिरे | ‘गल्लीमा फ्याकिएका कसिङ्गर’ र ‘मुद्रा राक्षस’ | वर्ष १३, अङ्क १० |
| १६ | नित्यानन्द खतिवडा | ‘पत्थरको कथा’ एकाङ्कीमा नवीन प्रयोग | वर्ष १५, अङ्क १२ |
| १७ | नेत्रप्रसाद भण्डारी | पहिलो मौलिक नाटक ‘अटलबहादुर’ | वर्ष १४, अङ्क ११ |
| १८ | पुरुषोत्तम मिश्र | नाटककार बालकृष्ण समको ‘म’ नाटक एक चर्चा | वर्ष १२, अङ्क ९ |
| १९ | बेनु बहादुर कार्की | यौन विकृतिमूलक नाटक ‘अमित वासना’ | वर्ष १३, अङ्क १० |
| २० | मोहन हिंमाशु थापा | ‘प्रह्लाद’ नाटकको वस्तु विन्यास | वर्ष ५, अङ्क ३ |
| २१ | रामचन्द्र पोखरेल | नाटककार विजय मल्ल र ‘जिउँदो लास’ नाटक | वर्ष ८, अङ्क ५ |
| २२ | रामचन्द्र पोखरेल | बालकृष्ण समको नाट्यकला | वर्ष ९, अङ्क ६ |
| २३ | राजनप्रसाद पोखरेल | बालकृष्ण सम र उनका सुखान्त नाटकहरू | वर्ष १३, अङ्क १० |
| २४ | राजेन्द्र पौडेल | नाटककार पारिजात : ‘एक कठिन निष्कर्ष’ एकाङ्कीको विश्लेषण | वर्ष १५, अङ्क १२ |
| २५ | रामेश्वर अर्याल | शकुन्तला नाटक : एक सङ्क्षिप्त विश्लेषण | वर्ष ८, अङ्क ५ |
| २६ | लीला लुइटेल | समका नाटकमा नारीसम्बन्धी दृष्टिकोण | वर्ष ११, अङ्क ८ |
| २७ | वसन्तप्रसाद पौडेल | बालकृष्ण समको नाट्ययात्रा | वर्ष १०, अङ्क ७ |
| २८ | वेणुप्रसाद खतिवडा | समस्या नाटकको स्वरूप र पहिचान | वर्ष ९, अङ्क ६ |

| | | | |
|---|---|---|---|
| **२९** | **शोभा अधिकारी** | **माध्यमिक कालीन नाट्य आलोकमा आधुनिक नेपाली नाटक** | **वर्ष १४, अङ्क ११** |
| **३०** | **सनत कुमार वस्ती** | **भासकृत 'स्वप्नवासदत्तम्' एक विलोकन** | **वर्ष ४, अङ्क २** |
| **३१** | **साधना प्रतीक्षा** | **'यो प्रेम'भित्रको प्रेम** | **वर्ष ६, अङ्क ४** |
| **३२** | **सुनिल पोखरेल** | **माध्यमिक कालीन नेपाली नाटक : एक चर्चा** | **वर्ष १२, अङ्क ९** |
| **३३** | **सीता शर्मा** | **'भोको घर' एक भोकहरू अनेक** | **वर्ष १३, अङ्क १०** |

## ३.५ उपन्यास विधा

| | | | |
|---|---|---|---|
| १ | अनिल अधिकारी | 'लङ्गडाको साथी' उपन्यासको समाजशास्त्र | वर्ष १२, अङ्क ९ |
| २ | अमृता रेग्मी | पारिजातका औपन्यासिक प्रवृत्ति : एक चर्चा | वर्ष १४, अङ्क ११ |
| ३ | अमृता रेग्मी | नेपाली प्रगतिवादी उपन्यास लेखनमा पचासको दशक : सङ्क्षिप्त चर्चा | वर्ष १५, अङ्क १२ |
| ४ | ईश्वरीप्रसाद गैरे | उत्तर वैदिक काल र त्यसमा आधारित माधवी | वर्ष १, अङ्क १ |
| ५ | ईश्वरीप्रसाद गैरे | दीक्षितजी 'मेरी नीलिमा'को हाउगुजी के हो ? | वर्ष ४, अङ्क २ |
| ६ | ईश्वरीप्रसाद गौतम | माधवीमा वैचारिक र सांस्कृतिक स्वरूप | वर्ष १०, अङ्क ७ |
| ७ | उर्मिला शर्मा | उपन्यासकार मदनमणि दीक्षित र यिनको 'माधवी' उपन्यास | वर्ष ११, अङ्क ८ |
| ८ | किरण राई | 'आज रमिता छ' उपन्यासमा प्रयुक्त जीवन दृष्टि | वर्ष १२, अङ्क ९ |
| ९ | किरण नेपाल | समसामयिक नेपाली उपन्यास :उत्तर आधुनिक चेतनाका सन्दर्भमा | वर्ष १४, अङ्क ११ |
| १० | कृष्णप्रसाद घिमिरे | शीर्षकको सार्थकता : परिभाषित आँखाहरू कृतिमा | वर्ष १५, अङ्क १२ |
| ११ | खिल नारायण पराजुली | विभिन्न कोणबाट 'चम्पा' उपन्यासको विश्लेषण र मूल्याङ्कन | वर्ष १६, अङ्क १३ |
| १२ | खेम दाहाल | उपन्यास : एक चर्चा | वर्ष ८, अङ्क ५ |
| १३ | खेम दाहाल | 'लङ्गडाको साथी' उपन्यास एक अध्ययन | वर्ष १४, अङ्क ११ |
| १४ | जगदीश गैरे | विश्वेश्वरप्रसाद कोइराला र उनको 'तीन घुम्ती' उपन्यास | वर्ष १५, अङ्क १२ |

| | | | |
|---|---|---|---|
| १५ | जीवेन्द्रदेव गिरी | आख्यानका उज्यालामा मोदनाथ प्रश्रित | वर्ष ११, अङ्क ८ |
| १६ | टङ्क भट्टराई | प्रकृतवादी उपन्यासका रूपमा 'उपसंहार अर्थात् चौथो अन्त्य' | वर्ष ९, अङ्क ६ |
| १७ | डिजन भट्टराई | प्रगतिवादी चिन्तनका दृष्टिमा 'सङ्घर्षशील युवाको डायरी' उपन्यास | वर्ष १५, अङ्क १२ |
| १८ | डी. डी. अधिकारी | कस्केली उपन्यासकार : एक सर्वेक्षणात्मक अध्ययन | वर्ष १५, अङ्क १२ |
| १९ | ध्रुव घिमिरे | माध्यमिक कालीन उपन्यास वीरचरित्र माथिको विहङ्गावलोकन | वर्ष १४, अङ्क ११ |
| २० | दुर्गा बहादुर घर्ती | 'लङ्गडाको साथी' उपन्यासमा प्रयुक्त व्यङ्ग्य | वर्ष ४, अङ्क २ |
| २१ | दुर्गा बहादुर घर्ती | विसङ्गत जीवनको अन्तर्कथा नरेन्द्र दाइ उपन्यास | वर्ष १५, अङ्क १२ |
| २२ | नारायणप्रसाद पौडेल | आधुनिक नेपाली उपन्यास : मोड र प्रवृत्तिहरू | वर्ष १५, अङ्क १२ |
| २३ | निराजन रेग्मी | अस्तित्वको आलोकमा 'तीन घुम्ती' उपन्यास र इन्द्रमायाका आत्मगत विश्लेषण | वर्ष १४, अङ्क ११ |
| २४ | नेत्र एटम | महान् फ्रान्सेली उपन्यासकार वाल्जाक | वर्ष ९, अङ्क ६ |
| २५ | मीना खनाल | उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक यात्रा र प्रवृत्तिहरू | वर्ष १५, अङ्क १२ |
| २६ | मुरारीप्रसाद रेग्मी | दोस्रो र चौथो घुम्तीकी इन्द्रमाया एक विश्लेषण | वर्ष ४, अङ्क २ |
| २७ | रामनाथ ओझा | 'माधवी' भित्रकी माधवी नियाल्दा | वर्ष ४, अङ्क २ |
| २८ | राजेन्द्र सुवेदी | वर्गीय चिन्तन र 'माधवी' उपन्यासमा प्रयुक्त समाज | वर्ष ५, अङ्क ३ |
| २९ | राजेन्द्र सुवेदी | विसङ्गति परम्परा र नेपाली उपन्यास | वर्ष ४, अङ्क २ |
| ३० | राजेन्द्र सुवेदी | 'अनुराधा' उपन्यासमा प्रयुक्त मनोविश्लेषणीय मनोविन्दुहरू | वर्ष १२, अङ्क ९ |
| ३१ | राजेन्द्र सुवेदी | 'सर्वजा' उपन्यास नवचेतनात्मक मूल्यका सन्दर्भमा | वर्ष १३, अङ्क १० |
| ३२ | राधाकृष्ण भट्टराई | 'खैरेनीघाट' उपन्यासमा आञ्चलिकता | वर्ष १०, अङ्क ७ |

| | | | |
|---|---|---|---|
| ३३ | लक्ष्मी घिमिरे | अनुराधा उपन्यासमा मनोविज्ञान | वर्ष १२, अङ्क ९ |
| ३४ | लीला लुइटेल | नेपालीमा महिला उपन्यासकारको स्थिति | वर्ष १२, अङ्क ९ |
| ३५ | वन्दना ढकाल | 'अनिँदो पहाडसँगै' एक विवेचना | वर्ष १४, अङ्क ११ |
| ३६ | विजय सापकोटा | विसङ्गतिवादी चिन्तन दृष्टिमा 'आज रमिता छ' | वर्ष १२, अङ्क ९ |
| ३७ | विष्णु माया श्रेष्ठ | 'आगत' उपन्यासको परिवेश विधान | वर्ष १५, अङ्क १२ |
| ३८ | शिवप्रसाद तिमल्सेना | प्रजातन्त्रको हत्या प्रयास : उपसंहार अर्थात् चौथो अन्त्य | वर्ष १५, अङ्क १२ |
| ३९ | सुभाषचन्द्र न्यौपाने | स्वच्छन्दतावादी औपन्यासिक सिद्धिका दृष्टिले 'भ्रमर' उपन्यास | वर्ष ११, अङ्क ८ |
| ४० | सुधा त्रिपाठी | नारीवादी चिन्तकका दृष्टिले 'तीन घुम्ती' उपन्यास | वर्ष १५, अङ्क १२ |

## ३.६ निबन्ध विधा

| | | | |
|---|---|---|---|
| १ | खगेन्द्रप्रसाद लुइटेल | भैरव अर्याल : निबन्ध यात्रा र प्रवृत्ति | वर्ष ५, अङ्क ३ |
| २ | खगेन्द्रप्रसाद लुइटेल | शङ्कर लामिछानेको निबन्ध कला | वर्ष ६, अङ्क ४ |
| ३ | खगेन्द्रप्रसाद लुइटेल | प्रतिबद्धता पुराण | वर्ष १४, अङ्क ११ |
| ४ | गोपीकृष्ण शर्मा | निबन्धको सैद्धान्तिक स्वरूप | वर्ष ११, अङ्क ८ |
| ५ | दिनु श्रेष्ठ र यदुनाथ खतिवडा | 'गौतम बुद्धको चिठी' अशोकको नाममा' निबन्ध : एक दृष्टि | वर्ष १२, अङ्क ९ |
| ६ | दुर्गा बहादुर घर्ती | लक्ष्मीप्रसाद देवकोटाको निबन्धगत वैशिष्ट्य | वर्ष १६, अङ्क १३ |
| ७ | देवीप्रसाद सुवेदी | देवकोटाका दुई समालोचनात्मक निबन्ध | वर्ष १६, अङ्क १३ |
| ८ | महादेव अवस्थी | निबन्धको सैद्धान्तिक परिचय र निबन्ध लेखनका औचित्य एवम् फाइदा | वर्ष ६, अङ्क ४ |
| ९ | माधव ढुङ्गेल 'राजु' | एक्स्ट्याक चिन्तन प्याज एउटा पाठकमा | वर्ष १०, अङ्क ७ |
| १० | लक्ष्मी ढुङ्गेल | निबन्धात्मक गुण र भाषाशैलीय दृष्टिले 'दिव्योपदेश' | वर्ष १५, अङ्क १२ |
| ११ | शारदा श्रेष्ठ | देवकोटाको निबन्धकारिता र उनको 'कला र जीवन' निबन्धको विश्लेषण | वर्ष १६, अङ्क १३ |

## ३.७ भाषा व्याकरण सम्बन्धी

| | | | |
|---|---|---|---|
| १ | आरुणि आचार्य | संस्कृत व्याकरण र प्रयोजन | वर्ष १४, अङ्क ११ |
| २ | उपेन्द्र सुवेदी | संस्कृत सन्धी सम्बन्धी अवधारणा : पूर्वरूप, पररूप, सङ्ख्याक्रम र स्थान क्रम | वर्ष १३, अङ्क १० |
| ३ | एक नारायण पौड्याल | नेपाली टुक्काको परिचय | वर्ष ९, अङ्क ६ |
| ४ | कर्णाखर खतिवडा | झापा जिल्लामा बोलिने भाषाहरूको सङ्क्षिप्त चिनारी | वर्ष १५, अङ्क १२ |
| ५ | घनश्याम अर्जुन पौडेल | रूपान्तरण व्याकरणका आधारभूत विशेषताहरू : एक विवेचना | वर्ष १५, अङ्क १२ |
| ६ | जगदीश गैरे | 'नेपाली भाषा बचाऊँ' अर्को एक भाषिक आन्दोलन | वर्ष १३, अङ्क १० |
| ७ | जीवेन्द्रदेव गिरी | भाषिक भूगोल | वर्ष ४, अङ्क २ |
| ८ | जीवेन्द्रदेव गिरी | ध्वनि परिवर्तनका परिप्रेक्ष्यमा वृक्षारेख सिद्धान्त | वर्ष ८, अङ्क ५ |
| ९ | टङ्कप्रसाद न्यौपाने | शब्द रचनाका सर्न्दभमा नेपाली आधारको रचना | वर्ष १५, अङ्क १२ |
| १० | टेकनाथ दाहाल | शब्दार्थ सम्बन्ध : एक मीमांशा | वर्ष १२, अङ्क ९ |
| ११ | दीपकप्रसाद न्यौपाने | चम्स्कीको रूपान्तरण व्याकरण : आधारभूत अवधारणा | वर्ष १५, अङ्क १२ |
| १२ | देवीप्रसाद गौतम | चम्स्की र रूपान्तरण व्याकरणको प्रारम्भिक अन्तर्यात्रा | वर्ष १, अङ्क १ |
| १३ | देवीप्रसाद गौतम | नेपालीमा सन्धि व्यवस्था | वर्ष ५, अङ्क ३ |
| १४ | देवीप्रसाद गौतम | कारकीय अर्थ र यसको प्रकार्यपरक सम्बन्ध | वर्ष ८, अङ्क ५ |
| १५ | देवीप्रसाद गौतम | रूप विश्लेषण प्रक्रिया | वर्ष १२, अङ्क ९ |
| १६ | पारसमणि भण्डारी | सैद्धान्तिक अवधारणासहित भाषा शिक्षणमा 'व्यतिरेकी विश्लेषण'को महत्त्व | वर्ष ५, अङ्क ३ |
| १७ | पारसमणि भण्डारी | आधारभूत शब्दभण्डार | वर्ष ११, अङ्क ८ |
| १८ | बल्लभमणि दाहाल | संयुक्त तथा मिश्र वाक्य | वर्ष ६, अङ्क ४ |
| १९ | बालकृष्ण शर्मा रेग्मी | सल्यान जिल्लाको सामाजिक भाषिका | वर्ष १४, अङ्क ११ |
| २० | मधुप्रसाद अर्याल 'अनुभव' | क्लासिकल सिद्धान्त र मानक सिद्धान्तबीच तुलना | वर्ष १२, अङ्क ९ |

| | | | |
|---|---|---|---|
| २१ | महेश्वर न्यौपाने | कोड परिवर्तन | वर्ष १३, अङ्क १० |
| २२ | माधवप्रसाद पोखरेल | नेपाली क्रियापदमा लिङ्ग तटस्थीकरण | वर्ष १, अङ्क १ |
| २३ | माधवप्रसाद पोखेल | नेपाली शुद्ध लेखनका समस्या | वर्ष ४, अङ्क २ |
| २४ | माधवप्रसाद पोखरेल | नेपालमा भाषा विज्ञानको महत्त्व | वर्ष ६, अङ्क ४ |
| २५ | माधवप्रसाद पौडेल | शैक्षणिक व्याकरण | वर्ष १३, अङ्क १० |
| २६ | मुकुन्द शरण उपाध्याय | नेपाली वर्ण विन्यासमा एक रूपता किन आवश्यक छ ? | वर्ष १०, अङ्क ७ |
| २७ | मोहनलाल भण्डारी | अब्राहम नोच चम्स्की : एक चर्चा | वर्ष ११, अङ्क ८ |
| २८ | मोहनराज शर्मा | पदावलीको परिचय र प्रकार | वर्ष १५, अङ्क १२ |
| २९ | व्रतराज आचार्य | अक्षर सिद्धान्त र नेपाली अक्षर | वर्ष ११, अङ्क ८ |
| ३० | होम सुवेदी | वर्णहरू के के हुन् र किन घटीबढी हुन्छन् ? | वर्ष ९, अङ्क ६ |
| ३१ | डिल्लीराम शर्मा (सङ्ग्रौला) | हिन्दी नेपाली लिङ्ग व्यवस्था र व्यतिरेक | वर्ष १०, अङ्क ७ |
| ३२ | देवेन्द्र पौडेल | कोशकार टर्नर र उनका कोशगत विशेषताहरू | वर्ष १०, अङ्क ७ |
| ३३ | विष्णुप्रसाद ज्ञवाली | रूपान्तरण नियम | वर्ष १५, अङ्क १२ |
| ३४ | व्रतराज आचार्य | ऐतिहासिक भाषा विज्ञानका भाषा सम्बन्धी धारणा र प्रमुख कार्य | वर्ष १३, अङ्क १० |
| ३५ | व्रतराज आचार्य | ऐतिहासिक भाषा विज्ञान र नव्य वैयाकरण समूह | वर्ष १५, अङ्क १२ |
| ३६ | शिवप्रसाद पौड्याल | नेपाली उखानका सामाजिक तथा क्षेत्रीय विभेद | वर्ष १५, अङ्क १२ |
| ३७ | शुशील न्यौपाने | फिलमोरको कारक व्याकरण र कारकहरू | वर्ष १३, अङ्क १० |
| ३८ | श्यामप्रसाद आचार्य | झर्रोवादी आन्दोलन : एक चर्चा | वर्ष १५, अङ्क १२ |

## ३.८ सिद्धान्त, वाद, प्रणाली र साहित्यकारसम्बन्धी

| | | | |
|---|---|---|---|
| १ | अविलाल शाह 'अनिल' | नेपाली भाषिका निर्धारण अध्ययन परम्पराको विहङ्गावलोकन | वर्ष १५, अङ्क १२ |

| | | | |
|---|---|---|---|
| २ | शोभा अधिकारी | माध्यमिक कालीन नाट्य आलोकमा आधुनिक नेपाली नाटक | वर्ष १४, अङ्क ११ |
| ३ | आर. सि. भट्टराई | नेपाली लोककाव्य परिचय र संरचना | वर्ष १०, अङ्क ७ |
| ४ | उमेशप्रसाद घिमिरे | पूर्वीय काव्यशास्त्रीहरूका काव्य परिभाषाहरूको अध्ययन र मूल्याङ्कन | वर्ष १५, अङ्क १२ |
| ५ | घनश्याम न्यौपाने 'परिश्रमी' | नेपाली गजलमा प्रयुक्तलय तथा बहरहरू | वर्ष १५, अङ्क १२ |
| ६ | कुलप्रसाद कोइराला | समालोचक देवकोटाका केही पक्षहरू | वर्ष १६, अङ्क १३ |
| ७ | कुमार निरौला 'शास्त्री' | वेदको अर्थ र महत्त्व | वर्ष १५, अङ्क १२ |
| ८ | कृष्णप्रसाद पराजुली | लोकसाहित्य, परिभाषा र लोकसाहित्यलाई छुट्याउने आधार | वर्ष ५, अङ्क ३ |
| ९ | कृष्णप्रसाद घिमिरे | लोकगीतको परिभाषा र वर्गीकरण | वर्ष ५, अङ्क ३ |
| १० | कृष्ण राज पौडेल | साहित्य कलाका सन्दर्भमा रिचर्डस्को 'मूल्य सिद्धान्त' | वर्ष १३, अङ्क १० |
| ११ | खगराज पाण्डे | स्वच्छन्दतावादी धारामा वर्डस्वर्थ र कलरिज | वर्ष ९, अङ्क ६ |
| १२ | खगेन्द्रप्रसाद लुइटेल | उत्तर आधुनिकता सम्बन्धी विभ्रम | वर्ष १५, अङ्क १२ |
| १३ | खगेन्द्रप्रसाद लुइटेल | लोक साहित्यको विधागत वर्गीकरण | वर्ष १३, अङ्क १० |
| १४ | गणेश चालिसे | नेपाली समालोचना : परम्परा र विकास | वर्ष १५, अङ्क १२ |
| १५ | गुरूप्रसाद पोखरेल | इन्द्र बहादुर राई र लीला लेखन | वर्ष १३, अङ्क १० |
| १६ | गोपीकृष्ण शर्मा | अलङ्कार सिद्धान्त | वर्ष ८, अङ्क ५ |
| १७ | गोपीकृष्ण शर्मा | कविता : परम्परा र वर्तमान | वर्ष ६, अङ्क ४ |
| १८ | घनश्याम कँडेल | पाश्चात्य समालोचना सिद्धान्तमा प्रणाली र वाद | वर्ष ५, अङ्क ३ |
| १९ | जगदीश गैरे | रस निष्पत्तिका प्रमुख मान्यता | वर्ष १२, अङ्क ९ |
| २० | जीवेन्द्रदेव गिरी | लोककथाको सैद्धान्तिक आधार | वर्ष १५, अङ्क १२ |
| २१ | ज्ञान निष्ठ ज्ञवाली | रेने बेलेक र अस्टिन वारेनको साहित्य सिद्धान्त | वर्ष १३, अङ्क १० |
| २२ | ठाकुर पराजुली | संस्कृत साहित्य सिद्धान्तको अध्ययन पद्धति | वर्ष ६, अङ्क ४ |

| | | | |
|---|---|---|---|
| २३ | डिजन भट्टराई | मार्क्सवादी दर्शन र कला साहित्य सम्बन्धी मान्यता | वर्ष १४, अङ्क ११ |
| २४ | डिल्लीराम दाहाल | अस्तित्ववादको परिचय, मान्यता, प्रवृत्ति र नेपाली साहित्यमा यसको प्रभाव | वर्ष १३, अङ्क १० |
| २५ | डिल्ली कुमार देवकोटा | भक्तिसाहित्य पृष्ठभूमि र विकास | वर्ष १५, अङ्क १२ |
| २६ | ताराकान्त पाण्डेय | कविताको अनुसन्धान प्रक्रिया | वर्ष १३, अङ्क १० |
| २७ | तेज विलास अधिकारी | नेपाली गजल परम्परा र झलक | वर्ष १०, अङ्क ७ |
| २८ | तेज विलास अधिकारी | यथार्थवादी नाटककार हेनरिक इब्सेन | वर्ष ११, अङ्क ८ |
| २९ | थानेश्वर पाण्डेय 'आशिक' | गजल संरचना र विश्लेषण | वर्ष १३, अङ्क १० |
| ३० | दयाराम श्रेष्ठ | साहित्यका क्षेत्रमा यथार्थवादको पूर्वपीठिका | वर्ष ११, अङ्क ८ |
| ३१ | दीनदयाल रेग्मी 'नारायण' | सोरठी नृत्य एक चर्चा | वर्ष ११, अङ्क ८ |
| ३२ | दीपकप्रसाद न्यौपाने | पाश्चात्य साहित्य सिद्धान्त तथा समालोचना पद्धतिका मूलक केन्द्रकहरू | वर्ष १०, अङ्क ७ |
| ३३ | दीलिप ढकाल | साहित्य चिन्तक यदुनाथ खनाल | वर्ष १५, अङ्क १२ |
| ३४ | देवेन्द्र नेपाल | ध्वनिसिद्धान्त एवम् वस्तु, अलङ्कार र रसध्वनिको निरूपण | वर्ष १४, अङ्क ११ |
| ३५ | नारायण निराशी | गजलका विभिन्न शास्त्रीय वहरहरूको पहिचान | वर्ष १२, अङ्क ९ |
| ३६ | नारायण कुमार आचार्य | संस्कृत काव्य परम्परामा आचार्य मम्मटको स्थान | वर्ष ११, अङ्क ८ |
| ३७ | नेत्र एटम | डायस्फोरा संस्कृतिभित्रको प्रतिभूमिका | वर्ष १५, अङ्क १२ |
| ३८ | नेत्र एटम | युगारम्भक र युग दर्शक कृष्णचन्द्रसिंह प्रधान | वर्ष १२, अङ्क ९ |
| ३९ | पदम निरौला 'निर्मोही' | नेपाली साहित्यमा लीला लेखन | वर्ष १२, अङ्क ९ |
| ४० | पार्वती घिमिरे | समाजपरक समालोचना प्रणाली | वर्ष १०, अङ्क ७ |

| | | | |
|---|---|---|---|
| ४१ | पूर्ण प्रकाश नेपाल 'यात्री' | रीतिवादका परिप्रसङ्गमा | वर्ष ५, अङ्क ३ |
| ४२ | प्रकाशमणि दाहाल | नेपालीको विस्थापन गाथा : सर्सर्ती एक नजरमा | वर्ष ११, अङ्क ८ |
| ४३ | प्रसुल भारद्वाज | रीति सिद्धान्त | वर्ष ९, अङ्क ६ |
| ४४ | बलभद्र भारती | पारिजात : सुन्दर फूलबारीको सर्वश्रेष्ठ फूल | वर्ष १२, अङ्क ९ |
| ४५ | बल्लभमणि दाहाल | तथ्य सामग्रीको सुराक | वर्ष ८, अङ्क ५ |
| ४६ | बाबुराम लम्साल | समालोचक यदुनाथ खनाल | वर्ष १२, अङ्क ९ |
| ४७ | भरत रोदन साउथ 'पाखे' | सैन्य उपहारमा प्रयुक्त समाजवादी यथार्थवाद | वर्ष १५, अङ्क १२ |
| ४८ | माधव भण्डारी | नेपाली साहित्यमा काल विभाजन | वर्ष ४, अङ्क २ |
| ४९ | मुकुन्द घिमिरे | साहित्यको समाजशास्त्र सिद्धान्त र मान्यता | वर्ष ९, अङ्क ६ |
| ५० | मोतीलाल पराजुली | लोकगीतको संरचना | वर्ष ११, अङ्क ८ |
| ५१ | मोतीलाल पराजुली | लोक साहित्यमा प्रयोग हुने लोकतात्त्विक अध्ययन पद्धतिको रूपरेखा | वर्ष १३, अङ्क १० |
| ५२ | मोहनराज शर्मा | लेखनको शास्त्र : रचना अध्ययन | वर्ष ११, अङ्क ८ |
| ५३ | मोहन राज शर्मा | नव अरस्तुवाद : छोटो चिनारी | वर्ष १, अङ्क १ |
| ५४ | मोहन विक्रम सिंह | सौन्दर्य र साहित्यको अन्तर सम्बन्ध | वर्ष १४, अङ्क ११ |
| ५५ | यामनाथ घिमिरे | समालोचनाको विधागत प्रकृत्ति | वर्ष १५, अङ्क १२ |
| ५६ | रमेशप्रसाद भट्टराई | पाश्चात्य साहित्यको विकास प्रक्रिया | वर्ष ११, अङ्क ८ |
| ५७ | राम बहादुर बोगटी | समाजपरक समालोचना : मार्क्सवादी धारा | वर्ष ११, अङ्क ८ |
| ५८ | राजन भट्टराई | पाश्चात्य साहित्यको विकासक्रम र उपलब्धि | वर्ष १४, अङ्क ११ |
| ५९ | राजु भुसाल | समालोचनाको स्वरूप र प्रकार | वर्ष १२, अङ्क ९ |
| ६० | रमेश भट्टराई | उत्तर आधुनिकवाद र यसको मूल स्वरूप | वर्ष १२, अङ्क ९ |
| ६१ | रमेश भट्टराई | ल्योतार र उत्तरआधुनिकतावाद | वर्ष १५, अङ्क १२ |
| ६२ | रवीन श्रेष्ठ | महान रुसी साहित्यकार म्याक्सिम गोर्की | वर्ष १०, अङ्क ७ |
| ६३ | रामेश्वर अर्याल | चलचित्र र अन्यकला | वर्ष १५, अङ्क १२ |
| ६४ | राजेन्द्र सुवेदी | समालोचना : परिचय र उपकरण | वर्ष ६, अङ्क ४ |
| ६५ | राजेन्द्र सुवेदी | पूर्वीय साहित्यका स्थापित सम्प्रदायहरू | वर्ष ८, अङ्क ५ |

| | | | |
|---|---|---|---|
| ६६ | राजेन्द्र सुवेदी | नेपाली समालोचनाको पछिल्लो चरण : २०२१ देखि हालसम्म | वर्ष ९, अङ्क ६ |
| ६७ | राजेन्द्र गिरी | विश्वेश्वरप्रसाद कोइराला : साहित्यिक एक चर्चा | वर्ष १५, अङ्क १२ |
| ६८ | ऋषिराज बराल | सौन्दर्य शास्त्रीय दृष्टिकोणमा समकालीन नेपाली गद्याख्यान | वर्ष ८, अङ्क ५ |
| ६९ | लक्ष्मणप्रसाद गौतम | पाश्चात्य समालोचनाको नवीनतम चिन्तन : पाठकीय अनुक्रियापरक समालोचना | वर्ष ८, अङ्क ५ |
| ७० | लक्ष्मणप्रसाद गौतम | समाजपरक समालोचना र प्रगतिवाद : सङ्क्षिप्त चर्चा | वर्ष ९, अङ्क ६ |
| ७१ | लक्ष्मी ढुङ्गेल | वक्रोक्ति सिद्धान्त | वर्ष १३, अङ्क १० |
| ७२ | वासुदेव त्रिपाठी | रसवादी सैद्धान्तिक परम्परा : भरतको रस निष्पत्ति सिद्धान्तका सापेक्षतामा | वर्ष ४, अङ्क २ |
| ७३ | वासुदेव त्रिपाठी | संस्कृत परम्परामा ‘कवि र काव्य’ तथा ‘साहित्य’ शब्दको प्रयोग सन्दर्भ, व्युत्पत्ति र योगरुढ अर्थको निर्धारण | वर्ष ५, अङ्क ३ |
| ७४ | वासुदेव पाण्डेय | लोकसाहित्यको परिचय र लिखित साहित्यसँगको साम्य वैषम्य | वर्ष १३, अङ्क १० |
| ७५ | विष्णु ज्ञवाली | संस्कृत महाकाव्य परम्पराको संक्षिप्त अध्ययन | वर्ष १२, अङ्क ९ |
| ७६ | व्रतराज आचार्य | प्राचीन नेपाली समयावधि, प्रयोग क्षेत्र, प्रयोक्ता र नामकरण | वर्ष १४, अङ्क ११ |
| ७७ | सायतमान राई | लोककथाको परिचय, विशेषता र अभिप्राय | वर्ष ९, अङ्क ६ |
| ७८ | सालिकराम पौड्याल | फ्रायड, एडलर र युङ्गको मनो वैज्ञानिक स्थापना | वर्ष ११, अङ्क ८ |
| ७९ | हरिराज भट्टराई | लोकगीत उत्पादनको स्थिति | वर्ष ९, अङ्क ६ |
| ८० | हरिप्रसाद भट्टराई ‘विलक्ष्य’ | भट्टनायक : भुक्तिवाद, रस निष्पत्ति र साधारणीकरण : एक समीक्षा | वर्ष १५, अङ्क १२ |
| ८१ | हारुहितो नोजु | हाइकु कसरी लेख्ने भनेर सोध्दा | वर्ष १, अङ्क १ |
| ८२ | हेमराज शर्मा | नेपाली साहेत्येतिहास लेखनको परम्परा, कमजोरी र सुधारका लागि सुझावहरू | वर्ष १५, अङ्क १२ |

## ३.९ विविध

| | | | |
|---|---|---|---|
| १ | केशवप्रसाद ढुङ्गेल | लोकतान्त्रिक आन्दोलनमा कीर्तिपुर | वर्ष १४, अङ्क ११ |
| २ | चूडामणि बन्धु | पहेँली | वर्ष ५, अङ्क ३ |
| ३ | जीवेन्द्रदेव गिरी | नेपाली लोकगाथामा शासन व्यवस्थाका केही दृश्य | वर्ष ५, अङ्क ३ |
| ४ | जीवेन्द्र देव गिरी | सादृश्य | वर्ष ९, अङ्क ६ |
| ५ | टीकाहरि बराल | 'कुञ्जिनी' पत्रिका र यसमा प्रकाशित शीर्षकका लेखहरू | वर्ष १२, अङ्क ९ |
| ६ | डार्बिन नेपाली | राष्ट्रिय चिन्ता उन्मूलन आयोग | वर्ष १२, अङ्क ९ |
| ७ | निराजन रेग्मी | म गोपाल अर्थात् गोपालहरू सङ्क्षिप्त अध्ययन | वर्ष १५, अङ्क १२ |
| ८ | नेत्र एटम | शोधको प्रक्रिया र प्रस्तुतीकरण : व्यावहारिक सुझाव | वर्ष १४, अङ्क ११ |
| ९ | रमेशप्रसाद भट्टराई | अपाङ्गता अध्ययन | वर्ष १४, अङ्क ११ |
| १० | राजन भट्टराई | गुस्ताभ फ्लुवर्ट उदासीनताले सताइएको स्रष्टा | वर्ष १३, अङ्क १० |
| ११ | रामजीप्रसाद सुवेदी | उखानमा पाइने सामाजिक पक्ष | वर्ष १०, अङ्क ७ |
| १२ | सुकुम शर्मा | सङ्केतहरू (भावकाव्य) | वर्ष १४, अङ्क ११ |

# चौथो परिच्छेद

# 'कुञ्जिनी' पत्रिकाका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभागअन्तर्गत साहित्य कुञ्ज परिवारले वि. सं. २०४८/०४९ देखि **कुञ्जिनी** पत्रिकाको प्रकाशन थालेको हो । बर्सैपिच्छे प्रकाशित नभए पनि यस पत्रिकाका हालसम्म १३ वटा अङ्कहरू प्रकाशित भइसकेका छन् । नेपाली साहित्यका विविध विधालाई समेटेर समालोचनात्मक लेखहरू यस पत्रिकामा प्रकाशित भएका छन् । सबै अङ्कका सबै समालोचनात्मक लेखहरूको अध्ययन गर्न असम्भव हुने भएकाले यहाँ सबै अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको मात्र अध्ययन गर्ने जमर्को गरिएको छ :

## ४.१ पहिलो अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) चम्स्की र रूपान्तरण व्याकरणको प्रारम्भिक अन्तर्यात्रा

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १, अङ्क १, २०४८/०४९) मा प्रकाशित छ । यस लेखका लेखक देवीप्रसाद गौतम रहेका छन् । यस लेखमा गौतमले रूपान्तरण व्याकरणको प्रारम्भ कसरी भयो भन्ने कुरालाई अध्ययन गरेका छन् ।

अमेरिकाको फिलाडेल्फिया भन्ने ठाउँमा ई. १९२८ मा जन्मेका अभ्राम नोम चम्स्कीले 'रूपान्तरण विश्लेषण' शीर्षकमा ई. सं. १९५५ सम्ममा विद्यावारिधि उपाधि हासिल गरेका थिए । उनका बुबा हिब्रू भाषाका ज्ञाता भएकाले सानैदेखि चम्स्कीमा पनि भाषा विज्ञानप्रतिको रुचि रहेको थियो । उनी दस वर्षको हुँदा बाबुले लेखेको हिब्रू भाषाको फ्रुप पढ्ने अवसर प्राप्त गरेका चम्स्कीले अध्ययनका क्रममा भाषा र राजनीतिका प्रकाण्ड विद्वान् जेलिङ ह्यारिसलाई भेट्ने अवसर प्राप्त हुन्छ र उनैबाट भाषासमेत सिक्ने मौका पाए । ह्यारिसले चम्स्कीको प्रतिभा देखेर आफ्नो 'संरचनात्मक भाषा विज्ञानका प्रविधिहरू' भन्ने किताबको प्रुफ पनि हेर्न लगाए । यसरी बाबु र ह्यारिसबाट प्रभावित भएर चम्स्की भाषा विज्ञानतर्फ आकर्षित हुँदै गए । यस समयमा अमेरिकामा ब्लुमफिल्डको हरेक शाखालाई अलग्गै हेर्ने प्रविधिका विरुद्धमा संरचनावादी नै लागिसकेका थिए । भाषा एउटा व्यवस्था भएकाले त्यसलाई स्वतन्त्र रूपमा अलग्गै राखेर अध्ययन गर्न सकिँदैन भन्ने मान्यता अगाडि ल्याएका थिए । वर्ण र रूपलाई जोड्ने भाषिक उप एकाइक रूपमा रूपध्वनि लाई ह्यारिसले सिद्धान्ततः स्विकारेका थिए भनी गौतमले बताएका छन् ।

चम्स्कीले अध्ययनका क्रममा दर्शनशास्त्री गुडम्यानबाट पनि प्रभाव ग्रहण गरेका छन् । गुडम्यानकै सहयोगले १९५१ हावर्डको सोइइटी अफ फेलो को जुनियर फेलोसिप प्राप्त गरेका चम्स्कीले भाषाको अध्ययन गर्नुपर्ने यो कार्य जीवनको महत्त्वपूर्ण मोड थियो । यही मोड नै रूपान्तरण व्याकरणको कारक हो । हावर्ड विश्वविद्यालयमा हिब्रू भाषा पढाउनुपर्ने र संरचनावादी व्याकरणका सम्भावनाहरूको खोजी गर्नुपर्ने दायित्व उनलाई थियो । यही दायित्व र वाक्यतत्त्वको संरचनात्मक विश्लेषणप्रतिको रुचिले गर्दा संरचनावादी विकासमा उनी लागिरहे । चम्स्कीले १९५३ तिर भाषिक

सिद्धान्तको तार्किक संरचना लेखे । यो संरचनावादीहरूका लागि अमान्य थियो । यस शोधकार्यमा रूपान्तरण व्याकरणसम्बन्धी प्रारम्भिक प्रस्तावहरू पनि प्रस्तुत भएका थिए । यस कृतिको सार सङ्क्षेप लेखेर चम्स्कीले एम. आई. टी. मा छपाउन दिए तर उनको यो कृति अयोग्य ठहरियो । यसै समयमा माउन्टन पब्लिसर्सले ज्याकोब्सन र हालेका 'भाषाका आधारभूत कुराहरू' नामक कृति प्रकाशन गरेपछि हालेको सल्लाह अनुसार चम्स्कीले पनि आफ्नो कृति यस पब्लिसर्सलाई छपाउन थिए । यो कृति यस पटक फिर्ता आएन । चम्स्कीले अध्ययनका क्रममा संरचनावादी व्याकरणका सीमाहरू औंल्याउँदै गए । संरचनावादी प्रविधिको विकासमा काम गर्न नियुक्त भएका उनी संरचनावादकै विरुद्धमा उभिन पुगे । सयमक्रममा उनको रूपान्तरणात्मक प्रविधिको विकास नै भाषाको केन्द्रीय विषय बन्न पुग्यो भनी गौतमले बताएका छन् ।

१९५७ मा चम्स्कीको 'वाक्यात्मक संरचना' प्रकाशित भयो । संरचनावादका असङ्गतिहरूलाई देखाइएको यस कृतिले भाषा जगत्मा उथलपुथल ल्यायो । यस कृतिको प्रकाशन भएको अर्को वर्ष अमेरिकामा भाषा वैज्ञानिक विश्लेषणका समस्याहरू विषयमा तेस्रो Taxes सम्मेलन भयो । यस सम्मेलनमा संरचनावादीहरूका भन्दा चम्स्कीका दृष्टिकोणहरूले मान्यता पाएर भाषिक जगत् नै जागरुक भयो । चम्स्की यस सम्मेलनपछि निकै चर्चित भए । यसरी रूपान्तरण व्याकरणको जन्म हुन पुग्यो । उनले पछि आफ्ना मान्यतालाई परिष्कार र परिमार्जन गर्दै गए । उनको योगदानको कदर गर्दै उनलाई विभिन्न विश्वविद्यालयहरूले विद्यावारिधि उपाधि प्रदान गरेका छन् भन्दै गौतमले यस लेखको अन्त्य गरेका छन् ।

यसरी प्रस्तुत गरिएको उक्त लेखले रूपान्तरण व्याकरणको पृष्ठभूमिलाई दर्साउन सफल छ । लेखमा समालोचकले विभिन्न उदाहरणका साथ सत्यतथ्यलाई प्रस्तुत गरेका छन् । विश्लेषणात्मक विधिलाई अँगालेर लेखिएको लेखको भाषा सरल प्रकारको रहेको छ ।

**(ख) नेपाली क्रियापदमा लिङ्ग तटस्थीकरण**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १, अङ्क १, २०४८/०४९) मा प्रकाशित छ । यस लेखका लेखक डा. माधवप्रसाद पोखरेल रहेका छन् । यस लेखमा पोखरेलले नेपाली क्रियापदमा कहाँ कहाँ लिङ्ग तटस्थ रूपमा रहन्छ भनी बताएका छन् ।

अभूत कालको प्रातिपदिकका रूपावलीमा निषेधवाचक सर्ग 'न' भन्दा अगाडि भूतकालमा एकारले पुलिङ्ग र इकारले स्त्रीलिङ्ग जनाउँछ भने अभूत कालमा 'दै' ले पुलिङ्ग र 'दी' ले स्त्रीलिङ्ग जनाइन्छ ।

जस्तै : भूत कालमा पुलिङ्ग : (१) छोराले भनेन, स्त्रीलिङ्ग : (२) छोरीले भनिन ।

अभूत कालमा पुलिङ्ग : (३) छोरो भन्दैन, स्त्रीलिङ्ग : (४) छोरी भन्दिन ।

यसरी अन्य पुरुष एकवचनमा पुलिङ्ग र स्त्रीलिङ्गको टड्कारो भेद देखिन्छ, तर अन्यत्र कतै स्त्रीलिङ्गको काम पनि पुलिङ्गी रूपले गर्छ भने कतै चाहिँ पुलिङ्गी रूपको काम पनि स्त्रीलिङ्गी रूपले गर्दछ । यसरी एउटै रूपले दुवै लिङ्ग बुझिने अवस्थालाई लिङ्ग तटस्थीकरण भनिएको हो भनी पोखरेलले बताएका छन् ।

(१) 'छ' र 'हो' धातु तथा नकारका बीचमा सधैँ इकार मात्र आउँछ, अर्थात् त्यहाँ दुवै लिङ्गका लागि स्त्रीलिङ्गी रूपको मात्र प्रयोग हुन्छ, जस्तै : (५) यो छोरो होइन । (६) यो छोरी होइन । (७) छोरो यहाँ छैन । (८) छोरी यहाँ छैन ।

(२) 'छ' र 'हो' धातुबाहेक अरु जुनसुकै धातुका क्रियापदमा पनि बहुवचनमा स्त्रीलिङ्गी रूप हुँदैन, अर्थात् त्यहाँ दुवै लिङ्गका लागि पुलिङ्गी रूपको मात्र प्रयोग हुन्छ, जस्तै : (९) छोराहरू छैनन्, (१०) छोरीहरू छैनन् । (११) छोराहरू होइनन् । (१२) छोरीहरू होइनन् । (१३) छोराहरूले भने । (१४) छोरीहरूले भने । (१५) छोराहरूले भनेनन् । (१६) छोरीहरूले भनेनन् । (१७) छोराहरू भन्छन् । (१८) छोरीहरू भन्छन् । (१९) छोराहरू भन्दैनन् । (२०) छोरीहरू भन्दैनन् जस्ता उदाहरणहरू लेखमा उल्लेख गरिएको छ ।

(३) अन्य पुरुष र मध्यम पुरुष बहुवचनका रूपले पुलिङ्गमा आदरार्थीको पनि काम गर्छ, जस्तै : (२१) छोरो आएन । (२२) छोरा आएनन् । (२३) तिमी आएनौ । (२४) तिमीहरू आएनौ । यहाँ (२२) ले एकवचन आदरार्थी र बहुवचन दुवै बुझाएको छ भने (२३) र (२४) दुवैमा क्रियाको रूप एउटै छ । अन्यपुरुष र मध्यम पुरुष स्त्रीलिङ्गीमा आदरार्थी बहुवचनको छुट्टाछुट्टै रूप हुन्छ, जस्तै : (२५) आदरार्थी : भान्जी आइनन् । (२६) बहुवचन : भान्जीहरू आएनन् । पुलिङ्गी प्रातिपदिकपछि बहुवचनको प्रत्यय लगायो भने स्त्रीलिङ्गीको पनि बहुवचन हुन्छ जस्तै : (२६), तर स्त्रीलिङ्गीको प्रातिपदिकपछि बहुवचनको प्रत्यय लगायो भने त्यो चाहिँ आदरार्थी (२५) हुन्छ ।

(४) स्त्रीलिङ्गी प्रातिपदिकपछि बहुवचनपछि उत्तम पुरुष बहुवचनको प्रत्यय लाग्दैन, किनभने उत्तम प्रथम पुरुष एकवचनमा स्त्रीलिङ्गी रूप मात्र हुन्छ र बहुवचनमा पुलिङ्गी रूप हुन्छ । अनि उत्तम पुरुषको आदरार्थी बनाउँदा पुलिङ्ग स्त्रीलिङ्ग दुवैका लागि पुलिङ्गी बहुवचनको रूप मात्र हुन्छ, जस्तै : (२७) म भन्दिन । (२८) हामी भन्दैनौँ भनी उदाहरण दिई पुष्टि गरिएको छ ।

(५) मध्यम पुरुष एकवचन अभूत कालमा चाहिँ पुलिङ्ग र स्त्रीलिङ्गको छुट्टाछुट्टै रूप हुन्छ, भूतकालमा चाहिँ पुरुष र स्त्री दुवै बुझाउन स्त्रीलिङ्गी रूपको मात्र प्रयोग हुन्छ, जस्तै : अभूतकाल (२९) तँ गर्दैनस्, (३०) तँ गर्दिनस् । भूत काल : (३१) ✽तैँले गरेनस् (३२) तैँले गरिनस् जस्ता उदारण दिइएको छ ।

अन्त्यमा लाग्नु र मन पर्नु क्रियासँग पुलिङ्गी रूपमा तटस्थीकरण हुने प्रवृत्ति पाइन्छ, जस्तै : (३३) क. मलाई केटी राम्री लागी । ख. मलाई केटी राम्री लाग्यो । (३४) क. मलाई केटी मन परी । ख. मलाई केटी मन पऱ्यो आदि । यस अवस्थालाई नेपालीमा पुलिङ्ग र स्त्रीलिङ्गको मुक्त परिवर्तन भन्न सकिन्छ भन्दै पोखरेलले यस लेखको अन्त्य गरेका छन् ।

प्रस्तुत लेखमा पोखरेलले क्रियापदमा लिङ्ग तटस्थ रहने स्थानहरूको उदाहरण दिएर लेखलाई तथ्यात्मक बनाएका छन् । सैद्धान्तिक विश्लेषण गरिएको उक्त लेखको भाषा वस्तुनिष्ठ रहेको छ । लेखले शीर्षक अनुसारको विषयको गहन चिन्तनलाई प्रस्तुत गरेको छ ।

**(ग) 'शाकुन्तल' महाकाव्यका केही विशेषताबारे एक सङ्क्षिप्त चर्चा**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १, अङ्क १, २०४८/०४९) मा प्रकाशित छ । यस लेखका लेखक हेमचन्द्र पोखरेल रहेका छन् । यस लेखमा उनले महाकवि लक्ष्मीप्रसाद देवकाटाको **शाकुन्तल** महाकाव्यका केही विशेषताहरूबारे चर्चा गरेका छन् ।

देवकोटाको **शाकुन्तल** महाकाव्यमा आशी, नमस्क्रिया र वस्तुनिर्देश तीनै खाले मङ्गलाचरण गरिएको छ । यस काव्यमा देवकोटाका काव्यदर्शनका समग्र पक्षहरू अभिव्यक्त भएका छन् । यस काव्यभित्रको प्रकृति चित्रण चातुरीले उनलाई प्रकृतिको अद्वितीय कवि बनाएको छ । यही प्रकृतिगत सूक्ष्मचिन्तनको अभिव्यक्ति **शाकुन्तल** महाकाव्यका कतिपय विशेषतामध्ये एक रहेको छ भनी बताइएको छ । कविले यस महाकाव्यमा प्रकृतिलाई बाहिरी चक्षुले मात्र नहेरी त्यसभित्र रहेको गूढगम्भीर रहस्यलाई समुद्घाटित गरेका छन् । देवकोटा विविध रङका फूलहरूमा अनेकन जीवनका रहस्य लुकेको र फूललाई मानिसप्रति सृष्टिशास्त्रको शिक्षा दिने अध्यापकका रूपमा चित्रण गरिएको छ भनी उल्लेख छ ।

**शाकुन्तल** महाकाव्यको अर्को विशेषता कविको आफ्नै पाराको भावाभिञ्जना शैली हो । यहाँ कविका सूक्ष्माभन्दा सूक्ष्म भावनाहरू विविध छन्दका बन्धनमा जकडिएर पनि स्वच्छ, सलिल प्रवाहझैँ श्रुतिमधुर लयदार बनेर बेरोटसहित प्रवाहित भएका छन् । स्वतन्त्र भावहरूलाई छन्दमा व्यक्त गर्न सकिन्छ भन्दै पाश्चात्य साहित्यका उपासकहरूलाई चुनौतीपूर्ण क्रान्तिको सन्देशसमेत देवकोटाले दिएको कुरा लेखमा बताइएको छ । कविले अनुष्टुप् छन्दमा पनि उनन्तीस, बत्तीस पङ्क्तिसम्मका र अरु चतुष्पाद पद्यहरूमा एक श्लोकलाई कतै बाह्र, कतै बाईस, चौबीस पङ्क्तिसम्म पनि पुऱ्याएका छन् भने कतै बिजोर पङ्क्तिका श्लोक पनि प्रशस्त मात्रामा निर्माण गरेका छन् । यसरी नै बेजोड, द्रुततर एवम् स्वच्छन्द गतिशीलता यहाँ प्रदर्शित गरेको छ । कतै कर्ता र क्रियापद नभएका लक्षणा, व्यञ्जना र ध्वनिबाट मात्र भाव व्यक्त हुने साङ्केतिक शब्द र वाक्यहरू पद्यमा समावेश गर्नु पनि **शाकुन्तल**को आफ्नै विशेषता रहेको छ भनी लेखमा बताइएको छ ।

संस्कृत शब्दहरूको प्रचुर मात्रामा प्रयोग गरिएको यस काव्यको कथावस्तु पुरानो भए पनि देवकोटाले आफ्नो प्रतिभाले मौलिक बनाएका छन् । विभिन्न स्थानमा नयाँ शब्दको निर्माण गरेर काव्यको रङभवनमा शब्दलाई स्वेच्छाचारीपूर्वक विभिन्न रूपमा नचाउन देवकोटा यस काव्यमा सफल भएका छन् । त्यसैले कविको अन्तर्अभिव्यक्तिको गम्भीर चिन्तनबाट मात्र **शाकुन्तल** महाकाव्य बुझ्न सकिन्छ । देवकोटाको काव्यीय प्रवृत्तिको सूक्ष्म मनोवैज्ञानिक ढङ्गले मनन गरेर मात्र यस काव्यको भाव बुझ्न सकिन्छ । करणेच्छुता, खोजका मौनी, आढ्यका दीर्घवास, दिव्य ऐशप्रतिमा, बोलकल्लोल वाला, मधुकर महिषी, भङ्गिने, रेखियो, शिखाहरू, मदनसपने जस्ता शब्दहरू देवकोटाले स्वयम् निर्माण गरेका छन् । **शाकुन्तल** महाकाव्य प्रकृति सम्बन्धी गूढ रहस्योद्‌घाटन र अत्युच्च कल्पना आदि अनेकौं असाधारण विशेषताहरूको स्वर्णिम छटा फिँजाएर नेपाली साहित्यकाशमा झलमलाइ रहेको छ भन्दै पोखरेलले यस काव्यका विशेषताहरूको उल्लेख गर्दै यस लेखको अन्त्य गरेका छन् ।

उक्त लेखमा पोखरेलले महाकवि देवकोटाको **शाकुन्तल** महाकाव्यका विशेषताहरूको चर्चा गरेका छन् । यसरी विशेषताहरू बताउने क्रममा बीचबीचमा उदाहरणहरू पनि प्रस्तुत गरेका छन् । विश्लेषणात्मक रूपमा लेखिएको यस लेखमा उक्त महाकाव्यका विशेषताहरूको विशद् रूपमा चर्चा गरिएको छ । लेखमा समालोचकले सरल भाषाका माध्यमबाट उक्त काव्यलाई चिनाउन सफल भएका छन् । त्यसैले लेख पठनीय छ ।

## ४.२ दोस्रो अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) **'खण्डकाव्य सम्बन्धी छोटो चर्चा'**

**कुञ्जिनी** (वर्ष ४, अङ्क २, २०५३) मा डा. केशवप्रसाद उपाध्यायद्वारा लिखित प्रस्तुत लेख यस पत्रिकाको पहिलो क्रममा रहेको छ । तीन पृष्ठमा लेखिएको यस लेखमा उपाध्यायले खण्डकाव्यलाई चिनाउँदै खण्डकाव्यको विकासक्रमलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरेका छन् ।

कविताको लघुतम एकाइ मुक्तक र दीर्घत्तम एकाइ महाकाव्य हो हो भने फुटकर कविताभन्दा दीर्घत्तर एकाइ खण्डकाव्य हो । संस्कृत काव्य परम्परामा विश्वनाथले काव्यको भेदोपभेदको चर्चा गर्ने क्रममा खण्डकाव्यलाई महाकाव्यको एक अंशको अनुशरण गरेर लेखिएको पद्यात्मक रचना हो भनी बताएको कुरा उपाध्यायले उल्लेख गरेका छन् । जीवन जगत्‌को एकदेशीय रूपको वर्णन गर्ने, पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम, मोक्ष) मध्ये कुनै एक पुरुषार्थ विशेषको सन्देश दिने, पञ्चसन्धिहीन, एक रसात्मक र एक छन्दमा रचित लघु प्रबन्धात्मक पद्यरचना खण्डकाव्य हो भनी लेखमा खण्डकाव्यलाई चिनाइएको छ । खण्डकाव्य आख्यानात्मक र आख्यानहीन दुवै हुन सक्ने कुरा पनि बताइएको छ ।

कथ्य नेपालीको पहिलो खण्डकाव्य रिपुमतलको **चाँचरी** रहेको र लेख्य नेपाली खण्डकाव्य चाहिँ वसन्त शर्माको **श्री कृष्ण चरित्र** हो भनी उपाध्यायले बताएका छन् । यसपछि भानुभक्तका **भक्तमाला**,

**बधूशिक्षा** रहेको कुरा लेखमा चर्चा छ । वसन्त शर्माले भक्तिधारा र भानुभक्तले सामाजिक खण्डकाव्यको प्रादुर्भाव गरेका, माध्यमिक कालमा शृङ्गारिक, भक्तिवादी र सामाजिक गरी तीन धारा मुख्य रूपमा रहेका थिए भनी लेखमा उल्लेख छ । माध्यमिक कालीन खण्डकाव्यकार र खण्डकाव्यहरूको सूची प्रस्तुत गर्दै उपध्यायले कवि शिरोमणि लेखनाथ पौड्यालबाट खण्डकाव्यको आधुनिक काल प्रारम्भ भएको कुरा बताएका छन् । पौड्यालका **शोक प्रवाह, बुद्धि विनोद**, **ऋतुविचार** आदि खण्डकाव्यहरूले पारम्परिक सांस्कृतिक चेतमा युग सापेक्ष्य सामाजिक चेतको प्रवेश गराएका हुन् । यहीबाट भावी स्वच्छन्दतावादको क्षितिज उघ्रिएको हो भनी उपाध्याय बताउँछन् ।

लेखनाथले परिष्कारवादी प्रवृत्तिका खण्डकाव्यहरू रचे पश्चात् खण्डकाव्य जगत्मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको उदय हुन्छ । देवकोटाले **मुनामदन** खण्डकाव्यमार्फत पश्चिमी प्रकृतिको स्वच्छन्दतावादी धारालाई भित्र्याउँछन् र खण्डकाव्यका क्षेत्रमा नवीन प्रवृत्ति देखा पर्दछ । **मुनामदन** सामाजिक खण्डकाव्यद्वारा देवकोटाले प्रकृति र जीवनको एकीकरण गरी विश्वात्मवादको पाठ सिकाउने कार्य गरेका छन भनी उपाध्यायले यस लेखमा बताएका छन् । यसरी नै देवकोटाले **कुञ्जिनी**, **मायाविनी सर्सी**, **लुनी**, **म्हेन्दु**, **मैना** आदि थुप्रै खण्डकाव्यहरू लेखेर खण्डकाव्य विधालाई समृद्धशाली बनाउने कार्य गरेका छन् । यसै परम्परामा माधवप्रसाद देवकोटाले **हूस्सू पथिक** अध्यात्मवाद र समाज तत्त्वको संयोजन गरी सुधारको सन्देश दिने खण्डकाव्य रचे । खण्डकाव्यकै विकासमा भवदेव पन्तको **बनवाला**, सिद्धिचरण श्रेष्ठको **उर्वशी** आदि देखा पर्दछन् । देवकोटा पछिका विशिष्ट खण्डकाव्यकार माधव घिमिरेले **गौरी**, **राजेश्वरी**, **राष्ट्रनिर्माता**, **पापिनी आमा** जस्ता खण्डकाव्यहरू मार्फत परिष्कृत स्वच्छन्दतावादी धारालाई उच्चता प्रदान गरेर काव्यकलाको छुट्टै कीर्तिमान खडा गरे भनी उपाध्यायले बताएका छन् ।

खण्डकाव्यकै परम्परामा बालकृष्ण समले गद्य शैलीमा **आगो र पानी** खण्डकाव्य रचना गरेर नवीन क्रान्ति ल्याए । मानव सभ्यताको विकाससँगै वैज्ञानिक दृष्टिले कवितात्मक रूपमा अभिव्यक्ति दिने काम गरे । यी काव्यहरूका अतिरिक्त भीमनिधि तिवारीका **तर्पण**, **यशस्वी शव**, हरिहर शास्त्रीका **शोभा लक्ष्मी**, **सपनाको फूल**, अगमसिंह गिरीको **युद्ध र योद्धा**, नीर विक्रम प्यासीको **हिमज्योति** उल्लेखनीय खण्डकाव्यहरू रहेको कुरा बताइएको छ । यसपछिका पुस्तामा धेरै खण्डकाव्यकार देखा परे तापनि घटराज भट्टराईका **उषा**, **बलबाहु** र **साँचो प्रेम**, मुकुन्द शरण उपाध्यायको **प्राकृत पोखरा**, मोदनाथ प्रश्रितको **बुबा खै** ?, कञ्चन पुडासैनीका **प्रेम**, **प्रेमिका**, **आखिर**, **प्रत्यागमन**, घनश्याम कँडेलको **देवयानी**, भानुभक्त पोखेलका **राष्ट्रमाता, मान्छेको म, मेरी देवयानी** आदि देखा परे । खण्डकाव्यहरूका नयाँ पङ्क्तिमा वासुदेव त्रिपाठी देखा परे । उनका **वासवदत्ता**, **अर्ध नारीश्वर**, **अधबैँसेको गीत** उत्कृष्ट खण्डकाव्यहरू हुन् भन्दै यी खण्डकाव्यहरूले मिथकीय स्वरूप, स्रष्टाको नीजि अनुभव आदिलाई प्रस्तुत

गरेका छन् भनी उपाध्यायले बताएका छन् । लेखको अन्त्यमा यो खण्डकाव्यको छोटो परिचय मात्र रहेको र आगामी अङ्कहरूमा समग्र, पूर्ण र व्यापक अध्ययन विश्लेषण गरी खण्डकाव्यको परिचय दिने जानकारीका साथमा यो लेखलाई उपाध्यायले अन्त्य गरेका छन् ।

प्रस्तुत लेखमा खण्डकाव्यको विकासको सङ्क्षिप्त रेखाङ्कन गरिएको छ । केही रूपमा सैद्धान्तिक स्वरूपको चर्चा र उदाहरणहरू प्रस्तुत गरिएको उक्त लेखले खण्डकाव्यको स्वरूपलाई दर्साएको छ । सरल भाषामा लेखिएको उक्त लेखमा लेखकले स्वयम् यो खण्डकाव्यको छोटो जानकारी मात्र भनेकाले लेखकीय उद्देश्यअनुसार लेख पूर्ण छ ।

**(ख) 'लङ्गडाको साथी' उपन्यासमा प्रयुक्त व्यङ्ग्य**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ४, अङ्क २, २०५३) पत्रिकाको नवौँ क्रममा रहेको छ । यस लेखका लेखक दुर्गा बहादुर घर्ती रहेका छन् । तीन पृष्ठमा फैलिएको यस लेखमा घर्तीले लैन सिंह वाङ्देलद्वारा लिखित उपन्यास **लङ्गडाको साथी**मा प्रयुक्त व्यङ्ग्यलाई केलाउने काम गरेका छन् ।

नेपाली साहित्यमा लैनसिंह वाङ्देलले उपन्यासका फाँटमा यथार्थवादी धारालाई भित्र्याएका हुन् । वाङ्देलको **मुलुक बाहिर** (२००४) प्रकाशित भएपछि नेपाली उपन्यासको परम्परामा एउटा नयाँ दिशा देखापर्दछ । यो नै पहिलो यथार्थवादी उपन्यास हो भनी घर्तीले बताएका छन् । उनको **माइतघर** ( २००६) पछि देखापरेको **लङ्गडाको साथी** (२००८) उपन्यासमा अति यथार्थवादको समेत प्रयोग भएको छ भनी धर्तीले विश्लेषण गरेका छन् ।

जम्मा ९ परिच्छेद र ८० पृष्ठमा फैलिएको **लङ्गडाको साथी** बाङ्देलका उपन्यासहरूमध्ये सबैभन्दा सानो आकारको भएको र यसमा एउटा मागी हिँड्ने लङ्गडाको दैनिक दिनचर्या, उसका दुःखपूर्ण अवस्था र त्यसकै सेरोफेरोभित्र पर्ने एउटा समाजको चित्रण भएको यस उपन्यासमा वर्तमान समाजको स्थिति, एउटा मान्छेले बाँच्न गर्नु पर्ने सङ्घर्ष र मानवतावादको गिर्दो अवस्थालाई झल्काइएको कुरा घर्तीले बताएका छन् ।

थोरै पात्रहरूको संयोजनबाट लेखिएको यस उपन्यासमा आधुनिक समाजमा मान्छे एक्लिँदै गएको, मान्छेले सहयोग गर्नु पर्ने ठाउँमा घृणा गर्न थालेका, मान्छेले मान्छेबाट अपहेलित भएर बाँच्नु परेको, आधुनिक समाज र त्यस समाजका व्यक्तिहरू निकृष्ट कार्यतिर लागेका, धनीहरूको देखावटी पन र अमानवीयतामाथि यस उपन्यासले दरो व्यङ्ग्य गरेको कुरा लेखमा बताइएको छ । यसरी नै उपन्यासले मानवलाई मानवता हीन र हृदयहीन भनी संज्ञा दिएको कुरा पनि उल्लेख गरिएको छ । आजको मान्छे स्वार्थी बन्दै गएको, समाज पतित र भ्रष्ट भएको, समाज प्रगतितर्फ होइन पतनको अँध्यारो खाडलमा भास्सिइसकेको छ भन्ने कुरा पनि उपन्यासले प्रस्तुत गरेको छ । आधुनिक समाजको

नैतिकता हराइसकेको छ । आजको युगले जन्माएको परिस्थिति, सङ्कट र विशृङ्खलतालाई यस उपन्यासको उदाङ्गो पारेर देखाउन सफल भएको छ । समाजका कटु यथर्थाको चित्रणद्वारा सामाजिक विषमता, विसङ्गति र मानवीय कमजोरी माथि उपन्यासको दरो व्यङ्ग्य गर्न सफल भएको छ भनी घर्तीले विश्लेषण गरेका छन् । यस उपन्यासलाई औपन्यासिक सफलता दिलाउने कारक व्यङ्ग्य हो भन्दै घर्तीले यस लेखको अन्त्य गरेका छन् ।

प्रस्तुत लेखमा दुर्गाबहादुर घर्तीले लैनसिंह वाङ्देलको **मुलुक बाहिर** उपन्यासमा व्यक्त व्यङ्ग्यलाई केलाएका छन् । उपन्यासको गहन अध्ययनबाट लेखिएको यस लेखले उक्त उपन्यासमा अभिव्यक्त व्यङ्ग्यलाई विश्लेषणात्मक रूपले केलाएको छ । लेखमा समालोचकीय धर्मलाई पूर्ण रूपमा निर्वाह गरिएको छ ।

**(ग) 'माधवी' भित्रकी माधवीलाई नियाल्दा**

**कुञ्जिनी** (वर्ष ४, अङ्क २, २०५३) पत्रिकाको पृष्ठ ७६ मा यो लेख प्रकाशित भएको छ । यस लेखका लेखक रामनाथ ओभ्मा रहेका छन् । चार पृष्ठमा संरचित यस लेखमा मदनमणि दीक्षितको उपन्यास **माधवी** (२०३९) को विश्लेषण गरेका छन् ।

साहित्यकार मदनमणि दीक्षितले विभिन्न विधामा कलम चलाएका छन् । त्यसमध्ये उनको उपन्यासकार व्यक्तित्व पनि एक हो भन्दै दीक्षित उपन्यासका फाँटमा सङ्ख्यात्मक रूपबाट कमजोर देखिए पनि गुणात्मक दृष्टिले उनको **माधवी** उपन्यास निकै महत्त्वपूर्ण रहेको कुरा ओभ्माले बताएका छन् । ऐतिहासिक विषयवस्तुलाई ग्रहण गरेर उत्तरवैदिक कालीन समाजलाई आधुनिक आँखाले उतार्ने प्रयास नै यस उपन्यासको सबल पक्ष रहेको कुरा बताइएको छ । **महाभारत**को उद्योगपर्व १०६ देखि १२० अध्याय सम्मको कथालाई मुख्य आधार बनाएर लेखिएको यस उपन्यासमा तत्कालीन समाजलाई आधुनिक आँखाले उतारेको कुरा ओभ्माले बताएका छन् । समग्रमा भन्दा यो उपन्यासमा तत्कालीन समाजका राजनैतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक धरातलबाट माधवीलाई चिनाउने प्रयास नै उपन्यासकारको मूल उद्देश्य रहेको कुरा ओभ्मा बताउँछन् ।

प्रस्तुत उपन्यासकी नारी पात्र माधवीले उपन्यासको सुरुदेखि नै कष्टप्रद जीवन भोगेकी छ । प्रारम्भमा बाबुको जनपदमा गणिकाका रूपमा चुनिएर दुधे बालकलाई आगोमा होम्ने निर्दयी कार्य गर्न विवश भएकी छ भने जीवनको उत्तरार्धमा जीवनको सम्पूर्ण समय बाबुको आज्ञाअनुसार अर्काका लागि दुनियाँ भोगको साधन बनेर यन्त्रवत् रूपमा सञ्चालित हुन बाध्य रहेकी छ । विवाह नगरी कन्या नै रहनु पर्ने विवशताको शिकार बनेकी माधवीलाई उसको बाबुले गालवलाई घोडा प्राप्तिका लागि दिएर पठाउँछन् । गालवसँग देशाटनमा निस्कँदा विभिन्न देशका राजाहरूको भोग्यासमेत हुनुपरेको छ ।

अन्त्यमा घोडा प्राप्तिपछि गालवसँग संयुक्त जीवन बिताउने सुखद क्षणको झिनो आशामा जीवन सुम्पेकी माधवीको त्यो सपना पनि पूरा नभए पछि ऊ विद्रोही बन्न पुग्छे । यो गालवसँगको विद्रोह नभएर तत्कालीन समयको दास प्रथाप्रतिको विद्रोह हो र सिङ्गो मानवताप्रतिको विद्रोह हो भनी ओझाले बताएका छन् ।

वात्सल्यकी खानी माधवीले तत्कालीन समयकी प्रतिनिधि नारी पात्र हो । उनको जीवन नै त्यस बेलाका नारीहरूको सिङ्गो जीवन हो । उसले सबै नारीहरूको हितका लागि विद्रोह गरेको कुरा लेखमा बताइएको छ । माधवीले जीवनका आरोह अवरोहमा विकट क्षणसँग सङ्घर्ष गर्दै अगाडि बढेकी छ । उनका जीवनका चाहनाहरू कहिल्यै पूरा हुन सकेनन् । गालबसँग हिँड्दा माधवी श्यामकर्ण घोडा प्राप्तिको साधन मात्र नभएर एक असल साथीका रूपमा समेत देखिएकी छ । माधवीले बाँचेको सिङ्गो जीवन निकै कारुणिक रहेको छ । अन्त्यमा गालवसँग विवाह गर्ने कुरा भए पनि गालव उसको मित्र नागजेयसँग सल्लाह माग्न गएको तर निश्चित समयसम्म नफर्केका कारण माधवी अनिश्चित र निरुद्देश्य यात्रा गर्न विवश भएकी छ । जीवनको अन्त्यमा मात्र पुनः माधवीको भेट गालवसँग भएको छ । गालवले सहानभूति मात्र प्रकट गर्न भ्याएको छ । माधवीको यो यात्राको थालनी तत्कालीन समाजप्रतिको विद्रोह हो । यही विद्रोहले नारीप्रति सहानुभूति प्रकट भएको कुरा ओझाले बताएका छन् ।

लेखको अन्त्यमा यस उपन्यासकी नायिका माधवी कठोर जीवन भोग्न बाध्य नारीका रूपमा

उपन्यासमा देखाएर उपन्यासकारले तत्कालीन समाजका नारीहरूको दुर्दशालाई प्रस्तुत गरेका छन् । उसले निरुद्देश्य यात्रा गरेर तत्कालीन सामाजिक विषमता, विखण्डनप्रति अन्तर विरोध जनाएको कुरा बताइएको छ । यसरी नै माधवी उपन्यासकी मात्र नभए सिङ्गो युगकी नायिका हो भन्दै ओझाले यस लेखको अन्त्य गरेका छन् ।

यस लेखमा रामनाथ ओझाले **माधवी** उपन्यासमा प्रयुक्त पात्र माधवीका विशेषताहरूलाई केलाएका छन् । माधवीका माध्यमबाट तत्कालीन समाजका नारीहरूले भोग्नुपरेका दुर्दशा, नारीहरूको जीवन, समाजिक विकृतिहरूप्रति नारीहरूले थालेको विद्रोहलाई ओझाले यस लेखमा राम्ररी प्रस्तुत गरेका छन् । सरल भाषाको प्रयोग गरेर लेखिएको उक्त लेख अनुसन्धानात्मक रूपमा प्रस्तुत भएको छ । विश्लेषणात्मक विधिको अवलम्बन गरी लेखकले यस लेखलाई गहन चिन्तनका प्रस्तुत गरेका छन् ।

## ४.४ तेस्रो अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) भैरव अर्याल निबन्धयात्रा र प्रवृत्ति

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ५,अङ्क ३, २०५४) मा प्रकाशित छ । यो लेख डा. खगेन्द्रप्रसाद लुइटेलद्वारा लेखिएको हो । यस लेखमा लुइटेल भैरव अर्यालको निबन्धात्मक यात्रा र उनका निबन्धात्मक प्रवृत्तिहरूलाई उनीद्वारा रचित निबन्धका सापेक्षतामा अर्थ्याउने प्रयास गरेका छन् ।

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका भैरव अर्याल मुख्यतः निबन्ध विधामा हास्यव्यङ्ग्य फाँटमा प्रसिद्ध छन् । ललितपुरमा १९९३ सालमा निम्न मध्यम वर्गीय परिवारमा जन्मेका अर्यालको ४० वर्षको उमेरमा आत्महत्या गरी जीवन समाप्त भएको हो । वि. सं. २०११-०१२ देखि कविता विधाबाट नेपाली साहित्यमा प्रवेश गरेका अर्यालका निबन्ध विधाका कृतिहरू **काउकुती** (२०१९), **जयभुँडी** (२०२२), **गलबन्दी** (२०२६), **प्रवेशिका निबन्ध सङ्ग्रह** (२०२७) र **इति श्री** (२०२८) रहेका छन् । यिनका अतिरिक्त **हालखबर**, **गोरखापत्र** आदि पत्रिकाका विभिन्न स्तम्भमा पनि लेखरचनाहरूका साथै निबन्धहरू प्रकाशित भएको पाइन्छ । यिनले अपरिचित, आत्रेय, कुमुदिनी, बकम्फुस शर्मा, विष्णु शर्मा आदि उपनामबाट लेखरचनाहरू प्रकाशित गरेका थिए भन्ने तथ्य लुइटेलले लेखमा उल्लेख गरेका छन् ।

'खोला पारिका पुरेत बाजे' (**हालखबर**, २०१३) बाट निबन्ध फाँटमा देखापरेका भैरव अर्यालको निबन्ध यात्रालाई विभिन्न समालोचकहरूले विभिन्न ढङ्गमा विभाजन गरी देखाए तापनि उनको लेखन-प्रकाशनको थालनी, लेखनका क्रममा देखापरेका प्रवृत्तिगत परिवर्तन, कृतिको परिमाण र गुणस्तर, सक्रिय र निष्क्रिय लेखन अवधि, भाषिक परिष्कार आदिका आधारमा अर्यालको निबन्धयात्रालाई पहिलो चरण (२०१३ देखि २०२३) सम्म पूर्वार्ध र दोस्रो चरण (२०२४ देखि २०३३) सम्म उत्तरार्ध गरी दुई चरणमा बाँड्दा उपयुक्त हुने कुरा लुइटेलले लेखम उल्लेख गरेका छन् ।

पहिलो चरणमा अर्यालले विभिन्न पत्रपत्रिकामा स्तम्भ लेखन थालेपछि लेखनकला परिष्कृत, परिमार्जित र विकसित हुँदै गएर निबन्ध लेखनमा निरन्तरता देखाएका हुन् । विभिन्न पत्रिकामा निबन्ध रचना प्रकाशित भएपछि एघारवटा निबन्धहरूको सँगालो **काउकुती** (२०१९) सालमा प्रकाशित भयो । यस सङ्ग्रहले निकै लोकप्रियता प्राप्त गरेपछि अर्यालले लेखनलाई गतिशील तुल्याउँदै लगे । **मुकुट**, **सिंहनाद**, **द्यौराली**, **रचना**, **सुगुन**जस्ता पत्रिकामा उनका निबन्धहरू छापिँदै गए । यसै सिलसिलामा उनका १० वटा निबन्धहरूको सँगालो **जयभुँडी** (२०२२) प्रकाशित भयो । यिनै दुई वटा कृतिहरू नै उनका यस चरणका मुख्य उपलब्धिहरू हुन् ।

यस चरणमा अर्यालले निबन्ध मार्फत सामाजिक र मानवीय वैयक्तिक कमजोरी, दुष्प्रवृत्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकृति तथा विसङ्गतिहरूलाई हास्यात्मक पारामा प्रस्तुत गरेका छन् । अमानवीयता, अनैतिकता, वैयक्तिक मपाइँत्व, चाकडी, चाप्लुसी, चुक्ली, छुद्रता जस्ता विषयवस्तुको प्रयोगबाट विविध खाले सामाजिक र मानवीय कमजोरीको चित्रण पाइन्छ । नेपाली युवायुवतीको

विवशता, सामाजिक-आर्थिक विषमता, समस्या, सामन्ती शोषण जस्ता विषयवस्तुको कलात्मक प्रस्तुति, सामाजिक दुष्प्रवृत्तिहरूको चित्रण, दरबारिया यौन विकृति तथा शिक्षित महिलाका कुलत र कमजोरीको चित्रण, समाजका ठूलाबडाको चारित्रिक दुर्बलताको वर्णन, नेताका कुटिल चरित्रहरूको चित्रण,मानवीय पाशविकता एवम् वैज्ञानिक उन्नतिबाट उत्पन्न समस्याको समस्याको चित्रण, अन्तर्राष्ट्रिय राजनीति, ठूला राष्ट्रहरूको प्रभुत्व, संयुक्त राष्ट्रसङ्घको दुर्दशा, आपसी गुटबन्दी, खिचातानी जस्ता अन्तर्राष्ट्रिय विषयवस्तुको नेपाली सन्दर्भमा प्रस्तुति आदि उनका यस चरणमा देखिएका निबन्धगत विशेषताहरू रहेका छन् । यस चरणका निबन्धहरूमा सहज, स्वाभाविक,आकर्षक र रागात्मक भाषाशैलीको प्रयोग पाइन्छ । नेपाली चलनचल्तीमा भिजेका तत्सम, तद्भव, आगन्तुक र नेपाली ठेट पाराका शब्दहरूको प्रयोग, प्रशस्त उखान, टुक्काहरूको प्रयोग, अनुप्रासमय शैलीले उनका निबन्धहरू मिठास बनेका छन् । संक्षिप्त आयाममा लेखिएका उनका निबन्धहरू प्रथम र तृतीय पुरुष दृष्टिविन्दुमा आधारित छन् । यस चरणका निबन्धहरूमा व्यङ्ग्य भए पनि हास्य नै प्रधान रूपमा आएको छ भनी लेखमा बताइएको छ ।

दोस्रो चरणमा भैरव अर्यालले हास्यभन्दा व्यङ्ग्यलाई प्रबल बनाएर निबन्ध रचना गरेका छन् । विषयवस्तुको चयनमा सूक्ष्मता र भाषाशैलीमा थप सौन्दर्य नै उनको चरण विभेदक प्रवृत्ति रहेको छ । यस चरणमा उनका **गलबन्दी** (२०२६), **प्रवेशिका निबन्ध सङ्ग्रह** (२०२७) र **इति श्री** (२०२८) गरी तीन वटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । यी तीन वटा निबन्धसङ्ग्रहहरूमध्ये **प्रवेशिका निबन्ध सङ्ग्रह**मा सङ्कलित निबन्धहरू पाठ्यपुस्तकका लागि रचना गरिएकाले केही सामान्य खालका रहेका छन् । अन्य दुई वटा निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूमा उनले अनेक प्रकारका सामाजिक, मानवीय राष्ट्रिय-अन्तर्राष्ट्रिय विसङ्गति, विकृति, दुष्प्रवृत्ति, कमी कमजोरीहरू जस्ता विषयवस्तुमाथि व्यङ्ग्य गरेका छन् । समस्याग्रस्त नेपालीहरूका विवशता, बाध्यता, नेपाली जीवनमा व्याप्त विसङ्गति, भ्रष्टाचार, अनैतिकता, नैतिकताविहीन आचरण र व्यवहार, आर्थिक विपन्नता, प्रशासनिक अस्तव्यस्तता, घुसखोरी, दुर्बलता, ढिलासुस्ती, अरूले गरिखाएको देखि नसहने प्रवृत्ति, धुत्याइँ, धोका, बेरोजगारी, गरिबी, घमन्डीजस्ता राष्ट्रिय चिन्तनहरूमाथि व्यङ्ग्य गरिएको छ । नेपालीहरूको सामाजिक, आर्थिक असमानता, वर्गीय विभेदको कलात्मक प्रस्तुति, वैज्ञानिक, भौतिक, यान्त्रिक उन्नतिबाट उत्पन्न कृत्रिमता, नकारात्मकताबाट हुने मानवीयताको ह्रासप्रति व्यङ्ग्य, विश्वका ठूला शक्तिराष्ट्रका नेताहरूको स्वेच्छाचारी प्रवृत्ति, शासक र शासितहरूको अवस्था, शक्तिशाली राष्ट्रहरूको जुधाइँमा साना राष्ट्रको पिसाइ, कालो बजारीको चित्रण आदि यस चरणका अर्यालका मुख्य विशेषताहरू रहेको कुरा लेखमा बताइएको छ ।

यसरी नेपाली निबन्ध फाँटमा विशिष्ट स्थान हासिल गर्न सफल भैरव अर्याल हास्यव्यङ्ग्य फाँटका अतुलनीय, अद्वितीय हास्यव्यङ्ग्य निबन्धकार हुन् भनी बताउँदै लुइटेलले यस लेखको अन्त्य गरेका छन् ।

यस लेखमा लुइटेलले भैरव अर्यालको निबन्धयात्रालाई तार्किक रूपमा सिद्ध गरेका छन् । अर्यालको नैबन्धिक यात्रालाई छुट्याउने आधार समेत यस लेखमा उल्लेख गरिएको छ । विश्लेषणात्मक एवम् तार्किक भाषाको प्रयोग गरेर यो समालोचनात्मक लेखमा बीचबीच उदाहरणहरू समेत दिएर तथ्यात्मक बनाउने प्रयास गरिएको छ ।

**(ख) 'प्रह्लाद' नाटकको वस्तु विन्यास**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ५, अङ्क ३, २०५४) मा प्रकाशित छ । यस लेखका लेखक मोहन हिमांशु थापा रहेका छन् । यस लेखमा थापाले बालकृष्ण समको पौराणिक नाटक **प्रह्लाद**को विषयवस्तुको विन्यासका बारेमा अध्ययन गरेका छन् ।

**प्रह्लाद** नाटक समको नाट्य साहित्यका दृष्टिले उत्कृष्ट नाटक हो । प्रह्लाद र हिरण्यकशिपुको द्वन्द्वमा नाटकीयताको आविर्भाव भएको छ । प्रह्लाद र हिरण्यकशिपुका माध्यमबाट समले ज्ञान र विज्ञान, आध्यात्मिक र भौतिकवाद, सद्प्रवृत्ति र दुष्प्रवृत्ति, आदर्श र यथार्थजस्ता दुई भिन्न चिन्तन र दर्शनको द्वन्द्वलाई प्रस्ट पारेका छन् भनी लेखमा बताइएको छ ।

पौराणिक सन्दर्भलाई मानवीय धरातलमा उतार्दै समले विभिन्न अप्ठ्यारा परिस्थितिलाई स्वाभाविकता प्रदान गरेका छन् । प्रह्लाद ढिस्कोबाट खस्दा भासमा पर्नु, गोमनबाट डराउँदा सखियाको सेवनद्वारा बच्नु, आगोमा प्रह्लादका ठाउँमा रोधलाई पारेर वस्तुयोजनामा स्वाभाविकता थप्ने काम गरिएको छ । नाटकमा नरसिंह प्रकट नभई खम्बाद्वारा हिरण्यकशिपुको मृत्यु भएको देखाइएको छ । यसरी विभिन्न घटनाहरूलाई विश्वसनीयताका लागि समले कथालाई मौलिकता दिएका छन् भनी थापाले बताएका छन् ।

**प्रह्लाद** नाटकको कार्यावस्थालाई हेर्दा यस नाटकमा नमुचिको मृत देहलाई हिरण्यकशिपु विज्ञानद्वारा बचाउन खोज्छन् । नमुचिको प्राण रक्षाका लागि भौतिक रसायन शास्त्रका विद्वान्हरू पनि असमर्थता जनाउँछन् । सबैका लागि मृत्यु अनिवार्य छ भने मृत्युको बदला सृष्टिको नाश गरेर चुकाउनु हिरण्यकशिपुले मृत्युको आयोजना गर्दछ तर सानो विषले हलाको मृत्यु भएपछि हिरण्यकशिपुको शक्ति बढ्छ । ब्रह्माबाट आफू नमर्ने कुरा हिरण्यकशिपुले थाहा पाएपछि उसले स्वर्गमा पनि हमला गर्ने निधो गर्दछ । यसरी यस अवस्थाले नाटकको परिचयात्मक रूप प्रस्ट पार्दछ । हिरण्यकशिपु र प्रह्लादका बीच द्वन्द्वात्मक स्थिति कथानकको विकासावस्था हो । हिरण्यकशिपुको विजय, प्रह्लादको प्रभाव,

हिरण्यकशिपुद्वारा ब्राह्मणको हत्या हुँदै कथानक अगागि बढ्दै जाँदा हिरण्यकशिपु प्रह्लादसँग पराजित हुँदै जान्छ । हिरण्यकशिपुले प्रह्लादलाई कठोर यातना दिँदा पनि प्रह्लाद बाँचेको देखेर हिरण्यकशिपुमा अन्तर्द्वन्द्व अझ बढ्नु कथावस्तुको चरमोत्कर्ष हो । दुई भिन्न चिन्तनको द्वन्द्वबाट युग अन्तश्चेतनाको चिरन्तन रूप अभिव्यक्त भएको छ । शण्डको पनि मन परिवर्तन हुनु, प्रह्लादका सट्टामा रोध जल्नु, हरिनामको प्रचार हुनु र अन्त्यमा तरवारको प्रहारबाट क्षतविक्षत भएर खम्बा लडी हिरण्यकशिपु किचेर मर्नु कथावस्तुको अन्तिम रूप हो भनी **प्रह्लाद** नाटक कथाविन्यासका दृष्टिले उपयुक्त रहेको कुरा बताइएको छ ।

प्रस्तुत नाटक पाँच अङ्क र सोह्र दृश्यमा विभाजित रहेको जानकारी गराउँदै यस नाटकको कथानक रूप व्यवस्थित रहेको कुरा बताइएको छ । द्वन्द्वात्मक स्थितिको सघन रूपले गर्दा वस्तु योजनामा गत्यात्मकता र क्रियात्मकता पाइन्छ । त्यसैले अङ्कदृश्य विन्यासमा समले आफ्नै नाट्य कौशलको परिचय दिएका छन् । प्रह्लाद नाटकको वस्तुयोजनामा विन्यस्तता, सक्रियता र स्वकीयताको रूप पाइन्छ भन्दै थापाले यो लेख अन्त्य गरेका छन् ।

यो लेखमा मोहन हिंमाशु थापाले **प्रह्लाद** नाटकको वस्तुविन्यासको अध्ययन गहन रूपमा गरेका छन् । नाटकको वस्तुलाई स्वाभाविक बनाउन समले प्रयोग गरेका आधारहरूलाई समेत लेखमा उल्लेख गरिएको छ । यस लेखले समग्रमा उक्त नाटकको वस्तु योजना सफल रहेको कुरा दर्साउन सकेको छ ।

**(ग) 'लक्ष्यहीन' एकाङ्की वस्तु र प्रस्तुति**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ५, अङ्क ३, २०५४) मा प्रकाशित छ । यो लेख प्रा.गोपीकृष्ण शर्माद्वारा लेखिएको छ । यस लेखमा शर्माले पुष्कर शमशेरले रचना गरेको 'लक्ष्यहीन' एकाङ्कीको कथावस्तु र वस्तुस्थितिलाई प्रस्ट पार्ने काम गरेका छन् ।

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने पुष्कर शमशेरको 'लक्ष्यहीन' एकाङ्की सर्वप्रथम १९९९ सालमा **शारदा** पत्रिकामा प्रकाशित भएको हो । यस एकाङ्कीमा बाँच्नुको निस्सारतालाई शून्यताको स्थितिबाट प्रमाणित गर्न खोजिएको छ । यस नाटकमा मध्यमवर्गीय परिवारको जीवनशैलीलाई प्रस्तुत गरिएको छ भनी लेखमा उल्लेख गरिएको छ ।

विषयवस्तुका दृष्टिले यसमा बुढो चित्रकारी बैठक कोठामा रङरोगन गरिरहको छ । माहिली बज्यै त्यसको निरीक्षण गरिरहेकी छिन् । ४५ बर्से माइली बज्यैका पतिले सौता हालेपछि उनी माइतमा बसेकी छन् । चित्रकारी बुढाका आमा, स्वास्नी र छोराछोरीलाई भुँइचालाले लगेपछि उसले दोस्रो विवाह गरेर यही कामबाट परिवारको पालनपोषण गरिरहेको हुन्छ । यी दुईका समस्याहरूमा नै कथानक अगाडि बढेको छ । चित्रकारीले यही कामको कमाइबाट दुःखसाथ जीवन निर्वाह गरिरहेको कुरा गर्छ भने अर्कातर्फ माइली बज्यै माइतकै आश्रयमा बसेकी छ । चित्रकारीको निगरानीमा माइली बज्यैको

उपस्थिति मालिक्याइँको काम र विपरीत लिङ्गी यौन आकर्षणलाई असचेत रूपमा तृप्त पनि तुल्याएको छ । यसै समयमा रामुको साथी कृष्णप्रसाद रामुलाई खोज्दै आइपुग्छ । काल्पनिक उपन्यास र कथा पढेर दिक्दार भएको कृष्णप्रसादलाई बज्यैले आफ्नो याथार्थिक जीवन सुनाउछिन् । उसले आफ्ना चाहना र आकाङ्क्षा सबै मरिसकेका कुरा गर्छिन् । अन्तमा सेता भुइँमा लगाएको आस्मानी रङ वा आकाशे रङ शून्य रङ हो भनेर कृष्णप्रसादले मानवका क्रियाकलापलाई शून्यतामा परिभाषित गरिदिन्छन् । यहीँ एकाङ्की समाप्त हुन्छ ।

प्रस्तुत एकाङ्कीमा दुःख पाएका पात्रहरूको जमघट गराएर एकाङ्कीकारले पारिवारिक तथा सामाजिक परिवेशलई प्रस्तुत गरेका छन् । कामदारहरूको दयनीय जीवनशैली र जागिदारहरूको हैकमी प्रवृत्ति, दोस्रो विवाह गर्ने चलन, सौतासौता बिचको द्वन्द्व आदि कुराहरू नेपाली समाजका एउटा पाटा हुन भन्ने यथार्थलाई यस एकाङ्कीमा प्रस्तुत गरिएको कुरा शर्माले बताएका छन् ।

मध्यम वर्गीय जीवन परिवेश, विभिन्न पृष्ठभूमिका पात्रहरू, बाध्यतामा अल्झिरहेको जीवन यात्रा, राम्रो पथ प्रदर्शन नपाएर बिग्रँदै गएको नयाँ पुस्ता र सामाजिक विकृतिले डस्दै गएको बौद्धिक जीवन सबै मिलेर यस एकाङ्कीमा एउटा कालखण्डको पारिवारिक सामाजिक परिवेशको उद्घाटन गरिएको छ । यहाँ प्रेम प्रणयको प्रत्यक्ष अङ्कन नभए पनि आन्तरिक अभिव्यञ्जना भने प्रकट भएको छ । पात्रहरूमा आन्तरिक उकुसमुकुस देखिन्छ । कथानकहरूको शृङ्खला नभए पनि समष्टिमा एकान्विति भने छ । कुनै पात्रलाई खास पात्रका रूपमा लिने स्थिति नभए पनि माहिली बज्यै र चित्रकारीका पक्षहरू तीव्र रहेका छन् । यस एकाङ्कीमा वस्तुस्थितिलाई यथार्थ पाराले व्यक्त गरिएको छ । पुष्कर शमशेरले यस एकाङ्कीका माध्यमबाट बाँच्नुको यथार्थतालाई शून्यताको स्थितिबाट प्रमाणित गरेर देखाइ दिएका छन् भन्दै शर्माले यस लेखको अन्त्य गरेका छन् ।

यस लेखमा 'लक्ष्यहीन' एकाङ्कीका विविध पक्षहरूको गहन विश्लेषण गरिएको छ । कथानकका शृङ्खलाहरूको अध्ययन गर्ने क्रममा लेखकले उदाहरणहरू समेत दिएर प्रस्ट पारेका छन् । उक्त लेखको अध्ययनबाट शीर्षकअनुरूपको विषयलाई तथ्यात्मक रूपमा पुष्टि गर्न शर्मा सफल भएका छन् ।

## ४.५ चौथो अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) नेपालमा भाषा विज्ञानको महत्त्व

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ६, अङ्क ४, २०५५) मा प्रकाशित छ । यो लेख डा. माधवप्रसाद पोखरेलले लेखेका छन् । यस लेखमा पोखरेलले नेपालमा बोलचाल, राजकाज, पठनपाठन, लेखन र धार्मिक-सांस्कृतिक प्रयोजनका लागि ६ किसिमका भाषाहरूको प्रयोगबारे अध्ययन गरिएको छ । रूप

पहिलो-मातृभाषा उपशीर्षकमा नेपालमा सयवटा जति मातृभाषाहरू छन् । जसलाई संविधानमा राष्ट्रिय भाषा भनिएको छ । ती भाषाहरू नेपालभित्र बसोबास गर्ने जातजातिका आआफ्ना

लोकसंस्कृतिका परिचायक हुन् । जुनसुकै जातिको मनोवैज्ञानिक र सांस्कृतिक आत्मीयता त्यस जातिको मातृभाषासँग गाँसिएको हुन्छ भनी बताएको छ ।

दोस्रो राष्ट्रभाषा नेपाली उपशीर्षक मार्फत नेपालको संविधानले राष्ट्रभाषाका परिभाषित गरेको नेपाली भाषा सरकारी कामकाजको भाषा हो । विभिन्न जातजातिले सम्पर्क भाषाका रूपमा र भाषण तथा सर्वजातीय समुदायमा बोल्ने भाषा राष्ट्रभाषा नेपाली हो । यो भाषा साझा सम्पत्ति हो । राष्ट्रभाषामा अध्यापन गराइन्छ । यसै गरी यो भाषा पत्रपत्रिका, रेडियो, टिभी आदिमा प्रयोग गरिन्छ । यो भाषा नै नेपालभित्र र बाहिरका नेपालीहरूको सम्पर्क भाषा हो । नेपाली नेपाली जातीय एकताको प्रतीकका रूपमा रहेको हुन्छ भनी पोखरेलले बताएका छन् ।

तेस्रो उपशीर्षक आधुनिकताको भाषा रहेको छ । यस शीर्षकअन्तर्गत भाषा बोलीचालीमा मात्र सीमित हुँदा त्यस भाषाको विकास हुँदैन । त्यस भाषामा पुस्तक, पत्रपत्रिका निकाल्न र पठनपाठन गरेर ज्ञानविज्ञानका विविध प्रक्रियाको अभिव्यक्त गर्न र क्षमताको विकास गर्न प्राविधिक शब्दावलीको खाँचो पर्छ । त्यो खाँचो पूरा गर्न सक्ने बनाउनु नै भाषाको आधुनिकीकरण हो । दक्षिण एसियाका भाषाहरूमा यो खाँचा पूरा गर्न संस्कृतका शब्दावलीहरू ल्याउने गरिएकाले संस्कृत दक्षिण एसियाको भाषाको आधुनिकीकरण साझा भाषा हो भनी बताइएको छ ।

चौथो धर्म र संस्कृतिको भाषा उपशीर्षकमार्फत पोखरेलले हिन्दुहरूको नामकरणदेखि लिएर देवपितृकार्यमा पनि धेरैजसो हिन्दूहरूले संस्कृत भाषाको प्रयोग गर्दछन् । नेवारहरू पनि आफ्नो थर संस्कृतमा राख्दछन् । यहाँका बौद्धहरू संस्कृत, पाली, अर्धमागधी, प्राकृत र तिब्बती भाषा प्रयोग गर्दछन् । नेपालका मुसलमानहरू उर्दू-अरबी भाषा प्रयोग गर्दछन् । क्रिस्चियनहरूले चाहिँ धेरैजसो नेपाली नै प्रयोग गरेको देखिन्छ । यस अर्थमा संस्कृत, पाली, तिब्बती, उर्दू, अरबी आदि भाषा नेपालका धर्म र संस्कृतिका भाषा हुन् भनिएको छ ।

पाँचौँ उपशीर्षक हिन्दी भाषा रहेको छ । हिन्दी भाषा व्यापार, फिल्म, टिभी, रेडियो समाचार, पत्रपत्रिका, पुस्तक, अखबार र मानिसहरूका माध्यमबाट नेपालीहरूका सम्पर्कमा आइरहन्छ । नेपालकै उपयुक्त माध्यमहरूबाट पनि आवश्यकता पूर्ति नभएको खण्डमा नेपालीहरूले हिन्दी भाषाको प्रयोग गरेको देखिन्छ भनी लेखमा बताइएको छ ।

अन्तर्राष्ट्रिय ज्ञानको भाषा छैटौँ उपशीर्षकमा उल्लेख गरिएको छ । आजको युगमा विश्वभरको ज्ञानविज्ञानको भाषा नै अङ्ग्रेजी भएको छ । त्यसरी नै नेपाललाई विश्वमा चिनाउन र नेपालीलाई विश्व नागरिक बनाउन विश्वभरका नेता, व्यापारी, प्राध्यापक वा संस्थाका सदस्यहरूसँग नेपालीहरूले सजिलैसँग सम्पर्क सक्न सक्ने भाषा अङ्ग्रेजी हो ।

यी भाषाहरूको प्रयोग नेपालमा गरिएको छ । यी भाषाहरूको प्रयोगको बारेमा चाहिँ भाषाविज्ञानले अध्ययन गर्दछ । भाषा विज्ञानको मर्म नबुझिएकाले गर्दा नेपालमा विभिन्न भाषीहरूबीच द्वन्द्व देखापर्छ । नेपालका राष्ट्रिय भाषाहरूको विकास पनि समान रूपमा भएको छैन । कतिपय राष्ट्रिय भाषाहरूमा विद्यावारिधिसम्मको पढाइ हुन्छ भने कतिपय राष्ट्रिय भाषा शिशु अवस्थामा नै रहेका छन् । भाषा र भाषिकाको निर्धारण, भाषाको लोप, भाषा भाषाका बीचको सम्बन्ध आदि कुराहरू भाषा विज्ञानले निर्धारण गर्दछ । त्रि. वि. अन्तर्गत केन्द्रीय भाषा विज्ञान विभागमा यिनै कुराहरूको अध्ययन, अध्यापन हुने गर्दछ भन्दै पोखरले यस लेखको अन्त्य गरेका छन् ।

नेपालमा कुन कुन भाषाको प्रयोग कस्ता कस्ता ठाउँमा गरिएको छ भन्ने तथ्यलाई यस लेखले दर्साएको छ । नेपालमा ६ प्रकारका भाषाहरू प्रयोग हुन्छन् भन्ने तथ्यलाई माधवप्रसाद पोखरेलले उदाहरणहरू दिएर प्रस्तुत गरेका छन् । विश्लेषणात्मक रूपमा लेखिएको यो लेखमा भाषाहरूको अध्ययन गर्ने शास्त्र भाषा विज्ञान भए तापनि भाषा विज्ञानको मर्म बुझ्न नसकेकाले आज भाषाभाषीबीच द्वन्द्व उत्पन्न भएको तथ्यलाई पनि पुष्टि गरिएको छ । सरल भाषामा लेखिएको उक्त लेखले शीर्षकअनुसारको विषयलाई विशद् रूपमा चर्चा गरेर सिद्ध गर्ने काम गरेको छ ।

**(ख) 'यो प्रेम' भित्रको यो प्रेम**

प्रस्तुत लेख **कुञ्जिनी** ((वर्ष ६, अङ्क ४, २०५५) मा प्रकाशित छ । यस लेख साधना प्रतीक्षाले लेखेकी हुन् । यस लेखमा गोपालप्रसाद रिमालको दोस्रो नाटक **यो प्रेम** (२०१५) प्रस्तुत भएको प्रेमका बारेमा अध्ययन गरिएको छ ।

पाश्चात्य साहित्यका प्रख्यात नाटककार हेनरिक इब्सेनद्वारा प्रभावित र पाश्चात्य यथार्थवादी नाट्य चिन्तनलाई नेपाली साहित्यमा भित्र्याउने गोपालप्रसाद रिमालका दुई नाटकहरूमध्ये दोस्रो नाटक **यो प्रेम** (२०१५) हो । यो उनको नारीसमस्यामूलक यथार्थवादी नाटक हो । प्रेमलाई जीवनको ऊर्जा एवम् आत्मिक मिलन नठानी क्षणिक आवेग र आकर्षणको उपज ठान्ने प्रवृत्तिको चित्रण यस नाटकमा गरिएको छ । त्यसैले यो प्रेम भित्रको प्रेम औचित्यहीन रहेको कुरा प्रतीक्षाले बताएकी छन् ।

यस नाटकको सुरुआत सानुबाबु र शशीको संवादबाट भएको छ । विवाहित सानुबाबु अविवाहित शशीसँग अप्रत्यक्ष रूपले प्रेम पोखिरहेको छ । आफ्नी स्वास्नी मन नपरेको, नराम्रो भएको कुरा सुनाउँदै शशीलाई बिहे गर्न कुनै केटाले हत्ते गरेको छ भन्दै उसको मन चोरिरहेको छ । शशीकी दिदी गङ्गाले त प्रेमको नाममा जीवन तहसनहस बनाएकी छ । गङ्गाले शेखरभन्ने विवाहित पुरुषसँग प्रेम गर्दछे । गङ्गाले पतिलाई र शेखरले पत्नीलाई मानसिक प्रताडना दिएपछि फलतः गङ्गाको पनि र शेखरकी पत्नीको मृत्यु हुन्छ । यी दुवैको मृत्युको कारक पनि प्रेम नै हुन्छ भनी लेखमा बताइएको छ ।

यो प्रेमभित्रका केन्द्रीय पात्रहरू शेखर र गङ्गा हुन् । यी दुवैको आपसमा प्रेम मांसल प्रेम बस्छ । शेखर बाहिरी रूपमा पत्नीलाई प्रेम गरे पनि भित्री रूपमा गङ्गालाई प्रेम गर्दछ । त्यसै कारणले शेखरकी पत्नी भित्रभित्रै तड्पिन्छे, रुन्छे र प्रेमको अभावमा पिल्सिन्छे । अन्त्यमा उसको मृत्यु हुन्छ । पत्नीको महत्त्व नबुझेको शेखरले प्रेम सौन्दर्यको आकर्षण मात्र हो भन्ने बुझेको छ । त्यसैले गर्दा शेखरले पत्नीलाई पीडा दिएर गङ्गाको प्रेमलाई स्विकारेको छ । उता गङ्गा पनि विवाहित पुरुष भन्ने ठान्दाठान्दै पनि स्वास्नीलाई गरेको राम्रो व्यवहार देखेर लहसिन्छे । त्यो प्रेम नभएर केवल वासना वा स्वार्थ मात्र हो । तर गङ्गाको अन्तै बिहेभएपछि उसले पतिलाई पनि राम्रो व्यवहार गर्दिनँ । अन्त्यमा पतिको मृत्यु पश्चात् आफ्नो कलिलो छोरो बहिनी शशीलाई जिम्मा लगाएर पोइला जान लागेकी गङ्गामा छोराको रुवाइले मातृत्व शक्ति प्रबल हुन्छ र उसले यस्तो प्रेमलाई घृणा गर्छे ।

नाटकमा सानुबाबु र शशीको प्रेम पनि जङ्गली प्रेम हो । घरमा स्वास्नी हुँदाहुँदै पनि ऊ शशीलाई प्रेम गर्छ । उता शेखरकी पत्नी मरेपछि शेखरले शशीलाई बिहे गर्छ कि भन्ने शङ्कामा शेखरको बिहे गङ्गासँग गराएर शशीलाई आफूले बिहे गर्ने निधो समेत गर्ने सानुबाबुले पनि प्रेमको भित्री तत्त्वलाई बुझेको छैन । यता शशीको प्रेमलाई पनि स्वाभाविक मान्न सकिँदैन । किनकि विवाहित पुरुषले प्रेमको अभिव्यक्ति गर्दा उसले नकार्न सक्दिन । सानैदेखि गङ्गा र शेखरको प्रेम देखेकी शशी जब जवान हुन्छे, उसमा पनि प्रेम गर्ने भावना जागृत भएको मात्र हो भनी लेखमा बताइएको छ ।

यसरी यस नाटकका चारैजना पात्रहरूको प्रेम आत्मिक नभएर केवल क्षणिक आवेग जस्तो मात्र देखिन्छ । प्रेम मानवीय जीवनको अपरिहार्य तत्त्वका रूपमा रहेको छ तर यस नाटकमा नैसिर्गक प्रेम नभएर स्वार्थको हिलोमा मुछिएको बनावटी प्रेम मात्र देखिन्छ । यहाँ प्रेमको कुनै मूल्य, मान्यता, आदर्श र स्थायित्व छैन । केवल प्रेमका नाममा कलङ्क देखिएको  छ । यहाँ प्रेमको पवित्र भागीरथीमा स्वार्थका विकृत ढलहरू सानुबाबु र शेखरले खन्याइरहेछन् । अनि मनोवेगको अनियन्त्रित प्रवाहसँगै त्यसैमा गङ्गा र शशी डुब्न खोजेका छन् । प्रेमको आदर्शलाई उपनिवेश बनाइँदैछ भन्दै प्रतीक्षाले यस लेखको अन्त्य गरेकी छन् ।

प्रस्तुत लेखले रिमालको **यो प्रेम** भित्रको प्रेमलाई सफल रूपमा दर्साएको छ । प्रेम भावनात्मक नभएर वासनात्मक रूपमा देखिएको छ भन्दै लेखकले चार जना पात्रकै दृष्टिकोणबाट विश्लेषणात्मक रूपमा चर्चा गरेका छन् । त्यसैले लेखकको मनोभावलाई उक्त लेखले पुष्टि गरेको छ । समग्रमा लेख पठनीय र ग्रहण योग्य छ ।

**(ग) 'राजेश्वरी' खण्डकाव्यले अँगालेको जीवनदृष्टि**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ६, अङ्क ४, २०५५) मा प्रकाशित छ । यस लेखका लेखक प्रकाशप्रसाद कोइराला रहेका छन् । यस लेखमा कोइरालाले माधवप्रसाद घिमिरेको **राजेश्वरी** (२०१७) खण्डकाव्यमा प्रयुक्त जीवन दृष्टि केलाउने काम गरेका छन् ।

**राजेश्वरी** (२०१७) माधवप्रसाद घिमिरेको खण्डकाव्य परम्परामा **मुनामदन**पछिको सर्वोत्कृष्ट रचना हो । यस काव्यमा घिमिरेले श्री ५ रणबहादुर शाहकी जेठी रानी राजेश्वरीको मार्मिक जीवन गाथालाई विषयवस्तु बनाएका छन् । गुल्मीको राजपरिवारमा जन्मेकी राजेश्वरी नेपालकी महारानी बन्न पुग्नुले कुलोचित र व्यक्तित्वोचित मर्यादाको कदर भएको देखिन्छ । दरबारिया षड्यन्त्रले पतिद्वारा हेलम्बुमा निर्वासित हुन पुगेकी उनलाई पतिको जाली सन्देश सुनाएर हेलम्बुबाट झिकाएर सती जान बाध्य तुल्याइन्छ भनी कोइरालाले बताएका छन् ।

यसरी राजेश्वरीको पीडालाई राष्ट्रिय पीडा बनाउँदै घिमिरले आफ्नो उच्च मानवतावादी दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । यस काव्यमा मुख्यतः कोइरालाले मानवतावादी जीवनदृष्टिलाई सशक्त रूपमा प्रस्तुत गरेका छन् । सम्पूर्ण मानिसको जिउने र बाँच्ने आधार नै प्रेम हो । मानिसका जीवनमा दुःख सुख अभिन्न अङ्गजस्तै हुन् । जीवन सुखैसुख मात्र होइन, दुःख पनि हो । काँडैकाँडाभित्र फूलको फूल नै जीवन हो । त्यो फूलले एउटा संसार रच्दछ, रम्दछ र पूर्ण जीवन व्यतीत गर्ने कामना गर्दछ । त्यसैगरी काव्यकी नायिका राजेश्वरीलाई पनि सुख, ऐस, आराममा राख्न नसकिए पनि उनको जिजीविषाको हत्या गर्न भने पाइँदैन । हरेक व्यक्तिले बाँच्न पाउनु उसको नैसर्गिक अधिकार हो । यस धर्तीमा जसले प्राण दिएर टेकाएको छ, त्यसैलाई मात्र यो जीवन लाने अधिकार प्राप्त छ भन्दै कविले राजेश्वरीलाई मानवताकै प्रतीकका रूपमा उभ्याउँदै आफ्ना मानवीय जीवन दृष्टि प्रस्तुत गरेका छन् भनी कोइरालाले बताएका छन् ।

आजको मान्छे भौतिकता र शक्तिसम्पन्नतामा चुर्लुम्म डुबेर मानवीयतालाई बिर्सँदै गएको कुरालाई कविले प्रस्तुत गरेका छन् । शीतल, शान्त र सुरम्य प्रकृति धरतीमा अद्यापि जीवितै रहेको तर नरसंहारकारी मानवले यसको महत्त्वलाई बिर्सँदै गएको कुरालाई कविले गम्भीर भावमुद्रामा प्रस्तुत गरेका छन् ।

राजेश्वरी आधुनिक भौतिक संसारबाट चिथोरिएकी, थिलथिलीएकी, निमोठिएकी चरित्रका रूपमा रहेकी छिन् । आजको मान्छे भौतिक शक्तिसम्पन्नतामा डुबेर आफ्नो अहम् पन प्रस्तुत गरी विश्वलाई तहसनहस बनाउँदै अगाडि बढेको छ । यसैगरी यस काव्यमा भौतिक सम्पन्नताले मानवीय मूल्यतालाई कसरी गिराएको छ भन्ने मान्यतालाई पनि प्रस्तुत गरिएको छ । यस काव्यमा मान्छेका जिजीविषा र

भोगेच्छालाई हत्या गर्न नहुने मानवीय जीवनदृष्टिलाई राजेश्वरीबाट व्यक्त गरिएको बताउँदै कोइरालाले यस लेखको अन्त्य गरेका छन् ।

यसरी यस लेखले माधव घिमिरेको **राजेश्वरी** खण्डकाव्यकी नायिका नारीश्वरीका विशेषताहरूलाई छर्लङ्ग्याउने काम गरेको छ । विश्लेषणात्मक रूपमा लेखिएको उक्त लेखमा राजेश्वरीका विशेषताहरू दर्साउँदै काव्यको चिन्तनलाई पनि प्रस्तुत गर्न सफल भएको छ । सरल भाषामा लेखिएको उक्त लेख समालोचनात्मक धर्मलाई निर्वाह गरी लेखिएको छ ।

## ४.६ पाँचौं अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) अलङ्कार सिद्धान्त : काव्यको सौन्दर्य चिन्तक

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ८, अङ्क ५, २०५७) मा प्रकाशित भएको छ । यो लेख प्रा. गोपीकृष्ण शर्माले लेखेका छन् । यस लेखमा शर्माले अलङ्कारको महत्त्वलाई दर्साउँदै काव्यमा अलङ्कारको कस्तो स्थान रहेको छ भनी चर्चा गरेका छन् ।

अलङ्कार भनेको आभूषण हो । आभूषणले सिँगारिएकी नारी सौन्दर्यमय देखिएजस्तै साहित्यमा पनि सौन्दर्य विधायक तत्त्वका रूपमा अलङ्कारको विशेष महत्त्व रहको हुन्छ । अलङ्कारसम्बन्धी सबैभन्दा पहिला भरतले आफ्नो **नाट्यशास्त्र** कृतिमा चार वटा अलङ्कारको चर्चा गरेका छन् । सैद्धान्तिक रूपमा भने अलङ्कारको चर्चा गर्ने पहिलो आचार्य भामह हुन् । यिनले ३५ वटा अलङ्कारहरूको चर्चा गर्दै काव्यको अनिवार्य तत्त्वका रूपमा स्विकारेका छन् । काव्यको आत्मा नै अलङ्कार हो भनी भामहले चर्चा गरे भने यसपछि दण्डी, उद्भट, रुद्रट, भोज, जयदेव, अप्पय दीक्षित आदिले पनि अलङ्कारको चर्चा गर्ने आचार्यहरू रहेका छन् भनी लेखमा बताइएको छ ।

पूर्वीय काव्य सिद्धान्तमा रस ध्वनिवादीहरूले अलङ्कारलाई वैकल्पिक तत्त्वका रूपमा स्विकारेका छन् । यसरी स्विकार्नेहरू ध्वनिवादी आचार्यहरू अभिनव गुप्त, मम्मट, विश्वनाथ, जगन्नाथ आदि रहेको कुरा यहाँ बताइएको छ । अलङ्कारको परिभाषा गर्ने क्रममा अलङ्कारवादी र रसध्वनिवादीहरूले अलग अलग परिभाषा प्रस्तुत गरेका छन् । अलङ्कारवादीहरूले अलङ्कारलाई काव्यको शोभाकारक अनिवार्य तत्त्वका रूपमा लिएका छन् भने रसध्वनिवादीहरूले अलङ्कारलाई रस र ध्वनिलाई उत्कर्षमा पुऱ्याउने वैकल्पिक तत्त्वका रूपमा लिएका छन् । रस र ध्वनिवादीहरूको मान्यतालाई नै पछिल्ला काव्यशास्त्रीहरूले अँगालेर काव्यहरूको निर्माण भएकाले अलङ्कार काव्यको शोभाकारक धर्मका रूपमा नै स्थापना भएको पाइन्छ भनी यस लेखमा बताइएको छ ।

अलङ्कार शब्द र अर्थका दृष्टिले दुई प्रकारका हुन्छ । शब्दालङ्कार र अर्थालङ्कार । यिनीहरूका पनि अनेक भदोपभेद छन् भन्दै छैटौं शताब्दीमा थालनी भएको अलङ्कार सिद्धान्तको चर्चा सत्रौं

शताब्दीका जगन्नाथसम्म पनि व्याख्यायित भएको देखिन्छ । यहाँ आइपुग्दा अलङ्कारको विशद् चर्चा भइसकेको छ र यसको सङ्ख्यामा पनि वृद्धि भएको छ । भामहले ३५ वटा अलङ्कारको चर्चा गरेर प्रारम्भ गरिएको अलङ्कारको चर्चा जगन्नाथसम्म आइपुग्दा १२४ वटा पुगेको पाइन्छ भन्दै शर्माले यस लेखको अन्त्य गरेका छन् ।

यो लेखमा अलङ्कार काव्यको आत्मा नभएर काव्यको शोभाकारक धर्म मात्र हो भनी सिद्ध गरिएको छ । लेखमा अलङ्कारको सङ्क्षिप्त रूपमा विकासक्रम केलाउँदै अलङ्कारलाई काव्यको शोभा बढाउने तत्त्व मात्र हो भनी लेखकले पुष्टि गरेका छन् । सरल भाषामा लेखिएको उक्त लेखले पाठकलाई अलङ्कारसम्बन्धी ज्ञान गराउन सक्षम छ ।

**(ख) शाकुन्तल यो एउटा भगीरथ गङ्गा हो, थाप्लामा बोक्न मुस्किल छ**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ८, अङ्क ५, २०५७) मा प्रकाशित छ । यस लेखका लेखक मदन गौतम रहेका छन् । यस लेखमा गौतमले नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** महाकाव्यको मूल्यलाई निर्धारण गर्ने काम गरेका छन् ।

वि. सं. १९९० पश्चात् नेपाली साहित्य फाँटमा सार्वजनिक रूपमा देखापर्दै स्वच्छन्दतावादी युगको प्रारम्भ गरी उत्कर्षमा पुऱ्याउने देवकोटाले महाकाव्यीय अभावलाई पूर्ति गर्न २००२ सालमा देखापरेको **शाकुन्तल** महाकाव्य प्रथम मौलिक र आधुनिक महाकाव्य हो । नेपाली साहित्य फाँटमा देवकोटाले स्वयम् आफ्नो प्रस्तुत महाकाव्यलाई गङ्गा अवतरणसँग जोडेका छन् । उक्त महाकाव्यको वक्तव्यमा देवकोटा यो एउटा भगीरथको गङ्गा हो, थाप्लामा बोक्न मुस्किल छ भन्ने भनाइ महाकाव्यको ऐतिहासिक प्रसङ्ग हो । नेपाली साहित्यमा महाकाव्य रचनाका लागि पर्ने **शाकुन्तल**पूर्वका पुर्खाहरूको तपस्याको सवालका साथै शाकुन्तलको व्यापक परिधिको कुरा गरिएको छ । यस प्रसङ्गले **शाकुन्तल** महाकाव्य गङ्गा हो, देवकोटा भगीरथ हुन् भन्ने तथ्यलाई स्विकार्दै नेपाली साहित्यमा शाकुन्तलपूर्वका महकाव्य चेष्टा र ती चेष्टा गर्ने महाकविहरूलाई भगीरथका पुर्खाका सत्प्रयासहरू मान्दै यो काव्यको निर्माण भएको हो भन्ने तथ्य प्रस्तुत हुन्छ भनी मदन गौतमले बताएका छन् ।

**शाकुन्तल** महाकाव्यपूर्व महाकाव्यसम्बन्धी चेष्टाका रूपमा भानुभक्तको **रामायण**, **कृष्ण चरित्र**, **देवी भागवत**, **महाभारत**, **धीरोदात्त पातञ्जल तीर्थावली** आदि अनूदित कृतिहरू देखापरे । नेपाली कविताको आधुनिक कालमा आएर सोमनाथ सिग्द्यालले **चन्द्रचरित्** महाकाव्य लेखे पनि यो प्रकाशित हुन सकेन, यसपछि बालकृष्ण समले 'एक प्रभात स्मरण', 'अवतार दर्शन' जस्ता महाकाव्य लेखनको प्रयास गरेका थिए । यसपछि देवीदत्त पराजुलीले **कविता गुच्छाहार** महाकाव्यको रचना गरे तापनि प्रकाशित हुन सकेन । यसै गरी दिव्यदेव पन्तको 'शाहवंश' महाकाव्यका पनि केही अंश प्रकाशित

भएका पाइन्छन् । उपर्युक्त महाकाव्य लेखनको प्रयास केवल भगीरथका पुर्खाहरूको प्रयास मात्र भएका देखिन्छन् । अन्त्यमा नेपाली काव्यको अस्पष्ट धारालाई छिचोलेर देवकोटाले २००२ सालमा **शाकुन्तल** महाकाव्यको रचना गरेर प्रकाशित  गरे । यो महाकाव्य संस्कृत साहित्यमा प्रख्यात **अभिज्ञान शाकुन्तल** महाकाव्यको समेत प्रेरणा लिएर लेखिएको हो । पौराणिक सन्दर्भलाई कथास्रोत बनाएर देवकोटाले आफ्नो प्रतिभाले नेपाली सन्दर्भको रङ भर्दै महाकाव्यीय धर्मको पालना गरेर २००२ सालमा **शाकुन्तल** महाकाव्य गङ्गाका रूपमा अवतरण भयो र देवकोटा भगीरथका रूपमा स्थापित हुने पुगेका हुन् ।

**शाकुन्तल** महाकाव्यलाई बुझ्न र विश्लेषण गर्न सक्ने बौद्धिक पाठक नभएको तीतो यथार्थलाई उनले यो टाउकामा बोक्न मुस्किल छ भन्ने सन्दर्भबाट प्रस्ट पारेका छन् । महाकाव्यमा परम्परावादी मान्यतालाई तोड्दै देवकोटाले आर्य अतीतको प्राकृत संस्कृति, विषयवस्तु, संस्कृत शब्दहरूले सताउने हुनाले यो काव्य बुझ्न अप्ठ्यारो पर्ने कुरालाई औंल्याइएको छ । यस महाकाव्यमा व्यक्त भावनाको दिव्य सौन्दर्यलाई आत्मसात गर्न परिपक्व मस्तिष्क चाहिने देखिन्छ । महाकाव्यमा नवशब्दोभावना, निजत्वपूर्ण नवीन पदावली, साङ्केति भाषाको प्रयोग, सांस्कृतिक महिमा, प्राकृतिक विविधता, राजनीतिक सेरोफेरो, घरगृहस्थीका आदर्श, आरिस लाग्दो प्रेम, कहालीलाग्दो विछोड, रहरलाग्दो मिलनलाई ठम्याएर काव्यगत मीठो रस आस्वादन गर्न लरतरो दृष्टिले काम दिँदैन भन्ने यथार्थलाई प्रस्तुत गर्दै यस लेखको अन्त्य गरिएको छ ।

देवकोटाको **शाकुन्तल** महाकाव्यको भूमिकामा देवकोटाले स्वयम् भनेको उक्त कथनलाई मदन गौतमले उदाहरण दिएर यस लेखमा पुष्टि गरेका छन् । विश्लेषणात्मक रूपमा लेखिएको यस लेखले देवकोटाको **शाकुन्तल** महाकाव्य गहन काव्य हो भनी पुष्टि गरेको छ । लेखको भाषा अन्त्यन्तै सरल छ । देवकोटाको **शाकुन्तल** महाकाव्य भागीरथी गङ्गा हो भनी लेखमा सिद्ध गरिएकाले लेख अन्त्यन्त ओजस्वी बनेको छ ।

### (ग) कथाकार मनु ब्राजाकी र उनको 'एकान्त' कथाको विवेचना

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ८, अङ्क ५, २०५७) मा प्रकाशित छ । यस लेखका लेखक रमेश प्रभात रहेका छन् । यस लेखमा प्रभातले नेपाली साहित्यका प्रसिद्ध कथाकार मनु ब्राजाकीको 'एकान्त' कथाको कथागत तत्त्वका आधारमा विश्लेषण गरेका छन् ।

नेपाली साहित्यका कथा, कविता, गजल, गीत, निबन्ध र समालोचना आदि विधामा कलम चलाउने ब्राजाकी मूलतः कथाकार हुन् । आधादर्जनजति कथासङ्ग्रहहरू प्रकाशित गराएका ब्राजाकी यथार्थवादी कथाकार हुन् । उनले कथाका माध्यमबाट आञ्चलिकताको छनक पनि प्रस्तुत गरेका छन् । नवीन कथ्यशिल्पद्वारा प्रशासनिक, सामाजिक आदिको चित्रण उनका कथागत विशेषता रहेका छन् ।

ग्रामीण परिवेशमा शोषित वर्गका पीडा, सामाजिक विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएका यथार्थहरूको प्रस्तुति, विपन्न वर्गको दुःखको चित्रण, अतियथार्थताको चित्रण, कथामा नाटकीय विधिको अवलम्बन, पाश्चात्य सभ्यताले नेपाली समाजमा पारेको कुप्रभाव, सामाजिक व्याप्त विकृतिको भण्डाफोर आदि पनि उनका कथागत विशेषता रहेका छन् भनी लेखमा चर्चा गरिएको छ ।

'एकान्त' कथा २०३४ सालमा **जयन्ती** (वर्ष २, अङ्क १) मा पहिलो पटक प्रकाशित र **अवमूल्यन** (२०३८) कथासङ्ग्रहमा सङ्कलित कथा हो । यो कथा छोटो आयाममा संरचित छ । ऊ पात्रको छोरो मर्दा छिमेकीहरू मर्दाका मलामीझैँ औपचारिकता पूरा गर्न आएका छन् । समवेदना दिन आएका केही व्यक्तिहरू ऊसँग वैरभाव राख्ने खालका हुन्छन् । वोक्रे आदर्श देखाउन चुनाउमा भोट दिएन भनेर इनारमा पानी भर्न नदिने, परीक्षामा उसको छोरालाई फेल गराउने शङ्करदेव, देवलाल, स्वास्नीलाई हेऱ्यो भनेर झगडा गर्ने रामेश्वर मुख्य छन् । औपचारिकता पूरा गर्न दिइएका समवेदनाहरूले ऊ रुन सकेको छैन । ऊ भित्रभित्रै उकुसमुकुस भएर बसेको छ । डाक्टरहरूले छोरो नबचाए पनि फिसको कागज ऊ पटि तेर्स्याउँछन् । यतिबेला ऊ पात्र चर्पीमा पसेर रुन थाल्छ र यही एकान्तले केही शान्ति मिलेको अनुभव गर्दछ भनी कथाको कथानकलाई छोटकरीमा बताइएको छ ।

कथामा समाजमा देखाइने औपचारिताको निर्वाह र बोक्रे आदर्शको भण्डाफोर गरिएको छ । गाउँको शोषण र चपेटामा व्यथित, पीडित जीवनको अभिव्यक्ति कथाले प्रस्तुत गरेको छ । कथामा शोषक र शोषितबीचको द्वन्द्व, आन्तरिक द्वन्द्व दुवै प्रकारका द्वन्द्वहरू देखिन्छन् । प्रस्तुत कथामा पाजनको मुढो, जामुनाको बोट आदि प्रतीकहरूको पनि प्रयोग गरिएको छ । थोरै पात्रहरूको प्रयोग गरेर लेखिएको यस कथाको मुख्य पात्र 'ऊ' पात्र हो । 'ऊ' पात्र ग्रामीण समाजको शोषित, पीडित वर्गको प्रतिनिधि पात्रका रूपमा आएको छ । सरल संवादको आयोजन गरेर लेखिएको यस कथामा समाजमा विद्यमान विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गर्नु, सामन्त वर्गद्वाार गरिब वर्गमाथि प्रत्यक्ष र परोक्ष रूपमा गरिएका तमाम शोषणहरूलाई चित्रित गर्नुका साथै समाजमा हुने आडम्बर र औपचारिकतामाथि व्यङ्ग्य प्रहार गरिएको छ । यसरी समाजको चित्रण गर्नु, समाजमा व्याप्त विसङ्गति र विकृतिको भण्डाफोर गर्न प्रस्तुत कथा सफल रहेको कुरा बताउँदै रमेश प्रभातले यस लेखको अन्त्य गरेका छन् ।

'एकान्त' कथाको भावलाई यस लेखमा राम्ररी लेखकले दर्साएका छन् । कथाले समाजमा विद्यमान विकृति र विसङ्गतिमाथि गरेको व्यङ्ग्य प्रहारलाई लेखकले पात्रगत चरित्रकका आधारमा विश्लेषण गरेर सिद्ध गरेकाले लेख अनुसन्धानात्मक रहेको छ । सरल भाषामा लेखिएको उक्त लेख पठनयोग्य रहेको छ ।

## ४.७ छैटौँ अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) भवभूतिको नाट्यकला

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ९, अङ्क ६, २०५८) मा प्रकाशित छ । यस लेखका लेखक गोपीकृष्ण शर्मा रहेका छन् । दुई पृष्ठमा विस्तारित यस लेखमा शर्माले संस्कृत साहित्यमा शास्त्रीय नाट्यधाराका प्रवर्तक भवभूतिको नाट्यकलाको विश्लेषण गरेका छन् ।

भवभूति संस्कृत साहित्यमा शास्त्रीय नाट्यधाराका प्रवर्तक हुन् । कन्नौजका राजा यशोवर्माका सभापण्डित भवभूति भएकाले यशोवर्माले ई. ७३३ तिर कश्मिर नरेश मुक्तापीड ललितादित्यको अधीनता स्वीकार गरेको पाइएकाले भवभूतिको समय ईसाको ७०० को आसपास जन्म भएको हो भनी लेखमा बताइएको छ । काश्यप गोत्रीय ब्राह्मण कुलमा पिता नीलकण्ठ र माता जतुकर्णीका गर्भबाट जन्म भएका भवभूतिले आफ्नो पहिलो नाटक **महावीरचरित** को प्रस्तावनामा भट्ट श्रीकण्ठपद लाञ्छनो भवभूतिर्नाम' उल्लेख गरेकाले यिनको वास्तविक नाम चाहिँ श्रीकण्ठ भएको पुष्टि हुन्छ । भवभूति चाहिँ विशिष्ट काव्यकार भएकाले उपाधि दिइएको कुरा शर्माले यस लेखमा बताएका छन् ।

भवभूति व्याकरण, न्यायशास्त्र र मीमांशाका विद्वान् थिए । यिनले जम्मा तीन वटा नाटकहरू रचना गरेका छन् । जसमा (क) **महावीर चरित**, (ख) **मालतीमाधव**, (ग) **उत्तर राम चरित** रहेका छन् । ६ अङ्कमा रचित **महावीर चरित** नाटकमा रामको चरित्रलाई उदात्त र वीरभावले सम्पन्न हुने गरी वर्णन गरिएको छ । रामलाई आदर्श पुरुषका रूपमा चित्रण गरिएको यस नाटकमा रामले बलिको बध गरेका छन् । **मालतीमाधव** दश अङ्कमा रचिएको नाटकको हो । यो नाटकको कथावस्तु कवि कल्पनाप्रसूत रहेको छ । मुख्य रूपमा मालती र माधवको प्रेम प्रसङ्गका साथै समानान्तर रूपमा मकरन्द र दमयन्तिकाको प्रेमकथालाई यस नाटकमा प्रस्तुत गरिएको छ । तेस्रो नाटक **उत्तर रामचरित**मा सात अङ्क रहेका छन् । रामायणको उत्तरार्द्धलाई कथावस्तुको स्रोत बनाइएको यस नाटकमा भवभूतिको नाट्यप्रतिभा सर्वोच्च रूपमा प्रदर्शित रहेको छ भनी शर्माले विश्लेषण गरेका छन् ।

नाट्य कलाका दृष्टिले भवभूतिका नाटकहरू उत्कृष्ट देखिएका छन् । रस परिपाकका दृष्टिले भवभूति सिद्धहस्त नाटककार हुन् । करुण रसलाई मूख्य रस बनाएर लेखिएको उनको **उत्तर राम चरित** नाटकले उकृष्ट मूल्य प्राप्त गरेको छ । 'एको: रस करुण एव' भनेर भवभूतिले करुण रसलाई नै रसहरूको राजाको संज्ञा दिएर त्यसको सशक्त प्रयोग गरेर देखाइदिए । नाटकमा शृङ्गार र वीर मध्ये एक रस मुख्य हुनुपर्दछ भन्ने मान्यतालाई तोडेर करुण रसलाई नाटकका क्षेत्रमा स्थापित गर्न भवभूति सफल भएको कुरा लेखमा उल्लेख गरिएको छ ।

संस्कृत नाट्य साहित्यमा नाटककार कालिदासपछि भवभूतिको नाम उल्लेख्य रहेको छ । भवभूतिले शैली र चरित्राङ्कनको नयाँ रूप प्रस्तुत गरेका छन् । भवभूतिले प्रकृतिको उन्नत र भयङ्कर रूप ग्रहण गरेका छन् । सांसारिक र वास्तविक चरित्रलाई उपस्थापन गरेर भवभूतिले संसारले भोगेका घात प्रतिघातलाई रूपायित गर्न नाटकमा सक्षम देखिन्छन् । संस्कृत नाट्य जगत्मा भवभूतिको नाट्यकला गम्भीर प्रकृतिको मानिन्छ । विदूषक र हास्य पात्रको प्रवेश गराएर भवभूतिले शास्त्रीय नाट्यकलालाई उत्कर्षमा पुऱ्याउने काम गरेका छन् भनी बताउँदै शर्माले यस लेखको अन्त्य गरेका छन् ।

संस्कृत साहित्यका महान् साहित्यकार भवभूति नाटकीय क्षेत्रमा कुन रूपमा स्थापना भएका छन् भन्ने तथ्यलाई लेखमा पुष्टि गरिएकाले लेख गहन बन्न पुगेको छ । भवभूतिका नाटकहरूको सङ्क्षिप्त विवेचनाबाट उनलाई एक अद्वितीय नाटककार भनी लेखमा प्रामाणिक रूपमा सिद्ध गरिएको छ । त्यसैले प्रस्तुत समालोचनात्मक लेखले समालोचनाको धर्मलाई निर्वाह गर्न सफल छ ।

**(ख) रचना विधानका आधारमा 'तर कोपिला फक्रेन' कथाको विश्लेषण**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ९, अङ्क ६, २०५८) मा प्रकाशित छ । सुभाषचन्द्र न्यौपानेद्वारा रचित प्रस्तुत लेख तीन पृष्ठमा रचना गरिएको छ । यस लेखमा न्यौपानेले रमेश विकलको 'तर कोपिला फक्रेन' कथाको विश्लेषण गरेका छन् ।

आधुनिक नेपाली कथा परम्परामा प्रगतिवादी यथार्थवादी धारामा कलम चलाउने रमेश विकलले आधा दर्जनभन्दा कथा सङ्ग्रहहरू दिएर नेपाली कथाका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । समाजका निम्न वर्गका पात्रहरूलाई उभ्याएर समाजका पुराना मान्यताहरूलाई पन्छाई नयाँ मान्यताको स्थापनामा जोड दिने विकलले गरिब वर्गप्रति सहानुभूति र उच्च वर्गप्रति घृणाभाव व्यक्त गरेका छन् । आन्तरिक द्वन्द्वलाई जोड दिँदै मानवीय वेदना, पीडा, यौन कुण्ठा, विकृति आदिलाई उनले आफ्ना कथामा प्रस्तुत गरेका छन् । प्रगतिशीलताबाहेक उनका कथामा बाल मनोविज्ञान र स्वैरकल्पनाको प्रयोग पनि गरिएको छ । गुरूप्रसाद मैनालीपछि सबैभन्दा मीठो भाषाको प्रयोग गर्ने विकलका कथामा आर्थिक कारणबाट उत्पन्न समस्या, पात्रले भोगेका अन्धविश्वास, रुढिगत धारणा, सामाजिक विकृति र विसङ्गतिको प्रस्तुतिका साथै वेश्या, मगन्ते, शोषित, पीडित व्यक्तिको कारुणिक सजीव चित्रण गर्नुक साथै वर्तमान युगका जटिलता र यान्त्रिकताभित्र जेलिएको समाज र त्यस समाजमा विद्यमान वर्गद्वन्द्वको स्पष्ट चित्रण गरिएको छ भनी न्यौपानेले विश्लेषण गरेका छन् ।

प्रस्तुत 'तर कोपिला फक्रेन' कथा समाजको चित्रण भन्दा बाल मनोविज्ञानमा आधारित रहेको छ । यस कथामा बालकको पनि आफ्नै छुट्टै संसार हुन्छ । उसका पनि इच्छा, आकाङ्क्षाहरू हुन्छन् ।

उसका ती इच्छाहरू पूरा नहुँदा उसको मनोदशामा कस्तो आघात पर्छ र पछि त्यसको परिणाम कस्तासम्म हुन सक्दछ भन्ने वास्तविकतालाई देखाउनु यस कथाको मूल उद्देश्य रहेको कुरा लेखमा उल्लेख गरिएको छ । बालकमा सामाजिक समस्या र आर्थिक स्थितिको जानकारी हुँदैन । उसले आफ्नो सानो आवश्यकता पूरा नहुँदा ऊ मनोरोगी बन्छ र मृत्युवरण समेत गर्न पुग्दछ भन्ने सारवस्तुले यो कथा मनोवैज्ञानिक दृष्टिले सफल बन्न पुगेको छ भनी न्यौपानेले उल्लेख गरेका छन् । तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरेर लेखिएको यस कथामा कथाकारले सारवस्तुलाई अभिधात्मक रूपमा प्रस्तुत गरेका छन् । सुनौलो भविष्य लिएर जन्मेको बालकरूपी कोपिला फक्रन नपाई ओइलाएर झरेको सन्दर्भलाई जोड्दै कथाकारले बालकहरूका मागहरूलाई ध्यानमा राखेर उनीहरूलाई गाली गर्नु, कुट्नु भन्दा पनि सम्झाइबुझाइ गरेर मानसिक आघात पुऱ्याउनु हुँदैन भन्ने दृष्टिकोण व्यक्त गरेका छन् भनी न्यौपानेले बताएका छन् ।

वाक्यगठनका दृष्टिले सरल वाक्यहरूको प्रयोग गरिएको यस कथामा न्यून संवाद र पात्रको मनोदशाको विश्लेषण ज्यादा गरिएको छ । बाल मनो विश्लेषणमा आधारित यस कथामा सहरिया निम्न वर्गका जीवनको वास्तविकतालाई यथार्थ रूपमा चित्रण गर्नुका साथै आर्थिक विषमताका कारण एउटा बालकको मानसिक विचलनले मृत्युवरणसमेत हुन सक्ने सम्भावनालाई कथाकारले यस कथामा प्रस्तुत गरेका छन् भनी बताउँदै न्यौपानेले यस लेखको अन्त्य गरेका छन् ।

प्रस्तुत लेखमा 'तर कोपिला फक्रेन' कथालाई विश्लेषणात्मक रूपमा अध्ययन गरिएको देखिन्छ । यस कथाको भावलाई प्रस्तुत गर्दै लेखकले मनोवैज्ञानिक रूपमा उक्त कथा सफल रहेको कुरा सिद्ध गरेका छन् । विश्लेषणात्मक र गहन रूपमा अध्ययन गरेर लेखिएको उक्त लेखले शीर्षकीय विषयलाई सिद्ध गरेको छ । लेख सरल भाषा र विस्तृत चिन्तनमा आधारित रहेको छ ।

**(ग) प्रकृतवादी उपन्यासका रूपमा 'उपसंहार अर्थात् चौथो अन्त्य'**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ९, अङ्क ६, २०५८) सालमा प्रकाशित छ । यो लेख टङ्क भट्टराईले लेखेका छन् । चार पृष्ठमा लेखिएको यस लेखमा ध्रुवचन्द्र गौतमको **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासलाई प्रकृतवादी उपन्यास हो भनी भट्टराईले पुष्टि गरेका छन् ।

साहित्यका विभिन्न विधामा कलम चलाउने ध्रुवचन्द्र गौतमले नेपाली नाटक र उपन्यासका क्षेत्रमा नयाँ मोड र चिन्तन लिएर देखापरेका साहित्यकार हुन् । **अन्त्यपछि** (२०२४) उपन्यास लिएर देखापरेका गौतमले उपन्यासका क्षेत्रमा झन्डै एक दर्जनजति उपन्यासहरू लेखेका छन् । अन्याय, अत्याचार, अमानवीयता, शोषण, क्रूरता र अप्रजान्त्रिकतालाई उनले आफ्ना उपन्यासमा प्रस्तुत गरेका छन् भनी भट्टराईले उल्लेख गरेका छन् ।

ध्रुवचन्द्र गौतमको **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासले नवीन विषयलाई लिएको छ । राजनीतिक परिवर्तनपछि समाजमा आएको प्रभावलाई यसले ग्रहण गरेको छ । यस उपन्यासमा नयाँ प्रयोग र चिन्तनका अतिरिक्त प्रकृतवादी चिन्तनको बाहुल्यता रहेकाले प्रकृतिवादी दृष्टिबाट भट्टराईले यस उपन्यासको विश्लेषण गर्ने जमर्को गरेका छन् ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा लक्ष्मी, रवि, शिवराम जस्ता पात्रहरूमध्ये रवि मात्र सच्चरित्रको छ अरु सबै भ्रष्ट छन् । छेपारोले रङ बदलेजस्तै आफूलाई बदल्न सिपालु छन् । लक्ष्मीको नीच, पतित र चरित्रहीन व्यवहारबाट यो उपन्यास प्रकृतवादी बन्न पुगेको छ । लक्ष्मी ऊ यस उपन्यासको खलनायक हो । लक्ष्मी र रवि एउटै गाउँमा हुर्किएका र काठमाडौँमा पनि सँगै बसेका छन् । रवि सोझो, इमानदार छ भने लक्ष्मीकै भरोसामा बाँचेको छ । लक्ष्मी सुरुमा दुःखी भए पनि चाकडी र चम्चागिरी गर्ने प्रवृत्तिले शिवराजजस्तो भ्रष्ट व्यक्तिको पत्रिकामा काम गरेरप्रसादराजाको सहयोगले सम्पन्नशाली बन्दै गएको छ । सुरुमा जनआन्दोलनको प्रतिकार गर्न लागिपरेको लक्ष्मी प्रजातन्त्र आएपछि रातारात मखुन्डो बदलेर सत्ता र शक्तिको पछि लागेर पार्टी प्रवेश, टिकट प्राप्ति, विजय र अन्तमा प्रजातन्त्र प्राप्तिका लागि मरिमेट्ने रविजस्ता प्रजातन्त्रका महान् सेनानीहरूलाई प्रतिगामीको आरोप लगाएर गुन्डा लगाई दिनदहाडै छुरी धस्न लगाउने जस्ता अत्यन्त घटिया, नीच र अवसरवादी कार्यहरूमा ऊ स्वयम् सरिक बनेर आफ्नो नग्नता र आदिम दानवीय प्रवृत्ति देखाइरहेको छ । पूर्वदीप्तिको प्रयोग गर्दै उपन्यासमा उसले पाशविकता र अकर्मण्यताको बयान आफैँले गरेको कुरा लेखमा बताइएको छ ।

समयलाई ख्याल नराखी जीवनमा घृणित, अश्लील एवम् कुत्सित प्रसङ्गको चित्रण गर्नुपर्छ भन्ने प्रकृतवादी मान्यतालाई यस उपन्यासमा लक्ष्मीका माध्यमबाट उपन्याकारले प्रस्तुत गरेका छन् । रविजस्ता सोझा व्यक्तिका कविताहरू चोरेर सधैँ पुरस्कृत हुने लक्ष्मीले विभिन्न खाले कुकृत्यहरू समेत गर्दछ । उसले रुक्मिणी र उसकी छोरी सवितालाई समेत वेश्या बन्न बाध्य पारेको छ ।प्रसादराजाकी श्रीमती रोजिना र आफ्नो प्रिय साथी रविकी प्रेमिकासमेतलाई भुँडी बोकाएको छ । यसैगरी भक्तपुरको एउटा गरिब किसान परिवारलाई लोभमा फसाएर घुसका रूपमा पैसासमेत लिएको जस्ता अत्यन्त निन्दनीय र अमानवीय कार्यका साथै क्षुद्रता र दुष्टतापूर्ण कुकृत्यहरू थुप्रै गरेको कुरा भट्टराईले लेखमा उल्लेख गरेका छन् ।

फ्रायडवादी र डार्विनबाट प्रभावित प्रकृतवादी मान्यताअनुसार मानवीय जीवनको कुत्सित, दुर्गन्धित तथा नग्न यथार्थलाई यथातथ्यात्मक रूपले अभिव्यञ्जित गर्नु नै प्रकृतवादी साहित्यको मूलभूत प्राप्ति रहेको उल्लेख गर्दै गौतमले यस उपन्यासमा लक्ष्मीको चरित्रबाट यी कार्यहरू गराएर यस

उपन्यासलाई प्रकृतवादी उपन्यासका रूपमा प्रस्तुत गरेका छन् । जीवनका यथार्थलाई नजिकबाट तर वीभत्स रूपले देखाउनु यस उपन्यासको मूल विशेषता हो ।

उपन्यासमा लक्ष्मीका अतिरिक्त शिवराम रप्रसादराजा जस्ता भ्रष्ट र सामन्ती चरित्रको पनि नाङ्गो यथार्थ चित्रण गरिएको छ । मन्त्री र जी. एम्हरूको चाकडी गरेर पैसा झार्न सिपालु शिवराम अत्यन्त घटिया प्रवृत्तिको व्यक्ति हो ।प्रसाद राजा पनि सामन्त पात्र हो । गुन्डाहरू पालेर जन आन्दोलनलाई दबाउन ऊ पनि जस्तो सुकै हिंसा गर्न पनि तयार हुन्छ भनी भट्टराईले बताएका छन् ।

यस उपन्यासमा बलात्कारसँग जीवनलाई जोडेर निर्धा मानिसहरूलाई चुस्ने र आतङ्क फैलाउने जस्ता अत्यन्त तल्लो दर्जाका कामहरूको यथार्थ चित्रण गरिएको छ । यसमा २०४६ सालभन्दा केही अघिको समय पञ्चायत कालको चरम विसङ्गतिको अवस्था र प्रजातन्त्र प्राप्तिपछि पनि प्रजातन्त्रलाई दबाउने तिनै अवसरवादी र चाकडीवाजहरू चैते बनेर पार्टीमा छिरेको, देशलाई लुटेको, राजनीतिमा रवि जस्ता देशभक्त र मानवताको पुजारीलाई छुरी रोपिनु, लक्ष्मीजस्ता पतित र घृणित चाटुकारहरूले सत्ता र सम्पत्ति प्राप्त गरी देशमा पुनः हाली मुहाली गर्नु आदि विसङ्गतिबाट राजनैतिक मूल्य मान्यताको ह्रास भई मान्छेमा आदर्श निष्ठा र नैतिकताको मूल्य समाप्त भएको कुराको नमुना प्रस्तुत गरेको छ । यसबाट मान्छेमा आदिम र बर्बर प्रवृत्तिलाई बढी महत्त्व दिएर स्वयम् मान्छेले सृजना गरेको सामाजिक आचरण, नीतिनियमजस्ता कुरालाई जबर्जस्ती उखेलेर फाल्ने चेष्टाजस्ता प्रकृतवादमा उल्लिखित विशेषता र प्रवृत्तिलाई यस उपन्यासमा प्रस्तुत गरेको कुरा औँल्याउँदै भट्टराईले लेखको अन्त्य गरेका छन् ।

प्रस्तुत लेखले ध्रुवचन्द्र गौतमको **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासलाई प्रकृतिवादी उपन्यास हो भनी सिद्ध गरेको छ । लेखकले विभिन्न पात्रका चरित्रहरूको विस्तृत अध्ययनबाट उक्त कुरालाई प्रामाणिक रूपमा सिद्ध गरेका छन् । लेखको भाषा विवरणात्मक रहेको छ । निष्पक्ष रूपमा वस्तुपरक आधारमा लेखले सम्बन्धित विषयलाई गहन रूपमा प्रस्तुत गरेको छ । समग्रमा लेख पठनयोग्य छ ।

## ४.८ सातौँ अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) **'खैरनीघाट' उपन्यासमा आञ्चलिकता**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १०, अङ्क ७, २०५९) मा प्रकाशित छ । राधाकृष्ण भट्टराईद्वारा लेखिएको यो लेख तीन पृष्ठमा विस्तारित रहेको छ । शङ्कर कोइरालाद्वारा रचित **खैरेनी घाट** उपन्यासमा प्रयुक्त आञ्चलिकतालाई यस लेखमा भट्टराईले औँल्याउने काम गरेका छन् ।

काठमाडौँमा जन्मेका कोइरालाको साहित्यिक व्यक्तित्व बहुमुखी रहेको छ । विभिन्न विधामा कलम चलाएका कोइराला मुख्यतः उपन्यासकारका रूपमा प्रसिद्ध छन् । **खैरेनीघाट**, **डोरीको कुर्सी**, **दुई**

**ड्राइभर** जस्ता उपन्यासहरू प्रकाशित गरेका कोइरालाको यो उपन्यास २००८ सालमा चर्चित उपन्यास हो । रामेछाप र सिन्धुलीको सीमावर्ती खैरेनीघाट र त्यसका आसपासको जनजीवन, भौगोलिक स्थल, रीतिरिवाज, धर्म, संस्कृति एवम् दैनिक दिनचर्यालाई यस उपन्यासले यथार्थ रूपमा दर्साएकाले यो ययार्थवादी उपन्यास हो । यस उपन्यासले निश्चित भौगोलिक पर्यावरणलाई झल्काएकाले यसलाई आञ्चलिक उपन्यास भन्न सकिन्छ । त्यसैले यस लेखमा यस उपन्यासलाई आञ्चलिक उपन्यास भनी सिद्ध गर्ने कार्य गरिएको कुरा लेखमा भट्टराईले उल्लेख गरेका छन् ।

**खैरनीघाट** (२००८) उपन्यासको शीर्षकले जुन स्थान विशेषलाई सङ्केत गरेको छ, विषयवस्तु पनि तदनुरूप नै रहेको छ । सुनकोसीको किनार खैरनीघाटमा डुङ्गा चलाएर जीविका चलाउने माझीहरूको सांस्कृतिक परम्परालाई झल्काउनु र स्थानीयतामा जोड दिनुले विषयवस्तुअनुसार नै उपन्यास आञ्चलिक बनेको करा यहाँ उल्लेख गरिएको छ । उपन्यासमा भक्तवीरे, अर्जेलबाजे, अबिरे, कुर्के, वीरपर्सात, लुगेली, सुखरी, धुलिखेले साहु आदि पात्रहरूलाई समेट्ेर प्रत्येक माझीहरूको चरित्राङ्कन गर्ने जमर्को गरिएको छ । उपन्यासको कथावस्तु सच्चरित्रमा मात्र सीमित नभएर खराब चरित्रहरू पनि चित्रण गरिएको छ । समष्टिमा चरित्रका माध्यमबाट रामेछाप, सुनकोसी किनारको खैरनीघाट, गाउँ, दुम्बा, ज्यामिरेका मानिसहरूको दिनचर्या उपन्यासले प्रस्तुत गरेकाले उपन्यास आञ्चलिक रहेको पुष्टि हुन्छ ।

उपन्यास सार्वभौम परिवेशमा नलेखिएर स्थानीय परिवेशमा सीमित छ । कोथपे गाउँ नै उपन्यासको मुख्य भौगोलिक परिवेश हो । कोथपे गाउँका उकाली, ओराली, भञ्ज्याङ र खैरेनीघाटका भट्टी पसलहरूको चित्रण उपन्यासमा फोटोग्राफी रूपमा उतारिएको छ । माझी जातिको संस्कृति, रहनसहन र परम्परालाई प्राथमिकता दिएर उपन्यास लेखिएको छ । त्यहाँको भौगोलिक अवस्थाको प्राकृतिक पर्यावरण, जीवन चर्या, रहनसहन, सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक विषयवस्तु, स्थानीयता विशिष्ट चित्रणमा उपन्यास सजिएकाले पनि यो उपन्यास आञ्चलिक बन्न पुगेको देखिन्छ । स्थानीयता प्रदान गर्न कोइरालाले त्यहाँका मानिसहरूले बोल्ने स्थानीय कथ्य भाषाको प्रयोगले पनि उपन्यास आञ्चलिक बनेको कुरालाई लेखमा उल्लेख गरिएको छ ।

यसरी **खैरनीघाट** उपन्यास समग्र रूपमा आञ्चलिक बन्न पुगेको छ । कथानक, पात्रहरूको उपस्थापन, परिवेश, भाषाशैली आदिले यस उपन्यासलाई पूर्ण रूपमा आञ्चलिक बनाएका छन् । निश्चित भौगोलिक पर्यावरण, त्यहाँका जनजीवनको रहनसहन, सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक आदि पक्षहरूलाई संरचनात्मक, तथ्यात्मक र रेखाचित्रात्मक शैलीमा कलात्मकताका साथ **खैरेनीघाट**

उपन्यासले प्रस्तुत गरेकाले यसलाई सफल आञ्चलिक हुने श्रेय मिलेको हो भनी विश्लेषण गर्दै भट्टराईले यस लेखको अन्त्य गरेका छन् ।

प्रस्तुत लेखमा भट्टराईले कथानक, पात्र उपस्थापन, परिवेश र भाषाशैली आदिका आधारमा **खैरनीघाट** उपन्यास आञ्चलिक उपन्यास हो उदाहरण दिएर पुष्टि गरेका छन् । लेखको भाषा सरल छ । विश्लेषणात्मक विधिद्वारा लेखिएको यस लेखले उक्त उपन्यासलाई प्रामाणिक रूपमा आञ्चलिक भएको पुष्टि गरेको छ ।

**(ख) मैनालीको 'कर्तव्य' कथामा पाइने पुस्ताद्वयको द्वन्द्व**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १०, अङ्क ७, २०५९) मा प्रकाशित छ । यो लेख मधुसूदन रेग्मीले लेखेका छन् । तीन पृष्ठमा संरचित प्रस्तुत लेखमा रेग्मीले गुरूप्रसाद मैनालीद्वारा रचित 'कर्तव्य' कथामा पुरानो पुस्ता र नयाँ पुस्ताबीचको द्वन्द्वलाई केलाएका छन् ।

कथा साहित्यमा आधुनिकता भित्र्याउने गुरूप्रसाद मैनालीको **नासो** (२०२०) कथा सङ्ग्रहमा सङ्कलित एघार वटा कथाहरूमध्ये 'कर्तव्य' (लेखन १०८४, प्रकाशन १९९२) एक उत्कृष्ट कथा हो । यस कथामा गङ्गाधरका दुई छोराहरूको अमेल विचारले दुई पुस्ताबीच द्वन्द्व देखापरेको छ । कथामा मुरलीधर र श्रीधरका बीचमा रहेको द्वन्द्व बाह्य द्वन्द्व हो भनी यस द्वन्द्वकै सापेक्षतामा 'कर्तव्य' कथालाई विश्लेषण गर्ने काम रेग्मीले यस लेखमा गरेका छन् ।

गङ्गाधरको शेषपछि दुई छोराहरूका बीच भएको द्वन्द्व नै यस कथाको मुख्य विषय हो । जेठा मुरलीधर पुरानो पुस्ताका परिचायक हुन् भने श्रीधर नयाँ पुस्ताका रूपमा कथामा देखिएका छन् । मुरलीधरमा असल गुणहरू रहेका छन् भने श्रीधरमा खराब गुणहरू रहेका छन् । पूर्वीय धर्म दर्शनका मान्यताहरू अँगाल्ने मुरलीधर धर्ममा विश्वास राख्थे भने श्रीधरमा पाश्चात्य संस्कृतिका गुणहरू विद्यमान रहेका थिए । बाबुको मृत्युपश्चात् जिउनीका विषयमा दुईमा विवाद हुन्छ । मुरलीधर बाबुले मर्ने बेलामा दुवै छोराहरूले जिउनी आँधाआँधा बाँडेर खानु भनेकाले आधा जिउनी आफूले पाउनु पर्ने दाबी गर्छन् भने श्रीधर कानुनी रूपमा कुनै लिखित प्रमाण नभएकाले एकलौटी आफूले खाने निधो गर्छन् । उनीहरूका बीच विवाद चल्दा बुढापाकाहरूले धर्मलाई साँची राखी मुरलीधरले आधा पाउनु पर्ने विचार पोख्छन् भने युवाहरूले कानुनलाई आधार बनाएर लिखित प्रमाण नभएकाले र श्रीधरले बाबु पालेकाले एकलौटी खान पाउनु पर्ने विचार व्यक्त गर्दछन् । कानुनका हकमा मुरलीधरको मृत्यु हार भएको छ भने नयाँ पुस्ताको जित भएको कुरा लेखमा बताइएको छ ।

केही समयपछि श्रीधरको छोराको विवाहमा मुरलीधरलाई नबोलाए पनि उनी आफ्नो कुल, मर्यादा र इज्जत जोगाउन जन्त गएर बाबुले गर्नुपर्ने कर्तव्य पूरा गर्छन् । पुराना पुस्ताका परिचायक

मुरलीधरको उक्त व्यवहारले नयाँ पुस्ताको मुटु हल्लिन्छ । अन्त्यमा श्रीधरले वाक्युद्ध र कानुनी युद्धसमेत गरेर जितेको जिउनीको पिपले खेत आधा खानू भनेर भनेपछि सच्चा रूपमा पुराना पुस्ताको जित र नयाँ पुस्ताको हार भएको छ । श्रीधरले बिरामी पर्दा आफ्ना पार्टीका कार्यकर्ताहरूलाई नबोलाएर मुरलीधरलाई बोलाएकाले कथामा नयाँ पुस्ताले पुराना पुस्ताका अगाडि घुँडा टेकेको देखाएर कथालाई टुङ्ग्याएका छन् भनी रेग्मीले बताएका छन् ।

यसरी सच्चरित्रवान् व्यक्तिले केही समय दुःख कष्ट भोग्नु परे तापनि अन्त्यमा उसकै जित अवश्य हुन्छ । धैर्य र कर्तव्यलाई भने मानिसले कहिल्यै बिर्सनु हुँदैन भन्ने तथ्यलाई मैनालीले 'कर्तव्य' कथाका मुरलीधरका चरित्रका माध्यमबाट सामाजिक चेतना प्रस्तुत गरेका छन् भन्दै यस लेखको अन्त्य गरेका छन् ।

मैनालीको 'कर्तव्य' कथाको विशद् चर्चा गरेर लेखिएको यस लेखले उक्त कथामा प्रस्तुत द्वन्द्वलाई सफल रूपमा दर्साएको छ । पुरानो पुस्ता र आधुनिक पुस्ताबीचको द्वन्द्व भएको कुरा चर्चा गर्दै कथामा अन्त्यमा पुरानो पुस्ताको जित भएको तथ्यलाई लेखकले पाठका आधारमा सिद्ध गरेकाले यो लेख उत्कृष्ट बन्न पुगेको देखिन्छ ।

**(ग) महान् रुसी साहित्यकार म्याक्सिम गोर्की**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १०, अङ्क ७, २०५९) मा प्रकाशित छ । यो लेख रवीन श्रेष्ठद्वारा लेखिएको छ । पाश्चात्य साहित्यका रुसी साहित्यका एवम् समाजवादी यथार्थवादका संस्थापक म्याक्सिम गोर्कीको साहित्यिक व्यक्तित्वलाई यस लेखमा प्रस्ट पार्ने काम श्रेष्ठले गरेका छन् ।

रुसी समाजका जटिल राजनीतक,आर्थिक एवम् मानवीय स्वरूपको अध्ययन गरेर निम्नवर्गीय शोषित, पीडित वर्गका समस्याहरूलाई साहित्यका माध्यमद्वारा अभिव्यक्ति दिने गोर्की सोभियत कालका केन्द्रीय प्रतिभा हुन् । समकालीन रुसी राजनीतिप्रति कडा प्रहार गरेर उनले साहित्य सिर्जना गरेका छन् । रुसी साहित्यको सीमित दायराबाट उकास्दै आफूलाई विश्वविख्यात सर्वहारा साहित्यकारका रूपमा गोर्कीले स्थापित गरेका छन् । बाल्यकालमा नै मातृपितृको ममताबाट वियोग पीडा सहेका गोर्कीले जीवनमा धेरै दुःख र कष्ट सहनुपरेको थियो । औपचारिक रूपमा अध्ययन नगरी स्वअध्ययनबाट नै उनले प्रारम्भिक शैक्षिक जीवन बिताए । देशमा विभिन्न भागमा घुमन्ते जीवन बिताउँदा गोर्कीले बुद्धिजीवीहरूका माध्यमबाट मार्क्सवादको गहिरो अध्ययन गर्ने मौका पाए । यही मौका र घुमन्ते जीवनमा भोगेका पीडाहरूलाई साहित्यको रूप दिन थालेका गोर्की अन्ततः विश्वविख्यात साहित्यकार बन्न पुगे भनी समालोचनाको प्रारम्भमा बताइएको छ ।

म्याक्सिम गोर्कीले हजुर आमाबाट साहित्यमा लाग्ने प्रेरणा पाएका हुन् । जतिबेला गोर्की साहित्यमा प्रवेश गर्दै थिए, त्यसबेला रुसमा शोषण र अन्यायले चरम रूप लिँदै थियो भने अर्कातिर सर्वहारावर्गीय आन्दोलन पनि चल्दै थियो । गोर्कीले सर्वहारा पक्षमा आधारित भएर प्रारम्भमा कथा प्रकाशित गर्न थाले । १८८२ बाट कथालेखनबाट साहित्यमा प्रवेश गरेका गोर्कीको १८९८ मा पहिलो कथासङ्ग्रह प्रकाशित भयो । यस कथासङ्ग्रहले रुसमा मात्र नभएर विश्वमा नै कीर्ति जमायो । विभिन्न पत्रिकामा कार्य गर्दै सर्वहारा वर्गको सङ्घर्षलाई अगाडि बढाउने क्रममा १९०५ मा रुसी क्रान्तिमा सरिक भएकाले उनी जेलमा परे । देशभित्र र बाहिर दुवै क्षेत्रबाट विरोध जनाए पछि उनी जेलमुक्त भए र अमेरिकातिर प्रस्थान गरे । उनले अमेरिकामा पनि केही कथाकृतिहरू रचना गरे । जुन कथाहरूले विश्वविख्यात कीर्तिमान काम गर्न सफल भए । १९०९मा स्वदेश फर्की १९१७ को साम्यवादी क्रान्ति सफल नभएसम्म पत्रिकाको सम्पादक भई कार्य गरे । १९२२ मा पुनः बिदेसिएर १९२८ मा फिरे । १९३२ मा साहित्यमा समाजवादी यथार्थवादको सिद्धान्त प्रतिपादन गर्ने गोर्कीको हत्या जुन १८ १९३६ मा भएको थियो भनी लेखमा उल्लेख गरिएको छ ।

म्याक्सिम गोर्कीको साहित्यिक जीवनलाई श्रेष्ठले मुख्यतः तीन चरणमा छुट्याएर अध्ययन गर्ने जमर्को गरेका छन् । उनको पहिलो चरण सन् १८८२ देखि १८९९ सम्मलाई मानिएको छ । यस चरणमा गोर्कीले क्रान्तिकारी स्वच्छन्दतावाद हुँदै आलोचनात्मक यथार्थवादमा आधारित भई कथा लेखेका थिए । जीवनका अनुभूतिलाई समस्त रसियाली जनताहरूको अनुभवसँग तादात्म्य गराई उनीहरूको वास्तविक जीवन चरित्रलाई उनले कथामा उतारेका छन् । निम्न वर्गीय जनताको दुःख र वेदनाप्रति सहानुभूति प्रकट गर्नु र क्रान्तिकारीद्वारा हुन सक्ने सुनौलो भविष्यको सङ्केत गर्नु यस प्रथम चरणका गोर्कीका कथाका मूलभूत साहित्यिक विशेषता हुन् भनी श्रेष्ठले बताएका छन् ।

गोर्कीको साहित्यको दोस्रो चरण १८९९ देखि १९१७ सम्मलाई मानिएको छ । यस चरणमा गोर्कीले कथाभन्दा उपन्यास र नाटकमा कलम चलाएको पाइन्छ । यस चरणका उनका प्रमुख उपन्यासहरूमा **तीन मान्छेहरू**, **आमा**, **न्यायाधीश** आदि रहेका छन् । यस कालमा उनका केही संस्मरणहरू पनि प्रकाशित भएका छन् । गोर्कीको दोस्रो चरणको मात्र होइन, जीवनको सर्वाधिक महत्त्वपूर्ण ठानिएको उपन्यास **आमा** हो । यस चरणमा गोर्कीमा व्यङ्ग्यात्मक प्रवृत्तिको पनि विकास भएको छ भनी श्रेष्ठले उल्लेख गरेका छन् ।

गोर्कीको साहित्यक तेस्रो चरण १९१७ देखि १९३६ सम्म मानिएको छ । सोभियत सत्ताको स्थापनापश्चात् **मेरो विश्व विद्यालय**, **योगेर बुलिचिभ** जस्ता प्रसिद्ध आत्मसंस्मरण र केही उपन्यासहरू प्रकाशित भएका छन् । यस चरणमा सङ्ख्यात्मक रूपमा थोरै रचनाहरू लेखिए पनि यस कालका रचनामा वैचारिक र शैल्पिक परिपक्वता आएको छ । समाजवादी राजनैतिक विचारधारालाई साहित्यिक

स्वरूप प्रदान गरी साहित्यको आडमा समाजवादी साहित्य र शिक्षाको प्रचार गर्नु उनको यस चरणको मूलभूत विशेषता रहेको थियो भनी श्रेष्ठले बताएका छन् ।

गोर्की समाजवादी यथार्थवादका संस्थापक हुन् । उनले सोभियतकालको रुसी साहित्यलाई मात्र होइन, सिङ्गो रुसी साहित्यलाई र विश्व साहित्यलाई अविस्मरणीय योगदान दिएका छन् । मार्क्सवादी धाराको समालोचनात्मक विकासलाई ओज र आलोक प्रदान गर्न र प्रगतिवादी चिन्तन परम्परामा पनि योगदान दिनु गोर्कीको थप विशिष्टता हो भनी बताउँदै श्रेष्ठले यस लेखको अन्त्य गरेका छन् ।

यस लेखमा श्रेष्ठले गोर्कीलाई समाजवादी यथार्थवादका संस्थापक हुन् भन्ने तथ्यलाई उनको व्यक्तित्व र साहित्यिक पाटाहरूको विस्तृत चर्चा गरेर सिद्ध गरेका छन् । तार्किक र प्रामाणिक रूपमा लेखिएको उक्त लेखले गोर्कीको साहित्यिक व्यक्तित्वलाई चिनाउन सफल भएको छ । विश्लेषणात्मक विधि अँगालेर लेखिएको यस लेखमा अनुसन्धानात्मक धर्मलाई पालना गरिएको छ । लेखको भाषा सरल रहेको छ ।

## ४.९ आठौं अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) साहित्यका क्षेत्रमा यथार्थवादको पूर्वपीठिका

'साहित्यका क्षेत्रमा यथार्थवादको पूर्वपीठिका' नामक लेख **कुञ्जिनी** (वर्ष ११, अङ्क ८, २०६१) सङ्कलित भएको छ । यस लेखका लेखक तत्कालीन समयका नेपाली केन्द्रीय विभागका प्रमुख दयाराम श्रेष्ठ रहेका छन् । यस लेखमा श्रेष्ठले यथार्थवादले साहित्यमा प्रवेश पाउनुभन्दा अगाडिको यथार्थवादको पृष्ठभूमिको रेखाङ्कन कोर्ने काम गरेका छन् ।

वस्तुपरक दृष्टिको स्वीकृतिका लागि जन्मिएको यथार्थवाद साहित्यका क्षेत्रमा एउटा सशक्त आन्दोलन थियो । जीवनको वास्तविकताको चित्रण गर्दै सामाजिक चेतनालाई तीव्रता दिनु यस वादमा मूल सङ्कल्प हो । ईसाको १९ औं शताब्दीमा फ्रान्समा साहित्यिक आन्दोलनका रूपमा यस वादको जन्म भएको हो । यस वादको जन्मभूमिका पृष्ठभूमिमा दर्शनशास्त्र र चित्रकलाका क्षेत्रमा देखापरेका नयाँ विचार र दृष्टिकोणको भूमिका महत्त्वपूर्ण रहेको कुरा श्रेष्ठले बताएका छन् । यथार्थवादका प्रथम प्रयोक्ता इटलीका प्रसिद्ध मध्यकालीन दार्शनिक टमस एक्विनस हुन् । उनले आफ्नो दर्शनमा विश्वदर्शनका लागि वास्तविक वस्तुपरकतालाई अनिवार्य गुण मानेका थिए । यस सिद्धान्तलाई स्कटल्यान्डका दार्शनिक डङ्जकोस्टजले समर्थन गरेका थिए । मध्यकालको अन्त्यपछि ज्ञान र विज्ञानका क्षेत्रमा यथार्थवादी दृष्टिको महत्त्व बढ्दै गयो । दर्शनशास्त्रका क्षेत्रमा बरुच द स्पिनोचा, रेने डेकार्त र जोन लकले आदि तत्कालीन राजनैतिक, सामाजिक तथा आर्थिक चिन्तनमा नयाँ वैज्ञानिक दृष्टि प्रवेश गराए । सम्पूर्ण दार्शनिकहरू, विचारकहरू र वैज्ञानिकहरूले वस्तुमा निहित सत्यको खोजी गर्न थाले ।

यही वस्तुपरक दृष्टि १९ औँ शताब्दीमा आएर फ्रान्सेली यथार्थवादको पृष्ठभूमि बन्यो भनी श्रेष्ठले बताएका छन् ।

दार्शनिक बुद्धिवादलाई पनि यथार्थवादको जन्मको पूर्वपीठिका मानिएको छ । यथार्थवादको जन्मका लागि प्रेरणा दिने दार्शनिक चिन्तकहरूमा फ्रान्सका अगस्त कोम्त, जर्मनीका लुदविग फायरबाखलाई महत्त्वपूर्ण मानिन्छ । फायरबाखका परवर्ती चिन्तकहरूमा दार्शनिक चिन्तक द्वय काल मार्क्स र फ्रेडरिक एन्जेल्सका सिद्धान्तले पनि यथार्थवादको वैचारिक चिन्तनलाई बलियो बनाएको छ । दर्शनका रूपमा परिपक्व भई समाजशास्त्रहरूमा प्रवेश गरेपछि चित्रकलाका क्षेत्रमा यथार्थवादले प्रवेश पाउँछ । फ्रान्सका लुइस जेक्विस मन्डे दागरद्वारा आविष्कृत फोटोग्राफीले तात्कालिक कलाकारहरूलाई यथातथ्य, चित्रणपरक र यथार्थनिष्ठ शैली अँगाल्न प्रेरित गऱ्यो । यथार्थवादी चित्रकलामा देखिएका यी प्रवृत्तिहरू साहित्यिक यथार्थवादमा पनि रूपान्तरित भए । फ्रान्सका कुर्बेले यथार्थवादी चित्रहरूको प्रदर्शनी गरेपछि यो वाद साहित्यमा प्रविष्ट भएको हो । जसको परिणामस्वरूप फ्रान्सका उपन्यासकार चम्फ्लुअरीले साहित्यमा यथार्थवादको श्री गणेश गरे । उनीलाई यथार्थवादका अगुवा मानिन्छ भनी लेखमा बताइएको छ ।

यसरी यथार्थवादको जन्म चम्फ्लुअरीबाट भएपछि फ्रान्सकै एडमन्ड डुरान्टेको सम्पादनमा रियलिज्म पत्रिका प्रकाशित भयो र यहीँ नै साहित्यमा औपचारिक यथार्थवादको स्थापना भयो । १८५७ मा प्रकाशित गुस्ताफ फ्लावेयरको **म्याडम बोभरी** भन्ने उपन्यासमा यथार्थवादको प्रथम प्रयोग भएकाले उनलाई नै प्रथम फ्रान्सेली यथार्थवादी उपन्याकारका रूपमा मानिन्छ भनी यहाँ बताइएको छ । समाजशास्त्रबाट चित्रकलालाई प्रभावित पार्दै यो वाद साहित्यका क्षेत्रमा मानकका रूपमा स्थापित भएको थियो । यस वादको मूलधार भौतिकवादी दर्शन हो । त्यसैले यस वादको स्वरूप निर्माणमा वैज्ञानिक उन्नतिको प्रमुख भूमिका रह्यो भनी श्रेष्ठले उल्लेख गर्दै यस लेखको अन्त्य गरेका छन् ।

यस लेखमा दयाराम श्रेष्ठले यथार्थवादको प्रारम्भ हुनुका कारणहरू सत्यतथ्य रूपमा प्रस्तुत गरेका छन् । तिथिमिति समेत दिएर श्रेष्ठले लेखलाई प्रामाणिक बनाएका छन् । सरल रूपमा विश्लेषणात्मक विधि अँगालेर लेखिएको उक्त लेखले समालोचकीय धर्मलाई पूर्ण रूपमा पालना गरेको छ । यथार्थवाद प्रारम्भ हुनुका मूल कारकहरूलाई यस लेखमा दर्साएकाले पाठकलाई लेखको मर्म बुझ्न अप्ठ्यारो पर्दैन । लेख विश्वसनीय खालको छ ।

**(ख) संस्कृत गद्य साहित्यका उत्कृष्ट प्रतिभा वाणभट्ट**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ११, अङ्क ८, २०६०) मा प्रकाशित छ । ३ पृष्ठमा संरचित यो लेख मुक्तिनाथ ढकालले लेखेका छन् । यस लेखमा ढकालले संस्कृत गद्य साहित्यको सर्वेक्षण गर्दै यस गद्य साहित्यमा वाणभट्टको स्थानलाई निर्धारित गर्ने काम गरेका छन् ।

संस्कृत साहित्य विश्वका साहित्यमध्ये एक समृद्ध साहित्य हो । आर्ष सभ्यतालाई मुखरित गर्दै गद्य र पद्य विधामा स्रष्टाहरूले प्रतिभा प्रस्तुत गरे । यस समयमा साहित्येतर पक्षमा गद्यको प्रयोग हुँदै ब्राह्मण ग्रन्थ, आरण्यक र उपनिषद् आदिमा गद्यको यात्रा अगाडि बढ्यो । पद्यका तुलनामा गद्य साहित्य पछि सुरु भएको हो । सुबन्धुले ईसाको छैटौँ शताब्दीमा आएर **वासवदत्ता** गद्य साहित्य लेखे । यहीँबाट गद्य साहित्यको प्रारम्भ भयो । यसै क्रममा दण्डी, वाणभट्ट जस्ता स्रष्टाहरूले गद्य साहित्यलाई विकसित र पल्लवित गरे भनी लेखको प्रारम्भमा बताइएको छ ।

गद्य साहित्य परम्परामा उत्कृष्ट प्रतिभाका रूपमा देखिएका वाणभट्टले मुख्यतः **हर्षचरित**, **कादम्बरी** र **चण्डीशतक** तीन कृतिहरू लेखेका छन् । हर्षचरित वाणभट्टको प्रथम गद्यरचना हो । यो सत्य इतिहासमा आधारित कृति हो । आठ उच्छ्वासमा संरचित यस कृतिमा हर्षदेवको चरित्रलाई अलङ्कृत काव्यमय शैलीले सजाएर प्रस्तुत गरिएको छ । कादम्बरी संस्कृत साहित्यको सर्वोत्कृष्ट गद्य रचना हो । गुणाढ्यको **बृहत्कथा**लाई आधार मानेर लेखिएको यो कृति वाणले प्रखर प्रतिभाद्वारा सिर्जना गरेका छन् । यस कृतिको वर्णन विविधतामय छ । शृङ्गार रस प्रधान रहेको यस कृतिमा परिष्कृत प्रेमको चित्रण गरिएको छ । तत्कालीन सामाजिक संरचनाको छायाछवि, वर्ण व्यवस्था, सामाजिक संरचना, सांस्कृतिक संरचना, सती प्रथा आदि विभिन्न वस्तुस्थितिको सफल प्रस्तुति यस कृतिमा गरिएको छ । रस प्रवणता, वक्रोक्तिमय अभिव्यञ्जना, आनुप्रासिक समस्त पदावली, आलङ्कारिकता, साङ्गीतिक निनादमय अभिव्यक्ति, अनन्त शब्दराशि, चमत्कृत वर्णन शैली आदि विशेषता यस कृतिमा देखिएका छन् भनी ढकालले बताएका छन् ।

**चण्डीशतक** १०० श्लोकमा रचित पद्यकाव्य हो । भगवतीको स्तुतिगानम गरिएको यस कृतिमा स्रग्धरा छन्दको प्रयोग गरिएको छ । विभिन्न अलङ्कारहरूको संयोजन, समास बहुल पदविन्यासले **कादम्बरी**को भाषा ओजपूर्ण बनेको छ । भाव र भाषा, शब्द र अर्थको उचित संयोजन, तीव्र भावाभिव्यक्ति गद्य काव्यको यथार्थ महत्त्व अन्य कारणले नभई कवित्व एवम् रसमय प्रवाहका कारणले भएको हो । कृतिमा शब्दहरूको विपुलता, मनोहर वाक्य प्रबन्ध, अत्यन्त स्वाभाविक र प्रसङ्गानुकूल संवाद, अजस्र कल्पनाले यो कृति उल्लेखनीय र महत्त्वपूर्ण बनेको छ ।

शैलीगत दृष्टिले उनले शब्द र अर्थ, भाव र भाषाको समुचित समन्वय गरेका छन् । विषयअनुरूप शब्दको प्रयोग, मौलिक कल्पना, सुरुचिपूर्ण अभिव्यक्ति, अक्लिष्ट श्लेष, स्फुट रस, प्रबन्ध

पदावली, व्यक्तिको मानसिकताको यथातथ्य चित्रण र अभिनव अर्थको कल्पनाले वाणलाई गद्य शैलीका उत्कृष्ट प्रतिभाका रूपमा मानिन्छ । यसैगरी वाणले यस कृतिमा प्रकृतिको चित्रण विशद्, सजीव र अत्यन्त आकर्षक पारामा गरेका छन् । प्रकृति चित्रणबाट वाणको सूक्ष्म शक्तिको परिचय प्राप्त हुन्छ । वाणले प्रकृतिको रौद्र, भयानक, कोमल आदि रूपको समेत चित्रण गरेका छन् भनी यस लेखमा बताइएको छ ।

यसरी उपर्युक्त विभिन्न कारणहरूले वाण संस्कृत गद्य साहित्यका सर्वोच्च धरोहर हुन् । बाल्यावस्थामा रहेको संस्कृत गद्य साहित्यलाई उनले पूर्ण यौवनावस्थामा पुऱ्याउने काम गरेका छन् । गद्यकाव्यको उच्चता, यसमा प्रकट गरिने भावाभिव्यञ्जना, आलङ्कारिक छटा आदिको उदाहरणमा उनको **कादम्बरी** कृति उपस्थित छ । यसैले गर्दा वाण गद्य साहित्यका एक सफल प्रयोक्ता हुन् भन्ने पुष्टि हुन्छ भन्दै ढकालले यस लेखको अन्त्य गरेका छन् ।

प्रस्तुत लेखमा वाणभट्टलाई संस्कृत साहित्यका उत्कृष्ट गद्य कविका रूपमा सिद्ध गरिएको छ । वाणभट्टका तीन वटा कृतिहरूमा प्रयुक्त विषय, शैली, भावका आधारमा उनलाई उत्कृष्ट कवि हुन् भनी सिद्ध गरिएकाले लेख तथ्यमा आधारित छ । सरल भाषाको प्रयोग गरेर लेखिएको उक्त लेख पठनयोग्य पनि रहेको छ ।

**(ग) 'तरुण तपसी'मा अलङ्कार विधान**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष ११, अङ्क ८,२०६०) मा प्रकाशित छ । यस लेखका लेखक किरण सापकोटा हुन् । तीन पृष्ठमा संरचित यस लेखमा सापकोटाले लेखनाथ पौड्यालको चर्चित खण्डकाव्य **तरुण तपसी**मा प्रयुक्त अलङ्कारहरूको अध्ययन गरेका छन् ।

जीवनका झन्डै ६१ वर्ष खर्चेर नेपाली साहित्यलाई योगदान दिएका लेखनाथले **ऋतुविचार**, **बुद्धिविनोद**, **सत्यकलि संवाद**, **अमरज्योतिको सत्य स्मृति**, **तरुण तपसी**, **मेरो राम**, **लालित्य** (भाग १ र २) जस्ता उत्कृष्ट खण्डकाव्यहरू रचेका छन् । नेपाली साहित्यलाई **तरुण तपसी** जस्तो जीवन दर्शनको इतिवृत्त प्रस्तुत गर्ने महाकाव्यधर्मी काव्य प्रदान गरेका छन् । परिष्कारवादी काव्य चेतबाट अनुप्राणित उनले काव्यको भाव र शिल्प दुवै पक्षमा परिष्कार तथा परिमार्जन गर्ने नयाँ काव्यिक कार्यको थालनी गरे । सामाजिक, आध्यात्मिक, दार्शनिक विषयवस्तुमा काव्य सिर्जना गरी काव्यशास्त्रअनुसार गुण, छन्द, रस, रीति, अलङ्कार, ध्वनिका मर्मको परिधिलाई आत्मसात गर्दै काव्य सिर्जना गर्ने लेखनाथले भावपक्षलाई जोड दिएका छन् भनी लेखमा बताइएको छ ।

लेखनाथले काव्यमा भावोत्कर्षका लागि अलङ्कारको प्रयोग गरेका छन् । त्यसैले **तरुण तपसी** कृति अलङ्कारको भण्डार नै रहेको छ । अलङ्कार प्रयोगमा लेखनाथ उपमा र उत्प्रेक्षा अलङ्कारको

बढी प्रयोग गर्दछन् । यी अलङ्कारका अतिरिक्त काव्यमा दृष्टान्त, अर्थान्तरन्यास, स्वभावोक्ति, अतिशयोक्ति, समाशोक्ति, सन्देश, अनुमान, श्लेष, संसृष्टि, सङ्कर, उल्लेख, सहोक्ति, आक्षेप, विभावना, विषम, विकल्प, प्रत्यनिक, प्रतीप, भाविक, अपह्नुति, परिकर, परिणाम आदि अलङ्कारहरूको संयोजन गरेका छन् ।

सापकोटाले यस लेखमा छेकानुप्रास, श्रुत्यानुप्रास, अन्त्यानुप्रास, यमक, उपमा, अपन्हुति, अर्थान्तरन्यास, समासोक्ति, उत्पेक्षा, रूपक, विषयम, विकल्प, भाविक, उल्लेख, स्वभावोक्ति, व्याघात, सन्देह, प्रतीक, सहोक्ति, स्मृति, आक्षेप, प्रत्यनिक, गूढोक्ति, अन्योन्य, संसृष्टि, सामान्य, विभावना, विशेषोक्ति, परिकर, परिणाम आदि अलङ्कारहरूको प्रयोगको उदाहरण पेस गर्दै यस्ता विभिन्न अलङ्कारको प्रयोग भए तापनि काव्य कृत्रिम बनेको छैन । यी अलङ्कारहरू भावको संयोजनका क्रममा स्वतःस्फूर्त रूपमा आएका हुन् । यी अलङ्कारहरूले काव्यको भावपक्षलाई जोड दिएका छन् । जसले काव्य सौन्दर्यले बढाएको छ भन्दै सापकोटाले यस लेखको अन्त्य गरेका छन् ।

यस लेखमा किरण  सापकोटाले **तरुण तपसी**मा प्रयुक्त अलङ्कारहरूलाई केलाउने काम गरेका छन् । अलङ्कारहरूको उदाहरण दिँदै सापकोटाले विश्लेषणात्मक विधिलाई अँगालेर लेख लेखेका छन् । शीर्षकीय उद्देश्यलाई लेखको विषयवस्तुले पूर्ण रूपमा समेटेको छ । लेखको भाषा सरल रहेको छ ।

## ४.१० नवौँ अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) 'अनुराधा' उपन्यासमा प्रयुक्त मनोविश्लेषयीय मनोविन्दुहरू

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १२, अङ्क ९, २०६१/०६२) मा पहिलो क्रममा प्रकाशित भएको छ । यो लेख प्रा. राजेन्द्र सुवेदीले लेखेका हुन् । यस लेखमा सुवेदीले विजय मल्लको **अनुराधा** (२०५९) उपन्यासमा प्रयोग भएका मनोक्रियाहरूको विश्लेषण गरेका छन् ।

**अनुराधा** उपन्यासका स्रष्टा विजय मल्लले यस उपन्यासमा मनोरचनाका प्रेरक तत्त्वलाई प्रयोग गरेका छन् भन्दै सुवेदीले ७ प्रकारका मनोक्रियाहरूको उल्लेख गरेका छन् । उपन्यासको आरम्भमा कोमलमानभित्रको अहम् कुण्ठित भएको छ । **अनुराधा**मा रहेको अहम् चाहिँ उच्चाहम्ले ग्रसित भएको कुरा बताइएको छ । अनुराधाको आत्मकथाबाट रूप र सौन्दर्यको मोह प्रकट भएको देखिन्छ । उसमा म केही हुँ भन्न उच्चाहम्ले परपीडनको रूप धारण गरेको कुरा उल्लेख गरिएको छ । मेरो गर्व र स्वाभिमानका सामु सबै विलयन बनेका छन् भन्ने कुरा अनुराधाको अहम्मा आरोहित भएको देखिन्छ भनी सुवेदीले बताएका छन् । परदमनको गर्वबाट पीडित अनुराधाको उच्च अहम् उर्ध्वगमनको शिकार बनेको छ । अर्काको अस्तित्व जलाउन चाहने अनुराधा स्वरतिको ज्वालाबाट आफैँ ध्वस्त बन्दै गएको कुरालाई सुवेदीले औँल्याएका  छन् ।

यौनाकाङ्क्षाका क्षति र पूर्तिका प्रतिवस्तु र प्रतिकार्यहरू पनि उपन्यासमा रहेको सन्दर्भ कोट्याउँदै अनुराधाकी आमाले व्यापारी पतिबाट टाढा बस्दा अनुभव भएको सहजीवनको क्षतिलाई छोरी अनुराधालाई रत्नमानको पाशविक यौनभोगमा बली प्रदान गरेर आपूर्ति भएको बोध गरेकी छ । मनोवैज्ञानिक दृष्टिले प्रस्तुत हुने दण्डव्यवस्था स्वपीडन र परपीडनका आधारमा व्यवस्थित भएअनुरूप अनुराधाकी आमाले परपीडनका माध्यमबाट खोजेकी छ । अनुराधामा चाहिँ आफ्नो अपेक्षित पतिवरणको अवसर क्षति भएकाले रत्नमान र उसका परिवारप्रति नै प्रतिशोधको भावना जागृत हुन्छ । अनुराधाको स्वभित्र निहित कामाशक्ति रत्नमानलाई लोग्ने मान्नाले क्षति भएको छ र त्यसको पूर्ति अनुराधाले समुद्रमानबाट गरेकी   छ । उमेरको असमानताले उत्पन्न वैषम्यबोधले रत्नमान दण्डित छ । पत्नीले भाइसँग स्वतन्त्र र एकान्त विचरण गरेपछि रत्नमानमा पुरुष अहम् अत्यन्त आहत बन्दछ र ऊ पुरै दण्डित  हुन्छ । यिनै कारणले अनुराधाको अचेतन तहको उच्चाहम् प्रतिशोधको कारक बनेको कुरालाई सुवेदीले औँल्याएका छन् ।

यसरी समग्रमा भन्दा मनोवैज्ञानिक दृष्टिले प्रस्तुत उपन्यास सफल र सुललित बन्न सकेको छैन । उपन्यासको कथ्यका संवाहक केन्द्रहरू स्वयम् विश्वसनीय बन्न सकेका छैनन् । अनुराधा थाहा पाएर पनि परपीडक र विक्षिप्त बनेको घोषणा गर्दछे भने कोमलमान कोमलमान पनि थाहा पाइपाइ स्वपीडक र पलायित बनेको घोषणा गर्दछ । उपन्यासकारले आफ्नो योजना सम्पन्न गर्ने प्रयोगशालाका रूपमा उपन्यासलाई प्रयोग गरेकाले उपन्यासको मौलिक र स्वाभाविक मर्म खल्बलिएको कुरा सुवेदीले बताएका छन् ।

मनोवैज्ञानिक सन्दर्भमा उपन्यासकार विजय मल्लको **अनुराधा** उपन्यासमा मानव चेतना, लैङ्गिक विषम र सम संवेदना, प्रतिशोध र क्षतिपूर्तिको अवस्था, स्वपीडन र परपीडनको सम्भावनालाई निकै सन्तुलन पहिल्याउन प्रयत्न गरेको कुरालाई सुवेदीले औँल्याउँदै यस लेखको अन्त्य गरेका छन् ।

प्रस्तुत लेखमा सुवेदीले **अनुराधा** उपन्यासमा प्रयुक्त मनोविश्लेषणीय विन्दुहरूलाई विस्तृत चर्चा गरी प्रस्ट्याएका छन् । निकै लामो आयाममा लेखिएको यस लेखमा उक्त उपन्यासका पात्रका कोणबाट मनोविश्लेषणका विन्दुहरूलाई पुष्टि गरिएको छ । विश्लेषणात्मक र तार्किक भाषाको प्रयोग गरी लेखिएको यो लेखले लेखकको उद्देश्यलाई पूर्ण रूपमा व्यक्त गर्न सफल भएको छ ।

**(ख) उत्तर आधुनिकवाद र यसको स्वरूप**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १२, अङ्क ९, २०६१/०६२ मा प्रकाशित छ । यो रमेश भट्टराईद्वारा लिखित समालोचनात्मक लेख हो । १० पृष्ठमा फैलिएको यस लेखमा भट्टराईले उत्तर आधुनिक वादका बारेमा विश्लेषण गरेका छन् ।

उत्तर आधुनिक वाद आधुनिक युगका चिन्तक, दर्शन र राजनीतिको विरोध गर्दै देखापरेको चिन्तन हो । यो वाद ल्योतारकोब, बौद्रिलार्द्र, मिसले फुको, ज्याक डेरिडा, फ्रेडरिक जेम्सनका चिन्तनमा आधारित छ । यसलाई बढाउने काम युरोप र अमेरिकाका बुद्धिजीवी आदिले गरेका छन् । यसले सहरिया समाजका सबैलाई स्पर्श गरेको छ भनी भट्टराईले बताएका छन् ।

पश्चिममा बीसौँ शताब्दी पूर्वको इतिहासमा आधुनिकतावादी आन्दोलन चल्यो । रुसी क्रान्ति, औद्योगिक क्रान्ति एवम् मार्क्सवादले तत्कालीन समयको संस्कृतिमा ज्यादा प्रभाव पार्‍यो । पुँजीवादको अन्त्य भएपछि राज्यराष्ट्रहरूको उदय र विकासले राष्ट्रिय संस्कृतिको जन्म भयो । यहीँ सन्दर्भमा मार्क्स, फ्रायड र आइस्टाइनका विचारहरू स्थापित भए । शैलीमा नयाँ पन, विचारको केन्द्रीयता, गम्भीरता, यथार्थ, सत्यप्रतिको मोह जस्ता कुराले आख्यानको विकास भयो । यस बेलाका महान् साहित्यकारहरूले भ्रमलाई भन्दा सत्यलाई जोड दिए । यही परिप्रेक्ष्यमा उत्तर आधुनिक युगको विकास भयो भनी भट्टराईले बताएका छन् ।

उत्तर आधुनिक वाद मार्क्सवादको विरोधमा आएको चिन्तन हो । यसको परिभाषा पर्याप्त र बहुलता छ । आधुनिक युगपछिको समयलाई नै उत्तर आधुनिक युग भनिन्छ । उत्तर आधुनिक वादलाई बुझाउन अहिले सूचना समाज, उत्तर औद्योगितावाद, सूचना युग आदि शब्दको प्रयोग पनि भएका पाइन्छन् । उत्तर आधुनिकता उत्तर पुँजीवादी युगको विचार, दर्शन र सामाजिक अवस्था पनि हो भनी भट्टराईले यस वादलाई चिनाएका छन् ।

यो वाद कुनै पनि विषयको गहनता, केन्द्र सार्वभौमिकता विरोधी र संसारका सबै वस्तु अस्थायी छन् । संस्कृति, जाति र बहुलतामा विश्वास, ज्ञान र शक्तिको आधारमा व्यक्तिलाई हेर्ने हुनाले यसको चरित्र पुँजीवादी रहेको कुरा बताइएको छ । उत्तर आधुनिकतावादका मूल चिन्तक फुको हुन् र उनको सत्ताको सङ्कथन नै मूल चिन्तन भनिएको छ । यसैगरी ल्यातोडले 'ला कन्डिसन पोसटमोडर्न' कृतिमार्फत उत्तर आधुनिकताको धारणा प्रस्तुत गरेका छन् । यसलाई विकास गर्नमा बौद्रिलार्दको उपभोक्तावादी संस्कृति, जेमसनको वृद्ध पुँजीवादीको सांस्कृतिक तर्क, पुकियामाको इतिहासको अन्त्यको धारणा आदिले प्रशस्त भूमिका खेलेका छन् भनी लेखमा उल्लेख गरिएको छ ।

उत्तर आधुनिकवादको चिन्तन र दर्शनपछि यसको मूल क्षेत्र समालोचना र साहित्य नै हो । उत्तर आधुनिकतावादी समालोचना मूलतः डेरिडा र फुकोको दर्शन, लकानको मनोविश्लेषण, जुलिया क्रिस्तेभाको नारीवाद, जेमसन र इगलटनको उत्तर मार्क्सवादी अवधारणा, पल डे म्यानको प्रतिरोध सिद्धान्त, नित्सेको महामानवको अवधारणा र निराशावादी दर्शन, हाइडेगरको भाषिक खेल, आल्थसर, एडोर्नो आदिको नव मार्क्सवादी सिद्धान्तमा आधारित रहेको कुरा बताइएको छ । समालोचनाका क्षेत्रमा

यो वाद उत्तर संरचनावादका रूपमा प्रकट भएको छ । विधा भञ्जन, विधा मिश्रण एवम् क्वाँटी प्रवृत्तिलाई यसले दर्साउँछ । शैलीमा र रूपमा जोड दिने यो समालोचनाले खण्ड खण्डमा कृतिको विश्लेषण गर्न रमाउँछ र भाषा, पाठ, अर्थ निश्चितता, अर्थ भिन्नता, द्विचर विरोधजस्ता शब्दावलीमा खेल्दै कृतिको विश्लेषण गर्दछ । कृतिको केन्द्र भत्काउने, पाठभन्दा पर अर्को कुनै अर्थ नखोज्ने, साहित्यलाई उपभोक्तावादको सन्दर्भबाट हेर्ने प्रवृत्ति यस वादमा पाइन्छ। पाठकीय दृष्टिविन्दुको समर्थन, कृतिको जीवन मूल्यको रूपमा विरोध पक्षको समर्थन, इतिहासको विरोध, कृतिको सांस्कृतिक र कलात्मक गरिमालाई भाँचभुच गर्ने यस वादका प्रमुख विशेषता हुन् भनी भट्टराईले उल्लेख गरेका छन्।

उत्तर आधुनिकतावाद सार्वभौमिक दर्शनको विरोधी रहेको छ र यसले मूलतः व्यक्तिवादी र विखण्डित समाजका पक्षमा वकालत गरेको छ। यसले ठूला आख्यानलाई खराब र साना आख्यानलाई असल मानेको छ । स्थानीय राजनीतिको समर्थन, स्थानीय सङ्घर्षको समर्थन, यथार्थको विरोध, इतिहासको मूल स्वरूपको विरोध गरी ज्ञानविज्ञानको सत्यलाई नकार्ने उत्तर आधुनिकतावाद उत्तर पुँजीवादी निराशाको अभिव्यक्ति हो भन्दै यसलाई नेपाली समालोचकहरूले बाह्य रूपमा मात्र दर्शाएर भ्रम उत्पन्न गर्ने काम गरेकाले यसको व्याख्या र विश्लेषण हुन अझैँ बाँकी रहेको कुरालाई भट्टराई उल्लेख गरेर यस लेखको अन्त्य गरेका छन्।

यसरी प्रस्तुत लेखमा भट्टराईले उत्तर आधुनिक वादको प्रारम्भ, स्वरूप र मान्यतालाई गहन रूपमा प्रस्तुत गरेका छन् । लेखको भाषा सरल रहेको छ । लेखले उत्तर आधुनिकताको स्वरूप र विशेषताहरूलाई प्रस्ट रूपमा दर्साएको छ । सत्यतथ्यात्मक रूपमा उदाहरणहरूसमेत दिइएको उक्त लेख पठनयोग्य छ। समालोचनाको धर्मलाई पूर्ण रूपमा पालना गरेर लेखिएकाले उक्त लेख उत्कृष्ट समेत बन्न पुगेको छ।

**(ग) कवि लेखनाथ पौडेलको 'मेरो कैशोर' कविताका विषय र प्रवृत्तिहरू**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १२, अङ्क ९, २०६१/०६२) मा प्रकाशित छ । उर्मिला शर्माद्वारा लिखित यो लेख यस अङ्कको पृष्ठ १४९ देखि १५२ सम्म फैलिएको छ। यस लेखमा शर्माले लेखनाथ पौडेलको 'मेरो कैशोर' कवितामा प्रयुक्त विषय र यस कविताका माध्यमबाट लेखनाथका प्रवृत्तिहरूलाई केलाउने काम गरेकी छन्।

आधुनिक नेपाली कविताका प्रवर्तक लेखनाथ पौडेल वर्णमात्रिक छन्दका शीर्षस्थ कवि हुन् । मात्रिक छन्दमा समेत कविता लेख्ने लेखनाथले **ऋतुविचार** (१९७३-१९९१) प्रकृति काव्य र **तरुण तपसी** नव्यकाव्य क्रमशः अनुष्टुप् छन्द र शिखरिणी छन्दमा रचना गरेर नेपाली प्रकृतिको तन्मय चित्रण, नेपाली राष्ट्रियताको अभिव्यक्ति, सामाजिक असङ्गतिको विरोध र त्यसमा सुधारको सत्य सन्देश,

आध्यात्मिक नीतिवादी चेतना, मानवतावादी स्वर जस्ता विशेषताहरू प्रस्तुत गरेका छन् भनी उर्मिला शर्माले भनेकी छन् ।

'मेरो कैशोर' लेखनाथले जीवनको अन्तिम प्रहरतिर लेखेको कविता हो । स्रष्टा असी वर्ष पुगेपछि आफ्ना किशोरावस्थालाई फर्किएर हेर्दा कस्तो देख्छ भन्ने तथ्यले यस कवितामा काव्यात्मक सौन्दर्य प्राप्त गरेको छ । आफ्नो जन्मथलो अर्चलेलाई सम्भँदै कविले सेतीगण्डकीको प्राकृतिक रूपको वर्णन समेत कवितामा गरेको कुरा लेखमा उल्लेख गरिएको छ । साथीभाइसँगको बाल्यक्रीडा, आमाको मातृवाल्सल्य र बाबुको सङ्गतलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको यस कवितामा कविले मानव जीवनमा सबैभन्दा लोभलाग्दो र उत्तम क्षण किशोरावस्था हो । यो अवस्थाले सर्वसाधारणलाई प्रभावित मात्र पार्दैन, कवि तथा कलाकारहरूका लागि त यो समय कवित्व र कलाकारिताको उत्तम क्षण हो भनी कवितामा उल्लेख गरेका छन् भनी बताइएको छ । लेखनाथले उक्त कवितामा बालमनोविज्ञान, स्वभाव, व्यवहार र अनुभवहरूलाई प्रकृतिसँग समन्वित गरेर काव्यात्मक उत्कर्ष प्रदान गरेका छन् भनी शर्माले बताएकी छन् ।

यसै गरी कविले कवितामा असी बर्से जीवनमा जन्मभूमिको असीम माधुर्य, जननीको ममता र जनकको कर्तव्यको पनि स्मरण गरेको कुरा उल्लेख छ । कविले नेपाली सामाजिक मूल्य, आदर्श, राष्ट्रियता र प्रकृति चित्रणको सौन्दर्यलाई यस कवितामा दर्साएका छन् । आफ्नो जन्मस्थल, साथीभाइ, डाँडाकाँडा, नदी र जीवनशैलीको चित्रण गरेर राष्ट्रवादी कविको दायित्व पूरा गरेका छन् भनी लेखमा बताइएको छ । सानो अभिव्यक्तिमा कविले पूर्ण संसार देख्न सक्छ भन्ने उदाहरण लेखनाथले यस कवितामा प्रस्तुत गरेका छन् भनी शर्माले विश्लेषण गरेकी छन् ।

कवितामा विचार, भाव र शिल्पको समन्वय पाइन्छ । तत्सम शब्दहरूको प्रचुर मात्रामा प्रयोग गरिएको यस कवितामा परिष्कारवादी मूल्यलाई दर्साइएको छ । विषयको क्रम, प्रकृतिको मानवीकरण, आलङ्कारिक शब्द संयोजनमा लेखनाथले महत्त्व दिएका छन् । प्रत्येक पाठकलाई व्यक्तिगत र मानवीय कैशोरको स्मरण गराउन सफल लेखनाथको 'मेरो कैशोर' कविता विषय र काव्य वैशिष्ट्यको प्रयोगका दृष्टिले पनि उदाहरणीय मानिएको छ भन्दै उर्मिलाले यस लेखको अन्त्य गरेकी छन् ।

यसरी लेखनाथको 'मेरो कैशोर' कविताको विषय र प्रवृत्तिलाई यस लेखमा विस्तृत रूपमा चर्चा गरिएको छ । यस कविताको भावलाई पाठकसमक्ष पुऱ्याउन लेखिका सफल भएकी छन् । सरल र प्रस्ट भाषामा उदाहरणहरू सहित दिइएको यो लेख विश्लेषणात्मक विधि अँगालेर लेखिएको छ । समग्रमा लेखले शीर्षक अनुसारको विषयलाई सत्यतथ्य रूपमा उद्घाटन गर्न सफल रहेको छ ।

**(घ) माध्यमिक कालीन नेपाली नाटक : एक चर्चा**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १२, अङ्क, ९, २०६१/०६२) मा प्रकाशित छ । यस लेखका लेखक सुनिल पोखरेल हुन् । पाँच पृष्ठमा फैलिएको यस लेखमा पोखरेलले माध्यमिक कालीन नाटकका चरणका साथै नाटकीय प्रवृत्तिलाई केलाउने कामसमेत गरेका छन् ।

मोतीराम भट्टको आगमनपूर्व नेपाली नाट्य जगत्मा लोक नाटकको परम्परा, अनूदित नाटकहरू छिटफुट रूपमा देखिएका छन् भने वि. सं. १९४४-०४८ मा आएर भट्टले **शकुन्तला** नाटक प्रकाशित गरे । यही नाटकबाट नै माध्यमिक कालको प्रारम्भ भएको हो । माध्यमिक कालको समयावधि १९४४ देखि १९८५ सम्म रहेको छ । यस समयावधिमा लेखिएका नाटकहरू र नाटककारहरूको विवरण प्रस्तुत गर्दै पोखरेलले यस कालका नाटककारहरूले माध्यमिक कालीन नाटकलाई जीवन्त तुल्याएको कुरा लेखमा बताइएको छ । माध्यमिक कालीन समयमा नाटकका क्षेत्रमा नवीन मौलिक नलेखिए तापनि केही नाटककारले अनुवाद गर्ने क्रममा कसैले पात्रको नेपाली करण, कसैले स्थानको नेपाली करण गरेर आंशिक मौलिकता झल्काए । जुन कार्यले मौलिक आधुनिक नेपाली नाटकको विकासका लागि पृष्ठभूमिको कार्य गरेको कुरा पनि यहाँ बताइएको छ ।

पोखरेलले माध्यमिक कालीन नाटकको परम्परालाई पनि दुई भागमा विभाजन गर्दै वि. सं. १९४४ देखि १९६० सम्मको समयावधिलाई पूर्व माध्यमिक काल र १९६० देखि १९८५ सम्मको समयावधिलाई उत्तर माध्यमिक काल भनी अध्ययन गरेका छन् । पूर्व माध्यमिक कालमा नाटकको लेखन र मञ्चन भए पनि प्रकाशन भने कम भएको पाइन्छ । थिएटर परम्पराको विकास, संस्कृत, हिन्दी, उर्दू आदि भाषाका प्रसिद्ध नाटकहरूको अनुवाद हुनु, धार्मिक, औपदेशिक, शृङ्गारिक धारामा केन्द्रित हुनु यस चरणका मुख्य विशेषता बताउँदै पोखेरेले यस चरणका केन्द्रीय प्रतिभाका रूपमा मोतीराम भट्ट, तीर्थप्रसाद आचार्य, मेदिनीप्रसाद रेग्मी हुन् भनी उल्लेख गरेका छन् ।

उत्तर माध्यमिक कालमा आएर पाश्चात्य वियोगान्त शैलीको नाटक **अटल बहादुर** (१९६०) लिएर पहलमान सिंह स्वाँर देखापरे । यस नाटकले शृङ्गारिक, औपदेशिक र धार्मिक धारालाई तोड्दै वियोगान्त, विद्रोही तथा मौलिक नाट्य लेखनको सम्भावनालाई देखाएको छ । सेक्सपियरको **ह्याम्लेट** नाटकको अनुवाद गरिएको **अटल बहादुर** नाटकमा पात्र, स्थान र परिवेशलाई मौलिकता दिने काम गरिएको छ । यस चरण मुख्य नाटककारहरूमा पहलमान सिंह स्वार, शम्भुप्रसाद ढुङ्गेल, केदार शमशेर थापा, पारसमणि प्रधान, सूर्य विक्रम ज्ञवाली, मैयासिंह गजमेर आदि रहेका छन् भन्दै यी नाटककारहरूका नाटकहरूको उल्लेख समेत यहाँ गरिएको छ ।

माध्यमिक कालमा मुख्य रूपमा अनुवाद रूपान्तरण परम्परा, थिएटर परम्परा र वियोगान्त नाट्यधाराको परम्परा अगाडि बढेको देखिन्छ । यी धाराहरू बाहेक माध्यमिक कालमा केही धार्मिक,

आध्यात्मिक, शृङ्गारिक, सामाजिक, हास्यव्यङ्ग्यात्मक धारालाई अँगालेर पनि केही नाटककारहरूले नाटकहरू लेखेको कुरा यस लेखमा उल्लेख छ । यस कालमा प्रायजसो नाटकहरूमा सामाजिक आदर्शलाई प्रस्तुत गरिएको छ । जीवन यस्तो हुनुपर्छ भन्ने सन्देशका साथै नैतिकता, अनुशासन र आध्यात्मिकतालाई समेत स्थापित गर्न खोजिएको छ । असत् पक्षमाथि सत् पक्षको विजय देखाई आदर्शमय समाज र मान्छेको स्थापना गराउन यी नाटक प्रवृत्त छन् । मूलतः आशावादी र आस्थावादी जीवन दृष्टि माध्यमिक कालीन नाटकमा अभिव्यक्त भएका छन् भनी पोखरेलले बताएका छन् ।

माध्यमिक कालीन नाटकहरू मूलतः पूर्वीय नाट्य सिद्धान्तमा आधारित छन् । यस कालका नाटकमा फारसी थिएटरको प्रभाव पनि अत्यधिक परेको छ । दरबारमा मनोरञ्जनका लागि मञ्चित गरिने भएकाले अतिरञ्जना, कृत्रिमता आदिको प्रयोग पनि यस बेलामा नाटकमा गरिएको छ भन्दै पोखेलले लेखको अन्त्य गरेका छन् ।

प्रस्तुत लेखमा माध्यमिक कालीन नाटकका विशेषताहरूलाई केलाइएको छ । यस कालका नाटक र नाटककारहरूको चर्चा समेत गरिएको यस लेखले माध्यमिक कालका नाटकीय विशेषताहरूलाई सफल रूपमा दर्साउन सफल छ । लेखको भाषा विश्लेषणात्मक रहेको छ । लेखकीय उद्देश्यलाई लेखकले यस लेखमार्फत प्रस्तुत गर्न सफल भएका छन् ।

## ४.११ दसौं अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) लोकसाहित्य, तीजका गीत र नारीका पीडा

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १३, अङ्क १०, २०६२/०६३) मा प्रकाशित छ । यो लेख उपप्रा ज्ञाननिष्ठ ज्ञवालीद्वारा लेखिएको हो । यस लेखमा ज्ञवालीले सामान्य रूपमा लोकसाहित्यको परिचय दिँदै तीजका गीतमा अभिव्यक्त नारी पीडालाई प्रस्तुत गरेका छन् ।

सर्वसाधारण जनताको कोमल मनोभावनालाई व्यक्त गर्ने सरस भाव, सरल भाषा भएको, विभिन्न चाड तथा पर्वमा मनोरञ्जनका समयमा प्रसङ्गानुकूल गाइने, सुनाइने वा देखाइने लोक व्यवहारमा प्रचलित विभिन्न लोककथा, लोकगीत, लोक नृत्य आदिले युक्त साहित्यलाई लोक साहित्य भनिन्छ । समाजको मस्तिष्क वा प्राणस्वरूप मौखिक रूपले जीवित भइरहेको अलिखित वाङ्मय नै लोकसाहित्य हो । लोकसाहित्यलाई जनताले विभिन्न रूपमा अभिव्यक्त गरेको पाइन्छ । यसमा लोकजीवनका प्राचीन सभ्यता तथा संस्कृतिहरू समाविष्ट भएका हुन्छन् । गाउँबासीहरूले रचेका भए पनि यो सबैको स्वतस्फूर्त अभिव्यक्ति हो । मौखिक रूपमा अगाडि बढ्दै आएको लोक साहित्यमा समाजका तितामिठा अनुभव, दुःखसुखका उच्छ्वास, पीडा एवम् वेदनाहरू प्रकट भएका हुन्छन् भनी सङ्क्षिप्त रूपमा लोकसाहित्यको परिचय दिइएको छ ।

लोक साहित्यका अनेक शाखाहरूमध्ये लोकगीत निकै लोकप्रिय मानिएको छ । गेयात्मकता र श्रुतिमाधुर्य रहेको लोकगीतको स्रष्टा सिङ्गो समाज नै हो । लोकमानसले आफ्ना दुःख, सुख, हर्ष, विस्मात्, उल्लास एवम् विरहका अभिव्यक्तिहरू लोकगीतका माध्यमबाट व्यक्त गरेको पाइन्छ । देशका सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक, धार्मिक आदि अनेक महत्त्वपूर्ण पक्षहरू झल्किने लोकगीतमा पारिवारिक जीवनको आदर्श, भाइ बहिनीहरूको स्नेह, साथी सँगीहरूको माया एवम् हार्दिकता, दाम्पत्य जीवनका सुखदुःख, हाँसोपीडा, बिलौना, उन्मादजस्ता क्रियाकलापहरूको प्रशस्त छनक पनि पाइन्छ । लोकगीतमा जेजति भावनाहरू व्यक्त भएका छन् ती अन्य विधामा व्यक्त भएका पाइँदैनन् । लोकगीत नै समाजको ऐना हो, जसको सहाराले लोक जीवनको छविलाई उतार्न सकिन्छ भनी ज्ञवालीले बताएका छन् ।

लोकगीत अन्तर्गत तीजका गीतहरू पनि पर्दछन् । तीजे गीतमा प्रायः नारी पीडा व्यक्त भएका हुन्छन् । हाम्रो समाज पुरुष प्रधान मानिएका कारण ग्रामीण समाजका नारीहरूमाथि आइपर्ने विभिन्न बाध्यता, पीडा अनि जटिल परिस्थितिहरूको अभिव्यक्ति उनीहरूले तीजका अवसरमा खासगरी तीजका अवसरमा माइती घर जान पाए भने धक फुकाएर गाउने तीजका गीतहरूमा स्पष्ट झल्किन्छ । यस्ता तीजका गीतहरूमा नारीहरूले बाल्यवस्थमा शैक्षिक अवसरबाट वञ्चित भएका, सहरिया सभ्यताको वैवाहिक जीवनमा बाँधिए पश्चात् झेल्नु परेका जटिल समस्या, दाम्पत्य जीवन बिताउने सन्दर्भमा नयाँ ठाउँका साथीहरू, नौलो सभ्यता र परिस्थितिसँग जुध्नु पर्दाका पीडाहरू, आफ्नो जन्मस्थान, मातापिताको ममता, साथीभाइ इष्टमित्र सबैलाई चटक्क छाडेर पराइ घर जानु पर्दाका वेदना, परम्परागत ढर्राका सासूहरूले आधुनिक बुहारीबाट पाएको दुःखानूभूति, समाजमा रहेको छोरा र छोरीमा गरिने असमान व्यवहार आदि अभिव्यक्त भएका पाइन्छन् । नारीहरूका जेजस्ता व्यथाहरू भए पनि महान् पर्व तीजका अवसरमा उनीहरूले दिल खोलेर व्यक्त गर्न पाउने छुट भएकाले तीजका गीतहरू जन्मिएका हुन् । यद्यपि तीजका गीतमा नारीका सुखद् पक्षहरू पनि गाइन्छन् । तीजका गीतले समाज सुधारको चाहना पनि राखेको हुन्छ । मान्छेका जीवनमा उकाली, ओराली, सुख, दुःख, संयोग, वियोग, हाँसो, आँसु निरन्तर आउने जाने गर्दछन् । मूलतः नारीहरूले यिनै विविध पक्षलाई बिसाउने चौतारीका रूपमा तीजका गीत आउने भएकाले यी गीतहरूको निकै महत्त्व रहेको बताउँदै ज्ञवालीले यस लेखको अन्त्य गरेका छन् ।

लोकसाहित्यका विशेषता, लोकगीत र तीज गीतमा नारीहरूका पीडाहरूलाई यस लेखमा लेखकले प्रस्तुत गरेका छन् । विभिन्न स्थानमा गाइने तीज गीतका विशेषताहरूको चर्चा गर्दै तीजमा विशेष गरी नारीहरूले आफ्ना पीडाहरूलाई व्यक्त गर्दछन् भन्ने कुरा लेखमा उदाहरण दिएर पुष्टि

गरिएको छ । सरल भाषाको प्रयोग गरेर लेखिएको यो लेख अनुसन्धात्मक रहेको छ । तीज गीतका विशेषताहरूलाई पाठक समक्ष सम्प्रेषण गरिएको यो लेखमा समालोचनाको धर्मलाई पूर्ण रूपमा पालना गरिएको छ ।

**(ख) कवि सम र उनको 'स्वर्ग र देवता' कविता**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १३, अङ्क १०, २०६२/०६३) मा प्रकाशित छ । यो लेख योगेन्द्र पौड्यालले लेखेका छन् । यस लेखमा पौडेलले बालकृष्ण समको सामान्य परिचय दिँदै उनको 'स्वर्ग र देवता' कविताको विश्लेषण गरेका छन् ।

वि. सं. १९५९ मा काठमाडौँ जन्मेर औपचारिक रूपमा आई. एस्सी. सम्मको अध्ययन गरेका समले वि. सं. १९६७ बाट औपचारिक रूपमा साहित्यिक यात्रा प्रारम्भ गरेका हुन् । नेपाली साहित्यमा नाटक क्षेत्रमा ख्याति कमाएका समले निबन्ध, कथा, कविताका क्षेत्रमा समेत कलम चलाएका छन् । उनी एक सफल कलाकार, अभिनेता, चित्रकार र कुशल निर्देशक पनि हुन् । बालकृष्ण समको कविता यात्रालाई यस लेखमा दुई चरणमा विभाजन गरिएको छ । वि. सं. १९६७ देखि २००३ सम्मको समयावधिलाई पूर्वार्ध चरण र २००४ सालदेखि २०३८ साल सम्मको समयावधिलाई उत्तरार्ध चरण मानिएको छ । पूर्वार्द्ध चरणमा रचिएका उनका कविताहरूले आफ्नो कवि व्यक्तित्वको खोजको लामो क्रमलाई समेटेका छन् भने उत्तरार्द्ध चरणमा रचिएका कविता/काव्य कृतिहरूले आर्ष निरीश्वर अध्यात्मचेतको प्रतिनिधित्व गरेका छन् । गद्य कवितात्मक लयमा कविता रच्ने समले उत्तरार्द्ध चरणमा **आगो र पानी** खण्डकाव्य, **चिसो चूह्लो** महाकाव्य जस्ता कृतिहरूको रचना गरेर कविता विधामा पनि सर्वोच्चता प्राप्त गरेका छन् । सत्तरी बर्से लामो काव्य साधनामा उनले वर्णमात्रिक छन्दका साथै अन्त्यानुप्रास विहीन अनुष्टुप् छन्दको प्रयोग गरेका छन् । उनले लगभग अढाइ सय फुटकर कविताहरू, एक खण्डकाव्य र एक महाकाव्यको रचना गरेका छन् । परिष्कार र परिमार्जित भाषाशैलीद्वारा मानवतावाद, नैतिक, सूक्तिचेत, सामाजिकता, प्रगतिवादी चेत, राष्ट्रियता आदि विशेषताहरू कवितामा व्यक्त गरेका छन् भनी पौडेलले लेखमा बताएका छन् ।

बालकृष्ण समको 'स्वर्ग र देवता' वि. सं. २००४ सालमा **शारदा** पत्रिकामा प्रथम पटक प्रकाशित कविता हो । प्रकृतिलाई मानवीकरण गरी सूक्ष्म आख्यानका माध्यमबाट यस कवितामा प्रगतिवादी चेत व्यक्त गरिएको छ । स्वार्थी प्रवृत्तिले गर्दा मान्छेले मान्छेलाई नै शत्रु बनाएर ध्वंशात्मक बाटोतिर लागेको कुरा कवितामा व्यक्त भएको छ । प्रतीकात्मक रूपमा सूर्यलाई बाबु, प्रकृतिलाई आमा र जनतालाई केटाकेटीका रूपमा उभ्याएर समले कवितामा मानव जातिको अवस्थालाई प्रस्तुत गरेका छन् । तृतीय पुरुष कथन शैलीमा लेखिएको यस कवितामा कविले भौतिक र अध्यात्मवादको समन्वयमा मात्र मानवतावाद रहन सक्छ भन्ने चिन्तनलाई प्रस्तुत गरेका छन् भनी पौडेलले यस लेखमा उल्लेख गरेका छन् ।

प्रेम, दया, क्षमा, सहानुभूति, सहिष्णुता जस्ता गुणहरूलाई अध्यात्मवादको प्रतीक ठान्दै समले यी गुणहरूलाई विज्ञानको अभूतपूर्व प्रगतिमा समावेश गरेर विशिष्ट मानव समाजको निर्माण गर्न सकिन्छ भन्ने मान्यता अगाडि सारेका छन् । मानव जातिमा रहेका क्रोध, ईर्ष्या, अहङ्कारजस्ता मानवीय स्वभावलाई आगोको रूप दिँदै त्यस्ता खराब आचरणहरूलाई पानी रूपी अध्यात्मवादले निभाउनु गर्ने धारणा पनि कवितामा व्यक्त भएको छ । वैज्ञानिक आविष्कारहरूको होडबाजीले राष्ट्र राष्ट्र बीच बढ्दै गएको वैमनस्यलाई प्रस्तुत गर्दै मानवले सद्भावना, सहिष्णुता, सहयोगिता आदि स्वभावको विकास गर्नुपर्ने विचार पनि कवितामा व्यक्त भएको छ । विश्व बन्धुत्व र विश्वशान्तिको आधारमा मात्र वैज्ञानिक सुख प्राप्त हुन्छ भन्दै प्रगतिवादी चेतलाई पनि समले व्यक्त गरेका छन् भनी लेखमा बताइएको छ ।

प्रस्तुत 'स्वर्ग र देवता' कविताका माध्यमबाट कवि समले भौतिकवाद र अध्यात्मवादको समन्वयमा मात्र मानवको हित हुने कुरा बताएका छन् । परिमार्जित एवम् परिष्कार युक्त लेखन, उच्च मानवताको स्थापनामा जोड, सुन्दर, स्वच्छ मानव समाजको परिकल्पना, हिंशाले जन्माएको जटिलताप्रति तीव्र असन्तुष्टि, प्रगतिवादको प्रकटीकरण, प्रकृतिको मानवीकरण सहित सूक्ष्माख्यानयुक्त लेखन, मानवीय व्यवहारको सुधार र भौतिक अध्यात्मवादको चिन्तनमा मानवतावादको प्रस्तुतिजस्ता विशेषताहरूले 'स्वर्ग र देवता'ले समको कवित्त्वलाई मूल्यवान् बनाएको छ भन्दै पौडेलले यस लेखको अन्त्य गरेका छन् ।

यसरी समको 'स्वर्ग र देवता'को मूल भावलाई यस लेखमा प्रस्तुत गरिएको छ । विभिन्न प्रतीकहरूको सन्दर्भसहित विस्तृत व्याख्या गरेर लेख लेखिएको छ । लेखमा समले उक्त कवितामा व्यक्त गरेको भावलाई पौड्यालले उदाहरणहरू दिएर पुष्टि गरेकाले लेख तथ्यात्मक  छ । सरल भाषाको प्रयोगले लेख उत्कृष्ट बनेको छ ।

**(ग) महाकवि देवकोटाको 'ज्वर शमना प्रकृति' कविता : सङ्क्षिप्त विश्लेषण**

नेपाली साहित्यका विविध विधामा कलम चलाउने देवकोटा प्रथमतः कवि हुन् । नेपाली काव्य जगत्लाई सम्पन्नता तुल्याउने देवकोटा नेपाली साहित्यमा स्वच्छन्दतावाद भित्र्याउने सहप्रवर्तक हुन् । प्रकृतिका पुजारी र मानवतावादी रहस्यवादी कवि देवकोटाले प्रकृतिका विविध रूपको चित्रण गरेका छन् । 'ज्वर शमना प्रकृति' देवकोटाको २०१३ सालको उत्कृष्ट कविता  हो । प्रस्तुत कवितामा कविले प्राणी मात्रमा आइपर्ने बाह्य ज्वर (ताप) र मानव मात्रमा गुम्सिएको आन्तरिक ज्वर (ताप) दैन्य र पीडाको शमन प्रकृतिद्वारा नै हुने मूल भावाभिव्यक्त गरेका छन् । प्रस्तुत कविता ६ भाग, १४ अनुच्छेद र ११० पङ्क्तिमा निर्माण भएको छ । १६ अक्षरे प्रसिद्ध झ्याउरे लयमा रचना गरिएको यस कवितामा अनुप्रासको प्रयोग स्वतस्फुर्त र स्वाभाविक रूपमा गरिएको छ । समध्वन्यात्मक स्वरव्यञ्जन वर्णको आवृत्तिमय अनुप्रासीयताले कविता श्रुतिमाधुर्य र सरस बनेको छ भनी भूसालले लेखमा उल्लेख गरेका छन् ।

जेठको प्रचण्ड घाममा ज्वराक्रान्त कागहरू गर्मीको हपहपी मार्न पूर्वतिर हानिएका र 'म' पात्र पनि ज्वरोबाट आक्रान्त महसुस गरी मानसिक ज्वर शमन गर्न शीतल कुञ्जको खोजमा रहेको सूक्ष्माख्यानबाट कविता प्रारम्भ भएको छ । गर्मीसँगै प्रकृतिको परिवर्तन र वादलको आगमनसँगै वर्षा भई प्रकृतिको उष्णता शमन भएको विन्दुमा कविता समाप्त भएको छ । यसरी व्यक्त सूक्ष्माख्यानमा कविले मौसममा आएको परिवर्तनलाई 'म' पात्रको भोगाइका अनुभूति शृङ्खलामा समेट्दै प्रकृतिविरही मानव समाज दैन्य, कलह, अशान्ति र लोभले आक्रान्त भएको, प्रकृतिको पूर्णताबोध भएपछि र प्रकृतिका काखमा पुगेपछि सांसारिक ज्वरबाट मुक्ति पाउने अध्यात्मवादी स्वच्छन्दतावादी एवम् रुसोको प्रकृतितर्फ फर्क भन्ने दार्शनिक चिन्तनलाई पुष्टि गरेका छन् । यसरी मानवीय र मानवेतर सबैको ज्वरशमन गर्ने शक्ति केवल प्रकृतिमा रहेको कुरा कवितामा बताइएको छ भनी भूसालले लेखमा बताएका छन् ।

यसरी नै प्राणी र वनस्पतिको ज्वरनिदान गरेर प्रकृतिले दयाभाव देखाएको, जलविन्दुप्रपातद्वारा गुन्जन र शीतलतारूपी आनन्द सबै जीव र वनस्पतिले ग्रहण गरेका, आत्मापरात्माको विविधताभित्रको एकत्वको भाव सञ्चरण गर्दै कविले पूर्वीय दर्शनलाई प्रस्तुत गरेका छन् । जैविक वा बाह्य तापज्वरसँग समानान्तर रहेको अर्न्तज्वलन वा मानसिक तप्ततालाई प्रस्तुत गर्दै कविले प्राकृतिक सरलता, सौहार्द्रता र विश्वबन्धुत्वको भावना जागृत गराएका छन् । मान्छेको कुत्सित भावनाले उसका अन्तरमा ज्वर उत्पन्न भएको छ । दुर्गन्धित हृदय भएको कुत्सित मानव प्रकृतिको वियोगमा दिवान्ध बन्न पुगेको छ । त्यसैले आज मान्छे सुख र सन्तोषको खोजीमा हिँडिरहेको छ । कवितामा प्रकृतिको स्वाभाविक चित्रणका साथै असाधारण, असामान्य भूमिका वा प्रकृतिको सम्पन्नता, जैवीय चक्रको चिन्तन र मौसमसँगको साधर्म्य बोधपश्चात् मानव मस्तिष्कमा चढेको सांसारिक वा अतिभौतिक ज्वर पनि शमन भएको भाव व्यक्त भएको छ भनी लेखमा उल्लेख गरिएको छ ।

विभिन्न प्रतीकहरूका माध्यमबाट गर्मीको पृष्ठभूमिमा कविमा चढेको तापलाई विषयवस्तु बनाइएको यस कवितामा विभिन्न अलङ्कारहरूको पनि प्रयोग भएको छ । प्रकृतितर्फको यात्रा मानव लागि कल्याण कारक छ भन्दै कविले आध्यात्मिक, प्रकृतिवादी जीवन दृष्टिको प्रतिपादन गरेका छन् भन्दै भूसालले यस लेखको अन्त्य गरेका छन् ।

यसरी यस लेखमा देवकोटाको 'ज्वर शमना प्रकृति' कविताको विशद् चर्चा गरिएको छ । लेखकले समालोचकीय धर्मलाई पूर्ण रूपमा निर्वाह गर्दै उक्त कविताको विस्तृत विवेचना गरेका छन् । कवितामा व्यक्त भएको भावलाई कविताको विषयवस्तुका आधारमा सिद्ध गरेर लेखलाई तथ्यात्मक

बनाइएको छ । सरल भाषाको प्रयोगले सम्प्रेषणीय धर्मलाई निर्वाह गरेको उक्त समालोचनात्मक लेख उत्कृष्ट रहेको छ ।

## ४.१२ एघारौँ अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) विश्वेश्वरप्रसाद कोइराला : आधुनिक नेपाली कथामा तटस्थ शिल्पी

प्रस्तुत लेख **कुन्जिनी** (वर्ष १४, अङ्क ११, २०६३/०६४) मा प्रकाशित छ । यस लेखका लेखक प्रा. डा. हरिप्रसाद शर्मा रहेका छन् । यस लेखमा शर्माले आधुनिक कथाका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने साहित्यकार विश्वेश्वरप्रसाद कोइरालालाई प्रजातान्त्रिक समाजवादी राजनीतिक दृष्टि र विशुद्ध साहित्य सृजनका तटस्थ शिल्पीका रूपमा चित्रण गरेका छन् ।

विश्वेश्वरप्रसाद कोइराला राजनीति र साहित्यलाई जीवनका भिन्नभिन्न तर अनिवार्य पक्ष स्विकार्ने विशिष्ट साधक हुन् । कोइराला प्रारम्भदेखि साहित्य सृजनका अतिरिक्त राजनीतिप्रति समर्पित व्यक्ति हुन् । राष्ट्रियता, प्रजातन्त्र र समाजवाद कोइरालाका आदर्शहरू रहेका छन् । उनी सफल राजनेताका साथ संवेदनशील र प्रतिभाशाली साहित्यकार पनि हुन् । साहित्यमा नयाँ पन भित्र्याउन लागि पर्ने कोइरालाले नेपाली कथाका क्षेत्रमा मनोवैज्ञानिक यथार्थवादी चिन्तनलाई भित्र्याएका छन् भनी शर्माले बताएका छन् ।

कोइरालाले कविता, समालोचना, लेख निबन्ध, जीवनी आदिमा कलम चलाए तापनि साहित्यका क्षेत्रमा उनी मूलतः कथाकार अनि उपन्यासकार हुन् । कोइरालाका वैचारक उपन्यासहरूले यिनको मौलिक र नवीन औपन्यासिक कलालाई उद्घाटन गरे पनि कथाकार कोइरालामा पाइने ऐतिहासिक मूल्य र मनोवैज्ञानिक पक्ष यिनका उपन्यासहरूले प्रतिपादन गर्न सक्तैनन् । कला सञ्चेतनाका दृष्टिले अपेक्षाकृत रूपमा कोइरालाको कथा लेखनमै उचाइ रहेको छ । त्यसैले उनी खास रूपमा कथाकार नै हुन् । यिनको साहित्यिक प्रतिभा नेपाली समाज र संस्कृति सापेक्ष मानसिक र कलात्मक उत्सवका रूपमा आधुनिक नेपाली कथामा अभिव्यक्त छ भनी लेखमा बताइएको छ ।

कथा लेखनबाटै साहित्यिक यात्रा प्रारम्भ गरेका कोइरालाले प्रारम्भमा स्वच्छन्दतावादी कथा लेखे पनि खास यिनी मनोजगत्का कथाकार हुन् । मानिसका चेतन अचेतन जगत्को खोज गरिएको उनका कथामा अचेतन जगत्ले चेतन जगत्मा पार्ने प्रभावको समेत विश्लेषण गरिएको छ । कोइरालाको कथा लेखनको मुख्य आधेय नेपाली संस्कृति सापेक्ष मावनीय मनको खोज र विमर्श रहेको छ । यिनका कथाहरूलाई मनोवैज्ञानिक यथार्थवादी कथा प्रवृत्तिको सैद्धान्तिक मानकभित्र समावेश गर्न सकिन्छ । नेपाली जीवनको बाहिरी सामाजिक यथार्थलाई भेदन गरी त्यसभित्र प्रवेश गर्ने परिकल्पनाको समेत अभाव रहेको स्थितिमा कोइरालाले सर्वप्रथम नेपाली मनभित्र प्रवेश गरेर मानिसको आन्तरिक

चरित्रलाई पाठकसामु उद्‌घाटन गर्ने साहस गरे । यद्यपि मनोवैज्ञानिक यथार्थवादी साहित्य साधनाभित्र फ्रायडवादी सिद्धान्त वा मनोविश्लेण सिद्धान्तको गहिरो प्रभाव देख्न सकिन्छ । त्यसैले कोइरालाले आधुनिक नेपाली कथा साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धारालाई प्रारम्भ गरेका हुन् भनी शर्माले यस लेखमा बताएका छन् ।

मानिसको अचेतन यौनेच्छासँग सम्बन्धित हुन्छ । अचेतन जीवनलाई समावेश गरेर लेखिएका साहित्यहरू स्वतः यौन अनभूतिसँग आबद्ध हुन्छन् । त्यसैले कोइरालाका कथाहरू पनि अचेतन जीवनसँग सम्बन्धित भएकाले स्वतस्फूर्त रूपमा कथामा यौनेच्छाका विषयहरू देखिएका छन् । कोइरालाले कथामा यौन स्वतन्त्रतालाई मनको विश्लेषणका माध्यमबाट दमिन यौनेच्छाको प्रकट गरेका छन् । उनले प्रायः कथाहरूमा मनका विविध अवस्थाहरूको खोज र विश्लेषण गरेका छन् । कोइरालाले मनको अध्ययनका लागि मन संरचनाका इद, अहम् र पराहम्का तहका बीचमा द्वन्द्वको सृजन र विकास गरेर पात्रमा विविध मानसिक कार्य, पद्धति, मनोग्रन्थि र मनोरचनाहरूको विकास गरी मानव जीवनका द्वन्द्व अवस्थाको चित्रण गरेका छन् । पात्रका अचेतन र चेतन मानसिक तहमा द्वन्द्व र ग्रन्थिहरूको उपस्थापन गरी उसका अन्तर्जगत्‌को यथार्थ विश्लेषण गर्नु कोइरालाको मनावैज्ञानिक सिद्धि हो भनी शर्माले बताएका छन् ।

कथाकार कोइरालामा कला सचेतनाको अनुपम निष्ठा पाइन्छ । क्षीण घटना तन्तुको पृष्ठभूमिमा आफ्नो शक्ति लगाएर पात्रका मानिसक अनभूतिलाई उद्‌घाटन गर्नु कोइरालाको कथागत मुख्य विशेषता हो । कथानक विकासमा रैखिक ढाँचाको नै प्रयोग गर्ने कोइरालाका मनौवैज्ञानिक कथाहरूमा प्रथम पुरुषको अधिक मात्रामा प्रयोग प्रयोग छ । यसरी मनोवैज्ञानिक विषय, शिल्प संरचनाको कलात्मक समन्वयद्वारा मनोवैज्ञानिक यथार्थवादी कथा लेखनद्वारा आधुनिक नेपाली कथालाई पूर्ण आधुनिकता र कलात्मकता प्रदान गर्नु नै कोइरालाको सर्वोच्च प्राप्ति रहेको कुरा बताउँदै शर्माले यस लेखको अन्त्य गरेका छन् ।

यस यस लेखमा विभिन्न उदाहरण दिएर लेखकले विश्वेश्वरप्रसाद कोइरालालाई मनोवैज्ञानिक कथाकारका रूपमा चिनाएका छन् । कथामा प्रस्तुत विषय र मनोविश्लेषणात्मक सिद्धान्त दुवैलाई उपस्थापन गरी सैद्धान्तिक रूपले कोइरालालाई मनोवैज्ञानिक कथाकार हुन् भनी लेखले पूर्ण रूपमा सिद्ध गरेको छ । सरल भाषा र विस्तृत विवेचना गरी लेखिएको उक्त लेख तथ्यात्मक छ । समग्रमा लेखमा समालोचनाको धर्मलाई पूर्ण रूपमा पालना समेत गरिएको छ ।

**(ख) समकालीन नेपाली नाटकमा प्रयोग**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १४, अङ्क ११, २०६३/०६४) मा प्रकाशित छ । यस लेखका लेखक अशोक थापा रहेका छन् । यस लेखमा थापाले आधुनिक नेपाली नाट्यजगत्मा वर्तमान समयमा देखिएका नयाँ नयाँ प्रयोगहरूको विश्लेषण गरेका छन् ।

नेपाली नाट्य जगत्मा दुई वर्षको समयावधिमा थुप्रै नाट्यप्रतिभाहरू र नाट्य चिन्तनहरू देखापरेका छन् । प्रत्येक नाट्य पुस्ताले नाटकका क्षेत्रमा नयाँ प्रविधि र अत्याधुनिक सोचको विकास गरेका छन् । विशेष गरी २०३० सालपछि प्रयोगशील नाटक लेख्ने एउटा होड नै चलेको देखिन्छ । समकालीनता वर्तमान युगको प्रतिबिम्बित साहित्यिक आवाज हो । आजलाई जस्ताको तस्तै उतार्दै युग विशेषका अन्तर्कुन्तर केलाएर युगको अभियानलाई हाँक्न सक्ने बन्नु नै समकालीन साहित्यको परिचय हो भनी बताइएको छ । पूर्व स्थापित मान्यताहरूलाई आवश्यकअनुसार खण्डनमण्डन र निलम्बन गर्ने कार्य नै साहित्यका क्षेत्रमा नवीन प्रयोग हो । नयाँ आयामको उद्घाटन गर्ने कार्य नै प्रयो हो अथवा आधुनिक भावबोधसहित अत्यधिक अन्वेषणात्मक तरिकाले गरिने साहित्यिक रचना नै प्रयोगशील रचना हो । व्यक्तिद्वारा स्थापित मान्यतालाई सार्वजनिक मान्यता बनाउने अभियान नै प्रयोग हो भनी थापाले लेखमा उल्लेख गरेका छन् ।

नेपाली नाटकको ऐतिहासिक कालखण्डमा पछिल्ला नाट्यप्रतिभाहरूले नवीन प्रयोग गरेर नाटकको सिर्जना गरेका छन् । प्रयोगशील नाटकको पृष्ठभूमिलाई केलाउँदै जाँदा बालकृष्ण समका केही नाटकहरूमा प्रयोगशीलताको प्रयोग भएको देखिन्छ । समद्वारा लिखित **ऊ मरेकी छैन** (१९९९) नाटकमा प्रयुक्त प्रतीकात्मक पात्र विधानलाई प्रयोगको नमुना मान्न सकिन्छ । समले जहाँ स्त्री पात्र कान्तिलाई पौराणिक पात्र सतीदेवीको प्रतिच्छायाका रूपमा उभ्याएर पात्रगत प्रयोगशीलता गरेका गरेका छन् । समले बाह्य संरचनागत नवीनतम मोड दिने क्रममा अङ्क दृश्यको परम्परालाई तोडेर अङ्कमा मात्र नाटक विभाजन गर्ने परम्पराको पनि थालनी गरेका छन् । यसैगरी समले अभिव्यञ्जनावादी स्वप्न नाटकको परिकल्पना गरेर **स्वास्नी मान्छे** (२०३३) नाटक समेत लेखेका छन् । यसरी विभिन्न नयाँ प्रयोग गरेर समले नाटकका क्षेत्रमा प्रयोगशीलताको प्रारम्भ गरेको कुरा यस लेखमा बताइएको छ ।

समपछि विजय मल्ल र गोविन्दबहादुर मल्ल 'गोठाले'का नाटकमा पनि प्रयोगशीलनपन पाइन्छ । विजय मल्लका **पत्थरको कथा**, **पुराणमा हराएको पाना**, **भोलि के हुन्छ**, **नाम नभएको मानिस** जस्ता नाटकहरू प्रयोगशीलताधर्मी नाटक हुन् । यसैगरी गोठालेका **भोको घर**, **म कसरी हार्छु** जस्ता नाटकमा प्रतीकात्मक एवम् स्वैरकल्पनात्मकताको सफल प्रयोग गरिएको छ । यी विभिन्न कारणहरूले नेपाली नाट्य जगत्मा प्रयोगशील नाटक लेख्ने पृष्ठभूमि आधार बनेको देखिन्छ । २०३० सालपछिका नाटकहरूमा प्रयोग पक्षलाई अत्यधिक जोड दिइएको छ । समकालीन नेपाली नाटकमा गरिएका

प्रयोगहरूमध्ये पात्रगत प्रयोगशीलता महत्त्वपूर्ण पक्ष हो । व्यक्तिगत धारणालाई भन्दा समष्टि वा सामूहिक पात्रको प्रयोग गरेर नयाँ प्रयोग गरिएको पाइन्छ । यसरी नै यस समयका नाटकहरूमा मानवेतर विकृत पात्रहरूको प्रयोग गरेर नवीनता झल्काउने काम पनि नाटककारहरूले गरेका छन् । मोहनराज शर्माको **उताको बाघ** मानवेतर पात्रको विकृत अवस्थालाई देखाएर लेखिएको नाटक हो । यसरी नै यस कालका केही नाटककारले नाटकका पात्रहरू सङ्ख्यात्मक, वर्णात्मक तथा सार्वनामिक खालका प्रयोग गरेर नयाँ मान्यताको विकास गरेका छन् । यस कालका नाटकहरूमा विचारमा समेत परिवर्तन गरिएको छ । यस कालका नाटकहरूले विश्व परिवेशमा प्रचलित विसङ्गतिमूलक चिन्तनको अत्यधिक चित्रण गरेका छन् । यस्ता नाटककारहरूमा ध्रुवचन्द्र गौतम, सरुभक्त, मोहनराज शर्मा, विजय मल्ल, विप्लव ढकाल आदि पर्दछन् । यसैगरी नाटकलाई वास्तविकताको भ्रममा होइन, नाटकलाई नाटककै रूपमा दर्शक सामु प्रस्तुत गरेर जीवनका बारेमा केही सोच्न बाध्य पार्ने महाकाव्यात्मक नाटकको जस्तो विशेषता यस क्रममा केही नाटकहरूमा देखिन्छ । स्वैरकल्पनाको अत्यधिक प्रयोग, शून्यवादी नाटक लेखन, विज्ञान नाट्य लेखनको परिकल्पना, गीतिनाटकीयता, सडक नाटक, अनाटक आदि विशेषता लिएर समकालीन धारा नवीन प्रयोगले अगाडि बढिरहेको छ भनी थापाले लेखमा बताएका छन् ।

यसरी वर्तमान युग पाठकको युग भएकाले उत्तर आधुनिक चिन्तनमा केन्द्रित भई पाश्चात्य साहित्यका नयाँनयाँ सिद्धान्तमा आधारित भएर नाटकको सिर्जना भइरहेको छ । उत्तर आधुनिक बन्ने होडमा कतिपय नाटककारहरूले नाटकलाई विरसिला र खल्ला बनाउने काम समेत गरेका छन् । साधारण दर्शक र पाठकलाई क्लिष्ट हुने खालका नाटकको रचनाले कतै नाटकको विकासमा धक्का लाग्ने त होइन भन्दै थापाले नाटकको विकासमा देखिएको शङ्कास्पद यात्रामाथि प्रश्नचिन्ह उठाउँदै यस लेखको अन्त्य गरेका छन् ।

प्रस्तुत लेखमा समकालीन समयमा नाटकमा देखिएका प्रयोगहरूको उदाहरण समेत दिएर पुष्टि गरिएकाले लेख गहन बन्न पुगेको छ । सैद्धान्तिक मापदण्डमा नाटकहरूको विषयलाई प्रयोग गरेर देखाइएकाले उक्त लेख अनुसन्धानात्मक बनेको छ । सरल भाषा र विस्तृत विवेचना गरी लेखकले उक्त लेख लेखेको देखिन्छ । लेखले लेखकीय उद्देश्यलाई पूर्ण रूपले प्रस्ट पारेको छ ।

**(ग) समसामयिक नेपाली उपन्यास : उत्तर आधुनिक चेतनाका सन्दर्भमा**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १४, अङ्क ११, २०६३/०६४ मा प्रकाशित भएको छ । यस लेखका लेखक किरण नेपाल रहेका छन् । यस लेखमा नेपालले उत्तर आधुनिक चेतनाका सन्दर्भमा नेपाली उपन्यासमा भएका विशेषताहरूलाई केलाउने काम गरेका छन् ।

साहित्यका विविध विधाहरूमध्ये उपन्यास लोकप्रिय आख्यानात्मक विधाका रूपमा परिचित छ । उपन्यासले सरल र सहज ढङ्गबाट जीवन र जगत्को भव्य चित्रण गर्दछ । वर्तमान समयमा उपन्यासले मानव समुदायको समग्रताको अभिव्यक्ति दिन खोजेको छ । आधुनिक विश्व परिवेशमा नेपाली उपन्यास पनि आफ्नो परम्परागत स्वरूप बदलेर परिवेश अनुकूल बन्ने प्रयत्नमा लागिरहेको छ । समसामयिक नेपाली उपन्यास लेखनले नव नव प्रयोग र प्रवृत्ति आत्मसात् गर्दै आफ्नो मार्गलाई विस्तृत बनाउँदै लगेको छ । युरोपमा चलेको पुनर्जागरणको अभियानसँगै समाज र परिचालनका पद्धतिहरू, धार्मिक, सामाजिक, राजनीतिक व्यवस्था आदिमा पनि परिवर्तनका सङ्केतहरू देखा पर्न थाले । त्यसबाट साहित्यिक विधा अछुत रहन सकेन । परम्परित सिद्धान्त र शास्त्रीय नियमको बन्धनमा बाँधिएका साहित्यहरूले जगत्को व्यापक परिधिलाई समेट्न नसक्ने भएकाले साहित्यिक विधाहरूमा परिवर्तन आयो । फलस्वरूप उपन्यास विधा पनि सन् १९६० को दशकदेखि उत्तर आधुनिक चिन्तनमा प्रवेश गऱ्यो भनी नेपालले लेखमा बताएका छन् ।

उत्तर आधुनिक लेखनको प्रमुख विशेषता नै विधा भञ्जन हो । विधा भञ्जनले विधाका स्वरूपलाई भत्काउने कार्य गरेपछि उपन्यासमा पनि यो विशेषता लागू भयो । उपन्यासहरूमा मानव समाजको समग्र धर्म, संस्कृति, मिथकीय प्रयोग, मानवीय र मानवेतर चरित्र तथा जीवनका अनेकौँ पक्षहरू संयोजन हुन थाले । कुनै पनि कृतिको स्वतन्त्र अस्तित्व नभएर समग्रतामा अर्थिनु नै समसामयिक उपन्यासको प्रमुख प्रवृत्ति बनेको कुरा लेखमा बताइएको छ ।

यसरी पाश्चात्य साहित्यको उपन्यास विधामा देखिएको यो चिन्तनले नेपाली साहित्यमा पनि आफ्नो प्रभाव जमाउन प्रारम्भ गऱ्यो । फलस्वरूप नेपाली उपन्यास परम्परामा वानिरा गिरीको **शब्दातीत शान्तनु** विधाहीनताको महत्त्वपूर्ण प्रयोग भएको कृति हो । कृष्ण धरावासीको **शरणार्थी**, ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क** आदि उपन्यासहरूमा विधागत स्वरूप खज्मजिएको पाइन्छ । यसरी नै समकालीन नेपाली उपन्यासहरूमा साइबर संस्कृतिको प्रभाव पनि बढ्दै गएको पाइन्छ । यस सन्दर्भमा पिटर जे कार्थरको **प्रत्येक ठाउँ प्रत्येक मान्छे**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, सरुभक्तको **समय त्रासदी**, धुव्रचन्द्र गौतमको **फूलको आतङ्क**, तेराखको **सर्वजा** आदि उपन्यासहरूमा सांस्कृतिक विचलन र साइबर संस्कृतिको प्रयोग भएको पाइन्छ भनी नेपालले प्रस्तुत गरेका छन् ।

पुनर्लेखन उत्तर आधुनिक लेखनको एक प्रवृत्ति भएकाले यस प्रवृत्तिलाई लिएर नेपाली साहित्यमा पनि साहित्यहरू रचना भएका छन् । इन्द्रबहादुर राईको 'कठ पुतलीको मन' कथाबाट पुनर्लेखन प्रवृत्ति प्रवेश भएको हो र उपन्यास जगत्मा यस प्रवृत्तिको प्रयोग ध्रुवचन्द्र गौतमको **अग्निदत्त + अग्निदत्त**, उपन्यासमा भएको छ । यस समयको अर्को प्रवृत्ति तथ्य र स्वैरकल्पनाको सम्मिश्रण हुनु हो । यस

प्रवृत्तिलाई आत्समात् गरेर लेखिएको नेपाली उपन्यासहरू मनुजबाबु मिश्रको **स्वप्न सम्मेलन**, गौतमको **अग्निदत्त + अग्निदत्त**, तेराखको **सर्वजा** आदि रहेका छन् । यसरी नै नव केन्द्रको स्थापना पनि यस धाराको अर्को प्रवृत्ति हो । यस प्रवृत्तिमा आधारित उपन्यासहरू खगेन्द्र सङ्ग्रौलाको **जुनकिरीको सङ्गीत**, प्रदीप नेपालको **एक्काइसौं शताब्दीकी सुम्निमा**, सरुभक्तको **त्रासदी**, गौतमको **अग्निदत्त + अग्निदत्त** आदि रहेका छन् भनी लेखमा बताइएको छ ।

बहुलता पनि उत्तर आधुनिक चिन्तनको अर्को प्रवृत्ति हो । बहुलता भन्नाले विविधता र प्रयोग भन्ने बुझिन्छ । यस प्रवृत्तिलाई आत्मसात गरेर नेपाली उपन्यास परम्परामा लेखिएका उपन्यासहरूमा ध्रुवचन्द्र गौतमको **अलिखित**, कृष्ण धरावासीको **शरणार्थी**, सञ्जीव उप्रेतीको **आलु, नौनी र कफी** रहेका छन् । त्यसैगरी मिथकीय प्रयोग पनि नव चिन्तन भएकाले नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा**, मदनमणि दीक्षितको **माधवी**, ध्रुवचन्द्र गौतमको **अग्निदत्त + अग्निदत्त**, तेराखको **सर्वजा** जस्ता उपन्यासहरूमा मिथकीय प्रयोग भएको छ । २०३० सालपछि नेपाली साहित्यका उपन्यासहरूमा विसङ्गति, चेतनप्रवाहात्मक लेखन पद्धति, महिला र पुरुषबीचको सहजीवनभोगको आवश्यकता, दलित, निमुखा आदिको अधिकार, धर्म, संस्कृति र रहनसहनमा देखिएको परिवर्तन, विधागत मिश्रण जस्ता विशेषताहरू देखिएका छन् भनी नेपालले औंल्याएका छन् ।

यसरी २०३० सालपछि आधुनिक नेपाली उपन्यास परम्परामा नवीनताको प्रयोगले उत्तर आधुनिक चिन्तनको विकास भइरहेको छ । समसामयिक ज्ञान विज्ञानका विविध पक्षहरूको अभिव्यक्ति गर्नु र प्रयोग लेखनलाई मान्यता दिनु नै समसामयिक उपन्यास लेखनको मूल विशेषता रहेको बताउँदै नेपालले यस लेखको अन्त्य गरेका छन् ।

यस लेखमा किरण नेपालले समाकालीन नेपाली उपन्यास क्षेत्रमा देखिएको उत्तर आधुनिक स्वरूपलाई केलाएका छन् । केलाउने क्रममा उपन्यासको विषयवस्तुलाई सैद्धान्तिक मापदण्डअनुसार विवेचना गरेका छन् । विश्लेषणात्मक विधिलाई अँगालेर लेखिएको उक्त लेख पठनयोग्य बनेको छ । लेखको भाषा सरल रहेको छ । समकालीन समयका उपन्यासमा देखिएको उत्तर आधुनिकतालाई सफल रूपमा दर्साउन लेख समर्थ छ ।

## ४.१३ बाह्रौं अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) शीर्षकको सार्थकता : 'परिभाषित आँखाहरू' कृतिमा

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १५, अङ्क १२, २०६४/०६५) मा प्रकाशित छ । यो लेखका लेखक उपप्रा. कृष्णप्रसाद घिमिरे रहेका छन् । यस लेखमा घिमिरेले पारिजातको उपन्यास **परिभाषित आँखाहरू** (२०४६) को शीर्षकलाई सार्थकता तुल्याउने काम गरेका छन् ।

२०४६ सालको जन आन्दोलनपूर्व प्रकाशित **परिभाषित आँखाहरू** (२०४६) उपन्यासमा तीन प्रवाह र एक्काइस खण्डहरू रहेका छन् । चालीसको दशकबाट प्रारम्भ गरी २०४६ सालमा प्रकाशित यस कृतिमा तत्कालीन समयमा राजनीतिमा देखिएका आरोह, अवरोहलाई सामना गरी देखाइएको छ । गतिशील र अग्रगामी समाजका बाधक बनेका सामाजिक प्रचलनहरूको उल्लेख गर्दै त्यसको निराकरणमा सम्बन्धित सबै पक्ष चनाखो हुनुपर्ने अभिमत कृतिमा प्रकट गरिएको छ । पुरानो नीतिनिर्माण र पद्धतिमा सुधार ल्याउनुपर्छ भन्ने मान्यतालाई पनि यस उपन्यासमा व्यक्त गरेको कुरा लेखमा बताइएको छ ।

कुनै पनि कृतिको नामकरण कृतिमा प्रयोग भएको विषयवस्तु, कृतिमा प्रयुक्त महत्त्वपूर्ण पात्रहरूको नाम, कथानक र पात्रको चयन गरेर घटनाको महत्त्व प्रस्तुत गर्ने गरी गरिन्छ । पारिजातको नवौं कृतिका रूपमा रहेको यस उपन्यासको शीर्षक सार्थक रहेको छ । यसमा बिज्जीको मृत्युपछि असंयमित बनेकी वसन्त मायालाई हेडसरले सम्झाएर आफू कमजोर तथा निरीह बन्ने होइन, दुष्टहरूको प्रतिकार गर्न सक्षम बन्ने सल्लाह दिन्छन् । त्यसरी नै परिभाषित आँखाहरू लिएर ऊ उभिने विश्वासका साथ उपन्यासको अन्त्य भएकाले प्रस्तुत कृतिको शीर्षक सार्थक रहेको छ र पारिजातको शीर्षकचयन गर्ने प्रतिभाशाली व्यक्तित्वलाई समेत दर्साएर्का छन् भनी लेखमा बताइएको छ ।

सामान्यतः परम्परित अर्थमा प्रयोग हुने शब्दको अर्थमा नवीनता आयो भने त्यसलाई नयाँ रूपमा परिभाषित भएको ठहर गरिन्छ । त्यही काम यस उपन्यास भएको छ । यस उपन्यासमा साहु दिग्विजयकहाँ काम गर्न बसेकी तामाङ्नी बिजुलीलाई बाबु बनेर विनोदकुमारले काठमाडौं ल्याउनु, खान र बस्नको राम्रो प्रबन्ध गर्नु, पकेटमारजस्तो घृणित कार्यमा लगाउनु र अन्त्यमा स्वयम् बलात्कार गरेकाले बिजुलीले विनोदकुमारलाई बाबुको दृष्टिकोणले नहेरी बलात्कारीको दृष्टिकोणले हेर्छे । बिजुलीलाई बिज्जी बनाउने त्यस्ता विनोदकुमारहरूलाई परिभाषित आँखाहरूले हेर्नुपर्ने दृष्टिकोणलाई उपन्यासकारले प्रस्तुत गरेकाले विषयवस्तुगत सन्दर्भमा उपन्यास शीर्षक सार्थक रहेको छ भनी बताइएको छ ।

पाठकीय सन्देशका आधारमा पनि कृतिको शीर्षक सार्थक रहेको बताइएको छ । पहाडी इलाकाको राजेन्द्र अधिकारीले सप्तरी जिल्लाको कञ्चनपुरमा शिक्षक काम गर्दा उसले आफ्नै विद्यार्थी थरुनी केटीलाई भगाएर काठमाडौं ल्याई श्रीमती बनाउँछ । ब्राह्मण जातिको केटाले थरुनी केटीसँग विवाह गरेको देखाएर पहाड, तराई, हिमालका संस्कृतिको सङ्गम हुनुपर्दछ भन्ने सन्देश व्यक्ति गरिएकाले यस दृष्टिकोणबाट पनि उपन्यासको शीर्षक सार्थक रहेको कुरा बताइएको छ । यहाँ समाज

रूपान्तरणका लागि संस्कृति रूपान्तरण हुनुपर्दछ भन्ने मूल्य मान्यतालाई देखाउनु नयाँ परिभाषित सन्दर्भ हो भनी भनिएको छ ।

यस उपन्यासलाई परम्परित आधारमा भन्दा भिन्न रूपमा प्रस्तुत गरेर सृजना गरिएको छ । उपन्यासमा बिज्जी, राजेन्द्र, विनोदकुमार यादवको चरित्र प्रमुख रूपमा उपस्थापन भए पनि समाज परिवर्तन गर्न हेडसर बढी सक्रिय रहेका छन् । त्यसैले उपन्यासमा उपस्थितिका आधारमा नभएर कर्तव्यनिष्ठ, विचार परिपक्वता, कार्यदक्षताको आधारमा पात्रहरूको चिनारी हुन्छ भन्ने परिभाषित तथ्य उजागर गरेकाले उपन्यासको शीर्षक सार्थक रहेको छ । यी सबै विषय, सन्देश र प्रस्तुतिका पक्षहरूलाई सूक्ष्म रूपले समीक्षा गर्दा पारिजातको **परिभाषित आँखाहरू** उपन्यासको शीर्षक सबल, सक्षम र समयसापेक्ष सार्थक रहेको छ भन्दै घिमिरेले यस लेखको अन्त्य गरेका छन् ।

यसरी यस लेखमा घिमिरेले विषय, सन्देश र प्रस्तुतिका आधारमा **परिभाषित आँखाहरू** उपन्यासको शीर्षकलाई सार्थक सिद्ध गरेका छन् । विस्तृत विवेचना गरेर लेखिएको यस लेखको भाषा सरल छ । समालोचकीय धर्मलाई पूर्ण रूपमा पालना गरेर लेख लेखिएको छ । लेखकको उद्देश्यलाई लेखले दर्साउन सफल भएको छ ।

**(ख) झापा जिल्लामा बोलिने भाषाहरूको सङ्क्षिप्त चिनारी**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १५, अङ्क १२, २०६४/०६५) पत्रिकामा प्रकाशित छ । यस लेखका लेखक भाषा विज्ञान केन्द्रीय विभागका, त्रि. वि., कीर्तिपुरका उपप्रा. कर्ण खतिवडा रहेका छन् । यस लेखमा खतिवडाले मेची अञ्चलअन्तर्गत झापा जिल्लामा बोलिने भाषाहरू र जनसङ्ख्याको विस्तृत रूपमा विश्लेषण गरेका छन् ।

पूर्वमा भारतको बङ्गाल, दक्षिणमा भारतकै विहार, उत्तरमा इलाम जिल्ला र पश्चिममा कोशी अञ्चलको मोरङ जिल्लासँग जोडिएको झापा जिल्ला १६०६ वर्ग किलोमिटर कुल क्षेत्रफलमा विस्तारित रहेको छ । यस जिल्लामा ४७ वटा गाउँ समिति, ३ वटा नगरपालिका रहेका छन् भने राजनीतिक दृष्टिले ७ भागमा बाँडिएको छ । राष्ट्रिय जनगणना २०५८ का अनुसार यस जिल्लाको जनसङ्ख्या ६, ८८, १०९ रहेको छ । यस जिल्लाको साक्षरता ६६.९३ प्रतिशत रहेको जानकारी लेखमा दिइएको छ । झन्डै ४८ जातिका मानिसहरूको बसोबास रहेको यस जिल्लामा हिन्दू, बौद्ध, किराँत, ईसाई र मुस्लिम धर्मावलम्बीहरू रहेका छन् । चारवटै परिवारका भाषाहरू बोलिने यो क्षेत्रका मानिसहरूले साझा भाषाका रूपमा नेपालीको प्रयोग गर्दछन् । यहाँ भारोपेली परिवारका नेपाली, राजवंशी, मैथिली, मारवाडी, भोजपुरी, थारू, दनुवार, कुमाल, माझी, अवधि, किसान र खडिया, भोटबर्मेली परिवारका लिम्बू, राई-किराँती, धिमाल, मेचे, गुरुङ, तामाङ, सुनुवार, भोटे-शेर्पा आदि भाषाहरू झापामा बोलिन्छन्

। राई-किराँती समूहका भाषाहरूमा चाम्लिङ, वान्तवा, साङपाङ, थुलुङ, नाछिरिङ, वाहिङ, मेवाहाङ, लोहोरूङ आदिमध्ये वान्तवा भाषाको प्रयोग बढी मात्रामा गरिन्छ । आग्नेली परिवारको सतार भाषा र द्रविड परिवारको झाँगड भाषा पनि झापामा बोलिने जानकारी यस लेखमा दिइएको  छ ।

झापाका जिल्लामा द्रविड परिवारको झाँगड भाषा २०५८ को जनगणनाअनुसार १०२२ जनाले बोल्ने गरेका छन् । यो भाषा झापा जिल्लाको मेची नगर पालिकाको वडा नं. १२ रहेका झाँगडहरूले मातृभाषाको रूपमा प्रयोग गर्दछन् । यसैगरी आग्नेय परिवारको सतार भाषा बोल्ने व्यक्तिहरूको सङ्ख्या २०७३२ रहेको छ । यो भाषाको प्रयोग गरामनी, हल्दीबारी, बालुबाडी, महेशपुर, बनियानी, मेचीनगर आदिमा बसोबास रहेका सतारहरूले मातृभाषाका रूपमा बोल्ने गर्दछन् । भोट बर्मेली परिवारअन्तर्गतका भाषाहरूमध्ये झापामा लिम्बू भाषा बोल्नेहरूको सङ्ख्या ३४७३० रहेको पाइन्छ । राई-किराँती समूहका विभिन्न भाषाहरूको प्रयोग पनि झापा जिल्लामा रहेको देखिन्छ । २०५८ को जनगणना अनुसार यस समूहका भाषा बोल्नेहरूको सङ्ख्या छुट्टाछुट्टै प्रस्तुत गरिए अनुसार वान्तवा (१७८२२), चाम्लिङ (५६६), साङपाङ (१७०), थुलुङ (१४६), कुलुङ (१०९), कोयु (५७), नाछिरिङ (४९), पुमा (३४), दुमी (२६), याम्फू (१८), वाहिङ (२४), लाहोरूङ (१३), मेवाहाङ (८) र उम्बुले (२) गरी जम्मा १४ वटा राई भाषाहरू बोल्ने गरेका छन् । यसरी नै तामाङ भाषाहरू बोल्नेहरूको सङ्ख्या १०९५६ रहेको छ । मगर भाषाको प्रयोग गर्नेहरूको सङ्ख्या ८११८ र नेवारी भाषाको प्रयोग गर्नेहरूको सङ्ख्या ७४४१ रहेको जानकारी यस लेखमा दिइएको छ । यसैगरी यस जिल्लाका धुलावारी, शनिश्चरे, लखनपुर र दमक नगरपालिकाका विभिन्न स्थानमा धिमालहरू बसोबास रहेका कारण उनीहरूले धिमाल भाषाको प्रयोग गर्दछन् । यस भाषाको प्रयोग गर्नेहरूको सङ्ख्या ६२८१ रहेको छ । मेचे भाषाको प्रयोग गर्नेहरूमा २९०३, गुरुङ भाषा बोल्नेहरूको सङ्ख्या २९९७, शेर्पा भाषाको प्रयोग गर्ने सङ्ख्या ६९४ र लेप्चा भाषाको प्रयोग गर्नेहरूमा १०२ रहेको जानकारी लेखमा गराइएको छ ।

झापा जिल्लामा भारोपेली भाषा परिवार अन्तर्गतका भाषाहरूमध्ये सबैभन्दा बढी सङ्ख्या नेपाली भाषाका प्रयोग कर्ता रहेका छन् । नेपाली भाषाको प्रयोग ३६५२४३ जनाहरूले गर्दछन् । यसैगरी राजवंशी भाषाको प्रयोग गर्नेहरूमा ५८०२४ जना, मैथिली भाषाको प्रयोग गर्नेहरूमा २१८९१ जना, थारु भाषा बोल्नेहरूको सङ्ख्या ५७११, मारवाडी भाषा बोल्नेहरूको सङ्ख्या २७६५, भोजपुरी भाषा बोल्नेहरूको सङ्ख्या २३६३, दनुवार भाषा बोल्नेहरूको सङ्ख्या १२५०, किसान भाषा बोल्नेहरूको सङ्ख्या ४६९, कुमाल भाषाको प्रयोग गर्नेहरूमा १७२६ रहेको जानकारी दिइएको छ । यसबाहेक यस परिवारका भाषाहरूमा हिन्दी भाषाका वक्ताहरूको सङ्ख्या ५३२६, अवधि भाषाभाषीहरू १०३ जना, माझी भाषाका वक्ताहरू ५१७, उर्दू भाषाका वक्ताहरू ८५१२ रहेको जानकारी पनि यस लेखमा

दिइएको छ । यसरी झापा जिल्ला भाषिक विविधताले सम्पन्न रहेको तथ्य पुष्टि हुन्छ भन्दै खतिवडाले यस लेखको अन्त्य गरेका छन् ।

यसरी यस लेखमा झापा जिल्लामा प्रयोग गरिने भाषाहरू र ती भाषाहरू प्रयोग गर्ने वक्ताहरूको पनि सत्यतथ्यात्मक रूपमा सङ्ख्या दिएर खतिवडाले लेखलाई प्रामाणिक रूपमा प्रस्तुत गरेका छन् । सरल भाषा र विस्तृत विवेचना गरेर लेखिएको उक्त लेख विश्वसनीय बन्न पुगेको छ । झापा जिल्ला भाषिक विविधताले सम्पन्न रहेको कुरा यस लेखले पुष्टि गरेको छ ।

**(ग) वेदको अर्थ र महत्त्व**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १५, अङ्क १२, २०६४/०६५) मा प्रकाशित भएको छ । यस लेखका लेखक कुमार निरौला रहेका छन् । यस लेखमा वेदको महत्त्व र वेदबाट प्रयुक्त अर्थलाई सङ्क्षिप्त रूपमा दर्साउने काम गरिएको छ ।

वेद शब्दका चार वटा अर्थहरू रहेका छन् । विद् ज्ञाने, विद् सत्तायाम्, विद्लृ लाभे र विद् विचरणे । सबै ग्रन्थहरूमा वेद शब्दको प्रयोग मन्त्र संहिताका अर्थमा गरिएको छ । ऋग्वेद भाष्य भूमिकामा स्वामी दयानन्द सरस्वतीले वेद शब्दको अर्थ विदन्ति, जानन्ति, विद्यन्ते भवन्ति, विन्दति अथवा विन्धयन्ते, लभन्ते, विदन्वीति विचारयन्ति सर्वे मनुष्याः सत्य विद्यां यैर्येषुवा तथा विद्वांसश्च भवन्ति ते वेदाः भनेर गरेका छन् । अर्थात् जसबाट संसारका सबै मनुष्य सत्य विद्यालाई जान्दछन् वा सत्यविद्या प्राप्तिका लागि जसमा प्रवृत्त हन्छन् त्यो नै वेद हो । वेदका प्रयुक्त सबै अर्थहरू सार्थक रहेका छन् । उदाहरणका रूपमा वेदमा जनक शब्दले पितालाई जनाउँदछ । पिता शब्दले जन्म दिएर पालन पोषण गर्ने र रक्षा गर्नेको नामलाई चिनाउँदछ भनी लेखमा बताइएको छ ।

वेद शब्दको व्याकरणीय निष्पन्न शब्द ज्ञान हो । ज्ञान शब्दले ईश्वरीय ज्ञानलाई सङ्केत गर्दछ । यही ज्ञानलाई विज्ञान पनि भनिन्छ । मानिसले जे जति जान्दछ त्यो नै ज्ञान हो । विश्व साहित्यको अध्ययन वा मानव सभ्यताको अध्ययन लागि सर्वप्रथम वेदको जानकारी हुनुपर्दछ । विज्ञानको चमत्कार, विकासको पृष्ठभूमि नै वेद रहेको कुरा बताइएको छ । वेदमा मन्त्रहरू रहेका छन् । मन्त्रको शब्द ईश्वरीय आदेशको सम्यक् विचार चिन्तन मनन् गरेर लेखिएको वस्तु नै मन्त्र हो । मन्त्रको अर्को अर्थ सत्कार गर्नु भन्ने हुन्छ । देवताहरूका सम्मानार्थक विधिहरू नै मन्त्र हुन् । भरतको नाट्यशास्त्र पनि वेदबाट निष्पन्न भएको इतिहासले पुष्टि गरेको छ । वैदिक युगमा विभिन्न प्रकारका विमान, तत्कालीन समयमा प्रयोग हुने आकाशवाणी आज हामीले प्रयोग गर्ने टेलिफोन आदि र पृथ्वीमा सूर्य र चन्द्रको स्थिति आदिको कुरा वेदमा भएकाले आजको मानव सभ्यतालाई यस युगमा प्रवेश गराउने मूल आधार नै वेद हो भनी लेखमा बताइएको छ ।

वर्तमान संसारमा ज्ञानद्वारा नै नयाँ नयाँ चिन्तन एवम् विचार धाराका साथै अनेक सिद्धान्तहरू प्रतिपादन भई सिङ्गो मानव समाज सभ्यतातर्फ र विकासतर्फ अग्रसर हुनु नै वेद, पुराण, उपनिषद् आदि ग्रन्थका देन हुन् । अतिप्राचीन र पूज्य ग्रन्थ वेद हो । साहित्य एवम् समग्र ग्रन्थको उत्पत्ति स्थल नै वेद रहेको बताउँदै निरौलाले मानिसलाई विकृति र विसङ्गतिबाट सत्मार्गतिर डोऱ्याउन सफल ग्रन्थ पनि वेद रहेको उल्लेख गर्दै यस लेखको अन्त्य गरेका छन् ।

यस लेखमा सङ्क्षिप्त रूपमा वेदको अर्थ र महत्त्वलाई प्रस्तुत गरिएको छ । व्याकरणका दृष्टिमा वेद शब्दको अर्थलाई प्रस्तुत गर्दै वेदका विशेषताहरूलाई लेखले दर्साएको छ । सपाट भाषाको प्रयोग गरेर लेखिएको उक्त लेखले वेदको सामान्य अर्थलाई सम्प्रेषण गरेको छ । आधुनिक विज्ञानको जन्मदाता नै वेद हो भन्ने तथ्यलाई पुष्टि गर्न लेखमा केही उदाहरणहरू पनि दिइएको छ । समग्रमा वेदलाई चिनाउन सफल नभएपछि सङ्क्षिप्त रूपमा वेदको अर्थ र महत्त्वलाई लेखले दर्साएको छ ।

## ४.१४ तेह्रौँ अङ्कका प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन

### (क) देवकोटामा जनजातीय सांस्कृतिक चेतना

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १६, अङ्क १३, २०६५/०६६) मा प्रकाशित छ । यस लेखका लेखक डा. खगेन्द्रप्रसाद लुइटेल हुन् । यस लेखमा लुइटेलले लक्ष्मीप्रसाद देवकोटाका कृतिमा प्रस्तुत भएको जनजातीय सांस्कृतिक चेतनालाई केलाउने काम गरेका छन् ।

सिङ्गो नेपाली जातिका धरोहर बनि सकेका लक्ष्मीप्रसाद देवकोटाले थुप्रै कृतिहरूको सिर्जना गरी नेपाली साहित्यलाई बिर्सन नसकिने ठूलो गुन लगाएका छन् । देवकोटाले सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले धेरै लेखे तर सङ्ख्यात्मक जति गुणात्मक लेखेनन् । गुणवत्ताका दृष्टिले उनको **मुनामदन** अपराजेय कृति हो । उनका सबै कृतिहरू उत्तिकै मूल्यवान् रहेका छैनन् । तर आज समालोचकहरूले उनका कृतिहरूको विश्लेषण व्यक्तिवादी भएर विश्लेषण गरिरहेको सन्दर्भ कोट्याउँदै यथार्थ र वस्तुवादी ढङ्गले देवकोटाका कृतिहरूको विश्लेषण गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

लक्ष्मीप्रसाद देवकोटाका कतिपय रचनामा जातीय र जनजातीय संस्कृतिको अभिव्यञ्जना पाइन्छ । सांस्कृतिक चेतनालाई मुख्य रूपमा प्रस्तुत गरिएको उनको कृति **लुनी** (२०२५) हो । २००१ सालतिर लेखिएको यो कृति अठार भागमा विभाजित रहेको छ । आख्यानात्मक संरचनाका रूपमा रहेको यो कृति सेर्पा राजा सम्बा सोङ्गो र रानी हेलम्बाकी छोरी लुनी र गरिब तर पुरुषार्थी युवक चाङ्नाका बीचको प्रेम, विरह, विछोड, विरह र मिलनमा आधारित रहेको छ । हेलम्बुमा रहेको साङ्गोको लोङ्गो दरबार र त्यहाँको प्राकृतिक सांस्कृतिक वर्णनबाट प्रारम्भ भएको यो कृति भोटे सेलोमा गएर टुङ्गिएको कुरा लेखमा बताइएको छ । लुनीको कथावस्तुलाई प्रस्तुत गर्दै लुइटेलले यस

कृतिमा लुनी, चाङ्ना, साम्बा सोङ्गो, हेलम्बा, ह्लानो, तासी लामा, ह्लोसुङ्गो, ह्मेह्मे लामा, जिन्जी, अन्जा आदि सहभागी रहेका छन् भनी बताएका छन् ।

माथिका विभिन्न नारी र पुरुष सहभागीका माध्यमबाट कथ्यलाई अगाडि बढाइएको यो कृति मुख्यतः भोटे जातिको परम्परा र संस्कृतिमा आधारित छ । सेर्पा जातीय संस्कृतिको जीवन्त चित्रण गरिएको यस कृतिमा प्रयुक्त सहभागीहरू पनि त्यही जातिसँग सम्बन्धित छन् । यस दृष्टिबाट **लुनी** खण्डकाव्य जनजातीय संस्कृतिमा आधारित कृति हो । लुनी र चाङ्नको भेटघाट भएर अतिशय प्रेम भएको देखाउनु अलि अस्वाभाविक लाग्छ भने अन्य घटनावलीहरू स्वाभाविक नै रहेका छन् । यस कृतिमा सामन्ती चिन्तन र प्राकृतिक चिन्तनका बिच द्वन्द्व गराई प्राकृतिक द्वन्द्वको विजय गराइएको छ । कृतिमा प्राकृतिक सन्दर्भको अत्यधिक उपयोग गरी सेर्पा संस्कृतिको व्यापक र विस्तृत वर्णन गरिएको छ । गुम्बा, धामी, झाँक्री, औषधीमूलो आदि सबै सेर्पा संस्कृतिसँग सम्बद्ध छन् । मनोरम काल्पनिकताको आधिक्य पाइने यस कृतिमा प्रकृतिका अनेक बिम्बहरूको प्रयोग पनि गरिएको छ । यो काव्य बौद्ध धर्मावलम्बीहरूको सेर्पा जातीय संस्कृतिमा आधारित छ । यसका सहभागी पनि एउटै जातिका रहेका छन् । सामन्ती, अत्याचारी बाबु र पतिलाई लुनीले संस्कृतिअनुरूपकै दण्ड दिएकाले पनि यो कृति जातीय संस्कृतिमा आधारित रहेको कुरा पुष्टि हुन्छ भनी लेखमा बताइएको छ ।

देवकोटा यस काव्यका माध्यमबाट सामाजिक सांस्कृतिक कविका रूपमा उभिएका छन् । **मुनामदन**मा भोटेली संस्कृतिको एक झलक प्रस्तुत गरेका देवकोटा सबै जातीय संस्कृतिको उत्थानका उन्नायक कविका हुन् भन्ने कुरा **लुनी** काव्यबाट पुष्टि हुन्छ । त्यसले उनलाई जनजातीय संस्कृतिका उन्नायक भन्दा अत्युक्ति नहोला भन्दै लुइटेलले यस लेखको अन्त्य गरेका छन् ।

यसरी प्रस्तुत लेखमा लुईटेलले देवकोटाको **मुनामदन**मा प्रयुक्त जनजातीय संस्कृतिलाई सरल रूपमा केलाएका छन् । पात्र र विषयवस्तु आधारमा यस लेखले उक्त कृतिमा व्यक्त संस्कृतिलाई गहन रूपमा प्रस्तुत गरेको छ । लेख सान्दर्भिक छ । सरल भाषाको प्रयोग गरेर लेखिएको उक्त लेखले लेखकीय उदेश्यलाई प्रस्तुत गर्न सफल रहेको छ ।

**(ख) महाकवि देवकोटाका विषयमा**

प्रस्तुत लेख **कुञ्जिनी** (वर्ष १६, अङ्क १३, २०६५/०६६ मा प्रकाशित भएको छ । यस लेखका लेखक शैलेन्दु प्रकाश नेपाल रहेका छन् । यस लेखमा नेपालले देवकोटाका विविध विधामा आधारित भई उनका विशेषताहरू केलाउने काम गरेका छन् ।

देवकोटा पढेर र लेखेर कहिल्यै नसकिने विषय हुन् । उनको प्रतिभालाई जुनसुकै विशेषण दिए पनि पुग्दैन । यथार्थमा देवकोटा सिर्जना र सङ्घर्षका युगीन प्रतिबिम्ब हुन् । नेपाली साहित्यमा महाकवि

देवकोटाको प्रवेश साधना, प्रवेश र प्राप्ति युगकै विशिष्ट सन्दर्भ हो । देवकोटा प्राकृत प्रतिभाका कुवेर हुन् । उनले नेपाली जातीयता, राष्ट्रियता, भाषिक एवम् सांस्कृतिकताको बेजोड गान गर्ने सर्वोत्तम प्रयास गरेका छन् । उनी नेपाली मात्रका आदर्श स्रष्टा हुन् । उनको रचनाधर्मिताले युग-युग नेपालीत्वको चमक र सुवासलाई प्रवाहित गरेको कुरा लेखमा बताइएको छ ।

नेपाली साहित्य लेखन प्रकाशनका सन्दर्भमा उनका कीर्तिमानहरू थुप्रै छन् । **मुनामदन**ले एक साथ उनलाई लोकझङ्कारका अनुयायी, उपासक, स्वच्छन्दतावादी, मानवतावादी, राष्ट्रियताका उद्घोषक, जातीय भेदभावका विरोधी, प्रकृतिप्रेमी, जीवन एवम् कर्मवादी, दार्शनिक, मानवीय सद्व्यवहारका शुभेच्छु, भौतिक उन्नतिका विपक्षी र आत्मिक उत्थान पक्षधरजस्ता अनेक रूपमा चिनाएको छ भने शाकुन्तलले स्वच्छन्दतावादी श्रेष्ठ महाकाव्यकार, बेजोड शब्दशिल्पी, पूर्वीय सभ्यताका महागायक, गुणस्तरीय काव्य लेखनका सफल प्रतिभा, आशुकवि, योगबोधले परिसिञ्चित उत्कृष्ट कवित्वका उत्थापक, कवित्व कला र भावमय प्रभावशीलताले ओतप्रोत, रचनागत पहिचान भएका स्रष्टा आदि विशिष्टतायुक्त सारस्वत प्रतिभाका रूपमा नेपाली वाङ्मय जगत्मा उभ्याएको छ । उनी महान् महाकाव्यकार हुन्, त्यसैले महाकवि हुन् । सर्वप्रथम स्वच्छन्दतावादी महाकाव्य लेख्ने देवकोटाले आधा दर्जन महाकाव्य लेखेर नेपाली साहित्यमा महाकाव्य परम्परालाई समृद्ध तुल्याउने काम गरे । जीवनवादी देवकोटाले मानव जीवनको सौन्दर्य, भव्यता, आदर्शता, सृजनशीलता र रहस्यात्मकताको वर्णन गरेर कहिल्यै थाकेनन् । दार्शनिक प्रकृतिको सम्पूर्णतामा उनी सिद्धहस्त छन् । गद्य पद्य दुवै शैलीमा बेजोडसँग कलम चलाउने देवकोटाप्रति नेपाली समाज सदैव ऋणी छ भनी नेपालले लेखमा उल्लेख गरेका छन् ।

देवकोटाको जीवन क्षितिज त्यति उज्यालो, उमङ्गपूर्ण र फराकिलो नदेखिए पनि कृतित्व, कीर्तित्व एवम् नेपालीत्वको गरिमाले परिपूर्ण बन्न पुगेको छ । देवकोटा सबैका आदर्श हुन् । **मुनामदन**, **शाकुन्तल**, **सुलोचना** आदि कृतिहरूले उनलाई अमरता बनाएका छन् । सङ्ख्यात्मक र गुणात्मक दृष्टिले नेपाली वाङ्मयलाई विशिष्टताको शिखर आरोहण गराउने देवकोटाको शतवार्षिक मनाइसक्दा पनि उनको सृजनाशक्तिबारे परिमाणात्मक आधारमा दरिद्रता र गौरव एकसाथ प्रमाणित भएको पक्का छ भन्दै नेपालले यस लेखको अन्त्य गरेका छन् ।

प्रस्तुत लेख सरल प्रकारको छ । लेखमा देवकोटाका काव्यगत प्रवृत्तिहरूका आधारमा उनका विशेषतालाई सरलीकृत रूपमा दर्साइएको छ । समालोचनात्मक धर्मलाई निर्वाह गरेर लेखिएको यस लेखको भाषा सरल नै छ । संस्कृतजन्य शब्दहरूको प्रयोग, उहाहरणका साथ विषयलाई पुष्टि गरिएकाले उक्त लेख पठनीय छ ।

**(ग) लक्ष्मीप्रसाद देवकोटाका निबन्धात्मक प्रवृत्ति**

प्रस्तुत लेख **कुञ्जिनी** वर्ष १६, अङ्क १३, २०६५/०६६) मा प्रकाशित छ । यस लेखका लेखक उमानाथ पोखरेल रहेका छन् । यस लेखमा पोखरेल नेपाली साहित्यका महान् स्रष्टा लक्ष्मीप्रसाद देवकोटाका निबन्धहरूको अध्ययनबाट उनका निबन्धगत विशेषताहरूलाई केलाउने काम गरेका छन् ।

नेपाली साहित्य जगत्का अद्वितीय प्रतिभा देवकोटाले कविता र निबन्ध विधामा शीर्षस्थ योगदान दिएको पाइन्छ । उनले निबन्धमार्फत दार्शनिक, सैद्धान्तिक, विचार, भावना कल्पना र प्राकृतिक पक्षको उद्घाटन गरेका छन् । निजात्मक रूपमा निबन्ध लेख्ने देवकोटाले निबन्ध विधालाई नै आधुनिक रूप दिए । समग्रमा उनको निबन्धकारिताका विशिष्टताहरूलाई तल चर्चा गरिएको छ भनी पोखरेलले बताएका छन् :

देवकोटाले आफ्ना जीवनका भोगाइ, देखाइका याथार्थिक विषय र घटना, व्यक्तिगत जीवनका दुःख सुखका क्षणहरू, निश्चल, निष्कपट व्यक्तित्वको परिचय आदिलाई निबन्धमार्फत व्यक्त गरेका छन् । पाश्चात्य आत्मपरक निबन्धको सैद्धान्तिक मापदण्डअनुसार उनका निबन्धहरू निजात्मक छन् । देवकोटाले जीवनजगत् सम्बन्धी, साहित्य सम्बन्धी, राष्ट्र र राष्ट्रियता सम्बन्धी, नेपाली भाषा र शिक्षा सम्बन्धी विविध विषयमा आफ्ना मूल्य र मान्यतालाई निबन्ध मार्फत प्रस्तुत गरेका छन् । यसैगरी देवकोटा निबन्धमा दार्शनिक व्याख्याता, समाज सुधारक, मानवतावादी, समाजवादी, ईश्वरवादी, वैज्ञानिक विरोधी र कतै जीवन प्रेमीका रूपमा प्रस्तुत भएकाले विविधता र विभिन्नता उनको निबन्धगत विशेषता हो भनी यस लेखमा बताइएको छ ।

देवकोटा स्वच्छन्दतावादी धारालाई नेपाली साहित्यमा भित्र्याउने स्रष्टा हुन् । अचेतनको स्वस्फूर्त प्रवाहद्वारा प्राकृतिक शिल्पशैलीमा प्राचीन सभ्यता, संस्कृति र आदर्शको महिमागान गर्दै अतीत प्रतिको मोह दर्साउने देवकोटाका हार्दिकता, आत्माभिव्यक्ति, आत्म प्रकाशन, स्वतस्फूर्त लेखन निबन्धगत विशेषताहरू रहेकाले उनी स्वच्छन्दतावादी निबन्धकार हुन् । उनी कतै मानवतावादी, ईश्वरवादी र प्रकृतिवादी भएर जीवन जगत्को व्याख्या, विश्लेषण गर्ने निबन्धकार हुन् । प्रकृति, मानव र ईश्वर बीचको आन्तरिक सन्तुलनमा जोड दिने उनी भावसत्यका आधारमा जीवनजगत्को व्याख्या गर्दछन् । स्वसंस्कृति र परम्पराप्रतिको प्रेम पनि उनको निबन्धगत विशेषता हो । आफ्नो परम्परा र संस्कृतिलाई पाश्चात्य प्रभावले नगाजोस् भन्ने देवकोटाले विभिन्न निबन्धहरूमा संस्कृति र परम्पराको गुणगान गाएका छन् । यसैगरी देशप्रेम पनि देवकोटाको निबन्धगत विशेषता हो । राष्ट्रप्रेम, भाषाप्रेम, जातिप्रेमलाई दर्साउने देवकोटाले ग्रामीण किसानहरूको परिश्रमको महिमागान र स्वदेशप्रतिको भाव निबन्ध मार्फत व्यक्त गरेका छन् । व्यङ्ग्यात्मकता पनि देवकोटाको अर्को निबन्धगत वैशिष्ट हो । सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक क्षेत्रका विकृति र विसङ्गतिप्रति तीव्र रोष प्रकट गरी

निबन्धमार्फत व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । यान्त्रिकताभन्दा मानवतालाई रोज्नुपर्ने कुरा देवकोटाले निबन्धमा बताएका छन् । उनको निबन्धको भाषा मजबुत रहेको छ । सामान्य विषयलाई सरल, सहज र मीठो शैलीमा चिटिक्क पारेर निबन्ध लेख्ने उनीसँग कला छ । नयाँनयाँ शब्दको उत्पादन गर्दै नेपाली साहित्यको शब्दभण्डारलाई पूर्ण बनाउने काम पनि देवकोटाले गरेका छन् ।

मर्द गद्यभन्दा पोथी गद्य मन पराउने देवकोटाले हरेक शब्दचनय र वाक्यगठनलाई ध्यान दिँदै निबन्धहरू कलात्मक बनाएका छन् । त्यसैले उनका निबन्धहरू गद्यमा लेखिएका कविताजस्ता देखिन्छन् । मानवतावाद, स्वच्छन्दतावाद, निजात्मकता, राष्ट्रवादी, समाज सुधारक आदि विशेषता भएका देवकोटा निबन्धका क्षेत्रमा उच्च बौद्धिक क्षमता देखाउने निबन्धकार हुन् भन्दै पोखरेलले यस लेखको अन्त्य गरेका छन् ।

यस लेखले पूर्ण रूपमा देवकोटाका निबन्धगत विशेषताहरूलाई दर्साउन सफल छ । विषयगत रूपमा केन्द्रित भई लेख लेखिएको छ । देवकोटाको निबन्ध यात्राको विशद् चर्चा गरिएको लेखको भाषा सरल रहेको छ । लेखकीय उद्देश्यलाई लेखले पूर्णतः सम्प्रेषण गरेको छ ।

## ४. १५ नेपाली समालोचनाको विकासमा 'कुञ्जिनी'ले पुऱ्याएको योगदान

**कुञ्जिनी** त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभागअन्तर्गत रहेको साहित्य कुञ्ज परिवारले वि. सं. २०४९ बाट प्रकाशित गरेको साहित्यिक समालोचनात्मक पत्रिका हो । नेपाली केन्द्रीय विभाग अन्तर्गत रहेको संस्था साहित्य कुञ्ज मार्फतले बर्सैपिच्छे समालोचनात्मक विशेषाङ्कका रूपमा यो पत्रिका प्रकाशन गर्दै आइरहेको छ । हालसम्म तेह्र वटा अङ्कहरू प्रकाशित भइसकेका छन् । पहिलो अङ्क पश्चात् दोस्रो अङ्क प्रकाशित हुन तीन वर्षको समयावधि लागेको छ । त्यसैगरी अन्य वर्षहरूमा पनि बीचमा एक, दुई वर्ष ढिलाइ भएको छ । तर पनि समालोचना विधाको विकास र प्रवर्द्धनका लागि यो पत्रिका प्रकाशित गर्न नेपाली केन्द्रीय विभाग तथा साहित्य कुञ्ज परिवारको पनि अथक परिश्रम र मिहिनेत खर्च भएको छ । विभिन्न समिति र समयक्रममा विभिन्न गुरुहरूद्वारा संरक्षण गरेर यो पत्रिकाले हालसम्म पनि निरन्तर रूपमा प्रकाशित हुने अवसर पाइरहेको सन्दर्भमा साहित्य कुञ्ज परिवार र नेपाली केन्द्रीय विभागका गुरुहरूको पनि योगदान महत्त्वपूर्ण छ ।

कुनै पनि कृति वा रचनाको सही रूपमा मूल्याङ्कन नै वास्तविक समालोचना भएकाले यस पत्रिकामा वरिष्ठ समालोचकहरूदेखि नवोदित समालोचकहरूका समालोचनात्मक लेखहरू समावेश गरिएका छन् । यो पत्रिका नेपाली केन्द्रीय विभागसँग सम्बन्धित भएकाले यस पत्रिकामा नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तहमा पढाइ हुने पाठ्यक्रममा आधारित भएर प्रायः समालोचनाहरू लेखिएका छन् । यस पत्रिकामा प्रकाशित लेख तथा समालोचनाहरूले विद्यार्थी एवम् शोधार्थीहरू प्रत्यक्ष रूपमा लाभान्वित भइरहेका छन् । सूक्ष्म रूपमा नेपाली साहित्यका १२ वटा विधाहरूलाई समेटेर

प्रकाशित हुने यस पत्रिकाका समालोचनात्मक लेखहरूमा आधुनिक समयमा चर्चित स्रष्टाहरूका बारेमा विश्लेषण गरिएको  छ । कविता खण्डअन्तर्गत लेखनाथ पौड्याल, बालकृष्ण सम, सोमनाथ सिग्द्याल, माधवप्रसाद घिमिरे, मोहन कोइराला आदिका कृति तथा रचनाहरूको अध्ययन-विश्लेषण गरिएको छ । यसरी नै पाश्चात्य साहित्यमा प्रतिपादित सिद्धान्तहरूलाई नेपाली साहित्यमा भित्र्याउन पनि यस पत्रिकाका लेखहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । त्यसरी नै पूर्वीय साहित्यका विभिन्न वाद, प्रणाली आदिको पनि पत्रिकामा विस्तृत चर्चा गरिएको छ । उपन्यासअन्तर्गत नेपाली आधुनिक उपन्यास परम्पराका विभिन्न उपन्यासकार उपन्यासहरूको चर्चा समेत गरिएको छ । यसरी नै उपन्यासमा **माधवी**लाई विशेष ग्राह्यता दिइएको छ । कथा खण्डमा कथाको उद्गमविन्दु देखि लिएर आधुनिक नेपाली कथाका क्षेत्रमा प्रख्यात कथाकार र तिनका कथाहरूको पनि सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । भाषा, व्याकरण र संस्कृत साहित्यसम्बन्धी लेखहरू पनि यस समालोचनात्मक पत्रिकामा प्रकाशित भएका छन् । लोकसाहित्य, नेपाली उखान, टुक्का, गाउँखाने कथाका साथै लोकसाहित्यको विकास क्रमका बारेमा पनि यस पत्रिकामा अधिक चर्चा गरिएको छ । नाटकका क्षेत्रमा बालकृष्ण समको अधिक चर्चा गरिएको छ भने अन्य नाटककारहरूको पनि छिटपुट रूपमा चर्चा पाइन्छ ।

नेपाली केन्द्रीय विभागमा अध्ययनरत विद्यार्थीहरूको रचनात्मक एवम् विश्लेषणात्मक क्षमतालाई पनि यस पत्रिकाले विकास गराएको छ । यसरी नै देशका शीर्षस्थ व्यक्तिहरूका समालोचनात्मक लेखहरूले नेपाली साहित्यको वृद्धि गर्न पत्रिकाको महत्त्वपूर्ण योगदान देखिन्छ । नेपाली भाषा, साहित्यलाई यस पत्रिकाले उत्तरोत्तर विकासको गति दिएको छ । यस पत्रिकाका माध्यमबाट नेपाली साहित्यलाई विश्व साहित्यका नव नव विभिन्न वाद र प्रणालीसँग तुलना गरेर विभिन्न कृतिहरूको विश्लेषणात्मक अध्ययन गरिएबाट यसको महत्त्व आफैँ प्रस्ट भएको देखिन्छ । नेपाली साहित्यका विभिन्न विधाहरूलाई आधुनिक रूपले शिल्प र शैलीका माध्यमबाट हेरिएका कारणले गर्दा नवीनतम चिन्तनहरू नेपाली साहित्यमा भित्र्याउने काम पनि यस पत्रिकाले गरेको छ ।

समीक्षात्मक रचनाको अभाव र स्तरीय पाठ्योपयोगी सामग्रीहरूको अभावलाई परिपूर्ति गर्ने लक्ष्यका साथ यो पत्रिकाको उदय भएको हो । यही आवश्यकताबाट प्रारम्भ भएको यस पत्रिकाले नेपाली समालोचनाको विकास गर्नमा एउटा खुड्किलोको काम गर्दै आइरहेको छ । उपयोगी, प्रतिनिधिपूर्ण र कालिक प्रमुख समालोचकहरूका लेखहरू प्रकाशन हुनुले यस पत्रिकाको गुणात्मक बढ्दै गइरहेको छ । यस पत्रिकामा कवि, लेखकहरूका कृतिमा आधारित भई अध्ययन, मनन गर्ने कृतिपरकताका साथै विधा अन्तर्गतका सम्पूर्णताको विवचेना गर्ने विधागत अध्ययन, साहित्यिक वाद, विचारहरूको सौन्दर्य शास्त्रीय सैद्धान्तिक विवेचना, प्रवृत्तिगत अध्ययन, इतिहास, शोधखोज, व्यक्तिपरकता, जीवनीमूलक परिचयात्मकता आदि विविध प्रकारका समालोचनात्मक प्रणालीलाई अँगालेर लेखहरू प्रकाशित भएका छन् । यसरी नेपाली समालोचनाको इतिहासमा समालोचनात्मक

लेखहरूलाई सङ्कलित गरेर प्रकाशित हुने यो पत्रिका आधिकारिक समालोचनाहरूको सङ्कलन पनि हो ।

**कुञ्जिनी** पत्रिकामा प्रकाशित सबै समालोचनात्मक लेखहरू निकै ज्ञान वर्धक रहेका छन् । यसमा विश्व साहित्यमा परिचित साहित्यिक प्रतिभाको चिनारी, कृतित्व तथा रचनाहरूको अध्ययन, विभिन्न वाद तथा प्रणालीहरूको विश्लेषण आदिले नेपाली पाठकहरूलाई विश्व साहित्यका साथै नेपाली साहित्यका महत्त्वपूर्ण पक्षहरूको जानकारी गराउनमा सहयोग पुगेको छ । त्यसैले यस पत्रिकामा प्रकाशित समालोचनात्मक लेखहरूको गुणात्मक उच्च रहेको देखिन्छ । विश्व साहित्यलाई नै यस पत्रिकाका माध्यमबाट सम्प्रेषण गरिनुले नेपाली समालोचनाका क्षेत्रमा यस पत्रिकाको योगदान रहेको छ ।

# पाँचौं परिच्छेद

## उपसंहार

पहिलो परिच्छेद अन्तर्गत यस शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । विषय परिचय, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन तथा शोधको रूपरेखा सम्बन्धी विवरणहरू यस परिच्छेद अन्तर्गत दिइएको छ ।

दोस्रो परिच्छेदमा पत्रपत्रिकाको विकासमा **कुञ्जिनी** पत्रिकाको प्रकाशन र नामकरणबारे अध्ययन गरिएको छ । वि. सं. १९०८ बाट छापाखानाको प्रारम्भ भएको नेपाली पत्रकारिताको इतिहासले वर्तमान सम्म आइपुग्दा विभिन्न कालखण्डहरू पार गरिसकेको छ । पाँच चरणमा विभाजन गरेर अध्ययन गरिएको पत्रकारिताको विकासक्रम गोरखापत्र पूर्वकाल (प्रारम्भ १९०८ देखि १९५७ सम्म), गोरखापत्र काल (१९५८ देखि २००६) सम्म, प्रजातान्त्रिक चरण (२००७ देखि २०१६) सम्म, पञ्चायतकालीन चरण (वि. सं. २०१७ देखि २०४५) सम्म र आधुनिक विकासकाल (२०४६ देखि वर्तमान सम्म) को विस्तृत चर्चा गरिएको छ ।

गोरखापत्रको पूर्वकालमा नेपालभन्दा बाहिर भारतबाट नेपाली पत्रिका प्रकाशित भएको पाइन्छ । नेपालमा भने १९५५ सालमा **सुधासागर** मासिक पत्रिकाको प्रकाशन भएबाट नेपाली पत्रकारिताको उठान भएको हो । गोरखापत्र कालमा आएर **गोरखापत्र** पत्रिकाको प्रकाशन प्रारम्भ भयो भने नेपालमा भन्दा पनि नेपालबाहिर धेरै पत्रिकाको प्रकाशन भएको पाइन्छ । यी पत्रिकाहरूले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदानसमेत दिएका थिए । यस समयमा नेपालबाट प्रकाशित **शारदा** पत्रिकाले नेपाली साहित्यलाई आधुनिकता प्रदान गर्न महत्त्वपूर्ण योगदान दिएको थियो । प्रजातान्त्रिक चरणमा आएर नेपालमा पत्रपत्रिकाको बाढी नै आएको देखिन्छ भने पञ्चायत कालीन समयमा पुनः पत्रकारिताको विकास ठप्प नै भयो । २०४६ सालमा देशमा पुनः प्रजातन्त्रको स्थापना भएबाट पत्रकारिताको विकासले आधुनिक काल प्राप्त गऱ्यो । वर्तमान समयसम्ममा नेपालका ५६ जिल्लाहरूबाट दैनिक, मासिक, द्वैमासिक, अर्ध वार्षिक, वार्षिक गरी २९८८ वटा पत्रिकाहरू प्रकाशन भएका देखिन्छन् । यसरी नेपाली पत्रपत्रिको विकास दिनानुदिन उत्तरोत्तर गतितिर अगाडि बढिरहेको छ ।

यसै सिलसिलामा २०४९ बाट त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभागअन्तर्गत सक्रिय रहेको संस्था साहित्य कुञ्जले समालोचनात्मक पत्रिका **कुञ्जिनी**को प्रकाशन प्रारम्भ गरेको हो । यस पत्रिकाले नेपाली साहित्यका विभिन्न विधाका गहन कृतिहरूको निष्पक्ष रूपमा विश्लेषण गरी समालोचनात्मक लेखहरू प्रकाशित गरेर समालोचनाको विकास गर्ने उद्देश्य राखेको छ । त्यसरी नै त्रि. वि. को नेपाली पाठ्यक्रमसँग सम्बद्ध कतिपय अभावपूर्ण विषयवस्तुमा केन्द्रित रहेर नेपाली साहित्यका

अध्येता र विद्यार्थी वर्गको अभावलाई हदसम्म परिपूर्ति गर्ने खालका विश्लेषणात्मक लेख, रचनाहरूको समावेश गर्ने र अर्कातिर विस्तारै सुस्तता छाइरहेको नेपाली समालोचनाको फाँटमा सानै भए पनि एउटा दियो प्रज्वलित गर्ने सोद्देश्यता र अठोट लिएर यो पत्रिकाको प्रकाशनारम्भ भएको पाइन्छ ।

तेस्रो परिच्छेदमा **कुञ्जिनी** पत्रिकका पहिलो अङ्कदेखि तेह्रौं अङ्कसम्मका लेखहरूको लेखकका वर्णानुक्रममा आधारमा सूची तयार पारिएको छ । जसमा कविता र लोकगीत खण्डमा १०० वटा लेखहरू रहेका छन् । यसरी नै कथा र लोककथा विधाका २९ वटा, नाटक विधा अन्तर्गत ३३ वटा, उपन्यास विधाका ४० वटा, निबन्ध विधाका ११ वटा, भाषा, व्याकरणसम्बन्धी ३८ वटा, साहित्य सिद्धान्त, वाद प्रणाली एवम् साहित्यकार सम्बन्धी ८२ र विविधमा १२ वटा गरी जम्मा ३४५ वटा लेखहरू पहिलो अङ्कदेखि तेह्रौं अङ्कसम्ममा सङ्कलित रहेका छन् ।

चौथो परिच्छेदमा पहिलो अङ्कदेखि तेह्रौं अङ्कसम्मका केही प्रतिनिधि समालोचनात्मक लेखहरूको अध्ययन गरिएको छ । जसमा प्रत्येक अङ्कका विभिन्न विधाका लेखहरूको चर्चा गरिएको छ । चिन्तन प्रधान साहित्यिक पत्रिकाका रूपमा प्रकाशित **कुञ्जिनी** पत्रिकाले नेपाली साहित्यमा स्थापित भएका समालोचकहरू र नवोदित समालोचकहरूका लेखहरू प्रकाशन गरेर नेपाली समालोचनाको विकासलाई महत्त्वपूर्ण टेवा दिएको छ । यसमा प्रकाशित समालोचनाका वरिष्ठ समालोचकहरू वासुदेव त्रिपाठी, राजेन्द्र सुवेदी, व्रतराज आचार्य, खगेन्द्रप्रसाद लुइटेल, घनश्याम कँडेल, गोपीकृष्ण शर्मा, दयाराम श्रेष्ठ, मोहनराज शर्मा, ठाकुरप्रसाद पराजुली, मोतीलाल शर्मा, पारसमणि भण्डारी, रामचन्द्र भट्ट आदि नेपाली विषयसँग सम्बन्धित रहेका छन् ।

पाँचौं परिच्छेदमा यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । निष्कर्षमा भन्नुपर्दा यस पत्रिकाले नेपाली विषयसँग सम्बन्धित विद्यार्थी वा शोधार्थीलाई नेपाली साहित्यका गहनतम कृति तथा रचनाहरूको अध्ययन गर्न महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । त्यसैले नेपाली पत्रपत्रिकाको इतिहासमा यस पत्रिकाको स्थान छुट्टै रहेको छ । बौद्धिक पक्षलाई स्थान दिँदै लेखिएका समालोचनात्मक लेखहरूले नेपाली पाठकलाई जुन सुकै विषय अध्ययन गर्न सहज तुल्याइदिएको छ । यस पत्रिकाले नेपाली साहित्य मात्र नभएर पाश्चात्य साहित्यलाई पनि नेपाली साहित्यमा स्थापित गराउन मद्दत पुऱ्याएको छ । यसरी नै नेपाली विषयसँग सम्बन्धित अभावपूर्ण पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको काम पनि यस पत्रिकाका लेखहरूले पूर्ण गरेका छन् । यस पत्रिकाले नेपालीमा अध्ययनरत नव प्रतिभाहरूको समालोचनात्मक क्षमतालाई पनि प्रस्फुटित गराउन सफल भएको छ । यसरी समग्रमा नेपाली

समालोचनाको इतिहासमा यस पत्रिकाले गरिमामय योगदान दिएको छ । यसको गरिमा समालोचनाको इतिहासमा उच्च रहेको छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, उषा, (२०५५), **नेपाली साहित्यमा 'माधवी' पत्रिकाको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर ।

अधिकारी, रश्मिदेवी, (२०५४), **नेपाली साहित्यमा 'हिमाली सौगात' पत्रिकाको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर ।

अधिकारी, दुर्गादत्त, (२०६४), **कुञ्जिनी**, (सम्पा.), (वर्ष १५, अङ्क १२) ।

अर्याल, रामेश्वर, (२०५२), **नेपाली साहित्यमा 'प्रज्ञा' पत्रिकाको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर ।

कँडेल, घनश्याम, (२०५५), **नेपाली समालोचना**, (सम्पा.), ललितपुर : साझा प्रकाशन ।

घिमिरे, मुकुन्द र अन्य, (२०५७), **कुञ्जिनी**, (सम्पा.), (वर्ष ८, अङ्क ५) ।

चालिसे, विजय, (२०५७), **समाचार सङ्कलन तथा सम्पादन खण्ड 'क',** ते. सं., काठमाडौँ : सृष्टि प्रकाशन ।

ढकाल, विप्लव र अन्य, (२०४९), **कुञ्जिनी** (सम्पा.), (वर्ष १, अङ्क १) ।

थापा, अशोक, (२०६१/०६२), **कुञ्जिनी**,  (सम्पा.), (वर्ष १२, अङ्क ९,) ।

थापा, रोसन, (२०५३), **कुञ्जिनी**, (सम्पा.), वर्ष ४, अङ्क २) ।

देवकोटा, ग्रीष्म बहादुर, (२०५१), **नेपाली छापाखाना र पत्रपत्रिकाको इतिहास**, दो.सं., ललितपुर : साझा प्रकाशन ।

निरौला, खगेन्द्र, (२०६५/०६६), **कुञ्जिनी**, (सम्पा.), (वर्ष १६, अङ्क १३) ।

न्यौपाने, शुशील, (२०६३/०६४), **कुञ्जिनी**, (सम्पा.), (वर्ष १३, अङ्क १०) ।

पौडेल, शेषकान्त, (२०५४), **नेपाली साहित्यमा 'गरिमा' पत्रिकाको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखेल, भरतकुमार, (२०५४), **नेपाली साहित्यमा 'तन्नेरी' पत्रिकाको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर ।

भूसाल, प्रेमनारायण, (२०६०), **कुञ्जिनी**, (सम्पा.), (वर्ष ११, अङ्क ८) ।

राई, सायतमान र अन्य, (२०५८), **कुञ्जिनी**, (सम्पा.), (वर्ष ९, अङ्क ६) ।

रेग्मी, शिव र खरेल, पी., (२०५८), **आम सञ्चारको विकास**, काठमाडौँ : डेनिस अन्तर्राष्ट्रिय विकास सहयोगका सहयोगमा नेपाल आमसञ्चार प्रशिक्षक सङ्घ ।

रेग्मी, नवराज र अन्य, (२०५९), **कुञ्जिनी**, (सम्पा.), (वर्ष १०, अङ्क ७) ।

शर्मा, तारानाथ, (२०५१), **नेपाली साहित्यको इतिहास**, ते. सं., काठमाडौँ : नवीन प्रकाशन ।

शर्मा, तारानाथ र अन्य, (२०५५), **नेपाली बृहत् शब्दकोश**, चौ. सं., काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, (२०५५) **शोधविधि**, दो.सं., ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, (२०५६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पाँ. सं., ललितपुर : साझा प्रकाशन ।

साउथ, भरत रोदन, (२०६३/०६४), **कुञ्जिनी**, (सम्पा.), (वर्ष १४, अङ्क ११) ।

सिवाकोटी, दीपक प्रकाश र अन्य, (२०५५), **कुञ्जिनी**, (सम्पा.), (वर्ष ६, अङ्क ४) ।

सुवेदी, लाल गोपाल र अन्य, (२०५४), **कुञ्जिनी**, (सम्पा.), (वर्ष ५, अङ्क ३) ।